स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय एवम् मितव्ययी निर्वाचन

# निर्वाचन आयोग, नेपालको

# अठारौं

# वार्षिक प्रतिवेदन

## २०८०/८१


**निर्वाचन आयोग, नेपाल**

**कान्तिपथ, काठमाडौं**

असोज २०८१

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

नेपालको संविधानको धारा २९४ बमोजिम
सम्माननीय राष्ट्रपतिसमक्ष प्रस्तुत गरिएको
निर्वाचन आयोग, नेपालको

# अठारौं वार्षिक प्रतिवेदन, २०८०/८१

यस प्रतिवेदनमा निर्वाचन आयोगले वि.सं. २०८० साउन १ गते
देखि वि.सं. २०८१ असार मसान्तसम्म सम्पादन गरेका कार्यहरू समेटिएका छन्।

# निर्वाचन आयोग, नेपाल


सम्पर्क
निर्वाचन आयोग, नेपाल

ठेगाना

कान्तिपथ, काठमाडौं

टेलिफोन
९७७-१-५३२८६६३
९७७-१-४२२३१६५
९७७-१-५३३३४९७

फ्याक्स
९७७-१-५३२५५८०
९७७-१-५३२१२२७

ईमेल
info@election.gov.np

वेबसाइट
https://www.election.gov.np

सामाजिक सञ्जाल
https://www.facebook.com/ecnofficial
https://twitter.com/ECNofficial



**मुद्रक तथा प्रकाशक**
निर्वाचन आयोग, नेपाल
कान्तिपथ, काठमाडौं

**२०८१ असोज**

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

मिति : २०८१/०६/२२

विषयः अठारौं वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको।

**सम्माननीय राष्ट्रपतिज्यू,**
राष्ट्रपतिको कार्यालय,
राष्ट्रपति भवन, शितलनिवास, काठमाडौं।

नेपालको संविधानको धारा २९४ बमोजिम वि.सं. २०८० साउन १ गतेदेखि २०८१ असार मसान्तसम्ममा आयोगले सम्पादन गरेका काम कारबाहीको अठारौं वार्षिक प्रतिवेदन प्रस्तुत गरेका छौं।

| सगुन शम्सेर ज.ब.रा. | डा.जानकी कुमारी तुलाधर | रामप्रसाद भण्डारी | दिनेश कुमार थपलिया |
|---|---|---|---|
| निर्वाचन आयुक्त | निर्वाचन आयुक्त | निर्वाचन आयुक्त | प्रमुख निर्वाचन आयुक्त |

# निर्वाचन आयोग, नेपालका पदाधिकारीहरू



दिनेश कुमार थपलिया
प्रमुख निर्वाचन आयुक्त



रामप्रसाद भण्डारी
निर्वाचन आयुक्त



डा. जानकी कुमारी तुलाधर
निर्वाचन आयुक्त



सगुन शम्सेर ज.ब.रा.
निर्वाचन आयुक्त



रविलाल पन्थ
सचिव

# धन्यवाद ज्ञापन

नेपालको संविधान एवम् संघीय कानूनले स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा जनताले आफ्नो मताधिकारको प्रयोग गरी प्रतिनिधि छनौट गर्ने अधिकार सुनिश्चित गर्नुका साथै अठार वर्ष उमेर पुगेका प्रत्येक बालिग नेपाली नागरिकलाई निर्वाचन प्रक्रियामा सहभागी हुने, मतदान गर्ने, निर्वाचन सम्बन्धी सूचना प्राप्त गर्ने अधिकारको प्रत्याभूति गरेको छ। सो प्रयोजनका लागि निर्वाचन आयोगले राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य र स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने, निर्वाचन प्रयोजनको लागि मतदाता नामावली तयार गर्ने एवम् राष्ट्रिय महत्वको विषयमा जनमत सङ्ग्रह गराउने समेत संवैधानिक तथा कानूनी जिम्मेवारी प्राप्त गरेको छ।

आर्थिक वर्ष २०८०/८१ मा निर्वाचन आयोगलाई संविधान तथा कानूनद्वारा प्रदत्त जिम्मेवारी पूरा गर्ने सन्दर्भमा नियमित रूपमा मतदाता नामावली संकलन तथा अद्यावधिक कार्य, राजनीतिक दलको दर्ता तथा नियमन, निर्वाचन शिक्षा र मतदाता शिक्षा कार्यक्रम, मतदान स्थल तथा केन्द्र पुनरावलोकन र निर्धारण, निर्वाचन सम्बन्धी नीतिगत, संरचनागत एवम् कानूनी सुधारको कार्य, आचारसंहिता अनुगमन लगायतका क्रियाकलापहरू सम्पन्न गरेको छ। यस प्रतिवेदन अवधिमा राष्ट्रिय सभामा संविधानतः रिक्त रहेका १९ जना सदस्यहरूको पद पूर्तिका लागि २०८० माघ ११ गते निर्वाचन सम्पन्न भएको थियो। साथै, प्रतिवेदन अवधिमा आयोगले इलाम जिल्ला क्षेत्र नं २ को प्रतिनिधि सभा सदस्य र बझाङ जिल्ला क्षेत्र नं १(१) को प्रदेश सभा सदस्यको रिक्त पद पूर्तिका लागि उपनिर्वाचन सम्पन्न गरेको छ।उल्लिखित निर्वाचनहरु सम्पन्न गर्न सहयोग पुऱ्याउने राष्ट्रसेवक निजामती तथा सुरक्षा कर्मचारी लगायत सबैमा आयोग धन्यवाद ज्ञापन गर्दछ।

नेपालको संविधान तथा संघीय कानून बमोजिम निर्वाचन आयोगलाई आफ्नो काम, कर्तव्य र अधिकार पूरा गर्न तथा प्राप्त जिम्मेवारी र दायित्व निर्वाह गर्न आवश्यक पर्ने कर्मचारी, स्रोत साधन र अन्य सहयोग उपलब्ध गराई उपयुक्त वातावरण तयार गर्न निरन्तर सहयोग गरेकोमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका मन्त्रालय, विभाग र निकाय प्रति आयोग विशेष धन्यवाद ज्ञापन गर्दछ। प्रतिवेदन अवधिमा आयोगका क्रियाकलापहरूमा प्रत्यक्ष वा परोक्ष रूपमा विभिन्न किसिमबाट सहयोग पुऱ्याउने संयुक्त राष्ट्रसंघीय निकायहरू, राजनीतिक दलहरू, नागरिक समाज र पर्यवेक्षण संस्थाहरू प्रति समेत आयोग आभार व्यक्त गर्दछ। यो प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न निर्वाचन आयोगका सचिव लगायत सबै कर्मचारीहरु प्रति आयोग धन्यवाद व्यक्त गर्दछ।

# विषय सूची

पृष्ठ संख्या

प्रतिवेदन सारांश.......................................................... क-घ

## परिच्छेद १

## निर्वाचन आयोग, नेपाल : संक्षिप्त परिचय

१.१ पृष्ठभूमि.......................................................... १

१.२ संवैधानिक व्यवस्था .......................................................... २

क. कानूनी व्यवस्था .......................................................... २

ख. वार्षिक प्रतिवेदनसम्बन्धी व्यवस्था .......................................................... ४

१.३ मार्गदर्शक सिद्धान्त .......................................................... ४

१.४ आयोग र अन्य निकायबीचको समन्वय र सहकार्य.......................................................... ७

## परिच्छेद २

## आयोगको सङ्गठन संरचना र कार्यव्यवस्था

२.१ आयोगको सङ्गठन संरचना.......................................................... १०

२.२ निर्वाचन आयोगको सचिवालय.......................................................... १०

२.२.१ प्रशासन महाशाखा.......................................................... ११

२.२.२ निर्वाचन व्यवस्थापन महाशाखा.......................................................... १३

२.२.३ कानून तथा राजनीतिक दल व्यवस्थापन महाशाखा.......................................................... १५

२.२.४ प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयको कार्यविवरण.......................................................... १६

## परिच्छेद ३

## आयोगको बैठक र निर्णय

३.१ बैठकसम्बन्धी व्यवस्था.......................................................... २३

३.२ कार्य विभाजन .......................................................... २४

३.३ आयोगबाट भएका निर्णयहरू........................................................................२५
३.३.१ राजनीतिक दल दर्ता ..........................................................................२६
३.३.२ राजनीतिक दलको विवरण हेरफेर र संशोधन..................................२७
३.३.३ नागरिक उन्मुक्ति पार्टीको केन्द्रीय पदाधिकारीको विवरण अद्यावधिक नहुने सम्बन्धी निर्णय..................................................................................२८
३.३.४ संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च नामक राजनीतिक दलको निर्णयको आधिकारिकता सम्बन्धी विवाद निरूपण.............................................३३
३.३.५ बन्दसूचीबाट नाम हटाउने ..................................................................४४
३.३.६ राजनीतिक दल दर्ता खारेज..................................................................४५
३.३.७ छुट्टै नयाँ राजनीतिक दल दर्ता.............................................................४५
३.३.८ राजनीतिक दलको नाम संशोधन गर्न निर्देशन ..................................४७
३.३.९ राजनीतिक दलको नाम संशोधन...........................................................४८
३.३.१० अन्तिम मतदाता नामावली प्रकाशन ......................................................४९
३.३.११ राष्ट्रियसभा सदस्य निर्वाचन, २०८० सम्पन्न ........................................४९
३.३.१२ राष्ट्रिय सभामा निर्वाचक मण्डलका सदस्यको नयाँ मतभार निर्धारण......५०
३.३.१३ लेखापरीक्षण प्रतिवेदन पेश नगर्ने राजनीतिक दललाई कारबाही..........५०
३.३.१४ निर्वाचन खर्चको विवरण सार्वजनिक नगर्ने उम्मेदवारहरूलाई जरिवाना..५४
३.३.१५ राजनीतिक दल दर्ता खारेजको प्रक्रिया अगाडि बढाउन निर्देशन..........५४
३.३.१६ किसान र श्रमिकको प्रतिनिधित्वको विषयमा अध्ययन.......................५६
३.३.१७ निर्वाचनमा प्रयोग भएका कागजातहरू धुल्याउन निर्देशन ..................५७
३.३.१८ राजनीतिक दललाई निर्देशन................................................................५७
३.३.१९ अदालतको आदेश बमोजिम पुनःमतगणनाको खर्च व्यवस्थापन सम्बन्धमा ..........................................................................................................६०
३.३.२० प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको उपनिर्वाचन.......................६१

३.३.२१ उपनिर्वाचनको लागि निर्वाचन आचारसंहिता जारी ........................... ६१

३.३.२२ प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको उपनिर्वाचनका लागि खर्चको हद निर्धारण ........................................................................ ६२

३.३.२३ उपनिर्वाचनमा सुरक्षा व्यवस्थापन ............................................. ६२

३.३.२४ मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्य सुचारू........................ ६५

३.३.२५ उपनिर्वाचनमा आमसञ्चार तथा सामाजिक सञ्जालको नियमन .............. ६६

३.३.२६ उपनिर्वाचनका लागि सम्बन्धित निकायहरूलाई निर्देशन..................... ६६

३.३.२७ मतदाताको पहिचान गर्ने प्रमाणपत्र ............................................. ६८

३.३.२८ राजनीतिक दलको सदस्यता सम्बन्धमा........................................ ६८

३.३.२९ निर्वाचन आयोगको चौथो रणनीतिक योजना (२०८१/८२-२०८५/८६) को तयारी ........................................................................ ६९

३.३.३० स्थानीय तहबाट मतदाता नामावली दर्ता तथा अद्यावधिक गर्ने कार्यविधि, २०८० स्वीकृत.................................................................. ७०

३.३.३१ निर्वाचनमा नागरिक संलग्नता नीति, २०८१ स्वीकृत...................... ७०

३.३.३२ एशियाली निर्वाचन सरोकारवालाहरूको छैठौं सम्मेलन ...................... ७१

३.३.३३ **Association of World Election Bodies** को सदस्यता सम्बन्धमा ७३

३.३.३४ नाम परिवर्तन भएको दललाई प्रमाणपत्र उपलब्ध गराउने................. ७३

३.३.३५ प्रदेश सभामा रिक्त समानुपातिक उम्मेदवारको पदपूर्ति सम्बन्धमा........ ७४

३.३.३६ प्रतिनिधि सभामा रिक्त समानुपातिक उम्मेदवारको पदपूर्ति सम्बन्धमा.... ७५

३.३.३७ मतदाता नामावलीबाट नाम हटाउने सम्बन्धमा.............................. ७६

३.३.३८ उपनिर्वाचन हुने दिनमा सार्वजनिक यातायात सञ्चालन सम्बन्धी........... ७६

३.३.३९ राजनीतिक दलले आयोगमा पेश गरेको लेखापरीक्षण प्रतिवेदनको जाँच. ७८

३.३.४० मतदाता नामावली अद्यावधिक कार्यविधि, २०८१ स्वीकृत................ ७९

३.३.४१ निर्वाचन शिक्षा तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०८० स्वीकृत ........................................................................ ८०

३.३.४२ निर्वाचन व्यवस्थापनका लागि सञ्चार नीति, २०८१ स्वीकृत...........८१

३.३.४३ विदेशमा रहेका नेपाली नागरिकको मतदाता नामावली संकलन गर्ने सम्बन्धी कार्यविधि मस्यौदाको तयारी ..................................................८२

## परिच्छेद ४

## प्रशासनिक व्यवस्थापन तथा सेवा प्रवाह

४.१ सचिवालयवाट भएका मुख्य मुख्य कार्यहरू............................................८३

४.२ आयोगको भौतिक पूर्वाधार तथा जग्गा प्राप्तिको विवरण.............................८४

४.३ निर्वाचन दिवस ......................................................................................८६

४.४. उपनिर्वाचनमा सामग्री व्यवस्थापन......................................................८७

४.५. जिन्सी व्यवस्थापन...............................................................................८७

## परिच्छेद ५

## निर्वाचन व्यवस्थापन

५.१. राष्ट्रियसभा सदस्य निर्वाचन, २०८०......................................................८९

५.१.१ आयोगको परामर्श र निर्वाचन मिति घोषणा .....................................९०

५.१.२ निर्वाचन कार्यतालिका .............................................................९१

५.१.३ मतदाता नामावली .......................................................................९१

५.१.४ मतदाताको मतभार.......................................................................९२

५.१.५ राष्ट्रिय सभा सदस्य निर्वाचन, २०८० प्रयोजनका लागि दल दर्ता, निर्वाचन चिन्ह प्रदान र निर्वाचन चिन्हको क्रम निर्धारण...............................९३

५.१.६ निर्वाचन अधिकृतको नियुक्ति र कार्यालय स्थापना.............................९५

५.१.७ निर्वाचन कार्यक्रम सञ्चालन र उम्मेदवारको मनोनयन दर्ता.................९५

५.१.८ मतदान स्थल तथा केन्द्र निर्धारण ...............................................९६

५.१.९ निर्वाचन आचारसंहिता कार्यान्वयन ...............................................९७

५.१.१० मतपत्र व्यवस्थापन...................................................................९७

५.१.११ मतदान..........................................................................९८

५.१.१२ मतगणना र परिणाम घोषणा......................................................९८

५.१.१३ निर्वाचन परिणाम विवरण..........................................................९८

५.१.१४ निर्वाचन परिणाम प्रतिवेदन पेश ..................................................९८

५.२ प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य उपनिर्वाचन, २०८१ .......................९९

५.२.१ निर्वाचन मिति घोषणा ............................................................. १००

५.२.२ निर्वाचन कार्यतालिका ............................................................. १००

५.२.३ निर्वाचन कार्यक्रम प्रकाशन....................................................... १०१

५.२.४ मतदाता नामावली अद्यावधिक तथा अन्तिम मतदाता नामावली प्रकाशन१०१

५.२.५ मतदान स्थल तथा मतदान केन्द्र निर्धारण ..................................... १०२

५.२.६ निर्वाचन अधिकृतको नियुक्ति तथा कार्यालय स्थापना ....................... १०३

५.२.७ निर्वाचन कार्यक्रम सञ्चालन...................................................... १०३

५.२.८ निर्वाचन आचारसंहिता कार्यान्वयन ............................................ १०३

५.२.९ मतपत्रको मापदण्ड र स्पेशिफिकेशन........................................... १०४

५.२.१० मतपत्र व्यवस्थापन................................................................ १०४

५.२.११ मतदान व्यवस्थापन ............................................................... १०५

५.२.१२ मतगणना सम्बन्धमा मुख्य निर्वाचन अधिकृतलाई थप निर्देशन ........ १०५

५.२.१३ मतगणना............................................................................. १०९

५.२.१४ उपनिर्वाचन परिणाम.............................................................. ११०

५.२.१५ निर्वाचन परिणाम प्रतिवेदन पेश ................................................१११

## परिच्छेद ६

## योजना, अनुगमन, समावेशीकरण तथा वैदेशिक सम्बन्ध

६.१ तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको समीक्षा र कार्यान्वयन .......................११२

६.२ वार्षिक समीक्षा कार्यक्रम ..........................................................................११३

६.३ आयोगको सत्रौं वार्षिक प्रतिवेदन पेश ............................................११३
६.४ प्रशासकीय अनुगमन..........................................................................११४
६.५ लैङ्गिक तथा समावेशीकरण सम्बन्धी राजनीतिक दलका प्रतिनिधिसँग अन्तरक्रिया ..........................................................................................................११४
६.६ निर्वाचन र आप्रवासन विषयक गोष्ठी ...................................................११५
६.७ वैदेशिक सम्बन्ध तथा सहायता..............................................................११५
६.८ वैदेशिक तालिम तथा कार्यक्रममा सहभागिता ........................................११६
६.८.१ निर्वाचन सम्बन्धी अन्तर्राष्ट्रिय अवलोकन/पर्यवेक्षण..........................११६
६.८.२ निर्वाचन सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागिता .......................११७
६.८.३ निर्वाचन सम्बन्धी अन्तर्राष्ट्रिय क्षमता विकास कार्यक्रममा सहभागिता ....११७
६.९ दक्षिण एसियाली निर्वाचन व्यवस्थापन निकायहरूको साझा मञ्चको १२ औं बैठकको तयारी .....................................................................................११८

## परिच्छेद ७

## मतदाता नामावली दर्ता तथा अद्यावधिक

७.१ मतदाता नामावली दर्ता प्रक्रिया ..........................................................११९
७.२ मतदाता नामावली दर्ता विवरण ..........................................................११९
७.३ मतदाता नामावली अद्यावधिक ........................................................ १२०
७.४ अन्तिम मतदाता नामावली स्वीकृति तथा प्रकाशन .................................१२१
७.५ मतदाता नामावली अद्यावधिकको निर्दिष्ट मिति (Cut-off Date)............... १२४
७.६ मतदाता नामावलीमा नागरिकको पहुँच............................................... १२४

## परिच्छेद ८

## निर्वाचन शिक्षा तथा क्षमता अभिवृद्धि

८.१ निर्वाचन शिक्षा प्रशिक्षण ................................................................. १२५
८.२ क्षमता अभिवृद्धि............................................................................. १२६

८.२.१ मुख्य प्रशिक्षक प्रशिक्षण तथा अन्य प्रशिक्षण................................१२७

८.२.२ स्रोत पुस्तिका तयारी ........................................................... १२८

८.२.३ प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य उपनिर्वाचन, २०८१ मा मतदाता शिक्षा ........................................................................... १२८

८.२.४ Building Resources in Democracy, Governance and Elections (BRIDGE) तालिम........................................................... १२९

८.३ निर्वाचन व्यवस्थापनमा आयोग र स्थानीय तहबीच समन्वय र सहकार्य....... १३०

८.४ निर्वाचन शिक्षा तथा मतदाता शिक्षा ................................................. १३०

८.५ निर्वाचन शिक्षा तथा सूचना केन्द्र सञ्चालन............................................१३१

८.५.१ आयोग परिसरमा रहेको निर्वाचन शिक्षा तथा सूचना केन्द्र.................१३१

८.६ घुम्ती निर्वाचन शिक्षा कार्यक्रम....................................................... १३२

८.७ प्रदेशस्तरका निर्वाचन शिक्षा तथा सूचना केन्द्र.................................... १३३

८.८ पुस्तकालय................................................................................ १३३

८.९ निर्वाचन स्मारिका........................................................................ १३३

८.१० केन्द्र तथा प्रदेशस्तरमा माध्यमिक तहका सामाजिक अध्ययन विषयक शिक्षकलाई प्रशिक्षण कार्यक्रम........................................................................ १३४

८.११ निर्वाचन शिक्षा तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०८० स्वीकृत ........................................................................................ १३४

८.१२ निर्वाचन व्यवस्थापनका लागि सञ्चार नीति, २०८१ स्वीकृत............... १३५

८.१३ निर्वाचन शिक्षाको डकुमेन्ट्रीको स्क्रिप्ट स्वीकृत................................ १३५

## परिच्छेद ९

## सूचना प्रविधि तथा प्रणाली व्यवस्थापन

९.१ फोटोसहितको मतदाता नामावली दर्ता प्रणाली.................................... १३६

९.१.१ अन्तिम मतदाता नामावली तयारी र प्रकाशन................................१३७

९.१.१.१ प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य उपनिर्वाचन.........१३७

९.१.१.२ राष्ट्रिय सभा सदस्य निर्वाचन............................................१३७

९.२ निर्वाचन सूचना व्यवस्थापन प्रणाली..................................................१३७

९.३ सूचना प्रविधि पूर्वाधार.......................................................................... १३८

९.४ आयोगको वेबसाइट तथा सामाजिक सञ्जाल सञ्चालन तथा अद्यावधिक....... १३८

९.५ अन्य कार्यहरू........................................................................................ १३८

९.६ तालिम.................................................................................................. १३९


## परिच्छेद १०

## निर्वाचन कानून तथा राजनीतिक दल नियमन

१०.१ निर्वाचन कानून ...................................................................... १४०

१०.१.१ निर्वाचन सम्बन्धी कानून तर्जुमा...............................................१४१

१०.१.२ राजनीतिक दल सम्बन्धी ऐन संशोधन .......................................१४१

१०.१.३ निर्देशिकाको संशोधन र स्वीकृति ...............................................१४१

१०.१.४ लिखित जवाफ ...................................................................... १४२

१०.१.५ रिट दर्ता ..............................................................................१४४

१०.१.६ नेपाल राजपत्रमा सूचना प्रकाशन ...............................................१४४

१०.२ राजनीतिक दल दर्ता तथा नियमन.....................................................१४६

१०.२.१ राजनीतिक दल दर्ता ...............................................................१४७

१०.२.२ दल गाभिने र दर्ता खारेज......................................................... १४९

१०.२.३ दलको विवरण अद्यावधिक....................................................... १४९

१०.२.४ राजनीतिक दलको नियमन........................................................ १५०

१०.२.५ बन्दसूचीबाट नाम हटाइएको ......................................................१५१

१०.२.६ राजनीतिक दलको विवाद निरूपण..............................................१५१

१०.२.७ विविध................................................................................. १५२

## परिच्छेद ११
## वित्तीय स्रोत परिचालन

११.१ विनियोजन र खर्च ........................................ १५३
११.२ राजश्व तथा धरौटी ........................................ १६५
११.३ बेरूजु फछ्र्यौट प्रगति विवरण ........................................ १६६

## परिच्छेद १२

आयोगका समस्या तथा चुनौतीहरू ........................................ १६७

## परिच्छेद १३

आगामी दिनमा गर्नुपर्ने सुधारका क्षेत्रहरू ........................................ १७०

## अनुसूचीहरू

अनुसूची १ ........................................ १७५
निर्वाचन आयोग सचिवालयको स्वीकृत दरबन्दी संख्या ........................................ १७५
अनुसूची २ ........................................ १८१
राष्ट्रिय सभा सदस्य निर्वाचन, २०८० ........................................ १८१
निर्वाचन कार्यक्रम ........................................ १८१
अनुसूची ३ ........................................ १८३
राष्ट्रिय सभा सदस्य निर्वाचन, २०८० ........................................ १८३
प्रदेशगत रूपमा खसेको मत, सदर मत तथा बदर मतको विवरण ........................................ १८३
अनुसूची ४ ........................................ १८५
राष्ट्रिय सभा सदस्य निर्वाचन, २०८० ........................................ १८५
सबैभन्दा बढी मतभार प्राप्त गरी निर्वाचित हुनुभएका उम्मेदवारको विवरण ........................................ १८५
अनुसूची ५ ........................................ १८७
प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य उपनिर्वाचन, २०८१ ........................................ १८७
निर्वाचन कार्यक्रम ........................................ १८७
अनुसूची ६ ........................................ १८९
प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य उपनिर्वाचन, २०८१ ........................................ १८९
निर्वाचित हुनुभएका उम्मेदवारहरूको मत परिणाम सहितको विवरण ........................................ १८९

अनुसूची ७ ........................................................................................................१९०
इलाम जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. २ .......................................१९०
उम्मेदवारहरूले प्राप्त गरेको अन्तिम मतपरिणाम.........................................१९०
अनुसूची ८ ........................................................................................................१९२
बझाङ जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ को प्रदेश सभा निर्वाचन क्षेत्र नं. ११९२
उम्मेदवारहरूले प्राप्त गरेको अन्तिम मतपरिणाम.........................................१९२
अनुसूची ९ ........................................................................................................१९३
इलाम जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. २ .......................................१९३
धरौटी जफत हुने उम्मेदवारहरूको विवरण.......................................................१९३
अनुसूची १० ......................................................................................................१९४
बझाङ जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ को प्रदेश सभा निर्वाचन क्षेत्र नं. ११९४
धरौटी जफत हुने उम्मेदवारहरूको विवरण.......................................................१९४
अनुसूची ११ ......................................................................................................१९५
अन्तर्राष्ट्रिय तालिम तथा कार्यक्रममा सहभागिता ..........................................१९५
अनुसूची १२ ......................................................................................................२०१
जिल्लागत मतदान स्थल र अन्तिम मतदाता नामावली विवरण.........................२०१
अनुसूची १३ ......................................................................................................२०५
आर्थिक वर्ष २०८०/८१ को जिल्लागत थप मतदाता नामावली दर्ता विवरण ........२०५

# प्रतिवेदन सारांश

१. नेपालको संविधानले निर्वाचन आयोगलाई राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य र स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने, निर्वाचन प्रयोजनको लागि मतदाता नामावली तयार गर्ने एवम् राष्ट्रिय महत्वको विषयमा जनमत सङ्ग्रह गराउने समेतको जिम्मेवारी तोकेको छ। आयोगले आफूले सम्पादन गरेका काम कारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नुपर्ने संवैधानिक व्यवस्था अनुरूप आर्थिक वर्ष २०८०/८१ मा सम्पादन गरेका काम कारबाही समावेश गरी आयोगको वार्षिक प्रतिवेदन तयार गरिएको छ।

२. निर्वाचन आयोगमा एकजना प्रमुख निर्वाचन आयुक्त र अन्य चार जना निर्वाचन आयुक्त रहने संवैधानिक व्यवस्था छ। आयोगले प्रमुख निर्वाचन आयुक्त र आयुक्तको कार्यविभाजन गरी कार्य सम्पादन गर्दै आएको छ। आयोगबाट स्वीकृत बैठक सम्बन्धी कार्यविधि बमोजिम प्रमुख निर्वाचन आयुक्तले बोलाएको समयमा आयोगको बैठक बसी निर्णयहरू हुने गरेका छन्। यस अनुसार प्रतिवेदन अवधिमा जम्मा १२० पटक आयोगको बैठक बसी कूल २०९ वटा निर्णयहरू भएका छन्।

३. आयोगबाट सम्पादन गर्नुपर्ने कार्यको लागि निर्वाचन आयोगमा निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणी, सचिवको प्रशासनिक नेतृत्वमा सचिवालय, राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृत प्रमुख रहने गरी सात वटा प्रदेश निर्वाचन कार्यालयहरू र राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृत प्रमुख रहने गरी ७० जिल्ला निर्वाचन कार्यालयहरू रहेका छन्। आयोगको सचिवालयमा ११४, प्रदेश निर्वाचन कार्यालयमा ६३ र निर्वाचन कार्यालयमा ४९० गरी कूल ६६७ कर्मचारीको दरबन्दी रहेको छ।

४. निर्वाचन आयोगबाट आफ्नो कार्यालय भवन नभएका निर्वाचन कार्यालयहरूका लागि सरकारी भवन उपलब्ध गराइदिन नेपाल सरकारका सम्बन्धित मन्त्रालय, जिल्ला समन्वय समिति तथा स्थानीय तहसँग सहयोग, समन्वय र सहजीकरणका लागि आवश्यक पहल गर्दै आएको छ। यस अनुसार हाल २१ वटा जिल्ला निर्वाचन कार्यालयहरूको कार्यालय आफ्नै भवनमा रहेको, २ वटा भवन

निर्माणाधीन रहेको, ८ वटा जिल्ला निर्वाचन कार्यालयका लागि भोगाधिकारसहित सरकारी भवन प्राप्त भएको र ८ जिल्लाका लागि जग्गा प्राप्त भएको छ। कार्यालयको आफ्नो भवन नभएका जिल्लाका लागि जिल्लास्थित सरकारी निकायका खाली भवन प्राप्त गरी उपयोग गर्ने नीति आयोगले लिएको छ।

५. प्रतिवेदन अवधिमा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४ बमोजिम दल दर्ता प्रयोजनका लागि आयोगमा निवेदन पेश हुन आएका ३ वटा राजनीतिक दलहरू दर्ता भएका तथा १३ वटा राजनीतिक दलको विवरण अद्यावधिक र ७ वटा राजनीतिक दलहरूको नाम परिवर्तन गरिएको थियो। यस अवधिमा दुइवटा राजनीतिक दलको दर्ता खारेज गर्ने निर्णय भएको छ। वि.सं. २०८१ साल असार मसान्तसम्म निर्वाचन आयोगमा दर्ता भएका राजनीतिक दलहरूको कूल संख्या ११९ रहेको छ।

६. यस अवधिमा राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ४१ बमोजिम विभिन्न आर्थिक वर्षको लेखापरीक्षण नगर्ने, तोकिएको समयभित्र लेखापरीक्षण नगर्ने, आयोगमा लेखापरीक्षण प्रतिवेदन पेश नगर्ने समेत गरी जम्मा ८२ राजनीतिक दललाई कानून बमोजिम कारबाही गरिएको थियो।

७. आर्थिक वर्ष २०८०/८१ मा निर्वाचन आयोगलाई संविधान तथा कानूनद्वारा प्रदत्त जिम्मेवारी पूरा गर्ने सन्दर्भमा नियमित रूपमा मतदाता नामावली संकलन तथा अद्यावधिक कार्य, निर्वाचन शिक्षा र मतदाता शिक्षा कार्यक्रम, मतदान केन्द्र पुनरावलोकन, आचारसंहिता अनुगमन लगायतका क्रियाकलापहरू सम्पन्न गरेको छ। यसका लागि आयोगले विभिन्न नीतिगत व्यवस्थाहरूमा समसामयिक सुधार गर्नुका साथै निर्वाचनमा नागरिक संलग्नता नीति, २०८१, निर्वाचन शिक्षा तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०८० र निर्वाचन व्यवस्थापनका लागि सञ्चार नीति, २०८१ तर्जुमा गरेको छ। आर्थिक वर्ष २०६५/६६ देखि प्रारम्भ गरिएको रणनीतिक योजना कार्यान्वयनको क्रमलाई निरन्तरता दिँदै प्रतिवेदन अवधिमा सम्पन्न हुने आयोगको तेस्रो रणनीतिक योजनको समीक्षा गरी चौथो रणनीतिक योजना तर्जुमा कार्य सम्पन्न भएको छ।

८. प्रतिवेदन अवधिमा मतदाता नामावलीको निर्दिष्ट मिति असोज मसान्त र चैत मसान्तलाई मानी क्रमशः कार्तिक र वैशाख महिनामा मतदाता नामावली अद्यावधिक हुने गरी कार्यविधि स्वीकृत गरिएको थियो। त्यसै गरी प्रत्येक स्थानीय

तहबाट मतदाता नामावली दर्तासम्बन्धी काम गर्नको लागि कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ। साथै, विदेशमा रहेका नेपाली नागरिकको मतदाता नामावली दर्ता गर्ने सम्बन्धी कार्यविधिको मस्यौदा तयारी छलफल एवम् सुझाव सङ्कलन शुरू गरिएको छ।

९. निर्वाचन शिक्षालाई विस्तार गर्ने उद्देश्यले आफ्नै भवन रहेका प्रदेश निर्वाचन कार्यालय विराटनगर, पोखरा, धनगढी र सुर्खेतमा स्थापित निर्वाचन शिक्षा तथा सूचना केन्द्रबाट नियमित रूपमा निर्वाचन शिक्षा प्रदान गर्ने कार्य भईरहेको छ। उक्त केन्द्रहरूबाट सामुदायिक तथा निजी विद्यालयका विद्यार्थी, राजनीतिक दलका कार्यकर्ता लगायतका सरोकारवालालाई लक्षित गरी निरन्तर रूपमा निर्वाचन शिक्षा सञ्चालन भईरहेको छ। आयोग परिसरमा वि.सं. २०६९ देखि सञ्चालनमा आएको निर्वाचन शिक्षा तथा सूचना केन्द्रमा आई प्रतिवेदन अवधिसम्म निर्वाचन शिक्षा लिनेको सङ्ख्या ४०,८९३ जना पुगेको छ।

१०. मतदाता नामावली ऐन,२०७३ बमोजिम आयोगले निर्वाचन सम्पन्न हुनुभन्दा अगाडिको कुनै मितिलाई निर्दिष्ट मिति मानी अन्तिम मतदाता नामावली स्वीकृत गर्दछ। यस अवधिमा सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको उपनिर्वाचन प्रयोजनका लागि २०८१ वैशाख १४ गते निर्दिष्ट मिति मानी तयार गरिएको अन्तिम मतदाता नामावली अनुसार कूल मतदाता संख्या १,८०,८८,९८३ रहेको छ जस्मा महिला मतदाता संख्या ८८,८६,२२६, पुरुष मतदाता संख्या ९२,०२,५६९ र अन्य १८८ रहेको छ। प्रदेशगत रुपमा हेर्दा कोशी प्रदेशमा पुरूष १७,४२,७३७ र महिला १६,७७,२४५, अन्य २२, मधेश प्रदेशमा पुरूष १८,४७,५२९ र महिला १५,६९,२८६, अन्य ७०, बागमती प्रदेशमा पुरूष १७,४५,९५२ र महिला १७,४०,१९३, अन्य २७, गण्डकी प्रदेशमा पुरूष ८,८०,७४२ र महिला ९,३३,०९४, अन्य ११, लुम्बिनी प्रदेशमा पुरूष १६,४८,१९७ र महिला १६,१८,७१०, अन्य ३५, कर्णाली प्रदेशमा पुरूष ५,१५,२७४ र महिला ५,०१,४३४, अन्य ३, सूदुर पश्चिम प्रदेशमा पुरूष ८,२२,१३८ र महिला ८,४६,२६४, अन्य २० गरी जम्मा १,८०,८८,९८३ मतदाता कायम भएका छन्।

११. प्रतिवेदन अवधिमा राष्ट्रिय सभाका १९ सदस्य पदका लागि निर्वाचन सम्पन्न गरिएको थियो। राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि ७ प्रदेशका १९ समूहबाट छुट्टाछुट्टै

निर्वाचित गर्नुपर्ने भएकोले १९ वटा छुट्टाछुट्टै प्रकारका मतपत्र तयार गरिएको थियो। राष्ट्रिय सभाको निर्वाचनमा प्रदेश सभाका सदस्यतर्फ ५४९ जना मतदाता रहेकोमा ५४६ जनाले मतदान गरी ९९.४५ प्रतिशत र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखतर्फ १४९७ जना मतदाता रहेकोमा १४८६ जनाले मतदान गरी ९९.२७ प्रतिशत मतदान भएको थियो। यसरी कूल मतदाता संख्या २०४६ रहेकोमा जम्मा २०३२ जना मतदाताले मतदान गरेकोले ९९.३२ प्रतिशत मतदान भएको थियो। राष्ट्रिय जनगणना, २०७८ को अन्तिम परिणामलाई आधार मानी राष्ट्रिय सभा निर्वाचन प्रयोजनको लागि प्रदेश सभाको सदस्यको मतभार ५३ र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको मतभार १९ निर्धारण गरिएको थियो।

१२. प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य उपनिर्वाचन २०८१, मिति २०८१ वैशाख १५ गते इलाम जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. २ मा भएको उपनिर्वाचनमा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) का उम्मेदवार श्री सुहाङ नेम्बाङले २७,७७२ मत प्राप्त गरी प्रतिनिधि सभा सदस्य पदमा निर्वाचित हुनुभएको थियो भने बझाङ जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ को प्रदेश सभा निर्वाचन क्षेत्र नं. १ मा भएको उपनिर्वाचनमा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) का उम्मेदवार श्री दमन बहादुर भण्डारीले ११,६१३ मत प्राप्त गरी सुदूरपश्चिम प्रदेशको प्रदेश सभा सदस्य पदमा निर्वाचित हुनुभएको थियो। निर्वाचित उम्मेदवारलाई सम्बन्धित मुख्य निर्वाचन अधिकृतले आयोगबाट निर्धारण गरिएको प्रमाणपत्र प्रदान गर्नुभएको थियो।

१३. आयोग र अन्तर्गत रहेका प्रदेश निर्वाचन तथा जिल्ला निर्वाचन कार्यालयहरूलाई आर्थिक वर्ष २०८०/०८१ मा चालु खर्च तर्फ रू.४९,९७,६७,०८८। - र पूँजीगत खर्च तर्फ रू.१०,६०,००,०००। - बजेट विनियोजन भएकोमा क्रमशः रू.४१,५५,८६,९०९। - र रू.२,७४,८७,५८८। - खर्च भएको थियो। त्यस्तै राष्ट्रिय सभा निर्वाचन तर्फ रू.२,७५,३९,१६०। - र प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य उपनिर्वाचन तर्फ रू. १०,६१,६४,८४०। - बजेट विनियोजन भएकोमा क्रमशः रू. १,११,२५,१८०। - र रू.७,०५,०८,४०४। ५० खर्च भएको थियो।

# परिच्छेद १

# निर्वाचन आयोग, नेपाल : संक्षिप्त परिचय

## १.१ पृष्ठभूमि

संविधानतः राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य र स्थानीय तहका सदस्यको निर्वाचन गर्ने कार्य जिम्मेवारी निर्वाचन आयोगको रहेको छ। आयोगले नेपालको संविधान र प्रचलित कानून बमोजिम उक्त निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने गर्दछ। नेपालमा पहिलो पटक नेपालको अन्तरिम शासन विधान, २००७ ले निर्वाचन आयोग सम्बन्धी व्यवस्था गरेको थियो। तत्पश्चात जारी भएका नेपाल अधिराज्यको संविधान, २०१५ र नेपालको संविधान, २०१९ मा निर्वाचन आयोग सम्बन्धी व्यवस्था हुन नसकेकोमा नेपालको संविधान, २०१९ को पहिलो संशोधन, २०२३ बाट निर्वाचन सञ्चालन तथा व्यवस्थापन कार्य गर्न आयोगलाई पहिलो पटक संवैधानिक अधिकारको व्यवस्था गरिएको थियो। त्यसपछि जारी भएका नेपाल अधिराज्यको संविधान, २०४७ र नेपालको अन्तरिम संविधान, २०६३ तथा वि.सं. २०७२ सालमा जारी भएको नेपालको वर्तमान संविधानमा समेत निर्वाचन आयोगलाई संवैधानिक निकायका रूपमा निर्वाचन सञ्चालन तथा व्यवस्थापन गर्ने कार्य जिम्मेवारीको निरन्तरता दिइएको छ।

नेपालको संविधानको भाग २४ धारा २४५ मा आयोगलाई संवैधानिक निकायको रूपमा स्थापित गरिएको छ। संविधान तथा संघीय कानूनमा भएको व्यवस्था बमोजिम आयोगले स्वच्छ, स्वतन्त्र, निष्पक्ष र मितव्ययी निर्वाचनमार्फत् नागरिकको मताधिकारलाई निर्वाध रूपमा उपयोग गर्ने अवसर प्रदान गरी लोकतन्त्रको सुदृढीकरण र सुशासन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

नेपालको संविधानको प्रस्तावनामा उल्लिखित बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, जनतामा निहित सार्वभौमसत्ता, संघीय लोकतान्त्रिक गणतन्त्र, मानव अधिकार, नागरिक स्वतन्त्रता, बालिग मताधिकार र आवधिक निर्वाचनलाई संस्थागत गर्न निर्वाचन एक महत्वपूर्ण प्रणाली हो। नेपालको संविधान एवम् कानूनले स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा जनताले आफ्नो मताधिकारबाट जनप्रतिनिधि छनौट गर्ने अधिकार सुनिश्चित गरेको सन्दर्भमा प्रत्येक बालिग नेपाली नागरिकलाई निर्वाचन प्रक्रियामा सहभागी हुने, मतदान गर्ने, निर्वाचन सम्बन्धी

सूचना प्राप्त गर्ने तथा हरेक नागरिकले छान्ने र छानिने अधिकारको प्रत्याभूति गर्न निर्वाचन आयोग क्रियाशील रहँदै आएको छ।

## १.२ संवैधानिक व्यवस्था

नेपाल अन्तरिम शासन विधान, २००७ मा पहिलो पटक निर्वाचन व्यवस्थापन सम्बन्धी काम गर्न निर्वाचन कमिसनरको व्यवस्था गरिएको थियो। नेपाल अधिराज्यको संविधान, २०१५ मा निर्वाचन व्यवस्थापन निकाय सम्बन्धी स्पष्ट व्यवस्था भएको देखिँदैन। नेपालको संविधान, २०१९ को पहिलो संशोधन २०२३ ले निर्वाचन आयोगलाई संवैधानिक अंगको रूपमा व्यवस्था गरेपछि राजनीतिक परिवर्तनका उपलब्धि र संवैधानिक व्यवस्था अनुरूप मुलुकले अङ्गिकार गरेको शासन प्रणालीलाई संविधान र कानून बमोजिम निर्वाचनको माध्यमबाट वैधानिकता प्रदान गर्ने काम निर्वाचन आयोगबाट सफलतापूर्वक सम्पादन हुँदैआएको छ।

नेपालको संविधानको भाग २४ को धारा २४५ मा निर्वाचन आयोगको गठन सम्बन्धी व्यवस्था गरी आयोगमा एक जना प्रमुख निर्वाचन आयुक्त र अन्य चार जना निर्वाचन आयुक्त रहने, राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा प्रमुख निर्वाचन आयुक्त र आयुक्तको नियुक्ति गर्ने व्यवस्था रहेको छ। संविधानको धारा २४६ मा भएको व्यवस्था बमोजिम आयोगले संविधान र सङ्घीय कानून बमोजिम राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसदका सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्दै आएको छ। साथै, निर्वाचन प्रयोजनका लागि मतदाता नामावली तयार गर्ने, राष्ट्रिय महत्वको विषयमा जनमत संग्रह गराउने र निर्वाचनमा कुनै उम्मेदवारको योग्यता सम्बन्धमा प्रश्न उठेमा त्यसको निर्णय गर्ने अधिकार निर्वाचन आयोगमा रहेको छ।

## क. कानूनी व्यवस्था

नेपालको संविधानमा भएको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, बालिग मताधिकार, आवधिक निर्वाचन, निर्वाचन आयोगको गठन तथा काम, कर्तव्य र अधिकार एवम् राजनीतिक दलसम्बन्धी व्यवस्था तथा निर्वाचन व्यवस्थापनसँग सम्बन्धित देहायका कानून कार्यान्वयनमा रहेका छन्।

- निर्वाचन आयोग ऐन, २०७३
- मतदाता नामावली ऐन, २०७३
- निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३
- स्थानीय तह निर्वाचन ऐन, २०७३

- निर्वाचन क्षेत्र निर्धारण ऐन, २०७३
- राजनीतिक दल सम्बन्धी ऐन, २०७३
- प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४
- प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४
- राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४
- राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५
- मतदाता नामावली सम्बन्धी नियमावली, २०६८
- निर्वाचन आयोग नियमावली, २०७३
- स्थानीय तह निर्वाचन नियमावली, २०७३
- राजनीतिक दल सम्बन्धी नियमावली, २०७४
- प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली, २०७४
- प्रदेश सभा सदस्य निर्वाचन नियमावली, २०७४
- राष्टपति तथा उपराष्टपतिको निर्वाचन सम्बन्धी नियमावली, २०७४
- राष्ट्रिय सभा सदस्य निर्वाचन नियमावली, २०७६

उल्लिखित कानूनी व्यवस्थाको आधारमा निर्वाचन आयोग ऐन, २०७३ को दफा ११ (क) ले दिएको अधिकार तथा सम्वन्धित कानूनमा भएका व्यवस्था समेतका आधारमा निर्वाचन आयोगले देहायका नीतिहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छः

- निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति, २०७७
- निर्वाचन व्यवस्थापनमा मानव संसाधन नीति, २०७७
- निर्वाचन व्यवस्थापनमा सामाजिक सञ्जालको उपयोग सम्बन्धी नीति, २०७७
- निर्वाचन तथा मतदाता शिक्षा नीति,२०८०
- निर्वाचनमा नागरिक संलग्नता नीति, २०८१
- निर्वाचनमा आमसञ्चार नीति, २०८१

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न निर्वाचन आयोगले निर्वाचनसँग सम्बन्धित कानूनी एवम् नीतिगत व्यवस्था अनुरूप निर्वाचनको सञ्चालन, रेखदेख निर्देशन र नियन्त्रण गर्ने सम्बन्धमा निर्वाचन अवधिमा आवश्यकता अनुसार विभिन्न निर्देशिका, कार्यविधि र मापदण्डहरू तर्जुमा गरी कार्यान्वयन गर्ने गरिएको छ।

## ख. वार्षिक प्रतिवेदनसम्बन्धी व्यवस्था

नेपालको संविधानको धारा २९४ मा संवैधानिक निकायको वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था रहेको छ। जस अनुसार संवैधानिक निकायले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश गर्ने छ र राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत त्यस्तो प्रतिवेदन संघीय संसद समक्ष पेश गर्न लगाउने व्यवस्था रहेको छ। वार्षिक प्रतिवेदनमा खुलाउनु पर्ने कुराहरू संघीय कानून बमोजिम हुने उल्लेख हुनुका साथै संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुखसमक्ष पेश गर्न सक्ने समेत व्यवस्था रहेको छ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा ४५ तथा निर्वाचन आयोग नियमावली, २०७४ को नियम १५ मा आयोगले वार्षिक प्रतिवेदन तयार गर्दा आयोगको जनशक्ति व्यवस्थापन तथा सामग्री व्यवस्थापन, आयोगको वार्षिक योजना तथा त्यसको कार्य प्रगति, सङ्कलित तथा अद्यावधिक गरिएका मतदाताको संख्या, निर्वाचन सञ्चालन तथा व्यवस्थापन, सूचना प्रविधिको व्यवस्थापन र प्रयोग, राजनीतिक दल व्यवस्थापन, स्रोत परिचालन, निर्वाचन सम्बन्धी विद्यमान नीति वा प्रचलित कानूनमा सुधार गर्नुपर्ने विषयमा सम्बन्धित निकायलाई दिएको सुझाव र आयोगले अन्य आवश्यक कुराहरू समावेश गर्नुपर्ने विषय उल्लेख भएकोले त्यसलाई समेत आधार मानी आयोगले आफ्नो वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपतिसमक्ष पेश गरी सार्वजनिक गर्दै आएको छ।

## १.३ मार्गदर्शक सिद्धान्त

नेपालमा प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणालीलाई संस्थागत गर्दै स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहित, विश्वसनीय र मितव्ययी निर्वाचन गर्ने लक्ष्य प्राप्त गर्न निर्वाचन आयोगले तय गरेका मार्गदर्शक सिद्धान्तहरू देहाय अनुसार रहेका छन्।

### क. स्वायत्तता र स्वतन्त्रता (Autonomy and Independence)

निर्वाचन आयोग एक संवैधानिक निकाय हो। निर्वाचन व्यवस्थापनको सिलसिलामा नीतिगत, प्रशासनिक, आर्थिक, वित्तीय, कार्यगत र व्यवहारगत पक्षमा स्वायत्त र स्वतन्त्र निकायको रूपमा आयोग रहनु पर्दछ।

### ख. निष्पक्षता (Impartiality)

आयोगले निर्वाचन सम्बन्धी विविध क्रियाकलापहरूको सञ्चालन र व्यवस्थापन एवम् मतदाता नामावली तयारीको सिलसिलामा राजनीतिक दल, उम्मेदवार, व्यक्ति वा तिनका समर्थकहरू तथा कुनै जातजाति, लिङ्ग, वर्ग, क्षेत्र वा समुदाय सबैप्रति निष्पक्ष रूपमा समान व्यवहारको सुनिश्चितता प्रदान गर्दछ।

### ग. सदाचारिता (Integrity)

आयोग सदैव निर्वाचन सञ्चालन र व्यवस्थापनमा स्थापित मूल्य र मान्यता अनुरूपका नैतिक सिद्धान्तहरूको अनुशरण र पालना गर्दछ। कार्यसञ्चालनको क्रममा आयोगका पदाधिकारी र कर्मचारीहरू पदको मर्यादा, गरिमा र आयोगको स्वतन्त्रता र निष्पक्षतालाई मनन गरी निस्वार्थ र इमान्दारी साथ प्रस्तुत हुन्छन्।

### घ. उत्तरदायित्व र जवाफदेहिता (Accountability and Responsiveness)

आयोग, नेपालको संविधान एवम् प्रचलित कानूनी व्यवस्था वमोजिम प्रदत्त कर्तव्य र दायित्व प्रति प्रतिवद्ध र जवाफदेही रहन्छ। आफूले सम्पादन गरेका काम कारबाहीहरूको समीक्षा र कार्यान्वयन मार्फत सरोकारवालाहरूप्रतिको जवाफदेहिता र उत्तरदायित्व सुनिश्चित गर्दछ।

### ङ. पारदर्शिता (Transparency)

आयोगबाट हुने निर्णय एवम् कार्यसम्पादन प्रक्रिया पारदर्शी हुन्छन्। सञ्चार माध्यम, सामाजिक सञ्जाल र खुल्ला छलफलमार्फत् आयोगको कार्य सम्पादन प्रक्रिया र नतिजामा सरोकारवालाको पहुँच सुनिश्चित गरिन्छ।

### च. समावेशिता (Inclusion)

निर्वाचनका सबै विधि, प्रक्रिया र चरणहरूमा लैंङ्गिक एवम् समावेशी सवालहरूको सम्बोधन गरिन्छ। नेपालको संविधान तथा निर्वाचन सम्बन्धी कानूनबमोजिम महिला, दलित, आदिवासी/जनजाती, मधेशी, थारू, मुस्लिम, उत्पिडित र पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, किसान, श्रमिक, अपाङ्गता भएका व्यक्ति, युवा तथा बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, गर्भवती महिला, अशक्त, असहाय, पिछडिएको क्षेत्र, आर्थिक रूपले विपन्न लगायत सबै नागरिकको मताधिकारको निर्वाध उपयोग गर्ने अवसरको सुनिश्चितता प्रदान गर्ने

गरी समानुपातिक समावेशिताको सिद्धान्तबमोजिम आयोगका गतिविधिहरू निर्देशित हुन्छन्।

### छ. व्यावसायिकता (Professionalism)

दक्ष, कुशल र नैतिकवान एवम् लोकतान्त्रिक मूल्य मान्यताप्रति निष्ठावान मानव संसाधनको प्राप्ति, विकास र सदुपयोगद्वारा व्यक्तिगत र आयोगको संस्थागत व्यावसायिकता प्रवर्द्धन गरी निर्वाचन व्यवस्थापनका क्रियाकलापहरूमा प्रभावकारिता तथा व्यावसायिकता प्रदर्शन हुने गरी आयोगद्वारा आफ्नो व्यावसायिक दक्षता र निष्ठा अभिवृद्धि गरिन्छ।

### ज. विश्वसनीयता (Credibility)

आयोगले निर्वाचन व्यवस्थापनका सिलसिलामा लोकतन्त्रका स्थापित मूल्य मान्यता, संविधानको मर्म र भावना अनुरूप निर्वाचनका सबै प्रक्रिया र चरणहरूमा पारदर्शिता, निष्पक्षता, सदाचारिता एवम् जवाफदेहिता कायम राख्दै सबै मतदाताहरूको मताधिकारको सुनिश्चितता प्रदान गर्ने छ। आयोगका क्रियाकलापहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायको विश्वास प्राप्त गर्दै निर्वाचनका काम कारबाहीप्रतिको विश्वसनीयता सुदृढ तुल्याइन्छ।

### झ. सहयोग, समन्वय र साझेदारी (Cooperation, Coordination and Partnership)

निर्वाचन व्यवस्थापनका क्रियाकलापहरूलाई व्यावसायिक, प्रविधिमैत्री, सेवाग्राही एवम् सरोकारवालामैत्री, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायमा समेत विश्वसनीय तुल्याउने गरी सबै सरोकारवालाहरूसँग समन्वय गरी आपसी सहयोगको आदान-प्रदानका लागि अन्तरसम्बन्ध स्थापित गरिनेछ। स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचनका लागि सरकारका तह, संघ, संस्था र निकायसँग समुचित समन्वय र साझेदारी गरिन्छ।

### ञ. नवप्रवर्तन (Innovation)

आयोगले निर्वाचन व्यवस्थापनमा समसामयिक सुधार एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा भएका नवीनतम ज्ञान, सीप, अभ्यास, अनुभव र सिकाईलाई राष्ट्रिय परिवेशमा अनुकूलन (**Adoption**) तुल्याई ती विषयलाई अंगिकार र

अवलम्बन गरिनेछ। निर्वाचन व्यवस्थापनसँग सम्बन्धित खोज, अध्ययन, अनुसन्धान, विकास र नवप्रवर्तनमा जोड दिइन्छ।

## १.४ आयोग र अन्य निकायबीचको समन्वय र सहकार्य

नेपालको संविधानले सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहने कुरा उल्लेख गरेको छ। बालिग मताधिकारको प्रयोग गरी जनताले आवधिक निर्वाचनमार्फत् आफूलाई प्राप्त सार्वभौमसत्ताको प्रयोग गर्दछन्। आवधिक निर्वाचन जनता वा मतदाताको रोजाईका आधारमा आफ्नो प्रतिनिधि चयन गर्ने विधिसम्मत तरिका वा प्रक्रिया हो। निर्वाचन लोकमत मापन गर्ने वैधानिक विधि हो। निर्वाचनबाट प्रत्येक नागरिकलाई आफूले रोजेको प्रतिनिधि मार्फत शासन सञ्चालन गर्न पाउने अधिकार सुनिश्चित हुन्छ। निर्वाचनले निरूपण गर्नुपर्ने कुनै विषय वा निर्णय गर्नुपर्ने कुनै विकल्पमा जनता वा मतदाताले आफ्नो मत जाहेर गरी कुनै विचार वा सिद्धान्त वा प्रणाली वा दल वा संस्था वा व्यक्ति वा व्यक्तिको समूहलाई छनोट गर्ने अवसर तथा अधिकार दिने भएकोले निर्वाचन व्यवस्थापन निकायको अन्य निकायसँगको समन्वय र सहकार्य प्रभावकारी हुनु आवश्यक हुन्छ।

निर्वाचनको व्यवस्थापन गर्ने सन्दर्भमा आयोगले मतदाता नामावली दर्ता र अद्यावधिक गराउने, मतदान केन्द्र पुनरावलोकन गर्ने, निर्वाचन शिक्षा सञ्चालन सम्बन्धी कार्य गर्ने, निर्वाचन सम्बन्धी विविध विषयमा अध्ययन, अनुसन्धान गर्ने, योजना तर्जुमा गर्ने, आवश्यक कानून तर्जुमा र परिमार्जन गर्ने जस्ता निर्वाचन पूर्वका कार्यहरू गर्दै आएको छ भने निर्वाचनको समयमा मतदान केन्द्र तोक्ने, अन्तिम मतदाता नामावली स्वीकृत गर्ने, मतदानमा मतदाताको सहभागिता अभिवृद्धि गर्नुका साथै बदर मत न्यूनीकरणका लागि मतदाता शिक्षा सञ्चालन गर्ने, राजनीतिक दल दर्ता र निर्वाचन चिन्ह निर्धारण गर्ने, निर्वाचन सामग्री तथा जनशक्ति व्यवस्थापन गर्ने, मतपत्रको ढाँचा स्वीकृत गरी छपाइ गर्ने, निर्वाचन कार्यक्रम सञ्चालन गर्ने एवम् आचारसंहिता लागू गर्ने र आचारसंहिता कार्यान्वयनको अनुगमन गरी उल्लंघन गर्नेलाई कारबाही गर्ने कुरा गर्दै आएको छ। त्यसै गरी निर्वाचन पश्चात् निर्वाचनको समीक्षा गर्ने, निर्वाचन प्रतिवेदन तयारी र प्रकाशन गर्ने, राजनीतिक दलहरू तथा उम्मेदवारहरूले निर्वाचनमा गरेका खर्चको विवरण लिने लगायतका कार्य गर्दै आएको छ। निर्वाचनमा सरोकारवालाबीचको समन्वय, सहकार्य र अन्तरसम्बन्धका प्रमुख व्यवस्थाहरू निम्नानुसार रहेका छन्:

क. नेपालको संविधानको धारा २४७ मा संविधान बमोजिम निर्वाचन आयोगलाई आफ्नो काम कारबाही सम्पादन गर्न आवश्यक पर्ने कर्मचारी र अन्य सहयोग नेपाल

सरकार, प्रदेश सरकार र स्थानीय सरकारले उपलब्ध गराउनेछ भन्ने व्यवस्था रहेको छ। संविधानको धारा २३२ मा संघ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित रहने उल्लेख छ। आयोगले निर्वाचनको कामका लागि नेपाल सरकार वा प्रदेश सरकारको वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्थासँग सोझै सम्पर्क राख्न र त्यस्ता संस्था वा निकायबाट कुनै सहयोग लिन सक्ने व्यवस्था गरेको छ।

ख. पन्ध्रौं आवधिक योजनाले स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय एवम् मितव्ययी निर्वाचनको सञ्चालन एवम् व्यवस्थापनलाई दीर्घकालीन सोचको रूपमा उल्लेख गरी सोका लागि सरोकारवालाहरूबीचको आपसी सम्बन्धलाई समन्वयात्मक, सहयोगात्मक र सुदृढ बनाउँदै निर्वाचन कार्यक्रम र प्रक्रियामा सुधार गर्दै लैजाने उद्देश्यहरू निर्धारण गरेको छ।

ग. आयोग वा आयोगको पदाधिकारीले स्वच्छ र स्वतन्त्र तवरबाट निर्वाचन गर्ने सन्दर्भमा कुनै राजनीतिक दल वा नागरिक समाजका प्रतिनिधि, निर्वाचन सम्बन्धी विज्ञ वा अन्य व्यक्ति वा संस्थासँग छलफल वा परामर्श गर्न सक्ने प्रावधान रहेको छ।

घ. आयोगले निर्वाचन सञ्चालन गर्ने सम्बन्धमा कुनै निकाय वा पदाधिकारीलाई आवश्यक निर्देशन दिन सक्ने, आयोगले निर्देशन दिएकोमा सम्बन्धित निकाय वा पदाधिकारीले त्यस्तो विषयमा आवश्यक कारबाही गरी आयोगलाई त्यसको जानकारी दिनुपर्ने, आयोगले सचिव, आयोगका कर्मचारी, निर्वाचन अधिकृत, निर्वाचन अधिकारी, मतदान अधिकृत, सहायक मतदान अधिकृत, अनुगमनमा खटिएका अधिकृत, नाम दर्ता अधिकारी वा निर्वाचनमा खटिएका अन्य कुनै कर्मचारी वा व्यक्तिलाई निजले गर्नुपर्ने कामका सम्बन्धमा आवश्यक निर्देशन दिन सक्ने र आयोगले दिएको निर्देशन पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुने कुरा स्पष्ट गरेको छ।

ङ. आयोगले निर्वाचनको प्रभावकारी सुरक्षा व्यवस्थापनका लागि नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय सरकारलाई लेखी पठाउन सक्ने र आयोगबाट लेखी आएमा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय सरकारले प्रभावकारी सुरक्षा

प्रबन्ध मिलाई सुरक्षा योजनाका बारेमा आयोगलाई जानकारी गराउने व्यवस्था समेत गरेको छ।

च. मतदाता नामावली तयार गर्ने सिलसिलामा आयोग तथा नाम दर्ता अधिकारीले आवश्यकता अनुसार नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहको वा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको अनुदानमा सञ्चालित संस्था, निकाय वा राजनीतिक दल वा सामाजिक संघ, संस्था तथा अन्य निकाय र कुनै पनि व्यक्तिको सहयोग लिन सक्ने तथा आवश्यक सहयोग उपलब्ध गराउनु सम्बन्धित सबैको कर्तव्य हुने व्यवस्था गरेको छ।

छ. आयोगको चौथो पञ्चवर्षीय रणनीतिक योजनाले आयोगको सङ्गठन संरचना, निर्वाचन कानून, नीति निर्माण, निर्वाचन व्यवस्थापन र निर्वाचन प्रक्रियामा सुधार गर्न आयोगले नेपाल सरकार, व्यवस्थापिका संसद, न्यायपालिका, प्रदेश सरकार, स्थानीय तह, राजनीतिक दल, नागरिक समाज लगायत अन्य सरोकारवाला सबैसँग समन्वय, सहयोग र अन्तरसम्बन्ध कायम गर्ने उल्लेख छ।

ज. आयोगले राजनीतिक दलहरू र संघीय संसद वा प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका पदाधिकारीलाई आमन्त्रण गरी निर्वाचन प्रणाली सम्बन्धी, निर्वाचन तथा राजनीतिक दलसँग सम्बन्धित कानून सम्बन्धी, निर्वाचन वा जनमत सङ्ग्रह सम्बन्धी, राजनीतिक दलको लेखा तथा लेखापरीक्षण सम्बन्धी, आयोगले तयार गरेको कुनै कानूनी वा नीतिगत विषय सम्बन्धी, आयोगले उपयुक्त ठानेको अन्य विषयमा परामर्श, अन्तरक्रिया तथा छलफल गर्न आयोगले समय समयमा राजनीतिक परामर्श बैठक आयोजना गर्न सक्ने व्यवस्था गरेको छ। सो बमोजिम त्यस्तो बैठकमा भाग लिनु सम्बन्धित दल तथा त्यस दलका पदाधिकारीको कर्तव्य हुने विषय उल्लेख गरेको छ।

प्रस्तुत संवैधानिक तथा कानूनी व्यवस्था र निर्वाचन आयोग सम्बन्धी नीतिगत व्यवस्था समेतका आधारमा आयोगले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र अन्य संघसंस्था तथा निकायहरूसँग समन्वय र अन्तरसम्बन्ध कायम गर्दै नेपालको संविधान र संघीय कानून बमोजिम आयोगलाई प्राप्त काम, कर्तव्य र अधिकारको प्रयोग गर्दै आएको छ।

# परिच्छेद २

# आयोगको सङ्गठन संरचना र कार्यव्यवस्था

## २.१ आयोगको सङ्गठन संरचना

नेपालको संविधानको धारा २४५ बमोजिम गठन भएको निर्वाचन आयोगमा एकजना प्रमुख निर्वाचन आयुक्त र अन्य चारजना निर्वाचन आयुक्तहरू रहने व्यवस्था रहेको छ। आयोगको कार्य सञ्चालन तथा व्यवस्थापनको लागि केन्द्रस्तरमा आयोगको सचिवालय रहेको छ। निर्वाचन आयोग ऐन, २०७३ को दफा १७ बमोजिमको आयोगको सङ्गठनात्मक संरचना र कर्मचारीको दरबन्दी आयोगको सिफारिसमा नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुने व्यवस्था रहेको छ। सोही बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७/१०/२६ को निर्णयानुसार आयोगको सचिवालय, ७ प्रदेश निर्वाचन कार्यालय र ७० जिल्ला निर्वाचन कार्यालयमा गरी कूल जम्मा ६६७ जनाको दरबन्दी स्वीकृत भएको छ। स्वीकृत दरबन्दी अनुसार आयोग र अन्तर्गतको कार्यसञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक पर्ने कर्मचारी नेपाल सरकारबाट उपलब्ध हुँदै आएको छ।

## २.२ निर्वाचन आयोगको सचिवालय

निर्वाचन आयोग ऐन, २०७३ को दफा १५ ले आयोगको कार्यसञ्चालन तथा व्यवस्थानको लागि केन्द्रीय स्तरमा आयोगको सचिवालय रहने व्यवस्था गरेको छ। आयोगको सचिवालयमा प्रशासनिक प्रमुखको रूपमा काम गर्न नेपाल प्रशासन सेवाको विशिष्ट श्रेणीको सचिव रहने व्यवस्था छ। सचिवले प्रमुख निर्वाचन आयुक्तको सामान्य निर्देशनमा रही निर्वाचन आयोग ऐन, २०७३ र अन्य प्रचलित कानूनमा तोकिएका काम, कर्तव्य र अधिकारको प्रयोग गर्दछन्। त्यसै गरी, आयोगका सचिवले आफूले गर्नुपर्ने कार्यसम्पादनको क्रममा आयोगको प्रशासन र व्यवस्थापन सम्बन्धी काम गर्ने गराउने, आयोगको वार्षिक बजेट, कार्यक्रम र योजना तयार गरी आयोगसमक्ष पेश गर्ने गराउने, आयोगको चलअचल सम्पत्तिको रेखदेख, स्याहार सम्भार गर्ने गराउने, आयोगको काम कारबाही सुचारू रूपले सञ्चालन गर्न आवश्यक व्यवस्था गर्ने गराउने, आयोगको नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने गराउने, आयोगको निर्णयको अभिलेख रीतपूर्वक प्रमाणित गरी राख्ने र आयोगले तोके बमोजिमका अन्य कामहरू सम्पादन गर्ने गराउने कार्यहरू गर्दछन्। आयोगको कार्यसम्पादनका लागि सचिवालयको

संगठन संरचनामा दुई जना प्रशासन सेवा र एक जना कानून सेवाका सहसचिव रहने व्यवस्था छ। साथै, सचिवालयमा रहेका विभिन्न आठ वटा शाखाहरूमा नेपाल प्रशासन सेवा सामान्य प्रशासन समूहका चार जना उपसचिव, लेखा समूहका एक जना उपसचिव, विविध सेवाको कम्प्यूटर तर्फका एक जना उपसचिव, न्याय सेवाको कानून समूहका एक जना उपसचिव र सरकारी वकिल समूहका एक जना उपन्यायधिवक्ताले शाखा प्रमुखको रूपमा कार्यसम्पादन गर्दछन्। सचिवालयको संगठनात्मक संरचना र दरबन्दी विवरण **अनुसूची** -१ मा प्रस्तुत गरिएको छ। सचिवालय अन्तरगत रहेका महाशाखाहरूको कार्य एवम् जिम्मेवारी देहाय बमोजिम रहेको छः

### २.२.१ प्रशासन महाशाखा

१. आयोगको वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गरी, गराई स्वीकृत भए बमोजिम कार्य सञ्चालनको व्यवस्था गर्ने, गराउने।

२. निर्वाचन कार्यक्रमको सञ्चालन व्यवस्था अनुगमन गर्ने, देखा परेका समस्याहरू समाधान गर्ने, गराउने र आवश्यकतानुसार निर्वाचन कार्य सम्पन्न गराउन समन्वय गर्ने, गराउने।

३. आयोग र अन्तर्गत रहेका प्रशासन सेवाका पद तथा पदाधिकारीहरूको नियुक्ति, पदस्थापन, तालिम, सरूवा, विभागीय कारबाही, अवकाशसम्बन्धी कार्य गर्ने, गराउने।

४. निर्वाचन आयोग तथा अन्तर्गतका कार्यालय निरीक्षण गर्ने, गराउने व्यवस्था मिलाई प्राप्त प्रतिवेदन राय ठहरसहित सचिव समक्ष पेश गरी निर्णयानुसार कार्यान्वयन गर्ने, गराउने।

५. केन्द्रीय तथा कार्य सञ्चालनस्तरको लेखा व्यवस्थापन र मालसामान खरिद तथा लिलाम बिक्रीको व्यवस्था मिलाउने।

६. निर्वाचन आयोग अन्तर्गत सम्पूर्ण कर्मचारीहरूको सम्पति विवरण तथा व्यक्तिगत अभिलेख अद्यावधिक गरी राख्न लगाउने।

७. आयोगको भौतिक साधनहरूको अद्यावधिक विवरण राख्न लगाई सोको स्याहार सम्भार मर्मत र संरक्षण गर्ने, गराउने।

८. कर्मचारीहरूको सुपरिवेक्षण, आवश्यकता अनुसार निर्देशन, नियन्त्रण, कार्य सम्पादन मूल्याङ्कन र पुरस्कार, सरूवा, बढुवा लगायतका विषयमा आवश्यक कारबाही गरी सिफारिस सहित सचिवसमक्ष पेश गर्ने।

९. मिडिया अनुगमनसम्बन्धी कार्य गर्ने, गराउने।

१०. आयोगको वार्षिक प्रतिवेदन तथा वार्षिक समीक्षासम्बन्धी कार्य गर्ने, गराउने।

११. निर्वाचन आयोगका विकास साझेदार संस्थासँगको सम्पर्क तथा समन्वयसम्बन्धी कार्य गर्ने, गराउने।

१२. दक्षिण एशियाली निर्वाचन व्यवस्थापन निकायहरूको साझा मञ्च (FEMBOSA) को नेपाल अध्यक्ष हुँदाका बखत सचिवालयले गर्ने कार्यहरू गर्ने। अन्य समयमा उक्त मञ्चसँग सम्बन्धित कार्य गर्ने, गराउने।

१३. दक्षिण एशियाली क्षेत्रका निर्वाचन व्यवस्थापन निकायहरूबीच लोकतन्त्र र निर्वाचन सम्बन्धमा अनुभव आदान-प्रदान समेत हुने गरी अध्ययन, अनुसन्धान, तालिम आदिको आयोजना गर्ने।

१४. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययन अनुसन्धानबाट प्राप्त सूचना, तथ्याङ्क, प्रतिवेदन आदिको अभिलेखीकरण गर्ने, गराउने।

१५. निर्वाचनसँग सम्बन्धित क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूको सम्बन्ध विस्तार, सञ्जाल निर्माण तथा सदस्यतासम्बन्धी कार्य गर्ने।

१६. आयोगका लागि वैदेशिक सहयोग प्राप्ति, परिचालन तथा समग्र व्यवस्थापन सम्बन्धी कार्य गर्ने।

१७. अधिनस्थ कर्मचारीहरूको बिदा स्वीकृतीको लागि सिफारिश गर्ने वा प्रत्यायोजित अधिकार बमोजिम स्वीकृत गर्ने।

१८. निर्वाचन आयोग अन्तर्गत संचालित कार्यक्रम तथा कार्यहरूको आवधिक सुपरिवेक्षण गर्ने, गराउने व्यवस्था मिलाउने र समस्या भएमा समाधान गर्ने, गराउने तथा प्रतिवेदन पेश गर्ने, गराउने व्यवस्था मिलाउने।

१९. यस बाहेक यस महाशाखा प्रमुखको पदको लागि निर्दिष्ट गरिएका अन्य कार्य गर्ने।

## २.२.२ निर्वाचन व्यवस्थापन महाशाखा

१. मतदाता नामावलीसँग सम्बन्धित विद्यमान नीति ऐन, नियम निर्देशिकाहरूको अध्ययन गरी, गराई आवश्यक संशोधन, परिमार्जन गर्नुपर्ने अवस्थामा प्रारम्भिक मस्यौदा तर्जुमा गर्ने।

२. निर्वाचन व्यवस्थापनसँग सम्बन्धित विषयहरूको गोष्ठी, सम्मेलन आदि सम्पन्न गर्ने, गराउने।

३. प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयहरूले सङ्कलन तथा अद्यावधिक गर्ने मतदाता नामावलीको विवरण (DATA) प्राप्तिको व्यवस्था मिलाई अन्तिम मतदाता नामावली तयार गर्ने र स्वीकृतार्थ आयोगमा पेश गर्ने।

४. मतदाता नामावली संकलन र अद्यावधिक कार्यको नियमित अनुगमन गर्ने, गराउने।

५. प्रत्यायोजित अधिकार बमोजिम महाशाखा र अन्तर्गतका कर्मचारीहरूको बिदा तथा कार्यसम्पादन मूल्यांकनसम्बन्धी कार्य गर्ने।

६. मतदाता नामावली संकलनको लागि प्रमुख नामदर्ता अधिकारी, नामदर्ता अधिकारी र सहायक नामदर्ता अधिकारीको नियुक्तिसम्बन्धी व्यवस्था मिलाउने।

७. निर्वाचन सम्बन्धी विभिन्न विषयमा अध्ययन र अनुसन्धानसम्बन्धी कार्य गर्ने, गराउने।

८. निर्वाचन व्यवस्थापन तालिमसम्बन्धी पाठ्यक्रम निर्माण, तालिम सञ्चालन सम्बन्धी सामग्री उत्पादन तथा परिमार्जनसम्बन्धी कार्य गर्ने, गराउने।

९. निर्वाचनमा सूचना प्रविधिको प्रयोगसम्बन्धी विषयमा अध्ययन अनुसन्धान गर्ने, गराउने।

१०. मतदाता विवरण व्यवस्थापनका लागि निर्देशन, नियन्त्रण र सुपरिवेक्षण गर्ने।

११. आवश्यकता अनुसार मतदाता नामावलीको डाटावेस अद्यावधिक गर्ने।

१२. मतदाता विवरणको गुणस्तर, सुरक्षा, गोपनियता कायम गर्ने, गराउने।

१३. सूचना प्रविधिसँग सम्बन्धित परियोजनाहरू संचालन, नियन्त्रण र निर्देशन गर्ने।

१४. नेपाल सरकारको निर्देशन बमोजिम विभिन्न सरकारी निकायबीच सूचना आदान-प्रदानका लागि अन्तरनिकाय समन्वय कायम गर्ने।

१५. सूचना प्रविधिसँग सम्बन्धित आवश्यक कानूनी पूर्वाधार सफ्टवेयरसम्बन्धी नीतिगत व्यवस्थाको लागि अन्य महाशाखासँग समन्वय गर्ने।

१६. सूचना प्रविधिसँग सम्बन्धित हार्डवेयर तथा सफ्टवेयर खरिद/सम्झौताका लागि सम्बन्धित सरोकारवालासँग वार्ता छलफल र सम्झौता गर्ने।

१७. निर्वाचन तथ्याङ्क, भू-सूचना, निर्वाचन जोखिमसम्बन्धी आवश्यक नीति मस्यौदा तयार पार्ने, स्वीकृत कार्यक्रम बमोजिम कार्य गर्ने, गराउने र अनुगमन मूल्याङ्कन गर्ने, गराउने।

१८. आर्थिक स्रोत साधन व्यवस्थापनको लागि अन्य शाखा/महाशाखासँग समन्वय गर्ने।

१९. निर्वाचनमा विद्युतीय मतदान उपकरण प्रयोगको विषयमा स्पष्ट खाका तयार पार्ने।

२०. सूचना शाखासँग सम्बन्धित कर्मचारीहरूलाई कार्यक्षेत्रमा अद्यावधिक राख्ने।

२१. निर्वाचन कार्यतालिका तथा निर्वाचन सञ्चालन योजना तर्जुमा लगायतका कार्यहरू गर्ने, गराउने।

२२. निर्वाचन परिणामको अभिलेख राख्ने/ राख्न लगाउने।

२३. निर्वाचन/मतदाता शिक्षासम्बन्धी विषयमा तालिमको लागि पाठ्यक्रमको निर्माण गर्ने, तालिम सामग्रीहरूको उत्पादन, विकास एवम् परिमार्जनको व्यवस्था मिलाउने।

२४. पुस्तकालय व्यवस्थापन, सूचना तथा सञ्चार व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने।

२५. महाशाखा अन्तर्गतका कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कनको सुपरिवेक्षण, निर्देशन, समन्वय, नियन्त्रण, मूल्याङ्कन गर्ने, गराउने।

२६. यस महाशाखा अन्तर्गतका शाखाहरूको कार्यमा रेखदेख, समन्वय गरी व्यवस्थित रूपमा कार्य सञ्चालन गर्ने, गराउने।

२७. प्रदेश निर्वाचन कार्यालयहरूबाट सम्पादन गर्ने कार्यको रेखदेख, सुपरिवेक्षण लगायतका कार्य गर्ने।

२८. आयोगले तोकेका अन्य कार्य गर्ने।

### २.२.३ कानून तथा राजनीतिक दल व्यवस्थापन महाशाखा

१. निर्वाचन सम्बन्धी ऐन, नियम, अध्यादेश, निर्देशिका, कार्यविधि, आचारसंहिताको मस्यौदा तर्जुमा, संशोधन, सुधार आदि गर्नुपर्ने भएमा सम्बन्धित महाशाखासँग समन्वय गरी गर्ने।

२. निर्वाचन आयोगलाई विपक्षी बनाई परेको उजूरीको लिखित जवाफ तयार गर्ने, गराउने।

३. अदालतबाट भएको फैसला कार्यान्वयन गर्ने, गराउने।

४. आयोगको तर्फबाट प्रतिरक्षा गर्नुपर्ने विषयमा कानूनी प्रतिरक्षा (वहस, पैरवी) गर्ने।

५. आयोगबाट कार्यसम्पादन हुँदा पुऱ्याउनुपर्ने कानूनी प्रक्रियाहरूमा राय सल्लाह दिने।

६. नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्ने कुराहरू प्रकाशन गर्ने व्यवस्था मिलाउने।

७. राजनीतिक दल व्यवस्थापनको कार्य गर्ने, गराउने।

८. राजनीतिक दल दर्ताको आवेदनहरूमा आवश्यक छानबिन गरी दल दर्ताको लागि रायसहित पेश गर्ने।

९. दर्ता भएका राजनीतिक दलहरूको अभिलेख अद्यावधिक रूपमा राख्ने।

१०. आवश्यकता अनुसार दलहरूसँग समन्वय, पत्राचार लगायतका कार्यहरू गर्ने।

११. राजनीतिक दलहरूले पेश गर्नुपर्ने वार्षिक आय-व्यय विवरण प्राप्त गर्ने।

१२. राजनीतिक दल तथा उम्मेदवारबाट पेश हुने निर्वाचन खर्चको विवरण अद्यावधिक गर्ने, गराउने।

१३. निर्वाचन विवाद निरूपणसम्बन्धी कार्य गर्ने, गराउने।

१४. निर्वाचन आचारसंहिता कार्यान्वयनसम्बन्धी कार्य गर्ने, गराउने।

१५. महाशाखाबाट सम्पादन गर्नुपर्ने गरी स्वीकृत कार्यक्रम सञ्चालन गर्ने, गराउने।

१६. समय समयमा तोकिएको अन्य कार्यहरू सम्पादन गर्ने।

## २.२.४ प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयको कार्यविवरण

### २.२.४.१ प्रदेश निर्वाचन कार्यालयको काम, कर्तव्य र अधिकार

प्रत्येक प्रदेश निर्वाचन कार्यालयले प्रदेश कार्यालय रहेको जिल्लामा जिल्ला निर्वाचन कार्यालयबाट सम्पादन गर्नुपर्ने सबै कार्यसम्पादन गर्नुको साथै देहायका कार्यहरू समेत सम्पादन गर्नुपर्नेछ।

**क. प्रशासन एवं व्यवस्थापन सम्बन्धी कार्य :**

- आयोगबाट प्रत्यायोजित अधिकार र प्रचलित कानून बमोजिम आयोगको प्रदेशस्तरीय कार्यालयको हैसियतमा निर्वाचन सम्बन्धी सम्पूर्ण कार्यहरू सम्पादन गर्ने,
- मातहत कार्यालयहरूमा कार्यरत कर्मचारीहरूको वार्षिक कार्य सम्पादन मूल्यांकन र प्रतिवेदन गर्ने,
- मातहत कार्यालयहरूको दैनिक प्रशासन संचालनमा रेखदेख, निर्देशन र अनुगमन गर्ने,
- आफ्नो कार्यालयको लागि बजेट प्राप्ति, निकासा, खर्चको श्रेस्ताको लेखांकन, लेखापरीक्षण र बेरूजु फछ्र्यौट सम्बन्धी कार्यहरू गर्ने,
- कार्यालय संचालन तथा निर्वाचन सम्बन्धी कार्यक्रमहरूको संचालनका लागि आवश्यक वार्षिक योजना, कार्यक्रम र बजेटको तयारी गरी आयोगमा माग गर्ने।

**ख. मतदाता नामावली संकलन एवं अद्यावधिक सम्बन्धी कार्य :**

- आफ्नो प्रदेशभित्र सञ्चालन हुने मतदाता नामावली संकलन गर्ने कार्यको रेखदेख र अनुगमन गर्ने,
- आफ्नो प्रदेश अन्तर्गतका जिल्लालाई आवश्यक पर्ने सामग्रीहरूको प्राप्ति, भण्डारण र वितरणको व्यवस्था मिलाउने,
- मतदाता नामावली संकलन एवं अद्यावधिक कार्यक्रम लगायत निर्वाचन सम्बन्धी कार्यमा राजनीतिक दल एवं अन्य सरोकारवालाहरूसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम संचालन गर्ने,
- मतदाता नामावली संकलन कार्यक्रमका लागि आवश्यक पर्ने प्रदेशस्तरीय तालिम संचालन गर्ने।

- मतदाता नामावली संकलन एवं अद्यावधिक कार्यक्रम लगायत निर्वाचन सम्बन्धी कार्यका लागि संघ, प्रदेश र स्थानीय सरकारका कार्यालयहरूसँग आवश्यक समन्वय गर्ने,
- आफ्नो प्रदेश भित्रका मतदाताहरूको विवरण संकलन, प्रशोधन, अद्यावधिक लगायतका सम्पूर्ण प्रक्रियाहरू पूरा गरी अन्तिम मतदाता नामावली स्वीकृतीका लागि आयोगमा पठाउने,
- प्रदेशभित्रका जिल्ला निर्वाचन कार्यालयहरूबाट तयार गरिएको मतदाता नामावली संकलन तथा अद्यावधिक सम्बन्धी विवरण प्राप्त गरी प्रदेशभित्रका कुनै जिल्लामा दोहोरो परे/नपरेको रूजू गरी परेको भए हटाई प्रदेशको मतदाता नामावली तयार गरी आयोगमा पठाउने,
- आफ्नो प्रदेश भित्रको मतदाता परिचयपत्र वितरणको व्यवस्थापन गर्ने।

## ग. निर्वाचन संचालन एवं व्यवस्थापन सम्बन्धी कार्य :

- आयोगले संचालन गर्ने निर्वाचनहरूको व्यवस्थापन र संचालनमा आवश्यक सहयोग गर्ने,
- प्रचलित कानून र आयोगको निर्णय बमोजिमका निर्वाचन सञ्चालन व्यवस्थापनको कार्य गर्ने,
- प्रदेश अन्तर्गत हुने प्रतिनिधिसभा सदस्य निर्वाचन, प्रदेशसभा सदस्य निर्वाचन एवं स्थानीय तह निर्वाचनका लागि आवश्यक पर्ने सूचना एवं विवरणहरू तयार गरी आयोगलाई उपलब्ध गराउने,
- आयोगको निर्देशन बमोजिम जिल्ला निर्वाचन कार्यालयहरूबाट हुने मतदान केन्द्र पुनरावलोकन सम्बन्धी कार्यमा आवश्यक सहयोग र समन्वय गर्ने,
- निर्वाचनका लागि नियुक्त हुने मुख्य निर्वाचन अधिकृत एवं निर्वाचन अधिकृतहरूको तालिम, गोष्ठी, सेमीनार आदि कार्यक्रमहरूको सञ्चालनमा आवश्यक सहयोग र समन्वय गर्ने,
- निर्वाचनको समयमा आफ्नो प्रदेश अन्तर्गतका मतदान केन्द्रका लागि आवश्यक पर्ने जनशक्तिको विवरण अद्यावधिक गर्ने,
- आयोगबाट प्राप्त बजेट र कार्यक्रमको सीमाभित्र रही निर्वाचनका लागि आवश्यक पर्ने निर्वाचन सामग्रीहरूको खरिद, भण्डारण र वितरणको आवश्यक व्यवस्था मिलाउने,

- निर्वाचन आचारसंहिताको पालना, अनुगमन, सुपरिवेक्षणमा आयोगले निर्देशन गरे बमोजिमका कार्य गर्ने,
- निर्वाचनको समयमा मतदान केन्द्रमा पठाउनुपर्ने विभिन्न किसिमका अनुसूची फाराम लगायतका छपाई सामग्री आयोगको निर्देशन बमोजिम व्यवस्थापन गर्ने,
- प्रदेशभित्रका मतदान केन्द्र र निर्वाचनसँग सम्बन्धित GIS र GPS को तथ्यांक सङ्कलन तथा विवरण अद्यावधिक गर्ने,
- निर्वाचनका लागि आवश्यक हुने मतपत्र लगायत निर्वाचन सामग्रीहरूको प्राप्ति, ढुवानी, भण्डारण र वितरणमा सहयोग र समन्वय गर्ने,
- निर्वाचनको अनुगमन कार्यमा सहयोग, समन्वय र सहजीकरण गर्ने,
- प्रदेशभित्र निर्वाचन सुरक्षा सम्बन्धी आवश्यक नीति, योजना एवं कार्यक्रम बनाई व्यवस्थापन गर्ने,
- निर्वाचन पर्यवेक्षणका लागि आवश्यक हुने व्यवस्थापकीय र समन्वयात्मक कार्य गर्ने,
- निर्वाचनको समयमा प्रदेशस्तरमा संयुक्त निर्वाचन संचालन केन्द्र (JEOC), मिडिया सेन्टर एवं कल सेन्टरको संचालन गर्ने।

## घ. राजनीतिक दल व्यवस्थापन सम्बन्धी कार्य :

- निर्वाचन आयोगमा दर्ता भई आफ्नो प्रदेशस्तरमा सक्रिय राजनीतिक दलहरूको विवरण आयोगले तोकिदिएको ढाँचामा सूचीकरण गरी अद्यावधिक गराई राख्ने,
- प्रदेशस्तरमा राजनीतिक दलहरूसँग सम्पर्क, समन्वय, छलफल र अन्तरक्रिया गर्ने,
- निर्वाचनमा राजनीतिक दल एवं उम्मेदवारले गर्ने निर्वाचन खर्चको विवरण संकलन गरी अद्यावधिक गर्ने,
- राजनीतिक दलहरूको विवाद निरूपण सम्बन्धमा आयोगले तोके बमोजिमका कार्य गर्ने।

## ङ. निर्वाचन एवं मतदाता शिक्षा र तालिम सम्बन्धी कार्य :

- आयोगबाट स्वीकृत नीति, योजना र कार्यक्रमको परिधिभित्र रही प्रदेशभित्र संचालन गर्नुपर्ने निर्वाचन एवं मतदाता शिक्षा सम्बन्धी कार्यक्रमहरूको समन्वय गर्ने,
- निर्वाचन एवं मतदाता शिक्षा कार्यक्रमका लागि आवश्यक हुने श्रोत सामग्रीहरू आयोगको निर्देशन बमोजिम तयारी, उत्पादन एवं वितरण गर्ने,
- प्रदेश अन्तर्गत जिल्ला निर्वाचन कार्यालयहरूले संचालन गर्ने निर्वाचन एवं मतदाता शिक्षा तथा विद्यालय शिक्षा कार्यक्रमको अनुगमन र सुपरिवेक्षण गर्ने,
- प्रदेशस्तरमा निर्वाचन शिक्षा तथा सूचना केन्द्र (EEIC) को व्यवस्थापन र संचालन गर्ने,
- आयोगको समन्वयमा मतदाता शिक्षा सम्बन्धी सामग्रीहरूको तयारी, उत्पादन, प्रसारण एवं वितरणको कार्य गर्ने,
- आयोगको निर्देशन बमोजिम स्थानीय तहहरूमा जिल्ला निर्वाचन कार्यालयहरूले संचालन गरेका विद्यालय स्तरीय निर्वाचन शिक्षा कार्यक्रम, आम पहुँच (Outreach) कार्यक्रम तथा रेडियो र टेलिभिजन कार्यक्रमहरूको अनुगमन गर्ने,
- निर्वाचन व्यवस्थापन लगायत ब्रिज सम्बन्धी तालिममा आवश्यक सहयोग एवं समन्वय गर्ने,
- निर्वाचनको समयमा संचालन हुने निर्वाचन एवं मतदाता शिक्षा सम्बन्धी प्रशिक्षण, गोष्ठी, सेमीनार लगायतका कार्यक्रमहरूमा आवश्यक सहयोग र समन्वय गर्ने,
- आयोगबाट संचालन हुने माध्यमिक तहका सामाजिक शिक्षकहरूका लागि निर्वाचन शिक्षा प्रशिक्षण कार्यक्रममा आवश्यक सहयोग र समन्वय गर्ने,
- प्रदेश कार्यालय र जिल्ला निर्वाचन कार्यालयबाट संचालित कार्यक्रमहरूको अनुगमन एवं मूल्याङ्कन गरी आयोगमा प्रतिवेदन गर्ने,
- निर्वाचनको समयमा संचालन हुने विभिन्न प्रकारका तालिमहरूको संचालनमा सहयोग र समन्वय गर्ने,
- निर्वाचनको समयमा आम संचार माध्यमको अनुगमन (मिडिया अनुगमन) गर्ने कार्यको समन्वय गर्ने,

- निर्वाचन एवं मतदाता शिक्षा कार्यक्रमहरूको आयोगबाट तोकिए बमोजिम प्रदेशस्तरीय समीक्षा गरी प्रतिवेदन गर्ने।

## च. योजना अनुगमन एवं समीक्षा सम्बन्धी कार्य :

- आयोगको रणनीतिक योजना र आवधिक योजना अनुरूप प्रदेश कार्यालयको वार्षिक योजना, कार्यक्रम र बजेट तयार गर्ने,
- आयोगको वार्षिक कार्यक्रम एवं रणनीतिक योजना अनुसार सम्पादन गर्नुपर्ने कार्यहरू संचालन गर्ने,
- जिल्ला एवं स्थानीय स्तरमा संचालन गर्ने कार्यक्रमहरूको योजना तयार गर्ने,
- प्रदेशस्तरमा संचालन भएका कार्यक्रमहरूको आवधिक समीक्षा गरी आयोगमा पठाउने,
- आयोगले संचालन गर्ने वार्षिक समीक्षा कार्यक्रममा सहयोग र समन्वय गर्ने,
- आयोगको वार्षिक प्रतिवेदन तयार गर्न आवश्यक पर्ने विवरण एवं तथ्यांकहरू उपलब्ध गराउने,
- प्रदेशस्तरीय वार्षिक प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्ने व्यवस्था मिलाउने।

## छ. अन्य कार्यहरू :

- निर्वाचन सम्बन्धी ऐन, कानूनमा गर्नुपर्ने सुधार लगायत नीति निर्माण एवं आयोग र अन्तर्गतको संगठन संरचनामा गर्नुपर्ने सुधारका विषयमा सम्बन्धित सरोकारवालाहरूसँग प्रदेशस्तरमा छलफल एवं अन्तरक्रिया गरी प्राप्त सुझावहरू आयोगमा पठाउने,
- निर्वाचन सामग्रीहरूको सुरक्षित भण्डारण एवं प्रयोग र पुनःप्रयोग सम्बन्धमा आयोगको निर्देशन बमोजिम आवश्यक व्यवस्था मिलाउने,
- निर्वाचन जोखिम व्यवस्थापन सम्बन्धमा आयोगले तोके बमोजिमका कार्य गर्ने,
- निर्वाचनमा विशेष अनुभव भएका व्यक्तिहरूको पहिचान गरी रोष्टर तयार गरी वार्षिक रूपमा अद्यावधिक गराई राख्ने,
- आयोगबाट स्वीकृत अन्य नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने,
- आयोगले समय समयमा तोकेका अन्य कार्य गर्ने।

### २.२.४.२ जिल्ला निर्वाचन कार्यालयको काम, कर्तव्य र अधिकार

१. निर्वाचन कानून तथा आयोगबाट जारी भएका नीति, योजना, रणनीति र कार्यक्रमको अधिनमा रही विस्तृत कार्ययोजना र कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने।

२. जिल्लाभित्रको मतदाता नामावली संकलन तथा अद्यावधिक गरी प्रदेश कार्यालयमा पठाउने र सोको अभिलेख सुरक्षित एवं सुव्यवस्थित गर्ने व्यवस्था मिलाउने।

३. आयोगले तोके बमोजिमको मतदाता परिचयपत्र वितरणको प्रबन्ध मिलाउने।

४. जिल्लाभित्रको मतदान केन्द्र तथा अन्य निर्वाचनसँग सम्बन्धित तथ्य तथ्याङ्कहरूको विवरण अद्यवधिक र दुरूस्त राख्ने तथा मतदान केन्द्र पुनरावलोकन गर्नुपर्ने भएमा सिफारिससाथ आयोगमा पठाउने।

५. निर्वाचनका लागि आवश्यक पर्ने निर्वाचन सामग्रीहरूको यकिन गरी आयोगको नीति निर्देशन अनुसार समयमै आपूर्तिको व्यवस्था मिलाउने।

६. निर्वाचन सामग्रीको अद्यावधिक अभिलेख, सुरक्षित भण्डारण एवं प्रयोग र पुनःप्रयोगसम्बन्धी आवश्यक व्यवस्था मिलाउने।

७. आफ्नो कार्यक्षेत्रभित्र निर्वाचन आचारसंहिता कार्यान्वयन, अनुगमन र प्रतिवेदन तथा निर्वाचन विवाद निरूपणसम्बन्धी कार्य गर्ने।

८. मतदाता शिक्षा, तालिम, सूचना लगायत निर्वाचन सम्बन्धी गोष्ठी, प्रशिक्षण र कार्यशाला सञ्चालन एवं संचालित कार्यक्रमहरूको अनुगमन एवं मूल्याङ्कन तथा प्रतिवेदन तयार गरी प्रदेश निर्वाचन कार्यालय र आयोगमा पठाउने।

९. निर्वाचनसँग सम्बन्धित विषयमा गर्नुपर्ने नीतिगत र व्यवस्थापकीय सुधारका विषयमा आयोगलाई आवश्यकता अनुसार राय सुझाव उपलब्ध गराउने।

१०. आयोग र प्रदेश तथा जिल्ला स्तरमा रहेका अन्य सरकारी कार्यालयहरूबीच समन्वय गर्ने।

११. निर्वाचन सञ्चालन गर्न आवश्यक जनशक्ति योजना बनाई कार्यान्वयन गर्ने।

१२. निर्वाचनमा परिचालन गरिने निर्वाचन अधिकृत, मतदान अधिकृत, सहायक मतदान अधिकृतको विवरण अद्यावधिक गरी सोको विवरण प्रदेश कार्यालयलाई उपलब्ध गराउने।

१३. निर्वाचन सम्बन्धी विषयमा सूचना संप्रेषण गर्ने।
१४. आयोगले तोके बमोजिम जिल्लामा क्रियाशील राजनीतिक दलहरूको विवरण अद्यावधिक र नियमन सम्बन्धी कार्य गर्ने।
१५. विभिन्न तहको निर्वाचनमा उम्मेदवारी दिएका व्यक्तिहरूको निर्वाचन खर्चको विवरण संकलन तथा अद्यावधिक गरी प्रदेश निर्वाचन कार्यालयमा पठाउने।
१६. निर्वाचनको प्रभावकारी सुरक्षा व्यवस्थापनका लागि प्रदेश सरकार र स्थानीय सरकारसँग समन्वय गरी सोको भरपर्दो व्यवस्था मिलाउने।
१७. निर्वाचन प्रचार प्रसार र निर्वाचनसँग सम्बन्धित तालिम प्रशिक्षण, मतदान, मतगणना वा अन्य काम कारबाहीको अनुगमन गर्ने।
१८. आयोगमा दर्ता भई जिल्लास्तरमा सक्रिय राजनीतिक दलको सूचीकरण गरी विवरण अद्यावधिक गराई राख्ने।
१९. निर्वाचनको समयमा स्थापित निर्वाचन अधिकृतको कार्यालयसँग समन्वय गर्ने।
२०. मतदाता नामावली दर्ता र मतदाता शिक्षा कार्यक्रम सञ्चालनमा स्थानीय तहसँग समन्वय गर्ने।
२१. जिल्लामा सञ्चालन हुने तालिममा सहयोग र समन्वय गर्ने।
२२. निर्वाचन सम्बन्धी ज्ञान र अनुभव भएका व्यक्तिको विवरण तयार गरी अद्यावधिक राख्ने।
२३. निर्वाचन आयोगबाट आफ्नो जिल्लामा निर्वाचन पर्यवेक्षण गर्न अनुमति प्राप्त स्वदेशी वा विदेशी पर्यवेक्षण संस्थाका पर्यवेक्षकलाई अनुमतिपत्र, प्रशिक्षण दिने र उनीहरूको काम कारबाहीको अनुगमन गर्ने।
२४. आयोगले तोके बमोजिम जिल्लाका सबै मतदान केन्द्रहरूको विवरण भू–सूचना प्रणालीमा राख्नका लागि सङ्कलन तथा अद्यावधिक गर्ने।
२५. निर्वाचन व्यवस्थापनका लागि जिल्लास्तरमा राजनीतिक दल, नागरिक समाज र अन्य सबै सरोकारवालासँग छलफल एवं परामर्श गर्ने।
२६. निर्वाचन सम्बन्धी कामको सिलसिलामा खटाइएका कर्मचारीहरूले आफ्नो पदीय जिम्मेवारी पूरा गरेको नपाइएमा विभागीय कारबाहीको प्रक्रिया अगाडि बढाउन प्रदेश निर्वाचन कार्यालय मार्फत लेखी पठाउने।
२७. निर्वाचन आयोगको जिल्लास्तरीय कार्यालयको रूपमा कार्य गर्ने।

# परिच्छेद ३
# आयोगको बैठक र निर्णय

नेपालको संविधानको धारा २४५ तथा निर्वाचन आयोग ऐन, २०७३ को दफा १३ बमोजिम निर्वाचन आयोगलाई प्राप्त जिम्मेवारी पूरा गर्न आयोगले निर्दिष्ट प्रक्रिया पूरा गरी आवश्यक नीतिगत निर्णयहरू गर्ने गरेको छ। आयोगको बैठक र निर्णय प्रक्रियालाई थप व्यवस्थित बनाउन बैठकबाट "निर्वाचन आयोग (बैठक सञ्चालन) कार्यविधि, २०७९" तर्जुमा गरिएको छ। निर्वाचन आयोगको निर्णयानुसार प्रमुख निर्वाचन आयुक्त र आयुक्त बीचमा भएको कार्यविभाजन अनुसार निर्वाचन आयोग (बैठक सञ्चालन) कार्यविधि, २०७९ मा उल्लिखित प्रावधान अनुसार आयोगका नियमित तथा आकस्मिक बैठकहरूबाट निर्णय हुने र यसरी भएका निर्णयहरूको कार्यान्वयन आयोगको सचिवालयबाट हुने गर्दछ। संविधान, निर्वाचन व्यवस्थापन सम्बन्धी कानून र प्रचलित कानून अनुसार निर्वाचन आयोगले आफ्नो संवैधानिक भूमिका निर्वाह गर्ने गर्दछ।

## ३.१ बैठकसम्बन्धी व्यवस्था

निर्वाचन आयोग ऐन, २०७३ को दफा १३ ले संविधान तथा प्रचलित कानून बमोजिम आयोगले गर्नुपर्ने सबै काम प्रमुख निर्वाचन आयुक्त मात्र रहेको अवस्थामा निजबाट र अन्य आयुक्त समेत रहेको अवस्थामा निजहरूको बैठक बसी निर्णय भए बमोजिम हुने व्यवस्था गरेको छ। प्रतिवेदन अवधिमा प्रमुख निर्वाचन आयुक्त र तीनजना निर्वाचन आयुक्तहरूसहित चारजना रहेको आयोगबाट बैठक बसी निर्णय हुँदै आएको छ। आयोगको बैठकको अध्यक्षता प्रमुख निर्वाचन आयुक्तले गर्ने, आयोगको बैठक आवश्यकता अनुसार प्रमुख निर्वाचन आयुक्तले बोलाएको समयमा बस्ने र आयोगको निर्णयको अभिलेख आयोगको सचिवले प्रमाणित गरी राख्नुपर्ने तथा आयोगको बैठकसम्बन्धी कार्यविधि आयोगले निर्धारण गरे बमोजिम हुने व्यवस्था रहेको छ।

आयोगबाट हुने निर्णय प्रक्रियालाई व्यवस्थित बनाउन निर्वाचन आयोग ऐन, २०७३ को दफा १३ को उपदफा (५) को प्रयोजनको लागि सोही ऐनको दफा ५० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगको मिति २०७९/०५/२० गतेको निर्णयानुसार "**निर्वाचन आयोग (बैठक सञ्चालन) कार्यविधि, २०७९**" स्वीकृत भई सोही बमोजिम बैठक सञ्चालन र निर्णय हुने गरेको छ। कार्यविधि अनुसार आयोगको बैठक प्रमुख आयुक्तले निर्धारण गरेको मिति र समयमा

बस्ने र आयोगको बैठक बस्नुअघि सामान्यतया चौबीस घण्टा अगाडि बैठक बस्ने मिति, समय र बैठकमा छलफल हुने विषयको प्रस्तावसहितको सूचना सचिवले सबै आयुक्तलाई दिनुपर्ने व्यवस्था छ। तर, कुनै महत्वपूर्ण विषय वा निर्वाचन सम्बन्धमा तत्काल निर्णय गर्नु परेमा सोको सूचना दिई बैठक बस्ने र निर्णय हुने गर्दछ। कार्यविधिमा बैठकका लागि सूचना दिने, सूचनामा उल्लेख गरिएका विषयहरूमा छलफल हुने, प्रस्तावको ढाँचा, निर्णय विधि, निर्णय पुस्तिका राख्ने, निर्णयको अभिलेख र निर्णय कार्यान्वयन गर्ने विषयहरू समावेश गरिएका छन्।

आयोगको निर्णयका लागि पेश हुने विषय प्रस्तावको रूपमा पेश हुने र छलफलको विषय प्रस्तुत भएपछि प्रमुख आयुक्तबाट सो सम्बन्धमा आफ्नो राय अभिव्यक्त गर्न आयुक्तलाई पालैपालो अनुमति दिने गरिन्छ। बैठकमा उपस्थित सबै आयुक्तको सहमति भएमा सो विषयमा आयोगको निर्णय भएको मानिने र कुनै विषयको निर्णयमा सहमति नभएमा प्रमुख आयुक्तको निर्देशन अनुसार सो विषय छलफलको लागि अर्को बैठकमा पेश गर्ने गरिन्छ। कुनै विषयमा विशेषज्ञको राय समेत लिन सकिने कुरा कार्यविधिमा उल्लेख छ। विशेषज्ञको रायसहित निर्णयार्थ पेश भएको विषयमा उपस्थित सबै आयुक्तको सहमति भएमा सो विषयमा निर्णय भएको मानिन्छ। गोप्य राख्नुपर्ने भनी आयोगले ठहर गरेको अवस्थामा बाहेक आयोगले आफ्नो निर्णय सार्वजनिक गर्दछ। बैठकमा पेश भएको विषयमा आयुक्तहरूको सर्वसम्मत निर्णय नभएमा बहुमतबाट निर्णय हुने र मत बराबर भएको अवस्थामा अध्यक्षता गर्ने आयुक्तको निर्णयानुसार हुने गर्दछ।

## ३.२ कार्य विभाजन

निर्वाचन आयोग ऐन, २०७३ को दफा १२ मा भएको प्रमुख निर्वाचन आयुक्त र आयुक्तको कार्यविभाजन आयोगले तोके बमोजिम हुनेछ भन्ने व्यवस्था अनुसार निर्वाचन आयोगको मिति २०८०/०८/१४ बैठकको निर्णयानुसार देहाय अनुसार कार्यविभाजन भएको छ।

माननीय प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलिया

(क) प्रशासन तथा जनशक्ति व्यवस्थापन

(ख) वैदेशिक सम्बन्ध र समन्वय

(ग) निर्वाचन सञ्चालन तथा व्यवस्थापन

(घ) आचारसंहिता, अनुगमन तथा पर्यवेक्षण

(ङ) वार्षिक बजेट, योजना तथा कार्यक्रम

(च) बैठक सञ्चालन तथा व्यवस्थापन

माननीय निर्वाचन आयुक्त राम प्रसाद भण्डारी

(क) निर्वाचन कानून, नियमावली, निर्देशिका र कार्यविधि

(ख) राजनीतिक दल दर्ता नियमन र अभिलेख व्यवस्थापन

(ग) निर्वाचन विवाद निरूपण, निर्वाचन न्याय र फैसला कार्यान्वयन

(घ) निर्वाचन कसूर तथा सजाय सम्बन्धी विषय

(ङ) संघ, प्रदेश, स्थानीय तह तथा सरोकारवालासँगको समन्वय र सम्बन्ध

(च) राजनीतिक वित्त तथा निर्वाचन खर्च

माननीय निर्वाचन आयुक्त डा. जानकी कुमारी तुलाधर

(क) तालिम, गोष्ठी, प्रशिक्षण तथा अभिमुखीकरण

(ख) निर्वाचनमा लैङ्गिक समानता तथा समावेशीकरण

(ग) मतदाता तथा निर्वाचन शिक्षा र प्रचार प्रसार

(घ) सूचना, सञ्चार, सामाजिक सञ्जाल, प्रविधि विकास तथा व्यवस्थापन

(ङ) अध्ययन, अनुसन्धान, समीक्षा, प्रतिवेदन र प्रकाशन

माननीय निर्वाचन आयुक्त सगुन शम्सेर ज.ब.रा.

(क) निर्वाचन सुरक्षा तथा जोखिम व्यवस्थापन

(ख) मतदाता नामावली तथा परिचयपत्र व्यवस्थापन

(ग) मतदान स्थल तथा मतदान केन्द्र व्यवस्थापन

(घ) मतपत्र तथा निर्वाचन सामग्री व्यवस्थापन

(ङ) भौतिक पूर्वाधार तथा सम्पत्ति व्यवस्थापन

उपयुर्क्त कार्य विभाजन अनुसार प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तबाट आफ्नो कार्यक्षेत्रको विषयमा निर्णय गर्न प्रस्तावमा स्वीकृति दिने र निर्णय भएको विषयमा कार्यान्वयनको अनुगमन गर्ने लगायतका कार्यसम्पादन हुँदै आएको छ।

## ३.३ आयोगबाट भएका निर्णयहरू

निर्वाचन आयोग (बैठक सञ्चालन) कार्यविधि, २०७९ बमोजिम आयोगको बैठक प्रत्येक महिनामा बाह्र पटक र आवश्यकतानुसार सोभन्दा बढी पटक बस्न सक्ने व्यवस्था छ। प्रतिवेदन अवधिमा आयोगमा जम्मा १२० पटक बैठक बसी कूल २०९ वटा निर्णयहरू

भएका छन्। मासिक रूपमा भएका निर्णयको संख्यालाई देहायको चित्रमा प्रस्तुत गरिएको छ।




चित्र नं. १ आयोगको निर्णयहरूको मासिक विवरण

प्रतिवेदन अवधिमा आयोगबाट विभिन्न विषयमा निर्णय भई सोको कार्यान्वयन गरिएको छ। प्रतिवेदन अवधिमा आयोगबाट भएका केही महत्वपूर्ण निर्णयहरू देहाय बमोजिम रहेका छन्:

### ३.३.१ राजनीतिक दल दर्ता

नेपालको संविधानको धारा २६९ तथा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को व्यवस्था बमोजिम कुनै दल दर्ता हुनको लागि दलको प्रमुख पदाधिकारीले केन्द्रीय समितिको निर्णय सहित तोकिएको विवरण र कागजात संलग्न गरी तोकिए बमोजिमको ढाँचामा आयोग समक्ष निवेदन दिन सक्ने व्यवस्था छ। यस अनुसार आयोगले प्रतिवेदन अवधिमा देहाय बमोजिमका दलहरू दर्ता गरी सोको सूचना नेपाल राजपत्रमा प्रकाशित गरेको छ।

तपसिल

| क्र.सं. | दलको नाम | दर्ता मिति | ठेगाना | प्रमुख पदाधिकारी |
|---|---|---|---|---|
| १. | प्रगतिशील समाजवादी पार्टी | २०८०/०९/२९ | तारकेश्वर-८, काठमाडौं | तुलसीराज गिरी (अध्यक्ष) |
| २. | नेशनल रिपब्लिक नेपाल | २०८०/११/०९ | काठमाडौं-२ | थम्मन बहादुर बुढा मगर (प्रेसिडेण्ट) |
| ३. | जनता समाजवादी पार्टी | २०८१/०१/२४ | काठमाडौं | अशोक कुमार राई (अध्यक्ष) |

यसरी प्रतिवेदन अवधिमा नयाँ दर्ता भएका तीन वटा दल समेत आर्थिक वर्ष २०८०/०८१ को अन्त्य सम्ममा निर्वाचन आयोगमा दर्ता कायम रहेका राजनीतिक दलहरूको संख्या ११९ रहेको छ।

## ३.३.२ राजनीतिक दलको विवरण हेरफेर र संशोधन

राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१ ले कुनै राजनीतिक दलले आफ्नो नाम, विधान, छाप, झण्डा वा चिन्हमा भएको परिवर्तन वा संशोधन पदाधिकारीको हेरफेर र आयोगले तोके बमोजिमका अन्य विषयका जानकारी ३० दिन भित्र आयोगलाई दिनुपर्ने व्यवस्था गरेको छ। यस अनुसार प्रतिवेदन अवधिमा राजनीतिक दलको विवरण हेरफेर गरी अद्यावधिक गर्न निर्वाचन आयोगमा तोकिए बमोजिम निवेदन दिने देहाय बमोजिमका राजनीतिक दलको विवरण हेरफेर तथा अद्यावधिक दल दर्ता कितावमा अभिलेख राखिएको छ।

| क्र.सं. | दलको नाम | अद्यावधिक भएको विवरण | निर्णय मिति |
|---|---|---|---|
| १. | नेपाल सद्भावना पार्टी | दलको केन्द्रीय कार्यकारिणी समिति हेरफेर | २०८०/०५/०५ |
| २. | नेपाल लोकतान्त्रिक पार्टी | केन्द्रीय समितिका पदाधिकारी एवम् सदस्य हेरफेर | २०८०/०६/२३ |

| | | | |
|---|---|---|---|
| ३. | इतिहासिक जनता पार्टी | दलको नाम परिवर्तन तथा केन्द्रीय समितिका पदाधिकारी एवम् सदस्य हेरफेर | २०८०/०६/२३ |
| ४. | नेपाल समाजवादी पार्टी | विधान र केन्द्रीय समिति | २०८०/१२/०२ |
| ५. | नेपाल सुकुम्बासी पार्टी (लोकतान्त्रिक) | केन्द्रीय समिति र निर्वाचन चिन्ह | २०८०/१२/०८ |
| ६. | तामाङसालिङ लोकतान्त्रिक पार्टी | केन्द्रीय समिति र निर्वाचन चिन्ह | २०८०/१२/०८ |
| ७. | आमूल परिवर्तन मसिहा पार्टी नेपाल | केन्द्रीय समिति र निर्वाचन चिन्ह | २०८०/१२/०८ |
| ८. | नेपाल लोकतान्त्रिक पार्टी | विधान र केन्द्रीय समिति | २०८०/१२/०८ |
| ९. | नेपाल सद्भावना पार्टी | केन्द्रीय कार्य समिति | २०८०/१२/१६ |
| १०. | राष्ट्रिय स्वतन्त्र पार्टी | विधान र केन्द्रीय समिति | २०८०/१२/२० |
| ११. | राष्ट्रिय जनमुक्ति पार्टी | केन्द्रीय समिति, विधान | २०८१/०२/२९ |
| १२. | नेपाल समाजवादी पार्टी | केन्द्रीय समिति | २०८१/०२/३० |
| १३. | राष्ट्रिय साझा पार्टी | विधान र केन्द्रीय समिति | २०८१/०३/०६ |

### ३.३.३ नागरिक उन्मुक्ति पार्टीको केन्द्रीय पदाधिकारीको विवरण अद्यावधिक नहुने सम्बन्धी निर्णय

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५१ ले दलको विधान बमोजिम पदाधिकारीको हेरफेर सम्बन्धी विवरण ३० दिन भित्र अद्यावधिकको निम्ति आयोगमा दिनुपर्ने व्यवस्था गरेको छ। यसरी प्राप्त विवरणको सम्बन्धमा आवश्यक जाँचबुझ गरी त्यस्तो परिवर्तन, संशोधन वा हेरफेर संविधान, ऐन, नियमावली तथा दलको विधान बमोजिम नभई कुनै विवरण परिवर्तन, संशोधन वा हेरफेर हुन नसक्ने भएमा निर्णय गरी सम्बन्धित दललाई जानकारी गराउनुपर्दछ। यस अनुसार निर्वाचन आयोगमा दर्ता कायम रहेको नागरिक उन्मुक्ति पार्टीको केन्द्रीय पदाधिकारीहरूको विवरण हेरफेर सम्बन्धमा देहायका विषयहरू निरूपण गरी निर्णय भएको थियो।

क. रेशम लाल चौधरी राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १४ को उपदफा (२) को खण्ड (ख) बमोजिम राजनीतिक दलको सदस्य बन्न योग्य व्यक्ति हो वा होइन ? त्यसका आधार र कारण के हुन् ?

ख. रेशम लाल चौधरीको मुद्दा नम्बर ०७७-CR- १०७५ को कर्तव्य ज्यान समेतको कसूरमा कसूरदार ठहरिई सर्वोच्च अदालतबाट जन्मकैदको सजाय पाएको हो वा होइन? कर्तव्य ज्यान समेतको कसूर नैतिक पतन देखिने फौजदारी कसूरमा पर्छ वा पर्दैन ? त्यसका आधार र कारण के छन् ?

ग. रेशम लाल चौधरीको मुद्दा नम्बर ०७७-CR- १०७५ को कर्तव्य ज्यान समेतको कसूरमा सर्वोच्च अदालतबाट भएको जन्मकैदको सजायमा नेपालको संविधानको धारा २७६ बमोजिम राष्ट्रपतिबाट सजायको माफी भएको हो वा होइन ? उक्त माफी विरूद्ध अदालतमा मुद्दा परेको छ वा छैन ? मुद्दा परेको छ भने के कुन अवस्थामा रहेको छ?

घ. रेशम लाल चौधरीको कर्तव्य ज्यान समेतको कसूरमा अदालतबाट भएको सजायमा माफी पाएकै आधारमा कर्तव्य ज्यान समेतको कसूर नगरेको वा कर्तव्य ज्यान समेतको कसूरमा सजाय नपाएको भन्न मिल्छ वा मिल्दैन, त्यसका आधार र कारण के छन्?

ङ. राष्ट्रपतिबाट सजायको माफी भएको सन्दर्भमा, सर्वोच्च अदालतबाट मिति २०८०/०२/०२ गते भएको फैसला बमोजिम रेशमलाल चौधरीलाई जन्मकैद हुने गरी अदालतबाट कायम भएको लगत राष्ट्रपतिबाट भएको माफी बमोजिम लगतकट्टा भएको छ, छैन?

उपर्युक्त विषयमा प्राप्त विवरण, कागजात, राजनीतिक दल सम्बन्धी ऐन, २०७३ तथा सम्वन्धित दलको विधानको ब्यवस्था समेतको आधारमा विश्लेषण गरी आयोगबाट भएको निर्णय देहाय बमोजिम रहेको छ।

- नागरिक उन्मुक्ति पार्टी नामक राजनीतिक दलको अध्यक्षमा प्रस्ताव गरिएका व्यक्ति रेशम लाल चौधरीलाई राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १४ (२) को खण्ड (ख) बमोजिम दलको सदस्य बन्न योग्य व्यक्ति हो वा होइन भन्ने विषयमा विचार गर्दा, नैतिक पतन देखिने फौजदारी कसूरमा कैदको सजाय पाएको व्यक्ति कुनै पनि दलको सदस्य हुन अयोग्य रहने व्यवस्था राजनीतिक दल सम्बन्धी ऐन, २०७३ मा रहेको देखिन्छ। कस्तो कसूर नैतिक पतन देखिने फौजदारी कसूर हो भन्ने कुरा अदालतले विभिन्न मुद्दाहरूमा सिद्धान्त एवम् नजिर प्रतिपादन गरेको पाइन्छ। कुनै फौजदारी

अपराध नैतिक पतन देखिने फौजदारी कसूर हुनका लागि सो कसूर निज कसूरदारको नैतिक आचरणसँग सम्बन्धित कार्य वा कसूर हो भनी ठोस आधार र वस्तुगत कारण हुनु पर्दछ। साथै, सो कसूर गर्दा कसूरदारको आपराधिक मनसाय वा उद्देश्य, कसूर गर्दाको परिस्थिति, अवस्था र परिणाम तथा त्यसबाट समाजमा पर्न सक्ने प्रभाव समेतलाई विचार गर्नुपर्ने हुन्छ। कुनै कार्य नैतिक आचरणसँग सम्बन्धित कार्य वा कसूर हो भन्ने कुरा व्यक्ति वा समाजको परिवेश, अवस्था, विचार र दृष्टिकोणमा पनि आधारित हुन्छ। कुनै नियोजित वा मनसाययुक्त किसिमले ज्यान मारेको देखिएको स्थितिमा नैतिक पतन देखिने फौजदारी कसूर अन्तर्गत पर्ने हुन्छ। रेशमलाल चौधरी समेत विरूद्ध नेपाल सरकार मुद्दा कर्तव्य ज्यान,ज्यान मार्ने उद्योग र डाँका चोरी मुद्दा नं .०७७-CR - १०७५ समेतमा सर्वोच्च अदालतबाट कैलाली जिल्ला जानकी गाउँपालिका वडा नम्वर ६ बस्ने लालवीर चौधरीको छोरा रेशमलाल चौधरीको हकमा सर्वोच्च अदालतबाट "वारदातमा प्रतिवादीको भूमिका हेर्दा सङ्गठित रूपमा योजना बनाएको तथा योजनाबद्ध ढङ्गले आक्रमण गरेको भिडसमक्ष आत्मसमर्पण गरी जीवनदानको भिख मागेका व्यक्तिलाई लाठी, ढुङ्गा, बञ्चरो प्रहार गरी आँखामा भाला रोपी, शिरमा खर पेट्रोल, मट्टितेल खन्याई जलाउने र शव क्षतविक्षत गर्ने जस्तो सभ्य समाजको अपेक्षा र मानवीय चेतनाविरूद्ध अमानविय, क्रुर निर्मम ढङ्गले ज्यान मारेको र सो क्रममा अवोध शिशुको समेत ज्यान लिएको र ज्यान मार्ने नियतले आक्रमण गरेको देखिन आई निज प्रतिवादी रेशम लाल चौधरी उपरको आरोपित कसूर शङ्कारहित तवरले पुष्टि हुन आयो" पुनरावेदक प्रतिवादी रेशमलाल चौधरीलाई तत्काल प्रचलित मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३ (३) नं .बमोजिम जन्म कैदको सजाय हुने र ज्यान मार्ने उद्योग तर्फ ऐ १५ नं बमोजिम ५ बर्ष कैद हुने भनी मिति २०८०/०२/०२ मा फैसला भएको देखिन्छ।

- नागरिक उन्मुक्ति पार्टीको अन्तरिम विधान,२०७८ को धारा १० को उपधारा (४) मा दलको साधारण सदस्य प्राप्त गर्न सदस्य हुने व्यक्ति नैतिकवान र स्वच्छ छवि भएको हुनुपर्ने व्यवस्था छ। विधानको धारा १५ मा पदाधिकारी हुन कम्तिमा एक कार्यकाल केन्द्रीय कमिटीको सदस्य भएको हुनुपर्ने भन्ने प्रावधान रहेको देखिन्छ। दलको विधानको धारा १९ को उपधारा (२) मा

अध्यक्षले राष्ट्रिय महाधिवेशन, राष्ट्रिय भेला, केन्द्रीय कमिटी, सचिवालय कमिटीको बैठकको अध्यक्षता गर्ने, सोही धाराको उपधारा (६) आफूमा निहित अधिकार अन्य पदाधिकारीहरूलाई प्रत्यायोजन गर्ने व्यवस्था भन्ने अध्यक्षको काम, कर्तव्य र अधिकारमा रहेको देखिन्छ। नागरिक उन्मुक्ति पार्टी नामक राजनीतिक दलको मिति २०८०/०९/२६ देखि २८ गतेसम्म टिकापुर, कैलालीमा भएको प्रथम राष्ट्रिय महाधिवेशनबाट सो पार्टीको केन्द्रीय समितिको निर्णय सहितका कागजातहरू संलग्न राखी सो दलको केन्द्रीय समितिमा हेरफेर भएको विवरण सहित अध्यक्षमा रेशम लाल चौधरीलाई प्रस्ताव गरी १४३ सदस्यीय केन्द्रीय समितिको विवरण अभिलेख अद्यावधिकको लागि आएको र सो को विरूद्धमा मिति २०८०/०९/२९, मिति २०८०/१०/०३ र मिति २०८०/११/१३ मा फरक फरक व्यहोराको राजनीतिक दल सम्बन्धी प्रचलित ऐन र दलको विधान विपरीत भएको महाधिवेशन र सो महाधिवेशनले गरेको केन्द्रीय पदाधिकारी एवम् सदस्यहरू तथा विधानमा भएको हेरफेर अवैधानिक रहेकोले वदर गरी पाउँ साथै साविककै नागरिक उन्मुक्ति पार्टीको अभिलेख यथावत गरी पाउँ भन्ने समेत व्यहोराको उजुरी परेको थियो।

- दलको विधानमा दलको सदस्य हुने व्यक्ति नैतिकवान र स्वच्छ छवि भएको हुनुपर्ने व्यवस्था उल्लेख भएको तर राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १४ (२) को खण्ड (ख) बमोजिम योग्य नभएको व्यक्ति महाधिवेशन आयोजक समितिको संयोजक बनाउने कार्य र उक्त समितिले महाधिवेशन गराई दलको अध्यक्षमा प्रस्ताव गरी विवरण अद्यावधिकको लागि पठाएको कार्य विधान सम्मत देखिन आएन। विधानको धारा १९ को उपधारा (२) मा अध्यक्षले राष्ट्रिय महाधिवेशन,राष्ट्रिय भेला एवम् केन्द्रीय समितिको बैठकको अध्यक्षता गर्ने भन्ने कुरा अध्यक्षको काम, कर्तव्य र अधिकारमा लेखिएको साथै अध्यक्षले आफूमा निहित अधिकार अन्य पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्ने भन्ने व्यवस्था विधानमा रहेको देखिन्छ। दलबाट प्राप्त कागजातहरूको अध्ययन गर्दा विधानमा उल्लेख भए बमोजिम आयोगमा अद्यावधिक रहेको केन्द्रीय समितिका पदाधिकारीलाई अधिकार प्रत्यायोजन नगरी पदाधिकरी नै नरहेका व्यक्ति रेशमलाल चौधरीलाई संरक्षक तोकी

महाधिवेशन आयोजक समितिको संयोजक बनाई महाधिवेशन सम्पन्न गर्ने गराउने समेतका कार्य विधान सम्मत भएको मान्न मिल्ने अवस्था देखिँदैन। राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १७ मा दलको केन्द्रीय समिति र प्रदेश समितिको पदाधिकारीमा निर्वाचित हुन दलको कुनैपनि सदस्यले पूरा गर्नुपर्ने योग्यता सम्बन्धित दलको विधानमा उल्लेख भए बमोजिम हुने भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। दलको विधानमा उल्लिखित योग्यता विपरीत दलको प्रमुख पदाधिकारीमा निर्वाचित गर्ने एवम् दलको सदस्य हुने योग्यता नभएको व्यक्तिलाई पदाधिकारीमा प्रस्ताव गरी विधानमा नभएको अधिकार प्रयोग गरी केन्द्रीय समितिको पदाधिकारी र सदस्यको हेरफेर एवम् परिवर्तन गरी गरे गराएको कार्य राजनीतिक दल सम्बन्धी ऐन, २०७३, राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ र दलको अन्तरिम विधान, २०७८ एवम् राजनीतिक मूल्य मान्यता एवम् सिद्धान्तसम्मत भएको मान्न मिल्ने देखिँदैन।

- नागरिक उन्मुक्ति पार्टी नामक दलबाट मिति २०८०/१०/२५ मा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१ बमोजिम दलले पदाधिकारी हेरफेर एवम् विधानमा गरेको परिवर्तन अद्यावधिकका लागि पेश भएको निवेदन राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १४(२) को खण्ड (ख) तथा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त एवम् राजनीतिक मूल्य मान्यता र नागरिक उन्मुक्ति पार्टीको अन्तरिम विधान,२०७८ बमोजिम भए गरेको नपाईएको, साथै, राजनीतिक दल सम्बन्धी ऐन, २०७३ तथा राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ बमोजिम प्रमुख पदाधिकारी वा अधिकार प्राप्त अधिकारीबाट विवरण हेरफेरको निवेदन आयोग समक्ष पेश गर्नुपर्ने व्यवस्था भएकोमा सो बमोजिम समेत नभएको देखिँदा उक्त केन्द्रीय समितिका पदाधिकारी र सदस्यको हेरफेर तथा विधानको संशोधनको अभिलेख अद्यावधिक गर्न मिलेन। राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ नियमको २५ को उपनियम (६) बमोजिम नागरिक उन्मुक्ति पार्टी नामक राजनीतिक दलको साविकको विवरण नै कायम रहेकाले ऐ.नियमावलीको नियम २५ को उपनियम (६) बमोजिम सोको जानकारी सम्बन्धित दललाई गराउने निर्णय भएको थियो।

- नागरिक उन्मुक्ति पार्टी नामक राजनीतिक दलको विधान, राजनीतिक दल सम्बन्धी ऐन, २०७३ तथा राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ तथा राजनीतिक मूल्य मान्यता र संस्कार प्रतिकूल हुने गरी अयोग्य व्यक्तिलाई योग्य व्यक्ति सरह मानी अधिकार प्रत्यायोजन गरी महाधिवेशन गरे गराएको भनी राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को ५१ बमोजिम आयोग समक्ष विवरण सहित जानकारी गराएको देखिंदा नागरिक उन्मुक्ति पार्टीको अध्यक्ष रंजिता श्रेष्ठ लगायत सो पार्टीको केन्द्रीय समितिलाई अब उप्रान्त दलको विधान र प्रचलित कानून प्रतिकूल कार्य नगर्नू, नगराउनू भनी सचेत गराइएको थियो।

## ३.३.४ संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च नामक राजनीतिक दलको निर्णयको आधिकारिकता सम्बन्धी विवाद निरूपण

संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च नामक राजनीतिक दलको निर्णयको आधिकारिकता सम्बन्धमा विवाद उत्पन्न भई राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४३ र ४४ को उपदफा १ बमोजिम आधिकारिकता दावी गर्ने पक्षले आयोगसमक्ष पेश गरेको निवेदन दावी, लिखित जवाफ र प्रमाणको आधारमा आयोगको इजलासबाट विवादका पक्षहरूको सुनुवाई गरी देहायका प्रश्नको निरूपण गर्नुपर्ने देखिएको थियो।

क. संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका उपाध्यक्ष ज्ञान वहादुर गुरूङले राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४३(ग) र दफा ४४(१) बमोजिम आयोग समक्ष निर्णयको आधिकारिकता दावी गरी पेश गरेको निवेदनको विवाद प्रारम्भ हुनुको आधार र कारण के हो? विवाद प्रारम्भ भएको मिति कहिले हो ?

ख. संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका अध्यक्ष कुमार लिङदेन मिराकलाई अध्यक्ष लगायत सम्पूर्ण जिम्मेवारीबाट हटाउने भनी उपाध्यक्ष ज्ञान वहादुर गुरूङको अध्यक्षतामा वसेको बैठकले गरेको निर्णय राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १८ र १९ तथा उक्त राजनीतिक दलको विधान बमोजिम भएको छ, छैन?

ग. निवेदक ज्ञान वहादुर गुरूङले राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४३ (ग) र दफा ४४ (१) बमोजिम दलका पदाधिकारी केन्द्रीय समिति वा

केन्द्रीय समितिको निर्णयको आधिकारिकता सम्बन्धी विषय निरूपण गरी पाउँ भन्ने व्यहोराको उजुरी दिएपछि सो उजुरीको विवाद निरूपण भई नसकेको अवस्थामा सोही विषयमा ऐ ऐनको दफा ५१ को उपदफा (२) र (३) तथा राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम २५ बमोजिम केन्द्रीय पदाधिकारी तथा सदस्यको हेरफेर भएको विवरणको जानकारी गराई अद्यावधिक गर्न निवेदन दिन मिल्छ, मिल्दैन?

घ. संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चको प्रस्तुत विवादमा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४४ को उपदफा (१) र उपदफा (३) बमोजिम कुनै एक पक्षलाई मान्यता दिन मिल्छ, मिल्दैन ? साथै विवादका विपक्षी कुमार लिङदेन मिराकले निवेदक उपाध्यक्ष ज्ञान वहादुर गुरूङ लगायतलाई मिति २०८०/०२/०८ गतेको निर्णय बमोजिम साधारण सदस्य समेत नरहने गरी गरेको कारबाही राजनीतिक दल सम्बन्धी ऐन,२०७३ दफा १८ र १९ तथा उक्त दलको विधान अनुकूल छ,छैन ?

उपर्युक्त प्रश्नहरूको विश्लेषण गरी निर्वाचन आयोगको इजलासबाट देहाय बमोजिमको विवाद निरूपण गरी निर्णय भएको थियो।

- राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४३ को खण्ड (ग) मा एउटै दलका दुई वा दुई भन्दा बढी पक्षहरू वीच दलका पदाधिकारी, केन्द्रीय समिति वा केन्द्रीय समितिको निर्णयको आधिकारिकताको विषयमा विवाद उत्पन्न भएमा त्यस्तो विवादको निरूपण राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ४३ बमोजिम आयोगबाट हुने व्यवस्था रहेको छ। ऐ. ऐनको दफा ४४ को उपदफा (१) मा दलको पदाधिकारी, केन्द्रीय समिति वा केन्द्रीय समितिको निर्णयको आधिकारिकता सम्बन्धी विवाद भए त्यस्तो पदाधिकारी, केन्द्रीय समिति वा केन्द्रीय समितिको निर्णयको आधिकारिकता दावी गर्ने पक्षले दलको केन्द्रीय समितिको चालीस प्रतिशत सदस्यको हस्ताक्षर सहित विवाद प्रारम्भ भएको तीस दिन भित्र आयोग समक्ष आधार तथा प्रमाण सहित दावी पेश गर्नुपर्नेछ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका उपाध्यक्ष निवेदक ज्ञान वहादुर गुरूङले दलका अध्यक्ष कुमार लिङदेन मिराक समेत १३७ जना केन्द्रीय पदाधिकारी तथा सदस्यहरूलाई कारबाही गरी राजनीतिक

दल सम्बन्धी ऐन,२०७३ को दफा ४३ को खण्ड (ग) बमोजिम मिति २०८०/०१/१२ गते केन्द्रीय समितिको निर्णयको आधिकारिकता प्रदान गर्न र मिति २०८०/०१/१६ गते केन्द्रीय पदाधिकारी तथा सदस्यहरूको विवरण हेरफेर गरी राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम २५ को अनुसूची १८ को ढाँचामा विवरण अद्यावाधिक गरी पाउँ भनी आयोगमा दोहोरो निवदेन पेश गरी विवादको प्रारम्भ भएको देखिएको छ भने विपक्षी कुमार लिङदेन मिराकले मिति २०८०/०२/१२ गते आयोगमा पेश गरेको पत्र बमोजिम मिति २०८०/०१/१७ गतेलाई विवाद प्रारम्भ भएको मिति भनी दावी गरेको देखिन्छ। उल्लिखित विवादका पक्ष विपक्षले विवाद प्रारम्भ भएको दावीलाई नै आयोगले हदम्यादको सुरूवातको रूपमा लिनुपर्ने हुन्छ। निवेदक उपाध्यक्ष ज्ञान वहादुर गुरूङले आयोगमा पेश गरेको निवेदनमा विपक्षी अध्यक्ष कुमार लिङदेन मिराकले पार्टीको विधान विपरीत कार्य गरेको, आर्थिक पारदर्शिता नभएको, पार्टीलाई अनिर्णयको वन्दी बनाएको, ४४ बुँदे अभियोग पत्रको लागि निजलाई स्पष्टीकरण सोधिएकोमा स्पष्टीकरणलाई समेत निजले वेवास्ता गरी स्पष्टीकरणको जवाफ नदिएको कारण उल्लेख गरेको देखिन्छ। सोही कारणले विपक्षी कुमार लिङदेन मिराकलाई केन्द्रीय समितिको दुई तिहाई सदस्यले निजलाई पार्टीको विधानको धारा ९६ (३) बमोजिम अध्यक्षलाई दलको सम्पूर्ण जिम्मेवारीबाट मुक्त गर्ने गरी निर्णय भएको देखिन्छ। उक्त निर्णय बमोजिम पार्टीका उपाध्यक्ष ज्ञान वहादुर गुरूङलाई पार्टीको कार्यवाहक अध्यक्ष कायम गरी विवरण अद्यावधिक गर्न अख्तियारी दिएको, मिति २०८०/०१/१२ गतेको निर्णयको आधिकारिकताको लागि निर्वाचन आयोगमा निवेदन पत्र पेश गर्ने भनी केन्द्रीय समितिको दुई तिहाई सदस्यले मिति २०८०/०१/१२ गते सर्वसम्मत निर्णय गरेको र राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४३ को खण्ड (ग) बमोजिम सो केन्द्रीय समितिको निर्णयलाई आधिकारिकता प्रदान गरिदिन ऐ. ऐनको दफा ४४ बमोजिमको निवेदन पत्र पेश हुन आएको देखिन्छ। निवेदक उपाध्यक्ष ज्ञान वहादुर गुरूङले निवेदन साथ पेश गरेको माग दावी र विवाद सिर्जना हुनुको कारण आफैले गरेको निर्णयलाई मानेको र निजले गरेको निर्णयलाई आधिकारिक रूपमा कहिकतैबाट चुनौती दिने कार्य नभएको अवस्थामा निर्णयकर्ता आफैले गरेको निर्णय कार्यान्वयन नगरी वा उक्त

निर्णयको अभिलेखीकरणको लागि आयोग समक्ष पेश नगरी माग दावी लिई आउनुलाई विधिशास्त्रीय दृष्टिकोणबाट उपयुक्त मान्न सकिएन।

- केन्द्रीय समितिको निर्णयको आधिकारिकता सम्बन्धी विवाद भए दावी गर्ने पक्षले दलको केन्द्रीय समितिको कम्तिमा चालीस प्रतिशत सदस्यको हस्ताक्षर सहित विवाद प्रारम्भ भएको मितिले तीस दिनभित्र आयोग समक्ष आधार तथा प्रमाण सहित दावी पेश गर्न सक्ने भए तापनि मागदावीको निवेदनका सम्बन्धमा निवेदकले राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ४३ को खण्ड (ग) बमोजिम मिति २०८०/०१/१२ गते केन्द्रीय समितिको निर्णयको आधिकारिकता प्रदान गर्न र मिति २०८०/०१/१६ गते केन्द्रीय पदाधिकारी तथा सदस्यहरूको विवरण हेरफेर गरी राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम २५ को अनुसूची १८ को ढाँचामा विवरण अद्यावाधिक गरी पाउँ भनी बस्तुनिष्ट आधार प्रमाण सहित आउन सकेको देखिएन।
- अब दोस्रो प्रश्न तर्फ विचार गर्दा, राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १८ (१) बमोजिम विधान विपरीत काम गर्न वा दलको आचारसंहिता पालना नगर्ने सदस्य वा पदाधिकारीलाई विधानमा ब्यवस्था भए बमोजिम दलको अनुशासनात्मक कारबाही गर्न सक्नेछ र ऐ. दफाको उपदफा (२) मा उपदफा (१) बमोजिम कारबाही गर्दा निजलाई सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। त्यसैगरी संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चको विधान, २०७९ को धारा ९५(१) को खण्ड (क) मा दलको आदर्श, सिद्धान्त, विधान, नियमावली एवम् नीति तथा कार्यक्रम विपरीत कार्य गरे गराएमा, ऐ. धाराको (ख) मा नेपालको संविधान र प्रचलित कानून बमोजिम जननिर्वाचित प्रतिनिधीले चलाउने निकायको निर्वाचनमा दलको निर्णय विपरीत उम्मेदवार बनेमा, पार्टीको उम्मेदवार विरूद्ध प्रचार गरेमा वा पार्टीको उम्मेदवार विरूद्ध उठ्ने, अन्य कुनै उम्मेदवारको प्रस्तावक वा समर्थक बनेमा वा त्यस्तो उम्मेदवारको पक्षमा कुनै काम गरेमा, ऐ. धाराको (ग) मा नैतिक पतन देखिने फौजदारी कसूर गरेको वा भ्रष्ट क्रियाकलाप गरेको वा अवाञ्छित तत्वसँग साँठगाँठ गरी राष्ट्रको हित विपरीत काम गरेमा, ऐ. धाराको (घ) मा पदीय आचरण वा पार्टी हित विपरीत आर्थिक अनुशासनहीनता या पार्टी सम्पतिको हिनामिनामा संलग्न भएको र ऐ. धाराको (ङ) मा छुवाछुत वा जातीय भेदभाव

वा लैङ्गिक हिंसाजन्य क्रियाकलाप गरेको भन्ने व्यवस्था विधानमा भएको देखिन्छ। निवेदक ज्ञान वहादुर गुरूङले दलका अध्यक्ष कुमार लिङदेन मिराकलाई अध्यक्ष लगायत सम्पूर्ण जिम्मेवारीबाट हटाउने भनी उपाध्यक्ष ज्ञान वहादुर गुरूङको अध्यक्षतामा बसेको बैठकले गरेको निर्णय राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को मर्म, भावना र विधायिकी मनसायको विपरीत रहेकोले निवेदक पक्षले विपक्षी कुमार लिङदेन मिराकलाई अध्यक्षको पद लगायत सम्पूर्ण जिम्मेवारीबाट हटाउने निर्णय शंकारहित तवरबाट पुष्टि हुन सकेको देखिएन। राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १९ (१) बमोजिम दलले विधानमा दफा १८ बमोजिम भएको कारबाही विरूद्ध पुनरावेदन सुन्ने उपयुक्त संयन्त्रको व्यवस्था ऐ. दफाको उपदफा (२) मा उपदफा (१) बमोजिमको संयन्त्रले दफा १८ बमोजिम भएको कारबाही सदर,बदर वा संशोधन गर्न सक्नेछ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। सो दलको विधानको धारा ९६ मा अनुशासन सम्बन्धी कारबाहीका सम्बन्धमा ५ (पाँच) सदस्यीय अनुशासन समिति गठन गर्ने व्यवस्था रहेको ऐ. विधानको धारा ९३ मा जारी आचारसंहिता उल्लंघन र धारा ९४ मा अनुशासन उल्लंघन भएको हो, होइन छानविन गरी सम्बन्धित तहको समितिमा सिफारिस गर्ने व्यवस्था रहेको देखिन्छ। कारबाहीको सिफारिस गर्नुपूर्व सम्बन्धित पदाधिकारी वा सदस्यलाई सफाई पेश गर्ने मौका दिनु पर्ने, उक्त समितिले कारबाहीको निर्णय गर्दा पुनरावेदन गर्नको लागि १५ दिनको हदम्याद दिनुपर्ने व्यवस्था विधानमा रहे भएको देखिंदा देखिंदै निवेदक ज्ञान वहादुर गुरूङले विपक्षी अध्यक्ष कुमार लिङदेन मिराकलाई अध्यक्ष लगायत सम्पूर्ण जिम्मेवारीबाट हटाउने भनी निवेदक उपाध्यक्ष ज्ञान वहादुर गुरूङको अध्यक्षतामा वसेको बैठकले गरेको निर्णय राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १८ र १९ तथा संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चको विधान, २०७९ को धारा ९५ र ९६ मुताविक भएको मान्न सकिएन।

- अब तेस्रो प्रश्नतर्फ विचार गर्दा, राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ४३ को खण्ड (ग) मा एउटै दलका दुई वा दुई भन्दा बढी पक्षहरू वीच दलका पदाधिकारी, केन्द्रीय समिति वा केन्द्रीय समितिको निर्णयको आधिकारिकताको विषयमा विवाद उत्पन्न भएमा त्यस्तो विवादको निरूपण

राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ४३ बमोजिम आयोगबाट हुने व्यवस्था रहेको छ। ऐ. ऐनको दफा ४४ को उपदफा (१) मा दलको पदाधिकारी, केन्द्रीय समिति वा केन्द्रीय समितिको निर्णयको आधिकारिकता सम्बन्धी विवाद भए त्यस्तो पदाधिकारी, केन्द्रीय समिति वा केन्द्रीय समितिको निर्णयको आधिकारिकता दावी गर्ने पक्षले दलको केन्द्रीय समितिको चालीस प्रतिशत सदस्यको हस्ताक्षर सहित विवाद प्रारम्भ भएको तीस दिन भित्र आयोग समक्ष आधार तथा प्रमाण सहित दावी पेश गर्नुपर्नेछ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। त्यसैगरी राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१ को उपदफा (१) मा राजनीतिक दलले आफ्नो नाम, विधान, नियम, छाप, झण्डा वा चिन्हमा भएको परिवर्तन वा संशोधन पदाधिकारीको हेरफेर र आयोगले तोके बमोजिमका अन्य विषयको जानकारी ३० दिन भित्र आयोगलाई दिनु पर्नेछ, उपदफा (२) मा उपदफा (१) बमोजिमको जानकारी प्राप्त भएपछि आयोगले तत्सम्बन्धमा आवश्यक अध्ययन र जाँचबुझ गर्दा त्यस्तो काम कारबाही संविधान, यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम र दलको विधान बमोजिम भए गरेको पाइएमा नाम, विधान, नियम, छाप, झण्डा वा चिन्हको हकमा त्यसको अभिलेख राख्नु पर्नेछ र पदाधिकारी हेरफेर भएको भए तोकिए बमोजिमको अद्यावधिक गरी राख्नु पर्नेछ भन्ने कानूनी व्यवस्था रहेको छ। साथै राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम २५ को उपनियम (१) मा दलले ऐनको दफा ५१ बमोजिम आफ्नो नाम, विधान, नियम, छाप, झण्डा, चिन्ह (लोगो) मा परिवर्तन वा संशोधन भएमा वा पदाधिकारीको हेरफेर भएमा दलको प्रमुख पदाधिकारी वा अधिकार प्राप्त व्यक्तिले अनुसूची–१८ बमोजिम आयोगमा जानकारी गराउनु पर्नेछ, उपनियम (२) मा उपनियम (१) बमोजिमको जानकारी प्राप्त भएमा आयोगले त्यस्तो परिवर्तन, संशोधन वा हेरफेर संविधान, ऐन, यस नियमावली तथा दलको विधान बमोजिम भए नभएको र सो सम्बन्धमा आधिकारिक निर्णय भए नभएको सम्बन्धमा आवश्यक जाँचबुझ गर्ने, उपनियम (३) मा उपनियम (२) बमोजिम जाँचबुझ गर्दा त्यस्तो परिवर्तन संशोधन वा हेरफेर संविधान, ऐन, यस नियमावली तथा दलको विधान बमोजिम भएको र त्यसरी परिवर्तन वा संशोधन गरिएको नाम, झण्डा, छाप तथा चिन्ह (लोगो) अन्य कुनै राजनीतिक दलको नाम, झण्डा, छाप तथा चिन्ह (लोगो)

संग दोहोरो नपर्ने भएमा सोको अभिलेख अद्यावधिक गर्ने छ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। त्यसैगरी राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम २५ को उपनियम (४) मा उपनियम (२) बमोजिम त्यसरी नाम, विधान, नियम,छाप, झण्डा, चिन्ह (लोगो) मा परिवर्तन वा संशोधन गर्न वा पदाधिकारीको हेरफेर गर्न नमिल्ने अवस्था भएमा आयोगले सो को कारण खुलाई सुधार सहितको विवरण पेश गर्न सात दिनको समय दिई सम्बन्धित दललाई सुचित गर्ने छ। साथै सोही नियमको उपनियम (५) मा उपनियम (४) बमोजिमको अवधिभित्र त्यस्तो विवरण प्राप्त भएमा र आयोग त्यसमा सन्तुष्ट भएमा सो वमोजिमको अभिलेख अद्यावधिक गरी राख्नेछ र कुनै विवरण परिवर्तन, संशोधन वा हेरफेर हुन नसक्ने भएमा सोहि व्यहोराको जानकारी सम्बन्धित दललाई गराउनेछ भन्ने कानूनी व्यवस्था रहेको छ। निवेदक ज्ञान वहादुर गुरूङले मिति २०८०/०१/१२ मा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४३ (ग) र ऐ. ऐनको दफा ४४ (१) बमोजिम दावी पेश गरी निवेदन दिएको देखिन्छ,सो उजुरी उपर कारबाही गरी विवाद निरूपण नभएको अवस्थामा निजले नै मिति २०८०/०१/१६ मा राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम २५ बमोजिम अनुसूची–१८ बमोजिमको ढाँचामा केन्द्रीय समितिमा पदाधिकारी र सदस्यहरूको हेरफेर भएको भनी अद्यावधिक गर्न आयोगमा निवेदन दिएको देखिएको हुँदा निवेदकले एउटै विषयमा दुई फरक फरक प्रयोजनको निवेदन दिई कारबाही अगाडि बढाउन उद्धत भएको देखिदा निवेदक सफा हातका (Principle of Clean Hand) साथ निर्वाचन आयोगमा प्रबेश गरेको मान्न सकिएन। निर्वाचन आयोगले राजनीतिक दललाई संविधान,ऐन नियम र प्रचलित कानूनको अधीनमा रही आफ्नो काम कारबाही सञ्चालन गर्न निर्देशन गर्दछ। राजनीतिक दलहरूले नेपालको संविधान,राजनीतिक दल सम्बन्धी ऐन, नियम, प्रचलित कानून र दलको विधान बमोजिम संचालित हुनुपर्दछ। संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चको उपाध्यक्ष निवेदक ज्ञान वहादुर गुरूङले विभिन्न मितिमा प्रचलित कानूनको बैध धरातललाई ख्याल नराखी, उचित विधि र प्रक्रिया नपुऱ्याई आयोगमा दिएको निवेदन प्रथम दृष्टिमै कानूनसम्मत र तथ्यपरक रहेको देखिएन। प्रमाण ऐन, २०३१ को दफा २६ मा देवानी प्रकृतिको विवादमा निवेदको दावी तथा

विपक्षीलाई लगाएको आरोप पुष्टि गर्ने भार निवेदक वादी पक्षमा नै रहेभएको देखिदा वस्तुगत बैज्ञानिक प्रमाण र परिस्थितजन्य प्रमाणको अभावमा निवेदकले ४४ बुँदाको आरोपित अभियोग पुष्टि गर्न नसकेको हुँदा निजले निर्वाचन आयोगमा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१ बमोजिम र राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम २५ बमोजिम अनुसूची –१८ बमोजिमको ढाँचामा केन्द्रीय समितिमा पदाधिकारी र सदस्यहरूको हेरफेर भएको भनी अद्यावधिक गर्न दिएको निवेदन कानूनसम्मत मान्न मिलेन।

- अब चौथो प्रश्नतर्फ विचार गर्दा, राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ४३ को खण्ड (ग) मा एउटै दलका दुई वा दुई भन्दा बढी पक्षहरू वीच दलका पदाधिकारी, केन्द्रीय समिति वा केन्द्रीय समितिको निर्णयको आधिकारिकताको विषयमा विवाद उत्पन्न भएमा त्यस्तो विवादको निरूपण राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ४३ बमोजिम आयोगबाट हुने व्यवस्था रहेको छ। ऐ. ऐनको दफा ४४ को उपदफा (१) मा दलको पदाधिकारी, केन्द्रीय समिति वा केन्द्रीय समितिको निर्णयको आधिकारिकता सम्बन्धी विवाद भए त्यस्तो पदाधिकारी, केन्द्रीय समिति वा केन्द्रीय समितिको निर्णयको आधिकारिकता दावी गर्ने पक्षले दलको केन्द्रीय समितिको चालीस प्रतिशत सदस्यको हस्ताक्षर सहित विवाद प्रारम्भ भएको तीस दिन भित्र आयोग समक्ष आधार तथा प्रमाण सहित दावी पेश गर्नुपर्नेछ, ऐ. ऐनको दफा ४४ को उपदफा (२) मा आयोगले उपदफा (१) बमोजिमका दावीका सम्बन्धमा लिखित जवाफ पेश गर्नका लागि त्यस्तो दावी तथा प्रमाणको प्रतिलिपि संलग्न गरी अर्को पक्षलाई पन्ध्र दिनको सूचना दिनु पर्नेछ, ऐ. ऐनको दफा ४४ को उपदफा (३) मा उपदफा (२) बमोजिमको सूचना प्राप्त भएपछि त्यस्तो अवधिभत्र सम्बन्धित पक्षले आफ्नो लिखित जवाफ र त्यसलाई पुष्टि गर्ने आधार तथा प्रमाण पेश गर्नुपर्नेछ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। प्रमाण ऐन,२०३१ को दफा (३) मा अदालतले मुद्दामा ठहर गर्नुपर्ने कुरा र त्यस्तो कुरासंग सम्बद्ध कुराको मात्र प्रमाण बुझ्नु पर्ने हुन्छ र सम्बद्ध कुरा भन्नाले मुद्दामा ठहर गर्नुपर्ने कुरालाई प्रमाणित वा खण्डन गर्न सहायता हुने कुरालाई सम्झनु पर्दछ भन्ने कानूनी व्यवस्था भएको देखिन्छ। राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम २५ को उपनियम (४) मा उपनियम (२)

बमोजिम त्यसरी नाम, विधान, नियम, छाप, झण्डा, चिन्ह (लोगो) मा परिवर्तन वा संशोधन गर्न वा पदाधिकारीको हेरफेर गर्न नमिल्ने अवस्था भएमा आयोगले सो को कारण खुलाई सुधार सहितको विवरण पेश गर्न सात दिनको समय दिई सम्बन्धित दललाई सुचित गर्ने छ। साथै सोही नियमको उपनियम (५) मा उपनियम (४) बमोजिमको अवधिभित्र त्यस्तो विवरण प्राप्त भएमा र आयोग त्यसमा सन्तुष्ट भएमा सो वमोजिमको अभिलेख अद्यावाधिक गरी राख्नेछ र कुनै विवरण परिवर्तन, संशोधन वा हेरफेर हुन नसक्ने भएमा सोहि व्यहोराको जानकारी सम्बन्धित दललाई गराउनेछ भन्ने कानूनी व्यवस्था रहेको छ। निवेदक ज्ञान वहादुर गुरूङ पक्षले केन्द्रीय समितिको निर्णयको आधिकारिकता प्रदान गरी विवरण अद्यावधिक गर्ने जिकिर रहेकोमा निज निवेदकले आयोगमा पेश गरेको निवेदमा विपक्षी अध्यक्ष कुमार लिङदेन मिराकले पार्टीको विधान विपरीत कार्य गरेको, आर्थिक पारदर्शिता नभएको, पार्टीलाई अनिर्णयको वन्दी बनाएको, ४४ बुँदे अभियोग पत्रको लागि निजलाई स्पष्टीकरण सोधिएकोमा स्पष्टीकरणलाई समेत निजले वेवास्ता गरी स्पष्टीकरण नदिएको कारण उल्लेख गरेको देखिन्छ। सोही कारणले विपक्षी कुमार लिङदेन मिराकलाई केन्द्रीय समितिको दुई तिहाई सदस्यहरूबाट निजलाई पार्टीको विधानको धारा ९६(३) बमोजिम अध्यक्षलाई दलको सम्पूर्ण जिम्मेवारीबाट मुक्त गर्ने गरी निर्णय भएको देखिन्छ। उक्त निर्णय बमोजिम पार्टीका उपाध्यक्ष ज्ञान वहादुर गुरूङलाई पार्टीको कार्यवाहक अध्यक्ष कायम गरी विवरण अद्यावधिक गर्न अख्तियारी दिएको, मिति २०८०/०१/१२ गतेको निर्णयको आधिकारिकताको लागि निर्वाचन आयोगमा निवेदन पत्र पेश गर्ने भनी केन्द्रीय समितिको दुई तिहाई सदस्यले मिति २०८०/०१/१२ गते सर्वसम्मत निर्णय गरेको र राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ४३ को खण्ड (ग) बमोजिम सो केन्द्रीय समितिको निर्णयलाई आधिकारिकता प्रदान गरिदिन भनी ऐ. ऐनको दफा ४४ बमोजिमको निवेदन पत्र पेश हुन आएको देखिन्छ। साथै अध्यक्ष पदबाट कुमार लिङदेनलाई हटाएको कार्य प्राकृतिक न्यायको सिद्धान्त बमोजिम भएको मान्न मिल्ने देखिदैन। सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित (**यज्ञ प्रसाद पाण्डे वि. नेपाल सरकार, ने.का.प २०७५, अङ्क ९, नि.नं १००८९**) सुनुवाइको सिद्धान्तको सुनिश्चितताको लागि मूलतः तीन पक्षहरूमा ध्यान दिनु

पर्दछः जसमा कुनै व्यक्तिको विरूद्धमा निर्णयमा पुग्नुपूर्व सो व्यक्तिलाई सो कारबाहीको जानकारी दिनु पर्ने हुन्छ सोको जानकारी दिएपश्चात् सो व्यक्तिलाई आफ्नो हकमा भनाई राख्ने मौका दिनुपर्दछ र त्यसपश्चात् मात्र निर्णयकर्ताले आधार र कारणसहित निर्णयमा पुग्नु पर्ने हुन्छ भन्ने सिद्धान्त प्रतिकूल हुनेगरी सुनुवाईको उचित र प्रयाप्त मौका दिई उचित प्रक्रिया पुरा नगरी रीतपूर्वक स्पष्टीकरणको म्याद तामेल गरी बुझे, बुझाएको देखिंदैन। निवेदक उपाध्यक्ष ज्ञान वहादुर गुरूङले मिति २०८०/०१/१२ गतेको निर्णयले विपक्षी अध्यक्ष कुमार लिङदेन मिराकलाई अध्यक्ष लगायत सम्पूर्ण जिम्मेवारीबाट हटाउँदा र विपक्षी अध्यक्ष कुमार लिङदेन मिराकको अध्यक्षतामा बसेको मिति २०८०/०२/०८ गतेको बैठकको निर्णयले उपाध्यक्ष ज्ञान वहादुर गुरूङलाई हटाउँदा संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चको विधान,२०७९ को धारा ५३, ५४ र ५५ को प्रक्रिया पूरा नगरेको तथा ऐ. विधानको धारा ९६, ९७ र ९८ साथै ऐ. विधानको धारा १०१, १०२ र १०३ बमोजिम प्रक्रिया पुगेको देखिदैन। निवेदक उपाध्यक्ष ज्ञान वहादुर गुरूङले निवेदन साथ पेश गरेको माग दावी र विवाद सिर्जना हुनका कारण आफैले गरेको निर्णयलाई मानेको र निजले गरेको निर्णयलाई आधिकारिक रूपमा कही कतैबाट चुनौती दिने कार्य नभएको अवस्थामा निर्णयकर्ता आफैले गरेको निर्णय कार्यान्वयन नगरी पुनः निर्णयको आधिकारिकताको माग दावी लिई आउनुलाई विधिशास्त्रीय दृष्टिकोणबाट जायज मान्न सकिएन। विपक्षीले लोकतान्त्रिक राष्ट्रिय मञ्चको केन्द्रीय कार्यालयमा रीत पुऱ्याई वा नपुऱ्याई दलका अध्यक्ष कुमार लिङदेन समेतका विरूद्ध अविश्वासको प्रस्तावको निवदेन/दरखास्त/उजुरी दर्ता भएको संस्थाको रेकर्डबाट नदेखिएको भन्ने विपक्षी कुमार लिङदेन मिराकको जिकिर रहेको, आयोगमा दिएको निवेदनमा विवाद प्रारम्भ हुनुका कारण, आधार, प्रमाण र कुन पक्षसँगको के विषयमा विवाद भएको हो यकिन गरी निवेदक ज्ञान वहादुर गुरूङले प्रष्ट रूपमा आयोगबाटै निरूपण गर्नुपर्ने भनी माग दावी लिएको नदेखिएको, विपक्षी कुमार लिङदेन मिराकले उपाध्यक्ष ज्ञान वहादुर गुरूङलाई साधारण सदस्य समेत नरहने गरी हटाएको निर्णय आयोगमा जानकारीको लागि मात्र पेश गरेको देखिएको, निवेदक उपाध्यक्ष ज्ञान वहादुर गुरूङको अध्यक्षतामा वसेको बैठकले गरेको निर्णय राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा

१८ र १९ तथा संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चको विधान, २०७९ को धारा ९५ र ९६ मुताविक नभएको, निवेदकको वादी दावी विपक्षीलाई लगाएको आरोप पुष्टि गर्ने भार निवेदक वादी पक्षमा नै रहे भएको देखिंदा वस्तुगत बैज्ञानिक प्रमाणको अभावमा निवेदकले ४४ बुँदाको आरोपित अभियोग पुष्टि गर्न सकेको नदेखिंदा निजले निर्वाचन आयोगमा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४३ (ग) र दफा ४४(१) बमोजिमको दावी पेश गरी निवेदन दिन मिल्छ भन्न सकिएन। विपक्षी अध्यक्ष कुमार लिङदेन मिराक समेत अन्य पदाधिकारी तथा सदस्यलाई अध्यक्ष लगायत सम्पूर्ण जिम्मेवारीबाट हटाएको निर्णय राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१ र राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम २५ उपनियम (४) र (५) बमोजिमको कारबाही प्रारम्भ नगरी निर्णयकर्ता आफैले मनोगतरूपमा विवाद सिर्जना भएको अनुमान गरी राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४३ (ग) र ऐ. ऐनको दफा ४४ (१) बमोजिम मागदावी पुग्ने देखिएन।

- अतः माथि उल्लिखित प्रकरणहरूमा विवेचित तथ्य, आधार, कारण, प्रमाण र सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेतबाट निवेदक ज्ञान वहादुर गुरूङ पक्षको मिति २०८०/०१/१२ को निर्णय तथा मिति २०८०/०१/१५ गतेको निर्णयको आधिकारिकता सम्बन्धी विषय निरूपण गरी पाउँ भन्ने निवेदन र मिति २०८०/०१/१६ को केन्द्रीय समितिको पदाधिकारी तथा सदस्यहरूको हेरफेर गरिएको विवरण अद्यावधिक गरी पाउँ भन्ने निवेदन संघीय लोकतान्त्रिक राष्ट्रिय मन्चको विधान,२०७९, राजनीति दल सम्बन्धी ऐन, २०७३, राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ विपरीत देखिदा खारेज हुने ठहर्छ। साथै मिति २०८०/०२/०८ गते उपाध्यक्ष ज्ञान वहादुर गुरूङलाई साधारण सदस्य पदबाट हटाउने गरी भएको अध्यक्ष कुमार लिङदेन मिराकको अध्यक्षतामा बसेको बैठकको निर्णय समेत विधान प्रतिकूल देखिदा खारेज हुने ठहर्छ। अब यस आयोगको मिति २०७९/०५/१३ को बैठकको निर्णय बमोजिम संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च नामक राजनीतिक दलको केन्द्रीय समितिका पदाधिकारी तथा सदस्य हेरफेरको विवरण अद्यावधिक भएको केन्द्रीय समितिले नै मान्यता पाउने ठहर्छ।

## ३.३.५ बन्दसूचीबाट नाम हटाउने

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेश सभा निर्वाचन ऐन, २०७४ ले प्रतिनिधि सभा तथा प्रदेश सभाको समानुपातिक निर्वाचन प्रणाली अनुसार हुने निर्वाचनमा राजनीतिक दलको तर्फबाट प्रतिनिधित्व गर्ने उम्मेदवारको तत् तत् सभाको कार्यकालभर मान्य हुने व्यवस्था गरेको छ। तर सोही दफाको प्रतिबन्धात्मक वाक्यांशले प्रतिनिधि सभा र प्रदेश सभाको गठन भईसकेपछि मनोनयन गर्ने दलले कुनै उम्मेदवारको नाम हटाउन लेखि पठाएमा आयोगले बन्दसूचीबाट त्यस्तो उम्मेदवारको नाम हटाउन सक्दछ। बन्दसूचीमा नाम समावेश भएका व्यक्तिहरू नाम हटेको अवस्थामा बाहेक राष्ट्रिय सभा, प्रदेश सभा वा स्थानीय तहको निर्वाचनमा उम्मेदवार हुन नसक्ने भएकोले विभिन्न राजनीतिक दलहरूको केन्द्रीय समितको निर्णयबाट विभिन्न प्रयोजन खुलाई बन्दसूचीबाट नाम हटाउन आयोगमा लेखी पठाउने गरेको र आयोगको निर्णय बमोजिम नाम हटाउने गरिएको छ। प्रतिवेदन अवधिमा देहायका राजनीतिक दलहरूबाट विभिन्न मितिमा बन्दसूचीबाट नाम हटाउन लेखी आए अनुसार आयोगबाट नाम हटाउने निर्णय भएको छ।

| क्र.सं. | राजनीतिक दलको नाम | नाम हटाएको संख्या | |
|---|---|---|---|
| | | प्रतिनिधिसभा तर्फ | प्रदेशसभा तर्फ |
| १ | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ६ | १ |
| २ | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) | १०४ | १३ |
| ३ | नेपाली काँग्रेस | १५ | १३ |
| ४ | राष्ट्रिय प्रजातन्त्र पार्टी | ५ | ४ |
| ५ | नेपाल समाजवादी पार्टी | - | १ |
| ६ | राष्ट्रिय जनमोर्चा | १ | १ |
| ७ | नेपाल मजदुर किसान पार्टी | १० | १० |
| ८ | लोकतान्त्रिक समाजवादी पार्टी नेपाल | ८८ | १०७ |
| ९ | नागरिक उन्मुक्ति पार्टी | - | १ |
| १० | संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च | ८ | ४५ |
| ११ | जनता समाजवादी पार्टी, नेपाल | २ | ० |

## ३.३.६ राजनीतिक दल दर्ता खारेज

देशभक्त जनगणतान्त्रिक मोर्चा नामक राजनीतिक दलले आफ्नो दलको दर्ता खारेज गर्ने विधान बमोजिम केन्द्रीय समितिबाट निर्णय गरी आयोगसमक्ष निवेदन गरेकोमा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १२ तथा राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम ११ बमोजिम आयोगको मिति २०८०/१२/२१ को बैठकबाट उक्त राजनीतिक दल दर्ता खारेज गर्ने र दलको दर्ता खारेज भएको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने निर्णय भएको छ। राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १२ को उपदफा ६ बमोजिम देशभक्त जनगणतान्त्रिक मोर्चा नामक राजनीतिक दलले खारेज भएको एक वर्षसम्म सो दलको नाम, झण्डा र चिन्ह कुनै राजनीतिक दललाई प्रदान नगर्ने, साथै खारेज भएको राजनीतिक दलको सम्पत्ति त्यस्तो दलको विधानमा अन्यथा उल्लेख भएकोमा बाहेक नेपाल सरकारको हुने समेत निर्णय गरिएको छ।

## ३.३.७ छुट्टै नयाँ राजनीतिक दल दर्ता

नेपालको संविधानको धारा २६९ र राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४ को उपदफा (१) बमोजिम दल दर्ता कायम रहेको जनता समाजवादी पार्टी नेपाल नामक राजनीतिक दलको केन्द्रीय समिति वा संघीय संसदका बीस प्रतिशत सदस्य भई राजनीतिक दल सम्बन्धी ऐन, २०७३ र राजनीतिक दल सम्बन्धी (दोस्रो संशोधन) नियमावली,२०७४ ले राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम (५) लाई संशोधन गर्ने नियम (२) को उपनियम (१) बमोजिम छुट्टै नयाँ दल दर्ता गर्न निवेदन पेश गरेकोमा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३३ र राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम ५ बमोजिम देहाय बमोजिमको निर्णय भएको थियोः

- नेपालको संविधान, राजनीतिक दल सम्बन्धी ऐन, २०७३, राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ तथा प्रचलित संघीय कानून बमोजिमका प्रावधान पालना गर्ने शर्तमा राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ३३ र राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम ५ बमोजिम "जनता समाजवादी पार्टी" संक्षिप्तमा (जनता समाजवादी)" अंग्रेजीमा "People's Socialist Party, संक्षिप्तमा (People Socialist)" नामक राजनीतिक दल दर्ता गरी आयोगको दल दर्ता किताबमा अभिलेखीकरण गर्ने,

- "जनता समाजवादी पार्टी" ले पेश गरेको विधान "जनता समाजवादी पार्टीको विधान, २०८१" अभिलेखीकरण गर्ने,
- "जनता समाजवादी पार्टी" ले माग गरेको "आयताकारमा ३:२ अनुपातमा लम्बाई र चौडाई रहने र रातो रंगको पृष्ठभूमिमा वीचमा सुनौला रंगको पाँच कुने तारा रहने" दलको झण्डा प्रदान गर्ने,
- "जनता समाजवादी पार्टी" ले माग गरेको छाप "पाँच कुने तारा वीचमा राखी माथि देवनागरिक र तल अङ्ग्रेजीमा गोलाकारमा पार्टीको पूरा नाम र मुनि समितिको नाम र पार्टी स्थापनाको साल उल्लेख भएको" दलको छाप प्रदान गर्ने,
- "जनता समाजवादी पार्टी" ले माग गरेको "मुठ्ठी" दलको चिन्हको हकमा मिति २०८०/१२/२१ को आयोगको निर्णय बमोजिम उक्त "मुठ्ठी" चिन्ह कुनै पनि दललाई प्रदान गर्न नमिल्ने हुँदा आयोगमा दर्ता कायम रहेका दलहरूको चिन्हसँग नबाझिने गरी अन्य कुनै उपयुक्त चिन्ह प्रस्ताव गर्न "जनता समाजवादी पार्टी"लाई निर्देशन दिने,
- राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४ को उपदफा (५) बमोजिम "जनता समाजवादी पार्टी " नामक दल दर्ता भएको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने,
- दल दर्ताको जानकारी र दल दर्ताको प्रमाणपत्र "जनता समाजवादी पार्टी" लाई दिई संघीय संसद सचिवालय, सबै प्रदेश सभा सचिवालय र सबै प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयलाई समेत दल दर्ताको जानकारी दिने,
- नयाँ गठन भएको "जनता समाजवादी पार्टी"मा सो दल गठन हुनु भन्दा तत्काल अघिको "जनता समाजवादी पार्टी, नेपाल"को तर्फबाट निर्वाचित प्रदेश सभा सदस्य वा स्थानीय तहका सदस्यले प्रदेश निर्वाचन कार्यालयमा प्रदेश निर्वाचन अधिकारी समक्ष र स्थानीय तहका सदस्यले जिल्ला निर्वाचन कार्यालयमा जिल्ला निर्वाचन अधिकारी समक्ष स्वयम् उपस्थित भई सनाखत गराउन आयोगको सचिवालयले राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गर्ने र सोही बमोजिम गर्न गराउन प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयहरूलाई निर्देशन दिने।

## ३.३.८ राजनीतिक दलको नाम संशोधन गर्न निर्देशन

आयोगको मिति २०८०/११/०३ को बैठकबाट निर्वाचन आयोगमा दर्ता कायम रहेका दलहरू मध्ये केही राजनीतिक दलहरूको नाम नेपालको संविधान तथा राजनीतिक दल सम्बन्धी ऐनको मर्म र भावना अनुरूप भएको नदेखिएकोले त्यस्ता दलहरूको नाम परिवर्तन गर्न राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम आयोगमा दर्ता कायम रहेका देहायका दलहरूलाई निर्देशन दिइएको छ।

| क्र.सं. | दलको नाम | दर्ता नम्बर | दल दर्ता मिति |
|---|---|---|---|
| १ | मुस्कान सेना नेपाल पार्टी | ६ | २०७३/०८/३० |
| २ | चुरेभावर लोकतान्त्रिक पार्टी | ७ | २०७३/०८/३० |
| ३ | मधेश तराई फोरम | २० | २०७३/०८/३० |
| ४ | नेपाल पूर्व राष्ट्रसेवक लोकतान्त्रिक पार्टी | २३ | २०७३/०८/३० |
| ५ | मधेशी जनअधिकार फोरम मधेश | ३१ | २०७३/०८/३० |
| ६ | शिव सेना नेपाल | ४३ | २०७३/०८/३० |
| ७ | नेपाल दलित पार्टी | ४५ | २०७३/०८/३० |
| ८ | खम्वुवान राष्ट्रिय मोर्चा नेपाल | ४८ | २०७३/०८/३० |
| ९ | संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च (थरूहट) | ४९ | २०७३/०८/३० |
| १० | नेपाल सुकुम्बासी पार्टी (लोकतान्त्रिक) | ५७ | २०७३/०८/३० |
| ११ | तामाङसालिङ लोकतान्त्रिक पार्टी | ६७ | २०७३/०८/३० |
| १२ | अखण्ड सुदूरपश्चिम पार्टी नेपाल | ७८ | २०७३/०८/३० |
| १३ | पिछडावर्ग निषाद दलित जनजाति पार्टी | ९४ | २०७३/०८/३० |
| १४ | राष्ट्रवादी युवा मोर्चा | १०६ | २०७३/०८/३० |

| | | | |
|---|---|---|---|
| १५ | आमूल परिवर्तन मसिहा पार्टी नेपाल | ११४ | २०७३/१२/०१ |
| १६ | मंगोल नेशनल अर्गनाइजेशन | १२१ | २०७३/१२/०१ |
| १७ | संघीय खम्बुवान लोकतान्त्रिक पार्टी नेपाल | १३१ | २०७४/०३/३० |
| १८ | किरात खम्बुवान साझा पार्टी | १५६ | २०७६/०८/२७ |
| १९ | तराई-मधेश लोकतान्त्रिक पार्टी | १७५ | २०७८/०८/०९ |

## ३.३.९ राजनीतिक दलको नाम संशोधन

निर्वाचन आयोगको मिति २०८०/११/०३ को बैठकको निर्णयबाट राजनीतिक दल सम्बन्धी ऐन, २०७३ बमोजिम आयोगमा कायम रहेका १९ वटा राजनीतिक दलहरूलाई दलको नाम नेपालको संविधान तथा राजनीतिक दल सम्बन्धी ऐनको मर्म र भावना अनुरूप भएको नदेखिएकोले नाम परिवर्तन गर्न निर्देशन दिइएकोमा देहायका राजनीतिक दलहरूबाट दलको विधान बमोजिम केन्दीय समितिबाट निर्णय गरी दिइएको निवेदन तथा संलग्न कागजातको जाचबुझ गरी राजनीतिक दलको नाम संशोधन गरिएको छ।

| क्र.सं. | दर्ता नं. | दलको साविकको नाम | दलको हाल कायम भएको नाम |
|---|---|---|---|
| १. | १५६ | किरात खम्बुवान साझा पार्टी | राष्ट्रिय साझा पार्टी |
| २. | ४५ | नेपाल दलित पार्टी | नेपाल मानवतावादी पार्टी |
| ३. | ५७ | नेपाल सुकुम्बासी पार्टी (लोकतान्त्रिक) | नेपाल जनता संरक्षण पार्टी |
| ४. | ६७ | तामाङसालिङ लोकतान्त्रिक पार्टी | जनप्रिय लोकतान्त्रिक पार्टी |
| ५. | ११४ | आमूल परिवर्तन मसिहा पार्टी नेपाल | आमूल परिवर्तन रिपब्लिकन पार्टी नेपाल |
| ६. | २३ | नेपाल पूर्वराष्ट्रसेवक लोकतान्त्रिक पार्टी | जनसेवा लोकतान्त्रिक पार्टी |
| ७. | ९९ | राष्ट्रिय जनमुक्ति पार्टी | नेपाल जनमुक्ति पार्टी |

### ३.३.१० अन्तिम मतदाता नामावली प्रकाशन

मतदाता नामावली ऐन, २०७३ बमोजिम निर्वाचन आयोगले तोकिएको कार्यविधि पूरा गरी अद्यावधिक भएको अन्तिम मतदाता नामावली प्रकाशन गर्ने र यस्तो नामावलीमा कुनै प्रकारबाट हेरफेर थपघट वा सच्याउन नसकिने व्यवस्था रहेको छ। यस बमोजिम निर्वाचन आयोगको २०८०/११/१४ को निर्णय बमोजिम इलाम जिल्ला प्रतिनिधिसभा निर्वाचन क्षेत्र न. २ र बझाङ जिल्ला प्रतिनिधिसभा निर्वाचन क्षेत्र न. १ को प्रदेशसभा निर्वाचन क्षेत्र न. १ मा उपनिर्वाचन हुने मिति २०८१/०१/१५ को अघिल्लो दिन अर्थात मिति २०८१/०१/१४ लाई निर्दिष्ट मिति (Cut off Date) तोकी अद्यावधिक गरिएको अन्तिम नामावली आयोगको २०८०/१२/२२ को निर्णय बमोजिम प्रकाशित गरिएको छ। जस अनुसार मिति २०८०/११/१३ गते भित्र मतदाता नामावलीमा नाम दर्ता गराई मिति २०८१/०१/१४ गते सम्म १८ वर्ष उमेर पूरा हुने बालिग मतदाताको संख्या १,८०,८८,९८६ रहेको छ। यसमा महिला मतदाताको संख्या ८८,८६,२२६ जना, पुरूष मतदाताको संख्या ९२,०२,६९ जना र अन्य मतदाता १८८ जना रहेका छन्।

आयोगले देशभरमा १०,८९२ मतदान स्थल स्वीकृत गर्ने र उपनिर्वाचन हुने इलाम जिल्लाको प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. २ को हकमा ७९ मतदान स्थल र १४९ मतदान केन्द्र एवम् बझाङ जिल्लाको प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ को प्रदेश सभा निर्वाचन क्षेत्र नं. १ को हकमा ७४ मतदान स्थल र ९३ मतदान केन्द्र स्वीकृत गर्ने तथा इलाम जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं २ मा महिला मतदाता ५६,८६९, पुरूष मतदाता ५९,०१८ र अन्य मतदाता २ गरी जम्मा १,१५,८८९ मतदाता र बझाङ जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं १ को प्रदेश सभा निर्वाचन क्षेत्र नं १ मा महिला मतदाता ३०,१९९ र पुरूष मतदाता ३१,५४९ गरी जम्मा ६१,७४८ मतदाताको अन्तिम मतदाता नामावली कायम गर्ने निर्णय गरेको थियो।

### ३.३.११ राष्ट्रियसभा सदस्य निर्वाचन, २०८० सम्पन्न

राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ बमोजिम १९ जना सदस्यहरूको पदावधि समाप्त हुने मिति २०८० साल फागुन २० गतेभन्दा पैंतीस दिन अघि निर्वाचन सम्पन्न गरिसक्नुपर्ने व्यवस्था अनुसार आयोगले कार्य प्रारम्भ गरेको थियो। आयोगले २०८० साल माघ महिनाको ११ गते बिहीबारका दिन निर्वाचन गर्ने मिति तोक्न नेपाल सरकारलाई परामर्श दिइएकोमा नेपाल सरकार मन्त्रिपरिदको मिति २०८०/०८/१३ गतेको निर्णयबाट सोही दिन राष्ट्रियसभा

सदस्य निर्वाचनको मिति तोकिएको थियो। निर्वाचन आयोगको निर्णय बमोजिम २०८०/१०/११ गते बिहान ९:०० बजे देखि अपरान्ह ३:०० बजे सम्म भएको मतदानको सोही दिन मतगणना गरी परिणाम घोषणा हुनुको साथै राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ६० बमोजिम निर्वाचनको सम्पूर्ण परिणाम राष्ट्रपति समक्ष पेश गरी निर्वाचित उम्मेदवारको विवरण नेपाल राजपत्रमा प्रकाशित गरिएको थियो।

### ३.३.१२ राष्ट्रिय सभामा निर्वाचक मण्डलका सदस्यको नयाँ मतभार निर्धारण

नेपालको संविधानको धारा ८६ को उपधारा (३) बमोजिम राष्ट्रिय सभाका एक तिहाइ सदस्यहरूको पदावधि २०८० फागुन २० गते समाप्त हुन लागेको र राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ५ को उपदफा (१क) बमोजिम पद रिक्त हुनुभन्दा ३५ दिन पहिले निर्वाचन गरिसक्नु पर्ने कानूनी व्यवस्था छ। राष्ट्रिय जनगणना २०७८ सम्पन्न भै जनगणनाको प्रतिवेदन समेत सार्वजनिक भईसकेकोले निर्वाचक मण्डलका सदस्यको नयाँ मतभार कायम गर्नुपर्ने सम्बन्धमा राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ५६ सँग सम्बन्धित मतभार निर्धारणका लागि सिफारिस गरी पठाउन राष्ट्रिय तथ्याङ्क कार्यालयमा लेखी पठाइएको थियो। राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रदेश सभा सदस्यका लागि ५३ र गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुखको मतभार १९ कायम हुने भनी लेखी आए बमोजिम अर्को व्यवस्था नभएसम्मका लागि प्रदेश सभा सदस्यका लागि मतभार ५३ र गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुखको मतभार १९ कायम गर्ने निर्णय आयोगबाट मिति २०८०/०८/०६ मा भई सोही मतभार अनुसार राष्ट्रिय सभाका एक तिहाइ सदस्यहरू निर्वाचित गरिएको थियो।

### ३.३.१३ लेखापरीक्षण प्रतिवेदन पेश नगर्ने राजनीतिक दललाई कारबाही

आयोगको मिति २०८१/०१/०९ को बैठकबाट राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ५४ को उपदफा ५ बमोजिम आयोगमा दर्ता कायम रहेका राजनीतिक दलहरूमध्ये आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षण प्रतिवेदन तोकिएको समयवाधि भित्र पेश गर्ने ८२(बयासी) राजनीतिक दलमध्ये २०(बीस) राजनीतिक दल र समय व्यातीत भएपश्चात लेखापरीक्षण प्रतिवेदन पेश गर्ने १३(तेऱ्ह) राजनीतिक दल मध्ये १(एक) राजनीतिक दल गरी २१(एक्काईस) वटा राजनीतिक दलले राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४१ को उपदफा (५) बमोजिम आयोगमा पेश भएको लेखापरीक्षण प्रतिवेदन सम्बन्धित दलको कार्यालय वा वेबसाइट, आमसञ्चार माध्यम (पत्रपत्रिका, रेडियो, टेलिभिजन आदि),

सामाजिक सञ्जाल (फेसबुक, ट्वीटर, इन्स्टाग्राम) का माध्यमबाट ७(सात) दिनभित्र सार्वजनिक गरी सोको जानकारी आयोगमा पेश गर्न निर्देशन दिइएको थियो। आर्थिक वर्ष २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन तोकिएको समयावधि भित्र बुझाउने तर सोको विवरण सार्वजनिक नगर्ने राजनीतिक दलहरू देहाय बमोजिम रहेका थिए।

| क्र.स. | दल दर्ता नं. | लेखापरीक्षण प्रतिवेदन पेश गरेको मिति | राजनीतिक दलको नाम |
|---|---|---|---|
| १ | २० | २०८०/०४/२३ | मधेश तराई फोरम |
| २ | १९ | २०८०/०५/१० | नेपाल परिवार दल |
| ३ | ८२ | २०८०/०५/२१ | नेपाः राष्ट्रिय पार्टी |
| ४ | २१ | २०८०/०५/३१ | आधुनिक नेपाल समाजवादी पार्टी |
| ५ | १९४ | २०८०/०८/२२ | राष्ट्रिय समता पार्टी नेपाल |
| ६ | १०१ | २०८०/०८/२४ | त्रिमूल नेपाल |
| ७ | १४१ | २०८०/०९/२५ | प्रजातान्त्रिक पार्टी नेपाल |
| ८ | ५८ | २०८०/०९/२९ | बहुजन समाज पार्टी नेपाल |
| ९ | ७९ | २०८०/०९/२९ | संघीय विकासवादी पार्टी , नेपाल |
| १० | ७८ | २०८०/०९/२९ | अखण्ड सुदूरपश्चिम पार्टी नेपाल |
| ११ | ६ | २०८०/१०/२४ | मुस्कान सेना नेपाल पार्टी |
| १२ | १६८ | २०८०/१०/२८ | बहुजन एकता पार्टी नेपाल |
| १३ | १५२ | २०८०/१०/२८ | मौलिक जरोकिलो पार्टी |
| १४ | १९० | २०८०/१०/२८ | नेपाल कम्युनिष्ट पार्टी एकता राष्ट्रिय अभियान |
| १५ | ५१ | २०८०/१०/२८ | नेपाल समाजवादी काँग्रेस |
| १६ | १६० | २०८०/१०/२९ | जनताको जनवादी पार्टी, नेपाल |
| १७ | ७३ | २०८०/१०/२९ | मितेरी पार्टी नेपाल |
| १८ | १३८ | २०८०/१०/२९ | विवेकशील साझा पार्टी |
| १९ | १७० | २०८०/१०/२९ | नेपाल कम्युनिष्ट पार्टी (समाजवादी) |
| २० | १४६ | २०८०/१०/२९ | नेपाल लोकतान्त्रिक पार्टी |

त्यसैगरी आर्थिक वर्ष २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन तोकिएको समयावधि व्यतीत भएपछि अर्थात् २०८०/११/१ गते पेश गर्ने र लेखापरीक्षण प्रतिवेदन सार्वजनिक नगर्ने राजनीतिक दल नेपाली कांग्रेस वि.पी. रहेको थियो।

राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४१ को उपदफा (१) बमोजिम आयोगमा दर्ता कायम रहेका राजनीतिक दलहरूले आथिक बर्ष समाप्त भएको छ महिनाभित्र कानून बमोजिम इजाजत प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराई एक महिना भित्र सो लेखापरीक्षण प्रतिवेदन आयोगमा पेश गर्नुपर्ने दायित्व रहेकोमा आर्थिक वर्ष २०७७/०७८, २०७८/७९ र २०७९/८० तीन आर्थिक वर्षसम्म पेश नगर्ने राजनीतिक दलहरूको विवरण देहाय अनुसार रहेको छः

| **क्र.स.** | **दल दर्ता नं.** | **लेखापरीक्षण प्रतिवेदन पेश गरेको मिति** | **राजनीतिक दलको नाम** |
|---|---|---|---|
| १ | १२४ | पेश नगरेको | आम आदमी पार्टी नेपाल |
| २ | १४७ | पेश नगरेको | राष्ट्रिय जनमुखी पार्टी लोकतान्त्रिक |
| ३ | १६४ | पेश नगरेको | नेपाल कम्युनिष्ट पार्टी लोकतान्त्रिक |

राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को व्यवस्था बमोजिम आर्थिक वर्ष २०७८/०७९ र २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन निरन्तर दुई आर्थिक वर्षसम्म पेश नगर्ने राजनीतिक दलहरूको विवरण देहाय बमोजिम रहेको थियो।

| **क्र.स.** | **दल दर्ता नं.** | **लेखापरीक्षण प्रतिवेदन पेश गरेको मिति** | **राजनीतिक दलको नाम** |
|---|---|---|---|
| १ | ३ | पेश नगरेको | गान्धीवादी पार्टी |
| २ | २७ | पेश नगरेको | नेपाल राष्ट्रवादी पार्टी |
| ३ | १५८ | पेश नगरेको | माओवादी जनमुक्ति पार्टी नेपाल |
| ४ | १६५ | पेश नगरेको | नेपाल कम्युनिष्ट पार्टी परिवर्तन |
| ५ | १८० | पेश नगरेको | सामाजिक एकता पार्टी |
| ६ | १८३ | पेश नगरेको | साझा पार्टी नेपाल |

यसैगरी आर्थिक वर्ष २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन तोकिएको समयावधि व्यतीत भएपछि पेश गर्ने राजनीतिक दलहरूको विवरण देहाय बमोजिम रहेको थियो।

| क्र.स. | दल दर्ता नं. | लेखापरीक्षण प्रतिवेदन पेश गरेको मिति | राजनीतिक दलको नाम | सार्वजनिक गरेको नगरेको |
|---|---|---|---|---|
| १ | १३४ | २०८०/११/०१ | नेपाली कांग्रेस वि.पी. | नगरेको |
| २ | २५ | २०८०/११/०२ | नेपाल कम्युनिष्ट पार्टी (मार्क्सबादी) | गरेको |
| ३ | १९१ | २०८०/११/०३ | समावेशी समाजवादी पार्टी | गरेको |
| ४ | ४४ | २०८०/११/०८ | बहुजन शक्ति पार्टी | गरेको |
| ५ | १२९ | २०८०/११/०३ | देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल | गरेको |
| ६ | १५५ | २०८०/११/०९ | नेपाल सदभावना पार्टी | गरेको |
| ७ | १९२ | २०८०/११/२२ | जय जन्मभूमि पार्टी नेपाल | गरेको |
| ८ | १७५ | २०८०/११/२३ | तराई-मधेस लोकतान्त्रिक पार्टी | गरेको |
| ९ | १७९ | २०८०/११/२४ | जनता प्रगतिशिल पार्टी, नेपाल | गरेको |
| १० | १६५ | २०८०/१२/०२ | नेपाल कम्युनिष्ट पार्टी परिवर्तन | गरेको |
| ११ | १७१ | २०८०/१२/१९ | राष्ट्रिय सद्भावना पार्टी | गरेको |
| १२ | २२ | २०८१/०१/०२ | नेपाल नौलो जनवादी पार्टी | गरेको |
| १३ | १८९ | २०८१/०१/०३ | पुनर्जागरण पार्टी,नेपाल | गरेको |

आर्थिक वर्ष २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन पेश नगर्ने राजनीतिक दलहरूको विवरण देहाय बमोजिम रहेको थियो।

| क्र.स. | दल दर्ता नं. | लेखापरीक्षण प्रतिवेदन पेश गरेको मिति | राजनीतिक दलको नाम |
|---|---|---|---|
| १ | ७ | पेश नगरेको | चुरेभावर लोकतान्त्रिक पार्टी |
| २ | १३ | पेश नगरेको | राष्ट्रिय एकता पार्टी प्रजातन्त्रवादी |
| ३ | ४३ | पेश नगरेको | शिव सेना नेपाल |
| ४ | ४९ | पेश नगरेको | संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च थ)रू(हट |
| ५ | ६४ | पेश नगरेको | राष्ट्रवादी एकता पार्टी |
| ६ | ८४ | पेश नगरेको | राष्ट्रिय एकता मञ्च |
| ७ | ११० | पेश नगरेको | नेपाल समाजवादी पार्टी (लोहियावादी) |
| ८ | १४२ | पेश नगरेको | नेपाल मातृभूमि पार्टी |
| ९ | १५३ | पेश नगरेको | माओवादी कम्युनिष्ट पार्टी, नेपाल |
| १० | १६२ | पेश नगरेको | नेश्नलिष्ट पिपल्स पार्टी |

| | | | |
|---|---|---|---|
| ११ | १७२ | पेश नगरेको | उन्नत लोकतन्त्र पार्टी |
| १२ | १८५ | पेश नगरेको | नेपाल कम्युनिष्ट पार्टी माओवादी समाजवादी |
| १३ | १८६ | पेश नगरेको | देशभक्त लोकतान्त्रिक पार्टी, नेपाल |
| १४ | १८८ | पेश नगरेको | हाम्रो नेपाली पार्टी |
| १५ | १९३ | पेश नगरेको | राष्ट्रवादी केन्द्र नेपाल |

साथै, समाजवादी केन्द्र नेपाल नामक राजनीतिक दलले आर्थिक वर्ष २०७८/०७९ सम्मको लेखापरीक्षण प्रतिवेदन पेश गरेको देखिँदैन।

## ३.३.१४ निर्वाचन खर्चको विवरण सार्वजनिक नगर्ने उम्मेदवारहरूलाई जरिवाना

संवत् २०७९ साल मंसिर ४ गते सम्पन्न भएको प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा उम्मेदवार भई कानूनले तोकेको समयभित्र प्रदेश/जिल्ला निर्वाचन कार्यालयमा निर्वाचन खर्चको विवरण पेश गर्ने प्रतिनिधि सभातर्फका २३७४ जना र प्रदेश सभातर्फका ३१८८ जना समेत गरी कूल जम्मा ५५६२ जना उम्मेदवारहरूलाई निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ३१ को उपदफा (२) बमोजिम मिति २०८०/१/६ देखि मिति २०८०/१/१२ सम्म निर्वाचन खर्चको विवरण सार्वजनिक गरेको लिखित जानकारी आफु उम्मेदवार रहेको प्रदेश/जिल्ला निर्वाचन कार्यालयमा गराउन आयोगको मिति २०८०/१/५ को निर्णयानुसार निर्देशन दिईएको थियो। सो निर्देशन बमोजिम तोकिएको समयभित्र निर्वाचन खर्चको विवरण सार्वजनिक नगर्ने प्रतिनिधि सभातर्फका १०३७ जना र प्रदेश सभातर्फका १३९८ जना समेत गरी जम्मा २४३५ जना उम्मेदवारहरूलाई निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ३१ को उपदफा (४) बमोजिम जनही रू. १५,०००। -(पन्ध्र हजार) रूपैयाँका दरले जरिवाना गर्ने निर्णय भएको छ। यसरी भएको जरिवाना बापतको रकम नबुझाउने उम्मेदवारहरूको हकमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम सरकारी बाँकी सरह असुल उपर गर्न नामनामेशी सहितको तीन पुस्ते विवरण तयार गरी केन्द्रीय तहसील कार्यालयमा लेखी पठाइएको छ।

## ३.३.१५ राजनीतिक दल दर्ता खारेजको प्रक्रिया अगाडि बढाउन निर्देशन

राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १३ ले उक्त ऐन मा उल्लिखित विवरण र प्रतिवेदनका अतिरिक्त संघीय कानून बमोजिम आयोगलाई बुझाउनु पर्ने अन्य विवरण र प्रतिवेदन नबुझाएमा त्यस्ता राजनीतिक दलको दर्ता कायम नरहने व्यवस्था गरेको छ। सो बमोजिम राजनीतिक दलहरूले आयोगमा लेखा परीक्षण प्रतिवेदन नबुझाएको र आयोगले

तोकेको समयमा लेखापरीक्षण प्रतिवेदन सार्वजनिक नगरेकोमा आयोगबाट जरिवाना गर्ने निर्णय भई उक्त जरिवाना हालसम्म पनि नबुझाएकोले सम्बन्धित दलहरूलाई जरिवाना बुझाउन निर्देशन दिने र जरिवाना नबुझाएमा कानून बमोजिम दल दर्ता खारेजको प्रक्रिया अगाडि बढाउने भनी राजनीतिक दल सम्बन्धी ऐनको दफा ५७ बमोजिम देहायका दललाई निर्देशन दिइएको थियो।

| क्र.स | राजनीतिक दलको नाम | दर्ता नं. | दर्ता मिति |
|---|---|---|---|
| १. | मुस्कान सेना नेपाल पार्टी | ६ | २०७३/०८/३० |
| २. | शिवसेना नेपाल | ४३ | २०७३/०८/३० |
| ३. | आम आदमी पार्टी नेपाल | १२४ | २०७३/१२/०१ |
| ४. | राष्ट्रिय जनमुखी पार्टी लोकतान्त्रिक | १४७ | २०७५/०५/२४ |
| ५. | नेपाल कम्युनिष्ट पार्टी (लोकतान्त्रिक) | १६४ | २०७८/०३/०६ |
| ६. | पिछडावर्ग निषाद दलित जनजाति पार्टी | ९४ | २०७३/०८/३० |
| ७. | नेश्नलिष्ट पिपल्स पार्टी | १६२ | २०७७/११/११ |
| ८. | नेपाः राष्ट्रिय पार्टी | ८२ | २०७३/०८/३० |
| ९. | गान्धीवादी पार्टी नेपाल | ३ | २०७३/०८/३० |
| १०. | नेपाल कम्युनिष्ट पार्टी परिवर्तन | १६५ | २०७८/०४/०४ |
| ११. | समाजवादी केन्द्र नेपाल | १६९ | २०७८/०५/२३ |
| १२. | नेपाल नौलो जनवादी पार्टी | २२ | २०७३/०८/३० |
| १३. | नेपाल राष्ट्रवादी पार्टी | २७ | २०७३/०८/३० |
| १४. | देशभक्त जनगणतान्त्रिक मोर्चा | १२९ | २०७४/०३/२८ |
| १५. | माओवादी जनमुक्ति पार्टी नेपाल | १५८ | २०७६/१२/०४ |
| १६. | सामाजिक एकता पार्टी | १८० | २०७८/११/०३ |
| १७. | साझा पार्टी, नेपाल | १८३ | २०७८/११/०४ |
| १८. | नेपाल कम्युनिष्ट पार्टी (गौरवशाली) | १८४ | २०७८/११/०४ |
| १९. | जनता प्रगतिशील पार्टी, नेपाल | १७९ | २०७८/११/०३ |
| २०. | संघीय खम्बुवान लोकतान्त्रिक पार्टी नेपाल | १३१ | २०७४/०३/३० |
| २१. | राष्ट्रिय एकता पार्टी प्रजातन्त्रवादी | १३ | २०७३/०८/३० |
| २२. | मधेश तराई फोरम | २० | २०७३/०८/३० |

| | | | |
|---|---|---|---|
| २३. | नेपाल कम्युनिष्ट पार्टी(मार्क्सवादी) | २५ | २०७३/०८/३० |
| २४. | मधेशी जनाधिकार फोरम मधेश | ३१ | २०७३/०८/३० |
| २५. | नेपाल सुकुम्बासी पार्टी(लोकतान्त्रिक) | ५७ | २०७३/०८/३० |
| २६. | नेपाली जनता दल | ६३ | २०७३/०८/३० |
| २७. | राष्ट्रवादी एकता पार्टी | ६४ | २०७३/०८/३० |
| २८. | अखण्ड सुदूरपश्चिम पार्टी नेपाल | ७८ | २०७३/०८/३० |
| २९. | संघीय विकासवादी पार्टी नेपाल | ७९ | २०७३/०८/३० |
| ३०. | राष्ट्रिय एकता मञ्च | ८४ | २०७३/०८/३० |
| ३१. | जनजागरण पार्टी नेपाल | ८५ | २०७३/०८/३० |
| ३२. | जनसमाजवादी पार्टी, नेपाल | १०० | २०७३/०८/३० |
| ३३. | राष्ट्रवादी युवा मोर्चा | १०६ | २०७३/०८/३० |
| ३४. | नेपाल समाजवादी पार्टी (लोहियावादी) | ११० | २०७३/०८/३० |
| ३५. | आमूल परिवर्तन मसिहा पार्टी नेपाल | ११४ | २०७३/१२/०१ |
| ३६. | राष्ट्रिय समाजवादी पार्टी नेपाल | १२५ | २०७३/१२/०१ |
| ३७. | माओवादी कम्युनिष्ट पार्टी, नेपाल | १५३ | २०७६/०५/१५ |
| ३८. | राष्ट्रिय सदभावना पार्टी | १७१ | २०७८/०७/१४ |
| ३९. | उन्नत लोकतन्त्र पार्टी | १७२ | २०७८/०७/१४ |
| ४०. | देशभक्त लोकतान्त्रिक पार्टी, नेपाल | १८६ | २०७८/११/२९ |

## ३.३.१६ किसान र श्रमिकको प्रतिनिधित्वको विषयमा अध्ययन

नेपालको संविधानको धारा ४२ मा सामाजिक न्यायको हक अन्तर्गत आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाती, मधेशी, थारू, मुस्लिम, पिछडावर्ग, अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ भन्ने व्यवस्था बमोजिम निर्वाचन सञ्चालन तथा व्यवस्थापनका सबै चरण र प्रक्रियामा समावेशी सिद्धान्तको अवलम्बन गर्दै राज्यका संरचनामा किसान र श्रमिकको समेत प्रतिनिधित्व हुने अवस्था सिर्जना गर्नुपर्ने भएको, राज्यका संरचनामा किसान र श्रमिकको प्रतिनिधित्वको विषयमा आधिकारिक विवरण, अध्ययन एवम् प्रतिवेदन प्राप्त नभएकोले अध्ययन गरी विशेष व्यवस्थाको पुनरावलोकन गर्न, भविष्यमा अवलम्बन

गर्नुपर्ने नीतिको सिफारिश लगायत सुधारका लागि सुझाव दिने लगायतको अधिकार क्षेत्र राष्ट्रिय समावेशी आयोग भित्र पर्ने देखिएकोले नेपालको संविधानको धारा ४२ बमोजिम निर्वाचन सम्बन्धी नीति, कानून तथा संरचनामा किसान र श्रमिकको प्रतिनिधित्वको विषयमा अध्ययन गरी आवश्यकता अनुसार निर्वाचन आयोगको समन्वय र सहकार्यमा प्रतिवेदन उपलब्ध गराउन राष्ट्रिय समावेशी आयोगमा अनुरोध गरी पठाउन आयोगबाट मिति २०८०/०४/११ मा निर्णय भएको थियो।

## ३.३.१७ निर्वाचनमा प्रयोग भएका कागजातहरू धुल्याउन निर्देशन

आयोगको मिति २०८०/०६/२१ को निर्णयबाट स्थानीय तह सदस्य निर्वाचन २०७९, प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ मा प्रयोग भएका कागजात तथा अभिलेखहरू स्थानीय तह सदस्य निर्वाचन ऐन, २०७३, प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७, सरकारी कागजात धुल्याउने नियमहरू, २०२७ बमोजिम एवम् सर्वोच्च अदालतमा दायर भएको रिट नं. ०७९-W-०५११ को मुद्दामा मिति २०७९/७/२९ मा भएको आदेश समेतलाई मध्यनजनर गरी धुल्याउन प्रदेश/जिल्ला निर्वाचन कार्यालयहरूलाई सचिवालय मार्फत निर्देशन दिने निर्णय भएको थियो। निर्णयानुसार अधिकांश निर्वाचन कार्यालयहरूबाट कागजात धुल्याउने कार्यहरू सम्पन्न भई निर्वाचन सामग्री भण्डारण तथा व्यवस्थापनमा सहजता आएको छ।

## ३.३.१८ राजनीतिक दललाई निर्देशन

आयोगको मिति २०८०/११/०३ को बैठकबाट आयोगमा दर्ता कायम रहेका सबै राजनीतिक दलहरूलाई राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम देहायको निर्देशन दिने र सोको जानकारी सबै राजनीतिक दलहरूलाई गराउने निर्णय भएको थियोः

- आयोगमा दर्ता कायम रहेका राजनीतिक दलहरूले विधान संशोधन वा हेरफेर गरी राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१ बमोजिम अद्यावधिकको लागि आयोगमा पेश गर्दा आयोगले मिति २०७९/०४/०४ मा स्वीकृत गरेको ढाँचा बमोजिम तयार गरी पेश गर्ने,
- दलले आफ्नो नाम, विधान, नियम, छाप, झण्डा वा चिन्हमा भएको परिवर्तन वा संशोधन वा पदाधिकारीको हेरफेर भएका विषयको जानकारी राजनीतिक

दल सम्बन्धी ऐन, २०७३ को दफा ५१ बमोजिम ३० दिन भित्र आयोगलाई दिने,

- दलले आफ्नो नाम, विधान, नियम, छाप, झण्डा वा चिन्हमा भएको परिवर्तन वा संशोधन वा पदाधिकारीको हेरफेरको विवरण आयोगबाट स्वीकृत दलको विधान बमोजिम महाधिवेशन वा आयोगको अभिलेखमा रहेको केन्द्रीय कार्यकारिणी समितिबाट मात्र निर्णय गरी सम्भव भएको अवस्थामा महाधिवेशनबाट अनुमोदन गरी गराई राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१ बमोजिम अद्यावधिकको लागि आयोगमा पेश गर्ने,
- राजनीतिक दलहरूले विधान बमोजिम दलको सदस्यता वितरण गर्दा र केन्द्रीय समिति लगायत अन्य समितिहरूमा पदाधिकारी तथा सदस्यको निर्वाचन, मनोनयन वा नियुक्ति गर्दा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १४ बमोजिम योग्यता पुगे नपुगेको निर्क्योल गरी योग्यता पुगेको व्यक्तिलाई मात्र सदस्यता वितरण र निर्वाचन, मनोनयन वा नियुक्ति गर्ने साथै सदस्यता वितरणको विवरण स्थानीय तह, प्रदेश तह तथा केन्द्रीय तहमा अद्यावधिक गरी राख्ने,
- राजनीतिक दलहरूले विधान बमोजिम विभिन्न तहमा रहने समितिहरूमा पदाधिकारी एवम् सदस्यहरूको निर्वाचन, मनोनयन वा नियुक्ति गर्दा नेपालको संविधान र राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १५ बमोजिम समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिता हुने व्यवस्था गर्ने,
- राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १६ बमोजिम दलको संघीय र प्रदेश तहका समितिमा रहने प्रत्येक पदाधिकारीको पद विधानमा किटान गरी तोक्ने,
- राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १६ बमोजिम दलको संघीय र प्रदेश तहका प्रत्येक पदाधिकारीको निर्वाचन हुने ब्यवस्था विधानमा उल्लेख गरी सो बमोजिम निर्वाचनद्वारा पदपूर्ति गर्ने,
- दलले विधानको संशोधन गरी सोही व्यवस्था बमोजिम केन्द्रीय कार्यकारिणी समिति लगायत अन्य समितिहरूको हेरफेर गरी विधानको संशोधन र केन्द्रीय कार्यकारिणी समितिको अद्यावधिक गर्न एकै पटक आयोगमा पेश गर्ने गरेकोमा सो नगरी पहिला विधानमा भएको संशोधन राजनीतिक दल सम्बन्धी ऐन,

२०७३ को दफा ५१ बमोजिम आयोगबाट अद्यावधिक भएपछि मात्र त्यसको आधारमा केन्द्रीय कार्यकारिणी समितिमा हेरफेर गरी राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१ बमोजिम अद्यावधिकको लागि पेश गर्ने,

- दलले आफ्नो आय र व्ययको वास्तविक हिसाब किताव देखिने गरी राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४० बमोजिम आयोगले तोकेको ढाँचामा लेखा राखी अभिलेख राख्ने प्रयोजनको लागि दलले जिम्मेवार पदाधिकारी तोकी त्यसको जानकारी आयोगलाई गराउने, साथै, दलले आफ्नो आय र व्ययको वास्तविक हिसाब किताव देखिने गरी बैंक मार्फत कारोबार गर्ने व्यवस्था मिलाउने,
- दलले राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४१ बमोजिम आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र आफ्नो आय र व्ययको लेखा परीक्षण कानून बमोजिम इजाजत प्राप्त लेखा परीक्षकबाट गराई एक महिनाभित्र आयोगमा पेश गरी आयोगमा पेश भएको मितिले एक महिनाभित्र सार्वजनिक गर्ने र सोको जानकारी आयोगमा पठाउने,
- राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १६ बमोजिम आधुनिक नेपाल समाजवादी पार्टी (दर्ता नं.२१) नामक राजनीतिक दलले विधान बमोजिम तोकिएको समयमा केन्द्रीय पदाधिकारी र सदस्यको निर्वाचन नगरेकोले आयोगबाट जरिवाना गर्ने निर्णय भएकोमा आयोगबाट भएको जरिवाना हालसम्म पनि नबुझाएकोले उक्त दललाई जरिवाना बुझाउन एक पटक मौका दिई तोकिएको समयमा जरिवाना नबुझाएमा कानून बमोजिम दल दर्ता खारेजको प्रक्रिया अगाडि बढाउने,
- राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा २(ठ) बमोजिम दलले आफ्नो विधानमा केन्द्रीय कार्यकारिणी समितिको प्रमुख पदाधिकारी तोक्नु पर्ने व्यवस्था भएकोले एकजना मात्र प्रमुख पदाधिकारी रहने व्यवस्था गर्ने,
- राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५३ बमोजिम केन्द्रीय समितिका पदाधिकारी र सदस्यमा निर्वाचित भएको व्यक्तिले निर्वाचित भएको साठी दिनभित्र आफ्नो चल तथा अचल सम्पत्तिको विवरण सिलबन्दी गरी दलको केन्द्रीय कार्यालय समक्ष पेश गर्ने र दलले त्यसको अभिलेख राखी सम्पत्ति विवरण पेश गर्ने र नगर्ने पदाधिकारी र सदस्यको नाम त्यसरी सम्पत्ति

विवरण पेश गर्नुपर्ने अवधि नाघेको एक महिनाभित्र प्रकाशन गरी सोको जानकारी आयोगमा पठाउने,

- राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५९ बमोजिम आयोगसँगको सम्पर्कको लागि दलले एकजना सम्पर्क व्यक्ति तोकी आयोगलाई जानकारी गराउने व्यवस्था बमोजिम हालसम्म सम्पर्क व्यक्ति नतोकेको भए संवत् २०८० फागुन मसान्तभित्र तोकी सोको जानकारी आयोगमा पठाउने,
- दलले आफ्नो नाम, विधान, नियम, छाप, झण्डा वा चिन्हमा भएको परिवर्तन वा संशोधन वा पदाधिकारीको हेरफेरको विवरण राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१ बमोजिम अद्यावधिकको लागि आयोगमा पेश गर्दा आयोगबाट स्वीकृत चेक लिष्ट प्रमाणित गरी पेश गर्ने।

## ३.३.१९ अदालतको आदेश बमोजिम पुनःमतगणनाको खर्च व्यवस्थापन सम्बन्धमा

मिति २०७९/०१/३० मा सम्पन्न भएको स्थानीय तह निर्वाचनमा तनहुँ जिल्ला, व्यास नगरपालिका, प्रमुख पदको निर्वाचनको परिणामका सम्बन्धमा उच्च अदालत, पोखरामा रिट परी उक्त निर्वाचनको मतपत्रहरूको पुनः मतगणना गर्ने प्रयोजनार्थ खर्च व्यवस्थापनका लागि उच्च अदालत, पोखराको आदेश बमोजिम भनी लेखी आएको पत्रका सम्बन्धमा देहाय बमोजिम निर्णय भएको थियोः-

- स्थानीय तह निर्वाचन, २०७९ को परिणाम घोषणा भई अदालतमा उजुरी परी दोहोऱ्याई मतगणना गर्नुपर्ने अवस्थामा निर्वाचन (कसूर तथा सजाय) ऐन,२०७३ को दफा ४४ को उपदफा (१) मा कुनै निर्वाचनमा सम्बन्धित उम्मेदवारले मतगणना कार्य बदर गरी पाउँ भनी उजुर गर्नुपर्ने कारण सिर्जना भएको मितिले १५ दिनभित्र सम्बन्धित अदालतमा उजुरी दिन सक्ने र सोही दफाको उपदफा (२) मा उपदफा (१) बमोजिम दिएको उजुरी प्रमाणित भएमा अदालतले त्यस्तो मतगणना कार्य बदर गरी दोहोऱ्याई मतगणना गर्न सक्नेछ भन्ने व्यवस्था भए बमोजिम सम्बन्धित अदालतबाटै दोहोऱ्याई मतगणना गरी अदालतबाटै निर्णय हुनु पर्ने देखिएको तथा निर्वाचन आयोगबाट सम्पन्न उक्त निर्वाचनको विषयमा नै उजुरी परेको सन्दर्भमा आवश्यक कागजात अदालतमा उपलब्ध गराई अदालतलाई सहयोग गर्ने बाहेक अन्य

प्राविधिक, आर्थिक लगायतका विषयहरूमा सम्मानित अदालतको क्षेत्राधिकारको विषयमा न्यायिक निष्पक्षताको दृष्टिबाट समेत आयोगको सहभागिता हुन उपयुक्त नदेखिएकोले सोही व्यहोराको जानकारी सम्मानित उच्च अदालतलाई लेखी पठाउने।

- स्थानीय तह निर्वाचन सञ्चालन (आर्थिक व्यवस्थापन) कार्यविधि, २०७८ बमोजिम पुनः मतगणना गर्न आवश्यक अनुमानित खर्च एवम् निर्वाचन आयोग ऐन,२०७३ को दफा २७ बमोजिम निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने प्रयोजनका लागि आयोगको खर्चको व्ययभार सङ्घीय सञ्चित कोषबाट हुने र निर्वाचन सम्पन्न भैसकेको परिप्रेक्ष्यमा उक्त सम्पन्न भैसकेको निर्वाचनका लागि आयोगमा कुनै बजेट तथा कार्यक्रमको व्यवस्था नहुने व्यहोरा समेत सम्मानित उच्च अदालत पोखरालाई लेखी पठाउने।
- पुनः मतगणना प्रयोजनार्थ सम्मानित अदालतबाट आदेश भए बमोजिम आवश्यक पर्ने मतपत्र लगायत अन्य आवश्यक कागजात उपलब्ध गराई अदालतलाई सहयोग गर्न जिल्ला निर्वाचन कार्यालय, तनहुँलाई निर्देशन दिने।

## ३.३.२० प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको उपनिर्वाचन

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६८ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६८ बमोजिम संवत् २०८१ साल वैशाख १५ गते शनिबारका दिन इलाम जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नम्बर २ र बझाङ जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ को प्रदेश सभा निर्वाचन क्षेत्र नं. १ मा उपनिर्वाचन गर्ने गरी निर्वाचनको मिति तोक्ने र तोकिएको मितिमा उपनिर्वाचन सम्पन्न गर्न आवश्यक सम्पूर्ण सहयोग उपलब्ध गराउन नेपाल सरकारका मुख्य सचिव मार्फत नेपाल सरकार, मन्त्रिपरिषद्लाई लेखी पठाउने सम्बन्धमा आयोगबाट मिति २०८०/११/१३ मा निर्णय भएको थियो।

## ३.३.२१ उपनिर्वाचनको लागि निर्वाचन आचारसंहिता जारी

आयोगको मिति २०८०/१२/२१ को निर्णयानुसार संवत् २०८१ साल वैशाख १५ गते सम्पन्न प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको उपनिर्वाचन प्रयोजनको लागि निर्वाचन आचारसंहिता लागू गर्ने सम्बन्धमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ तथा निर्वाचन आचारसंहिता, २०७९ को दफा १ को उपदफा (२) बमोजिम इलाम र बझाङ जिल्लाभर

संवत् २०८० साल चैत २८ गतेदेखि निर्वाचन सम्पन्न नभएसम्म निर्वाचन आचारसंहिता, २०७९ को सम्पूर्ण व्यवस्था लागू गर्ने निर्णय गरिएको थियो।

## ३.३.२२ प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको उपनिर्वाचनका लागि खर्चको हद निर्धारण

प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको उपनिर्वाचनका लागि खर्चको हद तोक्ने सम्बन्धमा मिति २०७९/०६/३१ को नेपाल राजपत्रमा प्रकाशित सूचना नै लागू हुने गरी इलाम जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नम्बर २ को लागि एकतीस लाख रूपैयाँ र बझाङ जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. १ को प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. १ लागि तेइस लाख रूपैयाँ उम्मेदवारले खर्च गर्न पाउने अधिकतम हद तोक्ने र आयोगले तोकेको खर्चको हदभित्र रही निर्वाचनमा खर्च गर्न र प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७२ को उपदफा (४) तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७२ को उपदफा (४) बमोजिम निर्वाचन खर्चको विवरण उम्मेदवार वा उम्मेदवारको प्रतिनिधिले निर्वाचन परिणाम घोषणा भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा पेश गर्न आयोगबाट मिति २०८०/१२/२५ मा निर्णय भएको थियो।

## ३.३.२३ उपनिर्वाचनमा सुरक्षा व्यवस्थापन

निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिका, २०७८ अनुसार मिति २०८०/१२/२७ गते बसेको उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको बैठकको सिफारिस समेतका आधारमा आयोगबाट मिति २०८०/१२/२७ मा मिति २०८१/०१/१५ गते इलाम जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं २ र बझाङ जिल्ला प्रदेश सभा निर्वाचन क्षेत्र नं १(१) मा हुने उपनिर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहित र सुरक्षित वातावरणमा सम्पन्न गर्ने गरी सुरक्षा व्यवस्थापन गर्ने सम्बन्धमा देहाय बमोजिम निर्णय भएको थियो।

- निर्वाचन आयोग ऐन, २०७३ को दफा ४ बमोजिम निर्वाचनको प्रभावकारी सुरक्षा व्यवस्थापनका लागि नेपाल सरकार, गृह मन्त्रालयमा लेखी पठाउने र गृह मन्त्रालयबाट प्रभावकारी सुरक्षा प्रबन्ध सहितको सुरक्षा योजना तयार गरी आयोगलाई जानकारी गराउन निर्देशन दिने।
- मिति २०८१/१/१५ मा हुने इलाम जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं २ र बझाङ जिल्ला प्रदेश सभा निर्वाचन क्षेत्र नं १(१) मा उपनिर्वाचनका लागि मतदान तथा निर्वाचन सम्बन्धी व्यवस्थापकीय कार्य सञ्चालन गर्न मिति

२०८१/१/१३ देखि मिति २०८१/१/१५ सम्म ३ दिनका लागि उपनिर्वाचन हुने क्षेत्रका मतदान स्थल तथा मतदान केन्द्र रहेका विद्यालयहरूको उपयोग गर्नुपर्ने भएकोले मिति २०८१/१/१३ देखि मिति २०८१/१/१४ सम्म २ दिनका लागि विद्यालयमा सार्वजनिक विदाको व्यवस्था मिलाउन मुख्य सचिव मार्फत नेपाल सरकारमा लेखी पठाउने।

- आयोगको मिति २०८०/१२/२२ को निर्णयानुसार मतदानस्थल रहेका विद्यालयहरूमा मिति २०८१/१/१३ देखि मिति २०८१/१/१४ हुने राष्ट्रिय परीक्षा वोर्डवाट पूर्व निर्धारित वार्षिक परीक्षाहरू मतदान सामग्रीलाई सुरक्षित राखी उक्त अवधिमा शान्तिपूर्वक परीक्षा सञ्चालन गर्न र तत् पश्चात मतदान केन्द्र निर्माण लगायतका कार्यहरू गर्ने गराउने व्यवस्था मिलाउन सम्बन्धित जिल्लाका मुख्य निर्वाचन अधिकृत र प्रमुख जिल्ला अधिकारीलाई निर्देशन दिने।
- मतदान स्थल तथा मतदान केन्द्र तोकिएका सार्वजनिक विद्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी तथा अन्य भवन एवम् भौतिक संरचना मतदान प्रयोजनका लागि उपयोग गर्न त्यस्ता भवन र भवन परिसर २०८१/१/१३ देखि मिति २०८१/१/१५ सम्म ३ दिन सम्म उपलब्ध गराउन नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत उपनिर्वाचन हुने जिल्लाका सम्बन्धित सवै स्थानीय तहमा लेखी पठाउन सचिवालयलाई निर्देशन दिने।
- इलाम जिल्ला प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं. २ तथा बझाङ जिल्ला प्रदेश सभा निर्वाचन क्षेत्र नं. १(१) मा मिति २०८१/१/१५ मा हुने उपनिर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहित र सुरक्षित वातावरणमा सम्पन्न गर्न उक्त दिन उल्लिखित जिल्लाहरूमा उपयुक्त सुरक्षा ब्यवस्था अवलम्बन गरी सार्वजनिक यातायातको सञ्चालन तथा ब्यवस्थापन गर्न सम्बन्धित जिल्लाको जिल्ला सुरक्षा समितिले आवश्यक व्यवस्था मिलाउन नेपाल सरकार, गृह मन्त्रालयमा लेखी पठाउने।
- उपनिर्वाचन हुने इलाम जिल्ला र बझाङ जिल्लामा निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहित र सुरक्षित वातावरणमा सम्पन्न गर्न निर्वाचन कसुर तथा सजाय ऐन, २०७३ को दफा २४ को व्यवस्था कार्यान्वयन गर्न

मातहतका सबै निकायहरूको परिचालनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय मार्फत राष्ट्रिय अनुसन्धान विभाग र गृह मन्त्रालय मार्फत नेपाल प्रहरीमा लेखी पठाउने।

- इलाम जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं २ र बझाङ जिल्ला प्रदेश सभा निर्वाचन क्षेत्र नं १ (१) मा वैशाख १५ गते हुने उपनिर्वाचनका लागि सुरक्षा संवेदनशीलतालाई विश्लेषण गरी भरपर्दो सुरक्षा व्यवस्था मिलाउन सुरक्षा निकायको टोली निर्वाचन अधिकृतको कार्यालयहरू, जिल्ला निर्वाचन कार्यालयहरू तथा मतदान केन्द्रमा खटिनुका साथै स्ट्राइकिङ फोर्स, रिजर्व फोर्स समेत परिचालन गर्नुपर्ने भएकोले आवश्यक पर्ने सवारी साधन, इन्धन लगायतमा अन्य स्रोत साधनको व्यवस्था गर्न नियमित बजेटबाट मात्र संभव हुने नदेखिएकोले सम्बन्धित सुरक्षा निकायहरूसँग समन्वय गरी आवश्यक पर्ने माग बमोजिमको थप बजेट उपलब्ध गराउन नेपाल सरकार, अर्थ मन्त्रालयलाई सिफारिश गरी पठाउने र सो को जानकारी नेपाल सरकार, गृह मन्त्रालयलाई दिने।
- इलाम जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं २ र बझाङ जिल्ला प्रदेश सभा निर्वाचन क्षेत्र नं १ (१) मा मिति २०८०/१२/२८ देखि लागु हुने निर्वाचन आचारसंहिता २०७९ को कार्यान्वयनको लागि जिल्ला आचारसंहिता अनुगमन समितिले निर्णय गरी आचारसंहिताको पालना गर्न, गराउन जिल्ला आचारसंहिता अनुगमन समितिको काम, कर्तव्य र अधिकारका अतिरिक्त देहायका कार्यहरू गर्ने व्यवस्था मिलाउन निर्देशन दिने।
- निर्वाचन आचारसंहिता, २०७९ को दफा ४२ बमोजिम आचारसंहिताको पालना तथा राजनीतिक दल तथा उम्मेदवारले गर्न पाउने निर्वाचन खर्चको सम्बन्धमा नेपाल प्रहरी, अन्य सुरक्षा निकाय, कुनै कार्यालय वा व्यक्ति मार्फत आवश्यक सूचना र विवरण लिई तत्काल कारबाही गर्ने।
- निर्वाचन आचारसंहिता, २०७९ को परिच्छेद ४ को राजनीतिक दल, उम्मेदवार, दलको भातृ संगठन तथा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने आचरणहरू जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला सम्बन्धी विषय, सवारी साधनको प्रयोग र संचार माध्यमको प्रयोग सम्बन्धी विषय र निर्वाचन खर्च सम्बन्धी विषयमा दैनिक विवरण लिने। अनुगमन अधिकृत र जिल्ला

आचारसंहिता अनुगमन समितिले आचारसंहिता उल्लङ्घनको विषयमा तत्काल कारबाही प्रारम्भ गर्ने र कुनै द्विविधा उत्पन्न भएमा टेलिफोन, एस.एम.एस., एवम् इमेल वा अन्य कुनै उपयुक्त माध्यम मार्फत आयोगबाट निकासा लिई कारबाही टुंग्याउने।

- निर्वाचन आचारसंहिता, २०७९ बमोजिम नेपाल सरकार र प्रदेश सरकारका मन्त्री र स्थानीय कार्यपालिका तथा सो का पदाधिकारीले आयोगको अनुमति नलिई निर्वाचन क्षेत्रमा उपस्थित भएको वा प्रचार प्रसार कार्यमा संलग्न भएको पाइएमा आवश्यक जाँचबुझ गरी निर्वाचन आचारसंहिता, २०७९ तथा निर्वाचन कसुर तथा सजाय ऐन, २०७३ बमोजिम कारबाही प्रारम्भ गर्ने र कुनै द्विविधा भएमा उपयुक्त माध्यमद्वारा यथासक्य छिटो प्राप्त हुने गरी आयोगमा सिफारिश गरी पठाउने।
- मिति २०८१ बैशाख २ देखि मिति २०८१/१/१५ गते उपनिर्वाचन सम्पन्न भई मतगणना कार्य सम्पन्न नभएसम्म उपनिर्वाचन हुने जिल्ला भित्र मदिराजन्य पदार्थ विक्री वितरण तथा सेवनलाई नियन्त्रण गर्ने, गराउने व्यवस्था मिलाउन नेपाल सरकार, गृह मन्त्रालयमा लेखी पठाउने।
- उपनिर्वाचनको मतपत्र छपाईस्थल जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, भक्तपुर र छपाइ पश्चात मतपत्रहरू सम्बन्धित जिल्लाका निर्वाचन अधिकृतको कार्यालयसम्म ढुवानीको लागि सुरक्षाको प्रवन्ध मिलाउन आयोगको मिति २०८०/१२/२२ को निर्णायानुसार गर्न नेपाल सरकार, गृह मन्त्रालय मार्फत लेखी पठाउने।
- निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहित र सुरक्षित वातावरणमा सम्पन्न गर्नका लागि निर्वाचनका क्रियाकलापहरूमा परिचालन हुने कर्मचारी र सुरक्षाकर्मीहरूबाट सम्पूर्ण उम्मेदवारहरू र राजनीतिक दलहरूप्रति समान व्यवहार गरी निर्वाचन सम्बन्धी कार्यसम्पादनमा समान अवसर प्रदान गर्न सम्बन्धित निकायहरूले आवश्यक सतर्कता अपनाउन निर्देशन दिने।

### ३.३.२४ मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्य सुचारू

आयोगको मिति २०८०/११/१३ गतेको निर्णयबमोजिम उपनिर्वाचन प्रयोजनको लागि देशभर मिति २०८०/११/१४ गतेदेखि मतदाता नामावली दर्ता गर्ने कार्य स्थगित गरिएकोमा

उपनिर्वाचन हुने इलाम र बझाङ जिल्लामा मिति २०८१/०१/२५ गतेदेखि र बाँकी सबै जिल्लामा मिति २०८१/०१/०३ गतेदेखि प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयबाट साविकमा झैं प्रदेश/जिल्ला निर्वाचन अधिकारीले प्रमुख नाम दर्ता अधिकारीको रूपमा काम गर्नेगरी मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्य मतदाता नामावली ऐन, २०७३ को व्यवस्था बमोजिम सुचारू गर्ने निर्णय भएको थियो।

## ३.३.२५ उपनिर्वाचनमा आमसञ्चार तथा सामाजिक सञ्जालको नियमन

सामाजिक सञ्जालबाट आचारसंहिता उल्लङ्घन सम्बन्धी कुनै सूचना वा जानकारी कुनै माध्यमबाट प्राप्त भएमा स्पष्टीकरण माग गर्ने, उक्त कार्य तत्कालै रोक्न आदेश दिने तथा आचारसंहिता उल्लङ्घनकर्तालाई आवश्यक कारबाहीको लागि आयोग समक्ष सिफारिस गर्न निर्वाचन आचारसंहिता, २०७९ को दफा ३४ को उपदफा (१) बमोजिम अधिकार प्रयोग गरी एक सामाजिक सञ्जाल अनुगमन ईकाइ गठन गर्ने, आमसञ्चारको माध्यमबाट हुने गलत, भ्रामक, झुठा सूचना, द्वेषपूर्ण अभिव्यक्ति तथा निर्वाचनलाई नकारात्मक प्रभाव पर्ने समाचारलाई निरूत्साहित गरी स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा निर्वाचन सम्पन्न गर्न सम्बन्धित सञ्चार माध्यमको अनुगमन तथा कानून बमोजिम आवश्यक कारबाहीको लागि प्रेस काउन्सिल, नेपाललाई लेखी पठाउने कार्य जिम्मेवारी सहित सामाजिक सञ्जाल अनुगमन इकाई गठन भई कार्य सम्पादन गरिएको थियो।

## ३.३.२६ उपनिर्वाचनका लागि सम्बन्धित निकायहरूलाई निर्देशन

संवत् २०८१ साल बैशाख १५ गते शनिबार सम्पन्न हुनेगरी घोषित इलाम जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. २ मा रिक्त प्रतिनिधि सभा सदस्य र बझाङ जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. १ को प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. १ मा रिक्त प्रदेश सभा सदस्य उपनिर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय रूपमा सम्पन्न गर्न, गराउन खानेपानी, विद्युत, सञ्चार, यातायात, स्वास्थ्य सेवा, सुरक्षा व्यवस्थापन लगायतका अत्यावश्यक सेवाको सहज आपूर्ति तथा व्यवस्थापन लगायत विविध विषय क्षेत्रमा उपयुक्त व्यवस्थाका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका सम्बन्धित निकायहरूमा निर्देशन हुन नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाउन आयोगबाट देहाय बमोजिम निर्णय भएको थियोः

- उपनिर्वाचन हुने जिल्लाहरूको विद्युत र खानेपानी आपूर्तिको व्यवस्थालाई नियमित गराउन सम्बन्धित निकायहरूलाई निर्देशन दिने।

- प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य उपनिर्वाचनका लागि सम्बन्धित निर्वाचन क्षेत्र भित्रको यातायातको सहज पहुँचका लागि यातायात व्यवस्थालाई नियमित र भरपर्दो बनाई जिल्ला सदरमुकाम स्थित मुख्य निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचन अधिकृतको कार्यालय रहने स्थानसम्मको आवागमनलाई निर्वाध रूपमा सञ्चालन गर्ने व्यवस्थाका साथै तोकिएको मतदान स्थल र मतदान केन्द्रहरूसम्म पुग्ने सडक तथा अन्य भौतिक पूर्वाधारहरू समेत नेपाल सरकार तथा प्रदेश सरकारका सम्बद्ध निकाय एवम् स्थानीय तहबाट प्राथमिकताका साथ आवश्यक मर्मत सम्भार गरी गराई सुचारू अवस्थामा राख्ने व्यवस्था गर्ने।
- उपनिर्वाचन हुने जिल्लाभित्रका नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, नेपाल टेलिकम, निजी क्षेत्रका सञ्चार सेवा प्रदायक संस्था तथा विकास आयोजना लगायत सरकारी निकायका वायरलेस, टेलिफोन, फ्याक्स तथा अन्य सञ्चार साधनहरू मर्मत र सेवा बिस्तार गर्नुपर्ने भए तत्काल मर्मत र सेवा बिस्तार गरी चालु अवस्थामा राख्न लगाउने र निर्वाचनको कामका लागि आवश्यक भएमा सम्बन्धित निकायले तत्काल प्राथमिकता दिई उपलब्ध गराउने व्यवस्था गर्ने।
- उपनिर्वाचन हुने जिल्लाका सरकारी, सामुदायिक तथा निजी अस्पताल, नर्सिङ होम लगायत सबै स्वास्थ्य संस्थाहरू निर्वाध रूपमा सञ्चालन हुने व्यवस्था मिलाउनका साथै जिल्लामा सञ्चालनमा रहेका एम्बुलेन्सहरू सुचारू अवस्थामा राख्ने तथा जिल्लामा रहेका दमकलहरूलाई चालु हालतमा राखी निर्वाचनको क्रममा आवश्यक परेको बखत तत्काल प्रयोग गर्न सक्ने व्यवस्था गर्ने।
- प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य उपनिर्वाचनका क्रममा नियुक्त गरिएका वा खटाइएका वा तोकिएका वा आयोगको निर्देशन, आदेश पालना गर्नुपर्ने कर्तव्य भएका कुनै निजामती वा प्रदेश वा स्थानीय तह वा अन्य सरकारी निकायका कर्मचारी वा सुरक्षाकर्मीले कुनै किसिमको डर, धम्की वा प्रलोभन दिएमा वा वल प्रयोग गरी आफ्नो कर्तव्य पालना गर्न वा गराउनबाट विचलित गराएमा उक्त कार्यलाई निर्वाचन कसुर मानिने ब्यवस्था रहेकोले कानूनको वर्खिलाप हुने गरी कहीं कतैबाट यस्तो कुनै कार्य नहुन र भए

गरेको पाइएमा कानून बमोजिम आवश्यक कारबाही गर्ने गराउने व्यवस्था गर्ने।

### ३.३.२७ मतदाताको पहिचान गर्ने प्रमाणपत्र

संवत् २०८१ साल वैशाख १५ गते शनिवारका दिन सम्पन्न इलाम जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. २ र बझाङ जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. १ को प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. १ को उपनिर्वाचनको लागि आयोगबाट प्रकाशित अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका मतदाताले आयोगबाट जारी भएको मतदाता परिचयपत्र वा नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र वा राहदानी वा स्थायी लेखा नम्बर परिचयपत्र वा सवारीचालक अनुमतिपत्रको सक्कल प्रमाणका आधारमा अन्तिम मतदाता नामावली विवरणसँग भिडाई यकिन गरी मतदान गर्न पाउने व्यवस्था मिलाउन सम्बन्धित निर्वाचन अधिकृतलाई निर्देशन दिने निर्णय भएको थियो।

### ३.३.२८ राजनीतिक दलको सदस्यता सम्बन्धमा

राजनीतिक दलको सदस्यता सम्बन्धी विषयलाई स्पष्ट गर्ने सम्बन्धमा निर्वाचन आयोगको निर्णयानुसार देहाय बमोजिम गर्न गराउन निर्देशन दिइएको थियोः

- राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १४ को उपदफा (२) को खण्ड (ग) को व्यवस्था, मिति २०७८/०८/०७ को यस आयोगको निर्णय र सम्मानित उच्च अदालत पाटनबाट मिति २०७९/०२/०४ मा मुद्दा नं.- ०७८-W0-०४०८ को अजित भण्डारी विरूद्ध निर्वाचन आयोग समेतको मुद्दामा भएको आदेश बमोजिम नेपाल सरकार मार्फत संघ, प्रदेश र स्थानीय तहका सबै सेवा समूह संचालन गर्ने निकायहरूले सम्बन्धित कानूनमा व्यवस्था भएकोमा सोही बमोजिम र नभएको अवस्थामा कानूनी व्यवस्था गरी तत् सम्बन्धी विषयलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा लेखी पठाउने,
- कार्यसमितिमा भाग लिन नपाउने सम्बन्धमा : शिक्षा ऐन, २०२८ को दफा १६ङ. को उपदफा (५) को खण्ड (छ) मा "*शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा*" पदबाट हटाइने व्यवस्था भएको र सोको प्रयोजनको लागि "कार्यकारिणी समिति" भन्नाले राजनीतिक दलको विधान बमोजिम गठित केन्द्रीयस्तर, प्रदेशस्तर, जिल्लास्तर

वा स्थानीय तहस्तरका कार्यकारिणी समिति सम्झनु पर्छ भनी उल्लेख गरेको विषयलाई राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १४ को उपदफा (२) को खण्ड (ग) मा भएको व्यवस्था अनुकूल हुने गरी कार्यान्वयन गर्नका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई लेखी पठाउने,

- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. का/१८२, र मिति २०८१/०१/१२ को पत्र मार्फत निर्वाचन आयोगमा दर्ता भएका राजनीतिक दलका केन्द्रीय, प्रदेश र जिल्ला तहका सम्पूर्ण कार्यकारिणी समितिमा रहेका पदाधिकारीहरूको विवरण उपलब्ध गराई दिन अनुरोध भै आएकोमा सो सम्बन्धमा केन्द्रीय कार्यकारिणी समितिको हकमा आयोगको दर्ता किताबमा अभिलेख भएका विवरण आयोगको सचिवालयबाट र दलको प्रदेश, जिल्ला र स्थानीय तहको कार्यकारिणी समितिको विवरण आयोगमा नभएको हुँदा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट माग भै आएमा उपलब्ध भएसम्म सम्बन्धित निर्वाचन कार्यालयहरूलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा उपलब्ध गराउनका लागि निर्देशन दिने।

## ३.३.२९ निर्वाचन आयोगको चौथो रणनीतिक योजना (२०८१/८२-२०८५/८६) को तयारी

विगतका तीन वटा पञ्चवर्षीय रणनीतिक योजनाहरूको कार्यान्वयनबाट प्राप्त सिकाइ तथा अनुभव, राजनीतिक दल तथा सरोकारवालाहरूसँग विभिन्न समयमा गरिएका अन्तरक्रियाबाट प्राप्त सुझाव, निर्वाचन समीक्षाबाट प्राप्त पृष्ठपोषण, निर्वाचन अनुगमन तथा पर्यवेक्षणबाट प्राप्त प्रतिवेदनको विश्लेषण र अन्तर्राष्ट्रियस्तरमा प्रयोगमा रहेका निर्वाचन व्यवस्थापनका असल अभ्यासको अध्ययन तथा अवलोकन समेतका आधारमा आयोगको चौथो रणनीतिक योजनाको मस्यौदा तयारीका लागि एक समिति गठन गरिएको थियो। सो समितिले तेश्रो रणनीतिक योजना कार्यान्वयनको समीक्षा गरी सम्पन्न हुन नसकेका क्रियाकलापहरू र थप समावेश गर्नुपर्ने विषयहरू समावेश गरी आयोगको चौथो रणनीतिक योजना (२०८१/८२-२०८५/८६) को मस्यौदा तयार गरेको थियो। मस्यौदा तयारीको क्रममा आयोगले पाल्पा, सुर्खेत र बर्दिवासमा सरोकारवालाहरू बीच अन्तरक्रिया कार्यक्रम गरेको थियो। आयोगबाट मिति २०८१/०३/२७ को निर्णयानुसार नेपाल सरकारका विषयगत निकायहरू, राजनीतिक दलहरू र सरोकारवालाहरूको राय, सुझाव, प्रतिक्रिया र पृष्ठपोषणको लागि चौथो रणनीतिक

योजनाको मस्यौदा प्रति सहित पत्राचार गर्नुका साथै आयोगको वेबसाइटमा मार्फत सार्वजनिक गरी आम नागरिक तथा सरोकारवालाहरूको सुझाव माग गरिएको थियो।

### ३.३.३० स्थानीय तहबाट मतदाता नामावली दर्ता तथा अद्यावधिक गर्ने कार्यविधि, २०८० स्वीकृत

नेपालको संविधान तथा सङ्घीय कानून बमोजिम हुने निर्वाचनमा मतदाता नामावली तयार गर्ने प्रयोजनको लागि स्थानीय तह मार्फत मतदाता नामावलीमा नाम दर्ता तथा अद्यावधिक गर्ने सम्बन्धमा कार्यविधिगत व्यवस्था गर्न आवश्यक भएकोले मतदाता नामावली ऐन, २०७३ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोग ले "स्थानीय तह मार्फत मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्यविधि, २०८०" स्वीकृत गरिएको छ।

कार्यविधिमा स्थानीय तहले नियमानुसार आयोगको अनुमति लिई त्यस्तो स्थानीय तहको केन्द्रबाट मतदाता नामावली दर्ता गर्न वा गराउन सक्ने, स्थानीय तहले मतदाता नामावलीमा नाम दर्ता गर्दा आवश्यक स्रोत र साधनको उपलब्धता समेतका आधारमा वडा कार्यालयबाट समेत मतदाता नामावलीमा नाम दर्ता गर्न सक्ने, दर्ता स्थल राख्दा नागरिकहरूको सहज पहुँच, जैविक (बायोमेट्रिक) विवरण लिन उपयुक्त स्थानलाई चयन गर्नुपर्ने, नाम दर्ता अधिकारी र दर्ता कर्मचारीको काम, कर्तव्य र अधिकार, अनलाइन दरखास्त प्रणाली मार्फत आवेदन गर्ने, प्रविष्ट गरिएको विवरण रूजु तथा प्रमाणीकरणका लागि मतदाता नामावली दर्ता प्रणालीसँग अनलाइन घटना दर्ता प्रणाली तथा नागरिकता सूचना व्यवस्थापन प्रणालीको अन्तरआवद्धता गर्न सकिने लगायतका विषयहरू समावेश गरिएका छन्।

### ३.३.३१ निर्वाचनमा नागरिक संलग्नता नीति, २०८१ स्वीकृत

नेपालको संविधान, प्रचलित कानून तथा नेपालले अन्तर्राष्ट्रियस्तरमा गरेको प्रतिवद्धतालाई व्यवहारमा उतार्न समेत नागरिकको सक्रिय संलग्नता र सहभागिता आवश्यक पर्दछ। यसैगरी, मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ र दिगो विकासको सन् २०३० सम्मको कार्यसूची समेतले नागरिक संलग्नताको अपेक्षा राखेको छ। नागरिकलाई निर्वाचन तथा लोकतन्त्रका सम्बन्धमा आफ्नो हक अधिकारबारे सचेत एवम् कर्तव्य र दायित्वका सम्बन्धमा जिम्मेवार बनाउँदै निर्वाचन र लोकतन्त्रको सुदृढीकरण प्रक्रियामा नागरिकको संलग्नता प्रवर्द्धन गर्नु जरूरी भएकोले निर्वाचनमा संस्थागत ढंगबाट नागरिक संलग्नतालाई सुनिश्चित गर्नको लागि निर्वाचनमा नागरिक संलग्नता नीति, २०८१ स्वीकृत गरी लागू गरिएको छ।

संविधानको मर्म र भावनाअनुरूप निर्वाचनका सम्पूर्ण गतिविधिमा नागरिक सहभागिता बढाई लोकतान्त्रिक लाभहरूलाई सबै नागरिकसम्म पुऱ्याउन, स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचनको उद्देश्यलाई व्यवहारमा उतार्न, निर्वाचन शिक्षामा सबैको पहुँच बढाई निर्वाचनमा मतदाताको सहभागिता अभिवृद्धि गर्न, राजनीतिक दल, उम्मेदवार, निर्वाचित प्रतिनिधि र मतदातामा निर्वाचनप्रतिको निष्ठा अभिवृद्धि गर्न, जनप्रतिनिधिलाई मतदाताप्रति जवाफदेही र उत्तरदायी बनाउँदै लोकतन्त्रलाई सुदृढ तुल्याउन यो नीति सहयोगीसिद्ध हुने अपेक्षा गरिएको छ।

यस नीतिमा सुदृढ प्रतिनिधिमूलक समावेशी लोकतान्त्रिक व्यवस्थालाई दूरदृष्टि, निर्वाचनमा नागरिकको सक्रिय संलग्नता मार्फत लोकतन्त्रलाई सुदृढ तुल्याउने लक्ष्य सहित गरी देहाय बमोजिमका विभिन्न पाँचवटा उद्देश्यहरू तय गरिएका छन्।

- निर्वाचनका सम्पूर्ण चक्रमा नागरिकको अर्थपूर्ण, निष्ठायुक्त र सक्रिय संलग्नतालाई सुनिश्चित गर्दै जनचासो, सरोकार तथा आवाजलाई मूलप्रवाहीकरण गर्नु,
- निर्वाचनका सबै प्रक्रियामा नागरिक संलग्नतालाई सुनिश्चित गर्न सरोकारवालासँग प्रभावकारी सहकार्य, समन्वय र अन्तरसम्बन्ध विकास गर्नु,
- निर्वाचनमा नागरिक संलग्नताको लागि सबै सरोकारवालासँग सहकार्य र सहजीकरण गरी क्षमता अभिवृद्धि गर्नु,
- निर्वाचन प्रक्रियालाई पारदर्शी, विश्वसनीय र जवाफदेही बनाउँदै लक्षित वर्ग तथा समुदायका नागरिकको सक्रिय संलग्नतालाई प्रवर्द्धन गर्नु,
- राजनीतिक दल तथा प्रतिनिधिहरूको जवाफदेहिता र निष्ठा अभिवृद्धि गर्नु।

## ३.३.३२ एशियाली निर्वाचन सरोकारवालाहरूको छैठौं सम्मेलन

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष एवम् विश्वसनीय तुल्याउन विकास साझेदार संस्था तथा सरोकारवालाहरूसँग छलफल गर्ने उद्देश्यले सन् २०१२ मा स्थापित Asian Network for Election Stakeholders (ANFREL) नामक क्षेत्रीय सञ्जालबाट पाँचवटा एसियन इलेक्टोरल स्टेकहोल्डर फोरमहरू विभिन्न देशहरूमा सम्बन्धित देशका निर्वाचन व्यवस्थापन निकायहरूसँगको सहकार्यमा सम्पन्न भएकोमा छैठौं सम्मेलन निर्वाचन आयोग नेपाल र ANFREL को संयुक्त आयोजनामा काठमाडौंमा गर्न एक समझदारीपत्रमा हस्ताक्षर भएको थियो। आयोगको मिति २०८०/०५/०२ को निर्णयानुसार आयोजक समिति गठन गरी सो

सम्मेलनको व्यवस्थापन कार्य अगाडि बढाइएको थियो। सो अनुरूप एशिया तथा प्रशान्त क्षेत्रका ९ वटा मुलुकका निर्वाचन व्यवस्थापन निकायको प्रतिनिधित्वसहित निर्वाचनका सरोकारवालाहरूको सहभागितामा २०८० मंसीर २० र २१ गते (तदनुसार सन् २०२३ डिसेम्बर ६ र ७) एसियन इलेक्टोरल स्टेकहोल्डर्स फोरमको छैठौं सम्मेलन काठमाडौंमा सम्पन्न भएको थियो। सो सम्मेलनको उदघाटन र समापन माननीय परराष्ट्रमन्त्रीबाट भएको थियो भने विभिन्न १७ वटा देशका कूल २५० जना भन्दा बढी व्यक्तिहरूले सहभागिता जनाएका थिए।

सम्मेलनले देहायका मुख्य मुख्य बुँदाहरू समेटी काठमाडौं घोषणापत्र समेत जारी गरेको थियो:

- निर्वाचन व्यवस्थापन अभ्यासहरूमा अपाङ्गतामैत्री उपायहरू लागू गरी अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व बढाउन सकारात्मक कार्य नीतिहरू अवलम्बन गर्ने;
- लैङ्गिक कोटा जस्ता संयन्त्रहरूको अध्ययन गरी लैङ्गिक समावेशीकरणका लागि सार्वजनिक/राज्य कोषको व्यवस्था गरी लैङ्गिक असमानतालाई सम्बोधन गर्ने र महिला प्रतिनिधित्वलाई बढावा दिने नीतिहरूको कार्यान्वयन गर्ने;
- मानवअधिकारको विश्वव्यापी घोषणा, नागरिक र राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, र लोकतन्त्रसम्बन्धी विश्वव्यापी घोषणासँग अनुकूल हुने गरी निर्वाचन सम्बन्धी राष्ट्रिय नीतिहरू बनाएर निर्वाचन प्रक्रियामा सहभागी हुने नागरिकहरूको अधिकार सुनिश्चित गर्ने;
- निर्वाचन सम्बन्धी प्रक्रियाहरूमा सीमान्तकृत समूह/समाजहरूको सहभागिता बढाउनको लागि भाषागत बाधालाई कम गर्न धेरै भाषाहरूमा मतदाता र निर्वाचन शिक्षा पाठ्यक्रम विकास गर्ने;
- विशेष सहयोग चाहिने व्यक्तिहरूलाई मतदान केन्द्रहरू, निर्वाचन सामग्री र निर्वाचन सम्बन्धी जानकारी थप पहुँचयोग्य बनाउन निर्वाचन सम्बन्धी पूर्वाधारमा लगानी गर्ने;
- मिथ्या सूचना, दुष्प्रचार वा द्वेषपूर्ण अभिव्यक्तिहरूबाट विश्वसनीय जानकारीहरू छुट्याउनका लागि जनतालाई शिक्षित गर्न सामाजिक सञ्जाल साक्षरता अभियानहरू सञ्चालन गर्ने;

- निर्वाचन व्यवस्थापन अभ्यासहरूमा अपाङ्गतामैत्री उपायहरू लागू गरी अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व बढाउन सकारात्मक कार्य नीतिहरू अवलम्बन गर्ने;

### ३.३.३३ Association of World Election Bodies को सदस्यता सम्बन्धमा

विश्वमा लोकतान्त्रिक शासन व्यवस्थालाई स्थायित्व प्रदान गर्दै यसका साझा मूल्य मान्यताहरूलाई आत्मसात् गर्ने उद्देश्यका साथ स्थापना गरिएको विश्वव्यापी सञ्जाल Association of World Election Bodies हो। यस सञ्जालमा हाल विश्वका ११० वटा मुलुकका ११७ वटा निर्वाचन व्यवस्थापन निकायहरू सदस्य रहेका छन्। यस सञ्जालमार्फत् विश्वका लोकतान्त्रिक मुलुकहरूले निर्वाचन प्रणालीलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, प्रविधिमैत्री, विश्वसनीय र वैधानिक बनाउने सन्दर्भमा प्रत्येक २/२ वर्षमा साधारणसभाको आयोजना गरी वृहत छलफल तथा अन्तरक्रिया हुने गर्दछ। यस प्रकारका मञ्चमा सदस्यता सहित सहभागी हुँदा निर्वाचन व्यवस्थापन गर्ने निकायहरूबीचको आपसी सम्बन्ध, समन्वय, सहकार्य र असल अभ्यासहरूको सन्दर्भमा सिक्ने र सिकाउने अवसर प्राप्त हुनसक्ने भई Association of World Election Bodies को सचिवालयबाट निर्वाचन आयोग, नेपाललाई सदस्यताका लागि विभिन्न मञ्चहरूमार्फत् अनुरोध हुने गरेको छ।

यस सिलसिलामा निर्वाचन आयोग समेत Association of World Election Bodies को सदस्य हुँदा संस्थाको विधान बमोजिम आयोजना हुने साधारणसभा लगायत विभिन्न कार्यक्रमहरूमा सहभागी हुने अवसर प्राप्त हुने भएकोले निर्वाचन आयोग ऐन, २०७३ को दफा ११ ले निर्वाचनसँग सम्बन्धित अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँगको सम्बन्ध विस्तार गर्ने काम, कर्तव्य र अधिकार तोके बमोजिम सो संस्थाको सदस्यता प्राप्तिको लागि आयोगको निर्णयानुसार प्रक्रिया अगाडि बढाइएको छ।

### ३.३.३४ नाम परिवर्तन भएको दललाई प्रमाणपत्र उपलब्ध गराउने

राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५ को उपदफा (४) मा राजनीतिक दल संविधान र राजनीतिक दल सम्बन्धी ऐन बमोजिम दर्ता हुन सक्ने देखिएमा आयोगले दल दर्ता गरी दल दर्ता प्रमाणपत्र उपलब्ध गराउने कानूनी व्यवस्था रहेको छ। राजनीतिक दल सम्बन्धी ऐन, २०७३ मा नाम परिवर्तन भएको दललाई प्रमाणपत्र उपलब्ध गराउने सम्बन्धमा व्यवस्था भएको नदेखिएकोले यसलाई सम्वोधन गर्न आयोगले राजनीतिक दलहरूलाई परिवर्तन भएको नामबाट प्रमाणपत्र उपलब्ध गराउने सम्बन्धमा राजनीतिक दल सम्बन्धी ऐन, २०७३

को दफा ५१ बमोजिम दलको नाम परिवर्तन भई अद्यावधिक भएका राजनीतिक दलहरूलाई परिवर्तन भएको नामबाट प्रमाणपत्र उपलब्ध गराउने निर्णय भएको छ।

## ३.३.३५ प्रदेश सभामा रिक्त समानुपातिक उम्मेदवारको पदपूर्ति सम्बन्धमा

मधेश प्रदेश सभा सचिवालय, जनकपुरधामले संवत् २०७९ सालको प्रदेश सभा सदस्य निर्वाचन अन्तर्गत मधेश प्रदेशमा जनता समाजवादी पार्टी, नेपालको तर्फबाट समानुपातिक सदस्यमा निर्वाचित बिन्दु कुमारी यादवको मृत्यु भई नेपालको संविधानको धारा १८० को खण्ड (च) बमोजिम प्रदेश सभा सदस्यको स्थान एक रिक्त भएको जानकारी आयोगमा प्राप्त हुन आएकोमा सो रिक्त पद पूर्ति गर्ने प्रयोजनका लागि प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३० को उपदफा (२) र प्रदेश सभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम ४७ बमोजिम अर्को उम्मेदवारको नाम मनोनयन गरी पठाउन जनता समाजवादी पार्टी, नेपाललाई पत्राचार गरिएकोमा उक्त राजनीतिक दलबाट प्राप्त भएको विवरण अनुसार रिक्त प्रदेश सभा सदस्य पदमा निर्वाचित गर्ने सम्बन्धमा देहाय बमोजिम निर्णय भएको थियो।

- संवत् २०७९ सालको मधेश प्रदेशको प्रदेश सभा सदस्य पदमा समानुपातिक निर्वाचन प्रणालीतर्फ जनता समाजवादी पार्टी, नेपालको बन्दसूचीको क्रम १५, लिङ्ग महिला, नागरिकता नम्बर ना वा ७२३ सिराहा, मतदाता नम्बर ११५०९८९१, समावेशी समूह मधेशी, समावेशी समूह भित्रको प्राथमिकता क्रम ४ मा पेश हुनु भएका संजिला कुमारी यादवलाई प्रदेश सभा सदस्य पदमा निर्वाचित भएको घोषणा गर्ने,
- निर्वाचित भएको उम्मेदवारको नाम मधेश प्रदेशको प्रदेश प्रमुख र प्रदेश सभा सचिवालय समक्ष पठाउने,
- प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७४ को दफा ३६ बमोजिम निर्वाचित भएको उम्मेदवारलाई सोही निर्देशिकाको अनुसूची-३३ बमोजिम सचिवले प्रमाणपत्र दिने,
- उम्मेदवार निर्वाचित भएको सूचना प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६० उपदफा (८) बमोजिम नेपाल राजपत्रमा प्रकाशन गर्ने।

### ३.३.३६ प्रतिनिधि सभामा रिक्त समानुपातिक उम्मेदवारको पदपूर्ति सम्बन्धमा

संघीय संसदले संवत् २०७९ सालको प्रतिनिधि सभा सदस्य निर्वाचनमा जनता समाजवादी पार्टी, नेपालको तर्फबाट समानुपातिक निर्वाचन प्रणाली तर्फ प्रतिनिधि सभा सदस्य पदमा आयोगको मिति २०७९/१२/०६ को निर्णय अनुसार निर्वाचित हुनु भएका मंजु शर्मा अन्सारीको मिति २०८०/१२/०४ मा निधन भई नेपालको संविधानको धारा ८९ को खण्ड (च) बमोजिम प्रतिनिधि सभा सदस्यको स्थान एक रिक्त भएको जानकारी आयोगमा मिति २०८०/१२/०७ मा प्राप्त हुन आएको हुँदा सो रिक्त पद पूर्ति गर्ने प्रयोजनका लागि प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३० को उपदफा (२) र प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम ४७ को उपनियम (३) र (४) बमोजिम केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समितिबाट निर्णय गराइ अर्को उम्मेदवारको नाम मनोनयन गरी पठाउन लेखी पठाएकोमा उक्त दलबाट प्राप्त विवरणको आधारमा आयोगबाट देहाय बमोजिम निर्णय भएको छ।

- संवत् २०७९ सालको प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन प्रणालीतर्फ प्रतिनिधि सभा सदस्य पदमा जनता समाजवादी पार्टी, नेपालबाट बन्दसूचीको क्रम ५३, लिङ्ग महिला, समावेशी समूह मुस्लिम, समावेशी समूहभित्रको प्राथमिकता क्रम २ बाट निर्वाचित हुनु भएका मन्जु शर्मा अन्सारीको निधन भई प्रतिनिधि सभा सदस्यको स्थान एक रिक्त हुन आएकोमा सो रिक्त हुन आएको पदमा बन्दसूचीको क्रम ५४, लिङ्ग महिला, समावेशी समूह मुस्लिम, मतदाता नम्बर १७९८८७०९, समावेशी समूहभित्रको प्राथमिकता क्रम ३ मा रहनु भएका उम्मेदवार हसिना खानलाई प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३० को उपदफा (२) र प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम ४७ को उपनियम (५) बमोजिम प्रतिनिधि सभा सदस्य पदमा निर्वाचित भएको घोषणा गर्ने,
- निर्वाचित हुनु भएका उम्मेदवारको नामावली नेपाल राजपत्रमा प्रकाशन गर्ने,
- निर्वाचन निर्देशिका, २०७९ को दफा ३८ को उपदफा (२) सँग सम्बन्धित अनुसूची-३० बमोजिमको प्रमाणपत्र सचिवले प्रदान गर्ने,
- प्रतिनिधि सभा सदस्य पदमा निर्वाचित भएको निर्णयको जानकारी संघीय संसद र सम्बन्धित दललाई दिने।

## ३.३.३७ मतदाता नामावलीबाट नाम हटाउने सम्बन्धमा

नेपालको संविधान तथा निर्वाचन सम्बन्धी संघीय कानूनले राष्ट्रपति तथा उपराष्ट्रपति पदको निर्वाचन संघीय संसदका सदस्य र प्रदेश सभा सदस्य मतदाता रहेको निर्वाचक मण्डलबाट, राष्ट्रिय सभा सदस्यको निर्वाचन गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र नगरपालिकाका प्रमुख, उपप्रमुख र प्रदेश सभा सदस्य मतदाता रहेको निर्वाचक मण्डलबाट, जिल्ला समन्वय समितिको निर्वाचन सम्वन्धित जिल्लाका गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र नगरपालिकाका प्रमुख, उपप्रमुख सदस्य रहेको निर्वाचक मण्डलबाट र गाउँ कार्यपालिका सदस्यहरूको निर्वाचन सम्वन्धित गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र वडा सदस्यहरू तथा र नगर कार्यपालिका सदस्यको निर्वाचन नगरपालिकाको प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र वडा सदस्यहरू रहेको निर्वाचक मण्डलबाट हुने ब्यवस्था छ।

उपर्युक्त निर्वाचनमा निर्वाचक मण्डलका सदस्य मतदाता प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायबाट निलम्वन भएको अवस्थामा त्यस्ता मतदाताको मतदाता नामावलीमा नाम समावेश गर्ने वा नगर्ने विषयमा कानूनमा स्पष्ट ब्यवस्था नभएको सन्दर्भमा यस्तो द्विविधालाई अन्त्य गर्न निर्वाचन आयोगको मिति २०८०/०९/०४ को निर्णय बमोजिम मिति २०८०/१०/११ मा हुने राष्ट्रिय सभा सदस्यको निर्वाचनका लागि आयोगको तयार गरेको मतदाता नामावलीमा जिल्ला निर्वाचन कार्यालय, झापाको च.नं. १७५ मिति २०८०/१०/०८ को पत्र तथा झापा जिल्ला झापा गाउँपालिकाको च.नं. १५७९ मिति २०८०/१०/०८ गतेको पत्रबाट उक्त गाउँपालिकाका अध्यक्ष श्री जय नारायण शाह निलम्बनमा रहेको भनी लेखी आएकोले निजको नाम उक्त निर्वाचन प्रयोजनका लागि निर्वाचन मण्डलको मतदाता नामावलीबाट हटाई सोको जानकारी निर्वाचन अधिकृतको कार्यालय कोशी प्रदेशलाई दिने निर्णय भएको थियो।

## ३.३.३८ उपनिर्वाचन हुने दिनमा सार्वजनिक यातायात सञ्चालन सम्बन्धी

इलाम जिल्ला प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं. २ र बझाङ जिल्ला प्रदेश सभा निर्वाचन क्षेत्र नं. १(१) मा सम्पन्न हुने उपनिर्वाचनमा स्वच्छता, निष्पक्षता तथा पारदर्शितामा असर नपर्ने गरी मतदानको दिन मिति २०८१ साल वैशाख १५ गते शनिवारका दिन सवारी साधन सञ्चालन सम्बन्धमा निर्णय गरी आयोगले गृह मन्त्रालय मार्फत सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई देहाय बमोजिमको निर्देशन दिएको थियो।

- देहाय बमोजिमका सवारी साधन मतदाता ओसारपसार गर्ने कार्यमा प्रयोग नगर्ने गरी मतदानको दिन समेत निर्वाध रूपमा सञ्चालन गर्न दिने।
    - क. बिरामी बोकेको एम्बुलेन्स,
    - ख. खानेपानीको ट्याङ्कर,
    - ग. दुध बोक्ने सवारी साधन,
    - घ. दमकल,
    - ङ. सूचना तथा प्रसारण विभाग वा प्रदेश सञ्चार रजिष्ट्रारको कार्यालय वा प्रदेश सरकार मातहतको सञ्चार प्राधिकरण वा अन्य त्यस्तै सूचिकृत भई सञ्चालनमा रहेका सम्बन्धित सञ्चारगृहबाट जारी गरिएका परिचयपत्र वाहक सञ्चारकर्मीले प्रयोग गर्ने सवारी साधन,
    - च. दूरसञ्चार तथा केवल सेवाका लागि प्रयोग हुने सवारी साधन,
    - छ. शव वाहन,
    - ज. अस्पतालमा कार्यरत परिचयपत्र प्राप्त चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीको आवागमनका लागि प्रयोग हुने सवारी साधन,
    - झ. निर्वाचन आयोगबाट जारी परिचयपत्र वाहक पर्यवेक्षक, अनुगमनकर्ताले प्रयोग गर्ने सवारी साधन,
    - ञ. फोहोर मैला ओसारपसार गर्ने सवारी साधन,
    - ट. तरकारी, फलफूल तथा विद्युत सेवाका लागि प्रयोग हुने सवारी साधन,
    - ठ. कुटनीतिक नियोग, युएन एजेन्सी तथा द्विपक्षीय तथा वहुपक्षीय विकास साझेदार संस्थाहरूमा कार्यरत पदाधिकारी तथा कर्मचारीले प्रयोग गर्ने निलो नम्बर प्लेट भएको सवारी साधन,
    - ड. विदेशी पर्यटक मात्र बोकेको हरियो नम्बर प्लेट भएको सवारी साधन,
    - ढ. सुरक्षाकर्मीले प्रयोग गर्ने सुरक्षा निकायको सवारी साधन,
    - ण. आफू खटिएको मतदान केन्द्रसम्म जान र मतदान केन्द्रबाट फर्किनको लागि मतदान कार्यमा खटिने कर्मचारी तथा स्वयंसेवकले प्रयोग गर्ने सवारी साधन।
- सम्बन्धित क्षेत्रका मतदातालाई मतदान केन्द्रसम्म सहज आवागमनको लागि आवश्यकता र औचित्य हेरी मतदानको दिन सार्वजनिक यातायातको उपयुक्त प्रबन्ध मिलाउने।

- उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि एक जनाले मतदानको दिन चार पाङ्ग्रे, तिन पाङ्ग्रे वा दुई पाङ्ग्रे मध्ये १ (एक) वटा सवारीसाधन मात्र अनुमती लिएर प्रयोग गर्न सक्ने ब्यवस्था मिलाउने।
- सम्बन्धित जिल्लासँग जोडिएका राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा सार्वजनिक यातायातका साधनहरूको आवागमनको उपयुक्त व्यवस्था मिलाउने।
- मतदानको दिन कसैले यो निर्देशन विपरीत सवारी साधन प्रयोग गरेको पाइएमा सुरक्षा निकाय तथा सुरक्षाकर्मीले त्यस्तो सवारी साधन कब्जामा लिई मतदानको काम सम्पन्न भएपश्चात मात्र फिर्ता दिने व्यवस्था गर्ने।

## ३.३.३९ राजनीतिक दलले आयोगमा पेश गरेको लेखापरीक्षण प्रतिवेदनको जाँच

राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४२ को उपदफा (१) मा दफा ४१ बमोजिम लेखापरीक्षण प्रतिवेदन प्राप्त भएपछि आयोगले त्यस सम्बन्धमा तोकिए बमोजिम जाँच गराउन सक्ने ब्यवस्था अनुसार सोही दफाको उपदफा (२) मा उपदफा (१) को प्रयोजनको लागि आयोग वा आयोगले तोकिदिएको अधिकारीले सम्बन्धित दलबाट कुनै विवरण वा कागजात माग गर्न सक्ने र त्यस्तो विवरण वा कागजात तोकिएको अवधिभित्र पेश गर्नु सम्बन्धित दलको कर्तव्य हुने उल्लेख छ। यही कानूनी व्यवस्था अनुसार आयोगले आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षण प्रतिवेदन बुझाउने दलहरूको लेखापरीक्षण प्रतिवेदन, लेखा सम्बन्धी कागजात लगायतका विवरण जाँचबुझ गर्न र दलको कार्यालयमा गई निरीक्षण गर्नका लागि टोली खटाई पठाईदिन महालेखा परीक्षकको कार्यालयमा अनुरोध गरी पत्राचार गरेकोमा सो अनुसार खटिई आएको टोलीले आयोगबाट स्वीकृत देहायको कार्यविवरण अनुसार आफ्नो कार्य सम्पादन गरेको थियो।

- राजनीतिक दलले पेश गरेको आय व्यय विवरण तोकेको ढाँचामा तयार भए नभएको, गत वर्षको जिम्मेवारी र यस वर्षको शुरू मौज्दात भिडान भए नभएको जाँच गर्ने,
- आय तथा खर्चको लेखाङ्कन गर्दा पुष्ट्याईं हुने कागजात विवरण तथा आय व्यय विवरणमा गर्नुपर्ने खुलासा गरेको छ छैन जाँच गर्ने,
- बैंक मौज्दातको लागि बैंक स्टेटमेन्ट संलग्न भए नभएको, मौज्दात भिडान भए नभएको जाँच गर्ने,

- लेखापरीक्षण प्रतिवेदनमा उल्लेख हुनुपर्ने न्यूनतम व्यहोराहरू समावेश भए नभएको, प्रतिवेदन तोकिएको फर्मेटमा तयार भए नभएको जाँच गर्ने,
- उपर्युक्त जाँचबाट थप कागजात, विवरण, सूचना आवश्यक भएमा आयोग मार्फत माग गर्ने साथै आयव्यय साथ पेश भएका कागजातको सम्बन्धमा थप बुझ्नु पर्ने, स्थलगत निरीक्षण गर्नुपर्ने भएमा आयोगका तर्फबाट सो कार्य गर्ने,
- प्रचलित कानून बमोजिम दलले पेश गरेको लेखा परीक्षण प्रतिवेदन तथा उपलब्ध गराईएको विवरण र कागजातको आधारमा दलको आम्दानी तथा खर्च प्रचलित कानून बमोजिम भए नभएको जाँच गरी सुधार गर्नुपर्ने विषय समेत समेटी आयोग समक्ष प्रतिवेदन पेश गर्ने।

महालेखा परीक्षकको कार्यालयबाट खटिई आएको विशेषज्ञ टोलीले कार्यसम्पादन गरी आयोग समक्ष प्रतिवेदन पेश भएको थियो।

## ३.३.४० मतदाता नामावली अद्यावधिक कार्यविधि, २०८१ स्वीकृत

मतदाता नामावली ऐन, २०७३ को दफा ४ मा आयोगले आफ्नो प्रत्यक्ष रेखदेख, नियन्त्रण, सुपरीवेक्षण र निर्देशनमा प्रत्येक निर्वाचन क्षेत्रभित्रका गाउँपालिका र नगरपालिकाका वडाको मतदाता नामावली सङ्कलन गर्ने तथा त्यसको अद्यावधिक कार्य गर्ने छ भन्ने व्यवस्था रहेको छ। सो व्यवस्था बमोजिम आयोगबाट निर्वाचन हुनु भन्दा पूर्व मतदाता नामावली अद्यावधिक गर्ने गरेकोमा आयोगबाट मिति २०८१/०३/३१ को निर्णय अनुसार मतदाता नामावली अद्यावधिक कार्यविधि, २०८१ स्वीकृत भई वर्षमा दुई पटक मतदाता नामावली अद्यावधिक गरी अन्तिम नामावली प्रकाशन गर्ने व्यवस्था गरिएको छ।

उक्त कार्यविधिमा व्यवस्था भए बमोजिम प्रत्येक वर्षको असोज मसान्त र चैत मसान्तलाई मतदाताको १८ वर्ष उमेर पूरा हुने दिन अर्थात् निर्दिष्ट मिति (Cut-off Date) मानी सोही वर्षको कार्तिक महिना र अर्को वर्षको वैशाख महिनामा देशभरबाट संकलित मतदाताको विवरणलाई अद्यावधिक प्रक्रियामा लगी अन्तिम नामावली प्रकाशन गर्ने व्यवस्था छ। मतदाता नामावली अद्यावधिक गर्ने प्रयोजनका लागि मतदाताले अनलाईन मार्फत समेत त्रुटि सच्याउन, दोहोरो परेकोमा नाम हटाउन, वसाइँसराइ तथा मृत्युको विवरण अद्यावधिक गर्ने समेतका कार्यका लागि तोकिएको अवधिमा निवेदन दिन सक्ने व्यवस्था छ।

## ३.३.४१ निर्वाचन शिक्षा तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०८० स्वीकृत

नेपालको संविधान तथा प्रचलित कानून बमोजिम हुने निर्वाचनको विषयमा नागरिकलाई निर्वाचन शिक्षा तथा मतदाता शिक्षा दिने उद्देश्यले स्थानीय तहबाट कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा कार्यविधिगत व्यवस्था गर्न आवश्यक भएकोले निर्वाचन आयोग ऐन, २०७३ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी आयोगको मिति २०८०/१०/२५ को निर्णय अनुसार निर्वाचन शिक्षा तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०८० स्वीकृत भएको छ।

कार्यविधिमा स्थानीय तहबाट निर्वाचन शिक्षा तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा आयोगले सूचना प्रकाशन गर्ने, स्थानीय तहले निर्वाचन शिक्षा तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्न निर्वाचन कार्यालयसँग समझदारी पत्रमा हस्ताक्षर गर्नुपर्ने तथा निर्वाचन शिक्षा तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्नु स्थानीय तहको कर्तव्य हुने उल्लेख छ। यसैगरी कार्यविधिमा कार्यक्रम सञ्चालनको आधार, जिल्ला निर्वाचन तथा मतदाता शिक्षा समिति, तथा यसको काम, कर्तव्य र अधिकार, स्थानीय निर्वाचन तथा मतदाता शिक्षा समिति तथा समितिको काम, कर्तव्य र अधिकार र वडा निर्वाचन तथा मतदाता शिक्षा समिति तथा समितिको काम, कर्तव्य र अधिकारको समेत व्यवस्था रहेको छ। निर्वाचन तथा मतदाता शिक्षा सामग्री निर्माण,उत्पादन र स्वीकृति, स्वयंसेवक छनौट गर्ने आधार, स्वयंस्वकको प्रशिक्षण तथा स्वयंसेवकको आचरण र कार्य विवरण लगायतका व्यवस्थालाई कार्यविधिमा समावेश गरिएको छ।

कार्यविधिमा निर्वाचन कार्यालयले स्थानीय तहसँगको समन्वय र सहकार्यमा माध्यमिक तहमा सामाजिक विषय अध्यापन गराउने शिक्षकलाई निर्वाचन शिक्षा प्रशिक्षण दिई त्यस्ता प्रशिक्षकद्वारा विद्यार्थी परिचालन गरी घरघर तथा समुदायमा निर्वाचन शिक्षा तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्न सक्ने, आयोगमा रहेको निर्वाचन शिक्षा तथा तालिम शाखाले स्थानीय तह मार्फत निर्वाचन शिक्षा तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा सम्पर्क शाखाको रूपमा कार्य गर्ने र स्थानीय तहबाट निर्वाचन शिक्षा तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा आयोगले आवश्यक निर्देशन दिन सक्ने प्रावधान रहेको छ। निर्वाचनको विषयमा नागरिकलाई निर्वाचन शिक्षा तथा मतदाता शिक्षा स्थानीय तह मार्फत सञ्चालन गर्ने प्रयोजनका लागि यो कार्यविधि तयार गरिएको र यसको कार्यान्वयनबाट

निर्वाचनमा मतदाताको सहभागिता वृद्धि हुने तथा सदर मत प्रतिशत बढ्ने अपेक्षा गरिएको छ।

## ३.३.४२ निर्वाचन व्यवस्थापनका लागि सञ्चार नीति, २०८१ स्वीकृत

आयोगको मिति २०८१/०३/३१ को निर्णय अनुसार निर्वाचन व्यवस्थापनमा सञ्चार माध्यमको उपयोग र नियमनका लागि निर्वाचन आयोग ऐन, २०७३ को दफा ११ को खण्ड (क) बमोजिम निर्वाचन व्यवस्थापनका लागि सञ्चार नीति, २०८१ स्वीकृत गरी लागू गरिएको छ।

निर्वाचनमा निर्णय लिन सक्षम नागरिक निर्माण गर्ने दूरदृष्टि रहेको यस नीतिमा आयोग र सञ्चार माध्यमबीच परस्पर दीर्घकालीन सम्बन्ध र विश्वास कायम गर्दै स्वस्थ लोकतान्त्रिक अभ्यास मार्फत् नागरिकको मताधिकारलाई निर्वाध रूपमा प्रत्याभूत गर्ने ध्येय रहेको छ। यस नीतिमा मतदाता जागरण र निर्वाचन सम्बन्धी सूचना तथा जानकारीहरू आम नागरिकको पहुँचमा पुऱ्याउन सञ्चार माध्यमहरूको प्रभावकारी उपयोग गर्नु, निर्वाचनलाई विश्वसनीय र सर्वस्वीकार्य बनाउन सञ्चार माध्यमहरूसँग समन्वय र सहकार्यको विकास गर्नु, आयोगले सञ्चार माध्यम सम्बन्धी अबलम्बन गर्नुपर्ने कार्यको विस्तृत रूपरेखा तयार पार्ने उद्देश्यहरू रहेको छ। त्यसैगरी निर्वाचनको निष्ठा (Integrity) र पारदर्शिता कायम राख्दै सूचनाको हकलाई कार्यान्वयन गर्न आयोगको संस्थागत सञ्चार क्षमता अभिवृद्धि गर्दै नागरिकको सूचनाको हकलाई व्यवहारमा रूपान्तरण गर्न तथा निर्वाचनका गतिबिधि सहज सम्प्रेषण गर्न सक्ने पत्रकारिताको विकास गर्नु लगायत थप उद्देश्यहरू रहेका छन्।

नीतिमा निर्वाचन शिक्षा तथा मतदाता जागरण, मिडिया साक्षरता, सञ्चार क्षेत्र र गुणस्तरीय सम्प्रेषण, बहुलता तथा सञ्चार अनुगमन, निर्वाचन कार्यक्रम तथा गतिविधिहरू प्रचारप्रसार गर्न पाउने राजनीतिक दल तथा उम्मेदवारको अधिकार र सञ्चार क्षमता विकास जस्ता पक्षमा आधारित भएर अबलम्बन गरिने रणनीति र कार्यनीतिहरू तर्जुमा गरिएको छ। त्यसैगरी नीतिको प्रभावकारी कार्यान्वयनका नीतिगत सुधार, संस्थागत सुदृढीकरण र क्षमता अभिवृद्धि, पत्रकार तथा सञ्चार माध्यमहरूका लागि कार्यक्रम ,निर्वाचन सूचना, शिक्षा तथा सञ्चार (IEC) सामग्री उत्पादन तथा वितरण,लक्षित कार्यक्रम, सञ्चार माध्यम व्यवस्थापन र अनुगमन, अनुसन्धान र विकास लगायतका प्रमुख कार्यक्रमहरू सञ्चालन गरिने प्रावधान उल्लेख छ।

निर्वाचन सम्बन्धी प्रक्रिया, जानकारी तथा गतिविधिहरू समयमै आम नागरिकको पहुँचमा पुऱ्याउने कार्यलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न उपयुक्त र नवीन प्रविधिको पहिचान

गरी प्रयोगमा ल्याउन अनुसन्धान तथा विकास कार्यक्रमहरू सञ्चालन गरिने विषय नीतिमा समावेश छन्।

### ३.३.४३ विदेशमा रहेका नेपाली नागरिकको मतदाता नामावली संकलन गर्ने सम्बन्धी कार्यविधि मस्यौदाको तयारी

सम्मानित सर्वोच्च अदालतको मिति २०७४/१२/०७ को निर्देशनात्मक परमादेश तथा नेपाल सरकारको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रमको बुँदा नं. १६६ मा उल्लेख भए बमोजिम विदेशमा रहेका नेपाली नागरिकको मताधिकार सुनिश्चित गर्ने प्रयोजनका लागि विदेशमा रहेका नेपाली नागरिकको मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्यविधि, २०८० को मस्यौदा आयोगले तयार गरेको छ। उक्त मस्यौदामा अनलाईन दर्ता प्रणाली मार्फत् विदेशस्थित नेपाली दूतावासहरूबाट मतदाता नामावली दर्ता गर्ने, दर्ता गर्ने मुलुक तथा नाम दर्ता अधिकारी एवम् दर्ता कर्मचारी तोक्दा र दूतावासमा दर्ता भएको विवरण स्थानान्तरण गर्दा परराष्ट्र मन्त्रालयको समन्वयमा गर्ने लगायतका व्यवस्थाहरू प्रस्ताव गरिएको छ। साथै उक्त मस्यौदाले मतदाता नामावलीमा नाम दर्ता गर्ने प्रक्रिया, आवश्यक पर्ने कागजात, दर्ता कार्यका लागि आवश्यक सामग्री तथा कार्यविधिको ब्यवस्थित कार्यान्वयनका लागि केन्द्रीय समन्वय तथा अनुगमन समितिको प्रस्ताव गरेको छ। विदेशमा रहेका नेपाली नागरिकको मतदाता नामावली दर्तासम्बन्धी प्रस्तावित कार्यविधि मस्यौदा आयोगको २०८०/०६/२५ को निर्णयबाट सरोकारवालाहरूको राय लिन आयोगको वेवसाईट मार्फत् सार्वजनिक गरिएको छ। साथै नेपाल सरकारका सरोकारवाला निकायहरू र राजनीतिक दलहरूसँग समेत प्रस्तावित मस्यौदामा सुझाव सहितको प्रतिक्रियाको लागि पत्राचार गरिएको थियो।

# परिच्छेद ४

# प्रशासनिक व्यवस्थापन तथा सेवा प्रवाह

प्रतिवेदन अवधिमा निर्वाचन सञ्चालन तथा व्यवस्थापनका प्रशासकीय कार्यहरूलाई निर्धारित समयमा उपलब्ध स्रोतसाधनको अत्युत्तम् सदुपयोग गरी सुदृढ बनाइएको छ। आयोगको सचिवालय र मातहतका ७ प्रदेश निर्वाचन कार्यालय तथा ७० जिल्ला निर्वाचन कार्यालयहरूमार्फत् सेवा प्रवाहलाई नियमित रूपमा सञ्चालन र व्यवस्थापन गरिदै आइएको छ। यस अवधिमा प्रमुख कार्यहरू देहाय अनुरूप रहेका छनः

## ४.१ सचिवालयवाट भएका मुख्य मुख्य कार्यहरू

क. आयोग र अन्तर्गतका कार्यालयबाट हुने सेवा प्रवाहलाई थप चुस्त, दुरूस्त र प्रभावकारी बनाउन प्रतिवेदन अवधिमा देहाय बमोजिमका कार्य सम्पन्न गरिएका छन् :

१. सरूवा सम्बन्धी मापदण्डको आधारमा दुर्गम क्षेत्रलाई प्राथमिकतामा राखी कर्मचारीको पदस्थापना र सरूवा गरिएको,

२. मतदाता नामावली दर्ता कार्यलाई प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयबाट निरन्तर रूपमा सञ्चालन गरिएको।

३. आयोगको सचिवालयमा कार्यरत कर्मचारीहरूको नियमित बैठक बसी कर्मचारीका समस्याहरू सम्बोधन गरी आयोगका काम कारबाहीलाई थप प्रभावकारी बनाउने व्यवस्था मिलाइएको।

४. आयोगको वेबसाइट, इमेल, फेसबुक, मोबाइल एपमार्फत आयोगका गतिविधिहरू, लघुफिल्म, एनिमेशन, अडियो भिडियो सामग्री लगायतका निर्मित सन्देशमूलक सामग्रीहरूलाई निर्वाचनका सरोकारवालासम्म पुऱ्याउने व्यवस्था मिलाइएको।

५. मतदाता नाम दर्ता गर्न निर्वाचन कार्यालयहरूमा लाग्ने गरेको लामो लाइन हटाउन, मतदाता नाम संकलनमा त्रुटि कम गर्न र प्रविधिको प्रयोग गरी सेवा प्रवाहलाई छिटो छरिटो र सरलीकृत गर्न Voter List Pre-Registration Online System प्रयोगमा ल्याइएको।

ख. कर्मचारी प्रशासन सम्बन्धी नियमित प्रशासनिक काम कारबाही जस्तै सरूवा, बढुवा, बिदा, काज, रमाना, अधिकार प्रत्यायोजन, अवकाश, सेवा करार, कार्य सम्पादन मूल्याङ्कन, कर्मचारीको सम्पत्ति विवरणसँग सम्बन्धित कार्यहरू सम्पादन गरिएको छ। गणतन्त्र दिवस, २०८० र निजामती सेवा पुरस्कार, २०८० का लागि आयोग र अन्तर्गत कार्यरत रही उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीहरूको मूल्याङ्कन गरी ती कर्मचारीमध्येबाट पुरस्कार विभुषण तथा पदकको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने कार्य भएको छ। त्यसैगरी समय समयमा आयोगका पदाधिकारी तथा सचिव, महाशाखा प्रमुख तथा अन्य कर्मचारीहरूबाट आयोग अन्तरगतको निरीक्षण भ्रमण गर्ने गरी आवश्यक निर्देशन सुझाव दिने, गोष्ठी, (भर्चुअल) मिटिङ्ग निर्देनशन दिने गरिएको छ।

ग. आयोग र अन्तर्गतका कार्यालयबाट हुने कार्यसम्पादनलाई प्रभावकारी बनाउन र कार्यालय व्यवस्थापनलाई सुदृढ तुल्याउन आयोगबाट समय समयमा मातहतका कार्यालयलाई निर्देशन दिने कार्य भएको छ। यसैगरी सूचना एवम् जानकारीमूलक सामग्री अद्यावधिक गरी सरोकारवाला सबैको पहुँचमा पुग्ने गरी आयोगको वेबसाइट अद्यावधिक गर्ने कार्य भएको छ। यसबाट कार्यसम्पादनमा एकरूपता र प्रभावकारिता अभिवृद्धि हुनुका साथै सेवा प्रवाहमा सुधार गर्न टेवा पुगेको छ।

घ. आयोगको काम कारबाहीमा कागजको प्रयोग कम गरी क्रमशः कागजरहित कार्यालयको रूपमा स्थापित गर्ने पहिलो चरणमा आयोगको सम्बन्धित कर्मचारीलाई कार्यालयको कार्यालयगत इमेल उपलब्ध गराई अन्तर शाखा सम्पर्क, समन्वय र सूचनाको आदान-प्रदान गर्ने कार्य शुरू गरिएको छ। यस कार्यको विस्तार गर्दै आयोग र अन्तर्गतका कार्यालयबीच समेत इमेल मार्फत सूचनाको आदान-प्रदान गरिएको छ। यसका साथै सूचना प्रविधि विभागले शुरू गरेको स्वचालित कार्यालय सञ्चालन प्रणाली (Office Automation System) मा आवद्ध भई कार्यालयको काममा सूचना प्रविधिको प्रयोग बढाई कागजरहित कार्यालय सञ्चालन गर्ने आयोगको रणनीतिक योजनाको लक्ष्य हासिल गर्न आगामी वर्षमा अझ प्रभावकारिता ल्याउन आवश्यक तयारीको कार्य भईरहेको छ।

## ४.२ आयोगको भौतिक पूर्वाधार तथा जग्गा प्राप्तिको विवरण

आयोगको सचिवालय रहेको कान्तिपथ काठमाडौंस्थित बहादुर भवन वि.स. २०७२ सालको

महाभूकम्पबाट आंशिक रूपमा क्षतिग्रस्त भएको छ। ऐतिहासिक एवम् पुरातात्विक महत्वको यस भवनलाई सवलीकरण गरी प्रयोग गर्न सम्बन्धित निकायहरूसँग समन्वय गरिएको भएतापनि हाल उक्त कार्य सम्पन्न नहुँदा कार्यालयको नियमित कार्यसम्पादनमा चुनौती एवम् वाधाहरू यथावत रहेका छन्। साथै, आफ्नो कार्यालय भवन नभएका निर्वाचन कार्यालयहरूका लागि सरकारी भवन प्राप्तिका विषयमा गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय एवम् जिल्ला समन्वय समितिसँग सहयोग, समन्वय तथा सहजीकरणका लागि अनुरोध गरिएको छ।

प्रतिवेदन वर्षसम्ममा २१ वटा जिल्ला निर्वाचन कार्यालयहरूको आफ्नै भवन रहेको, २ वटा जिल्लामा भवन निर्माणको कार्य भईरहेको, ८ वटा जिल्लाको लागि जग्गा प्राप्ति भएको, ८ वटा जिल्लाको लागि सरकारी भवन प्राप्त भएको छ।

निर्वाचन कार्यालयहरूको जग्गा, सरकारी भवन प्राप्ति तथा भवन निर्माणको विवरण देहायअनुसार रहेको छ :

## भवन निर्माण, सरकारी भवन तथा जग्गा प्राप्तिको स्थिति विवरण

| क्र.सं. | विवरण | जिल्ला |
|---|---|---|
| १. | आफ्नै कार्यालय भवन भएका निर्वाचन कार्यालय - २१ | ताप्लेजुङ, झापा, मोरङ, ओखलढुङ्गा, उदयपुर, मकवापुर, चितवन, धादिङ, तनहुँ, कास्की, स्याङ्जा, पर्वत, पाल्पा, म्याग्दी, दोलखा, अछाम, सुर्खेत, दैलेख, सिन्धुपाल्चोक, रामेछाप र कैलाली |
| २. | भोगाधिकारका लागि सरकारी भवन प्राप्त भएका निर्वाचन कार्यालय - ८ | भोजपुर, धनकुटा, रसुवा, अर्घाखाँची, बाँके, संखुवासभा, प्युठान र सल्यान |
| ३. | भवन निर्माण भईरहेका निर्वाचन कार्यालय - २ | सर्लाही र डडेलधुरा |
| ४. | जग्गा प्राप्त भएका निर्वाचन कार्यालय - ८ | सोलुखुम्बु, तेह्रथुम, बर्दिया, खोटाङ, सुनसरी, मनाङ, मुस्ताङ र मुगु |

| क्र.सं. | विवरण | जिल्ला |
|---|---|---|
| ५. | जग्गा प्राप्त हुने क्रममा रहेका निर्वाचन कार्यालय - ५ | महोत्तरी, काभ्रेपलाञ्चोक, नुवाकोट, डोटी र कञ्चनपुर |
| ६. | जग्गा र भवन नभएको निर्वाचन कार्यालय - ३३ | पाँचथर, इलाम, सप्तरी, सिराहा, धनुषा, रौतहट, बारा, पर्सा, सिन्धुली, भक्तपुर, ललितपुर, काठमाडौं, गोरखा, लम्जुङ, बाग्लुङ, नवलपरासी (पश्चिम), नवलपरासी (पूर्व),रूपन्देही, कपिलवस्तु, रूकुम (पूर्व), रोल्पा, दाङ, गुल्मी, रूकुम (पश्चिम), डोल्पा, जुम्ला, हुम्ला, कालिकोट, जाजरकोट, बाजुरा, बझाङ, दार्चुला र बैतडी |

## ४.३ निर्वाचन दिवस

२०८०/११/०७ गतेका दिन आयोगको सभाहलमा आठौं निर्वाचन दिवस आयोग, प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयका सम्पूर्ण कर्मचारीहरूको सहभागितामा भर्चुअल माध्यमबाट मनाइएको थियो। उक्त अवसरमा आयोगले आयोग र अन्तर्गत कार्यरत रही निर्वाचन सञ्चालन र व्यवस्थापनमा उत्कृष्ट योगदान पुऱ्याउने देहायका १२ जनालाई सम्मान तथा पुरस्कृत गरेको थियो। उक्त अवसरमा पुरस्कृत र सम्मानित हुने कर्मचारीहरूको विवरण देहाय बमोजिम रहेको छ :

**आयोगको सचिवालय कान्तिपथबाट उत्कृष्ट कर्मचारी पुरस्कारबाट सम्मानित भएका कर्मचारीहरूको विवरण**

| क्र.सं. | संकेत नं. | पद | कर्मचारीको नाम, थर |
|---|---|---|---|
| १. | १७०३९३ | उपसचिव | श्री कमल ज्ञवाली |
| २. | १७१७०५ | शाखा अधिकृत | श्री मधुकर प्रसाद पोखरेल |
| ३. | १९०५७६ | शाखा अधिकृत | श्री अच्युत दाहाल |
| ४. | २११७१६ | शाखा अधिकृत | श्री जयकला राई |
| ५. | १४८७८४ | हलुका सवारी चालक | श्री टेक बहादुर प्रधान |

**प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयहरूबाट उत्कृष्ट कर्मचारी पुरस्कारबाट सम्मानित भएका कर्मचारीहरूको विवरण**

| क्र.सं. | जिल्ला | क.सं.नं. | पद | कर्मचारीको नामथर |
|---|---|---|---|---|
| १. | संखुवासभा | १५५५८३ | लेखापाल | श्री आङतेन्जी शेर्पा |
| २. | रौतहट | १७६८६७ | जिल्ला निर्वाचन अधिकारी | श्री छोटेलाल दास |
| ३. | ललितपुर | १९५१२१ | कम्प्युटर अपरेटर | श्री भोजकुमारी सोमै |
| ४. | पर्वत | १९५७२१ | कम्प्युटर अपरेटर | श्री ज्ञानेन्द्र प्रसाद शर्मा |
| ५. | बाँके | १९२१३३ | कम्प्युटर अपरेटर | श्री युवराज पन्त |
| ६. | जुम्ला | १५४००५ | नायब सुब्बा | श्री अविनन्द चौलागाईं |
| ७. | डोटी | १५८०७३ | कार्यालय सहयोगी | कृष्ण कुमार जोशी |

## ४.४. उपनिर्वाचनमा सामग्री व्यवस्थापन

संवत् २०८१ साल बैशाख १५ गते शनिबारका दिन सम्पन्न उपनिर्वाचन अन्तर्गत प्रतिनिधि सभा सदस्य निर्वाचन, इलाम जिल्ला निर्वाचन क्षेत्र नं. २ र प्रदेश सभा सदस्य निर्वाचन, बझाङ जिल्ला निर्वाचन क्षेत्र नं. १ (१) मा प्रयोग हुने निर्वाचन सामग्रीहरूको व्यवस्थापन गर्ने सम्बन्धमा प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ मा प्रयोग भै मौज्दात रहेका निर्वाचन सामग्रीहरू नै यस उपनिर्वाचनमा पनि प्रयोग गर्ने, सम्बन्धित जिल्लामा मौज्दात रहेकोबाट अपुग भए नजिक पायक पर्ने प्रदेश/जिल्ला निर्वाचन कार्यालय वा आयोगबाट समन्वय गरी व्यवस्थापन गर्ने, स्थानीय बजारबाट खरिद तथा छपाई गरी प्रयोग गर्न सकिने सामग्रीहरू सम्बन्धित जिल्लाबाटै उपलब्ध हुने गरी आवश्यक बजेट उपलब्ध गराउने लगायतका विषयमा आयोगको मिति २०८०/१२/१६ मा आवश्यक निर्णय भएको थियो।

## ४.५. जिन्सी व्यवस्थापन

सार्वजनिक खरिद सम्बन्धी कार्यविधि, प्रक्रिया तथा निर्णयहरूलाई खुला, पारदर्शी तथा विश्वसनीय बनाउन, सार्बजनिक खरिद प्रक्रियालाई प्रतिस्पर्धात्मक एवम् मितव्ययी बनाउन सार्वजनिक खरिद ऐन, २०६३ एवम् नियमावली, २०६४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ एवम् नियमावली, २०७७ लगायतका प्रचलित कानूनमा भएको प्रावधानका आधारमा आयोगको जिन्सी सामग्रीहरूको अभिलेखीकरण, रेखदेख एवम् मर्मत संभार लगायतका जिन्सी व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी बनाइएको छ।

सार्वजनिक खरिद ऐन, २०६३ एवम् नियमावली, २०६४ मा व्यवस्था भए बमोजिम यस आयोगको सार्बजनिक खरिद एवम् जिन्सी सामग्री व्यवस्थापन प्रक्रियालाई व्यवस्थित गर्नका लागि आयोगका प्रशासन शाखा प्रमुखको संयोजकत्वमा ५ सदस्यीय खरिद इकाई समितिको गठन गरी सो समितिद्वारा बोलपत्रको माध्यमबाट कार्यालय सामग्री खरिद गर्न लागत अनुमान तयार गर्ने लगायतका निर्णय गरिएको थियो।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ बमोजिम आयोग आफैंले खरिद गरेका एवम् अन्य निकायबाट हस्तान्तरण भई आएका जिन्सी सामग्रीहरूको वार्षिक मैज्दात विवरण निरीक्षण कार्यका लागि आयोगका योजना, अनुगमन तथा वैदेशिक सम्बन्ध शाखा प्रमुखको संयोजकत्वमा गठन भएको ३ सदस्यीय जिन्सी निरीक्षण टोलीद्वारा आयोगको जिन्सी किताबमा आम्दानी बाँधिएका सम्पत्ति तथा जिन्सी मालसामानहरूको सङ्ख्या र मौजुदा अवस्थाको निरीक्षण गरी आयोगको जिन्सी व्यवस्थापन सम्बन्धमा सुझाव सहित २०८०/०७/१६ मा जिन्सी निरीक्षण प्रतिवेदन पेश गरिएको थियो।

राष्ट्रिय सभा सदस्य निर्वाचन, २०८० का लागि आवश्यक निर्वाचन सामग्रीका सम्बन्धमा आयोग तथा प्रदेश निर्वाचन कार्यालयहरूमा मौज्दात रहेका निर्वाचन सामग्री प्रयोग गर्ने तथा नपुग सामग्रीको हकमा स्थानीय बजारबाट खरिद गरी प्रयोग गर्ने व्यवस्था मिलाइएको थियो।

सम्वत् २०८१ साल वैशाख १५ गते शनिबारका दिन सम्पन्न भएको प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य उपनिर्वाचन, २०८१ र त्यसपछि हुने निर्वाचनका लागि मतदान केन्द्रमा प्रयोग हुने ४२ प्रकारका निर्वाचन सामग्रीहरूको दरबन्दी स्वीकृत गरी आयोग तथा निर्वाचन कार्यालयहरूमा मौज्दात रहेका निर्वाचन सामग्रीहरूलाई उपनिर्वाचनमा पनि प्रयोग गर्ने र स्थानीय बजारबाट खरिद तथा छपाई गरी प्रयोग गर्न सकिने सामग्रीहरू सम्बन्धित जिल्लाबाटै उपलब्ध हुने गरी आवश्यक बजेट उपलब्ध गराउने सम्बन्धमा आयोगको २०८०/१२/१६ गतेको बैठकबाट निर्णय गरिएको थियो।

# परिच्छेद ५

# निर्वाचन व्यवस्थापन

नेपालको संविधानले संविधान तथा संघीय कानूनको अधीनमा रही राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने तथा निर्वाचन प्रयोजनको लागि मतदाता नामावली तयार गर्ने एवम् राष्ट्रिय महत्वको विषयमा जनमत संग्रह गराउने समेतको जिम्मेवारी निर्वाचन आयोगलाई प्रदान गरेको छ।

## ५.१. राष्ट्रियसभा सदस्य निर्वाचन, २०८०

नेपालको संविधानको धारा ८३ बमोजिम प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदन सहितको एक संघीय व्यवस्थापिका हुनेछ, जसलाई संघीय संसद भनिन्छ भन्ने व्यवस्था रहेको छ। संविधानको धारा ८६ बमोजिम राष्ट्रिय सभा एक स्थायी सदन हुनेछ जसमा प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख, उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला, एक जना दलित र एक जना अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक सहित आठ जना गरी निर्वाचित हुने ५६ जना र नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत हुने कम्तीमा एक जना महिला सहित तीन जना गरी राष्ट्रिय सभामा कूल ५९ जना सदस्य रहने व्यवस्था छ।

नेपालको संविधानको धारा ८६ को उपधारा (३) बमोजिम राष्ट्रिय सभाका सदस्यहरूको पदावधि छ वर्षको हुने र राष्ट्रिय सभाका एक तिहाइ सदस्यको पदावधि प्रत्येक दुई वर्षमा समाप्त हुने व्यवस्था रहेको छ। साथै उपधारा (५) मा राष्ट्रिय सभाको रिक्त हुन आउने स्थानको पूर्ति त्यस्तो स्थान रिक्त गर्ने सदस्यको निर्वाचन वा मनोनयन जुन तरिकाले भएको हो, सोही तरिकाले बाँकी अवधिका लागि गरिनेछ भन्ने प्रावधान रहेको छ। यसैगरी सोही धाराको उपधारा (६) मा राष्ट्रिय सभाका सदस्यको निर्वाचन सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ भन्ने उल्लेख छ।

उपरोक्त व्यवस्था बमोजिम कोशी प्रदेशबाट महिला र अन्य समूह गरी दुई जना, मधेश प्रदेशबाट महिला र अन्य समूह गरी दुई जना, बागमती प्रदेशबाट महिला, दलित, अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदाय र अन्य समूह गरी चार जना, गण्डकी प्रदेशबाट

महिला, अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदाय र अन्य समूह गरी तीन जना, लुम्बिनी प्रदेशबाट महिला र अन्य समूह गरी दुई जना, कर्णाली प्रदेशबाट महिला, दलित, र अन्य समूह गरी तीन जना र सुदूरपश्चिम प्रदेशबाट महिला, अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदाय र अन्य समूहका तीन जना गरी जम्मा १९ पदको मिति २०८० / १० / ११ गते बिहीवारको दिन निर्वाचन सम्पन्न गरिएको थियो।

नेपालको संविधानको धारा ८६ र राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ४ बमोजिम राष्ट्रिय सभा सदस्य निर्वाचनको लागि प्रत्येक प्रदेशमा देहाय बमोजिमको निर्वाचक मण्डल रहने व्यवस्था छः-

क. सम्बन्धित प्रदेश सभाका सदस्य,

ख. सम्बन्धित प्रदेश भित्रका गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख।

राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ५६ मा भएको व्यवस्था बमोजिम निर्वाचन हुनुभन्दा तत्काल अगाडि सम्पन्न राष्ट्रिय जनगणनाको प्रतिवेदन अनुसार राष्ट्रिय तथ्याङ्क कार्यालयको सिफारिसको आधारमा आयोगको मिति २०८०/०८/०६ को निर्णय बमोजिम प्रदेश सभाका सदस्यको प्रति मतदाताको मतभार ५३ (त्रिपन्न) र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको प्रति मतदाताको मतभार १९ (उन्नाइस) कायम भएको थियो।

## ५.१.१ आयोगको परामर्श र निर्वाचन मिति घोषणा

राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ बमोजिम राष्ट्रिय सभाका सदस्यहरूको पदावधि समाप्त हुने मिति भन्दा पैंतीस दिन पहिले निर्वाचन सम्पन्न गरिसक्नुपर्ने व्यवस्था बमोजिम राष्ट्रिय सभाका एक तिहाइ सदस्यको पदावधि २०८० साल फागुन २० गतेसम्म रहेकोले कानून बमोजिम कम्तीमा २०८० माघ १५ गतेसम्म रिक्त सदस्य पद पूर्तिका लागि निर्वाचन सम्पन्न गर्नुपर्ने अवस्था थियो। राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ५ को उपदफा (१) बमोजिम नेपाल सरकारले निर्वाचनको मिति तोक्ने र निर्वाचनको मिति तोक्नु भन्दा अघि नेपाल सरकारले आयोगको परामर्श लिनु पर्ने व्यवस्था रहे बमोजिम निर्वाचन व्यवस्थापन समेतलाई मध्यनजर गरी २०८० साल माघ महिनाको ११ गते बिहीबारका दिन निर्वाचन गर्न आयोगले नेपाल सरकारलाई परामर्श दिएको थियो। निर्वाचन आयोगको सिफारिस बमोजिम नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८० / ०८ / १३ को बैठकबाट मिति

२०८० / १० / ११ गते बिहीवारको दिन राष्ट्रिय सभा सदस्यको निर्वाचन हुनेगरी निर्वाचनको मिति घोषणा भएको थियो।

## ५.१.२ निर्वाचन कार्यतालिका

निर्वाचनको मिति घोषणा भएपछि निर्वाचन व्यवस्थापनलाई सुव्यवस्थित रूपमा अगाडि बढाउन मतदान पूर्व, मतदानको समयमा र मतदान पश्चात गर्नुपर्ने क्रियाकलाप समेटिएको निर्वाचन कार्यतालिका आयोगबाट मिति २०८० / ०८ / १४ मा स्वीकृत भएको थियो। स्वीकृत कार्यतालिकामा निर्वाचनमा आवश्यक पर्ने निर्देशिका तथा कार्यविधि तयारी, निर्वाचनमा भाग लिने राजनीतिक दल दर्ताका लागि सूचना प्रकाशन, राजनीतिक दल दर्ता गर्ने समयावधि, राजनीतिक दललाई निर्वाचन चिन्ह प्रदान, स्वीकृत दलको नामावली नेपाल राजपत्रमा प्रकाशनका लागि पठाउने समय, मतदाता नामावली तयारी, निर्वाचन अधिकृतको नियुक्ति र कार्यालय स्थापना, निर्वाचन कार्यक्रम सञ्चालन, मतदान स्थल निर्धारण, मतपत्रको डिजाइन स्पेशिफिकेसन तथा मापदण्डको तयारी र मतपत्र छपाइ, निर्वाचन सुरक्षा व्यवस्था सम्बन्धी तयारी, मतपत्रको ढुवानी सम्बन्धी व्यवस्था, निर्वाचन सामग्री तथा जनशक्तिको व्यवस्थापन, मतदानको समय लगायतका विषयहरूलाई समयसीमा सहितको कार्यसम्पादन गर्ने जिम्मेवार शाखा तथा निकाय समेत समावेश गरिएको थियो।

## ५.१.३ मतदाता नामावली

राष्ट्रिय सभा सदस्य निर्वाचन नियमावली, २०७६ ले आयोगले निर्वाचन प्रयोजनको लागि सम्बन्धित प्रदेशको प्रदेश सभा सदस्यको पदमा बहाल रहेका व्यक्तिको विवरण सम्बन्धित प्रदेश सभा सचिवालय र प्रदेश भित्रका गाउँपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाको प्रमुख र उपप्रमुख पदमा बहाल रहेका व्यक्तिको विवरण सम्बन्धित निर्वाचन कार्यालयबाट माग गरी मतदाता नामावली तयार गर्नुपर्ने व्यवस्था गरेको छ। यस बमोजिम आयोगबाट मतदाताको क्रम सङ्ख्या, मतदाता नं., नाम, पद, जिल्ला, फोटो, नागरिकता नं. र जिल्ला, लिङ्ग, प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. र स्थानीय तह समेत खुलेको मतदाताको विवरण माग गरी मतदाता नामावली तयार गरेको थियो। आयोगले यसरी मतदाता नामावली तयार गर्दा गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाको प्रमुख र उपप्रमुख र प्रदेश सभा सदस्यमध्ये निलम्बनमा परेका व्यक्तिको नाम मतदाता नामावलीमा समावेश नगरी मतदाता नामावली तयार गरी सम्बन्धित निर्वाचन अधिकृतलाई उपलब्ध गराएको थियो। आयोगले तयार गरी उक्त मतदाता नामावली राष्ट्रिय सभा सदस्य निर्वाचन नियमावली, २०७६ को

प्रक्रिया बमोजिम निर्वाचन कार्यक्रममा उल्लिखित मिति र समयमा निर्वाचन अधिकृतको कार्यालयमा प्रकाशन गरी दाबी विरोधको प्रक्रिया पूरा भए पछि अन्तिम मतदाता नामावली तयार गरेको थियो। यसरी राष्ट्रिय सभा सदस्य निर्वाचन प्रयोजनको लागि तयार गरिएको अन्तिम मतदाता नामावली सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा प्रकाशन गरिनुका साथै आयोगको वेबसाइटमा समेत राखिएको थियो। राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि तयार भएको मतदाता नामावलीको सङ्ख्यात्मक विवरण देहाय बमोजिम रहेको छः

| **सि.नं.** | **प्रदेश** | **मतदाताको सङ्ख्या** | | |
|---|---|---|---|---|
| | | **गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख** | **प्रदेश सभाका सदस्य** | **कूल मतदाता** |
| १. | कोशी | २७३ | ९३ | ३६६ |
| २. | मधेश | २६७ | १०७ | ३७४ |
| ३. | बागमती | २३७ | ११० | ३४७ |
| ४. | गण्डकी | १७० | ६० | २३० |
| ५. | लुम्बिनी | २१८ | ८७ | ३०५ |
| ६. | कर्णाली | १५६ | ४० | १९६ |
| ७. | सुदूरपश्चिम | १७६ | ५२ | २२८ |
| **कूल जम्मा** | | **१४९७** | **५४९** | **२०४६** |

## ५.१.४ मतदाताको मतभार

राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ४ ले प्रत्येक प्रदेशमा सम्बन्धित प्रदेश सभा सदस्य, प्रदेश भित्रको गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाको प्रमुख र उपप्रमुख मतदाता रहेको निर्वाचक मण्डल रहने व्यवस्था गरेको छ भने दफा ५६ ले निर्वाचक मण्डलमा रहने सदस्यको मतभार अनुसूची १ बमोजिम हुने उल्लेख गरेको छ। यस अनुसार निर्वाचन आयोगबाट यस अघि सम्पन्न राष्ट्रिय सभा सदस्य निर्वाचनमा अनुसूचीमा उल्लिखित सूत्रअनुसार संवत् २०६८ सालको जनगणनाको कूल जनसंख्यालाई आधार मानी प्रदेश सभा सदस्यको मतभार ४८ र गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाको प्रमुख र उपप्रमुखको मतभार १८ कायम गरिएको थियो। राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन,

२०७५ ले निर्वाचक मण्डलका सदस्यको मतभार कायम गर्दा पछिल्लो राष्ट्रिय जनगणना अनुसारको कूल जनसंख्याको आधारमा गर्नुपर्ने व्यवस्था गरेकोले निर्वाचन आयोगको मिति २०८०/०७/२२ को निर्णय बमोजिम संवत् २०७८ सालमा सम्पन्न राष्ट्रिय जनगणनाको आधारमा निर्वाचक मण्डलका सदस्यको मतभार कायम गरी पठाउन राष्ट्रिय तथ्याङ्क कार्यालयमा अनुरोध गरी पठाएको थियो। सो अनुसार राष्ट्रिय तथ्याङ्क कार्यालयबाट लेखी आए बमोजिम आयोगको मिति २०८०/०८/०६ को निर्णयबाट प्रदेश सभा सदस्यको मतभार ५३ तथा गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाको प्रमुख र उपप्रमुखको मतभार १९ कायम गरी उक्त मतभार सम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशन गरिएको थियो।

## ५.१.५ राष्ट्रिय सभा सदस्य निर्वाचन, २०८० प्रयोजनका लागि दल दर्ता, निर्वाचन चिन्ह प्रदान र निर्वाचन चिन्हको क्रम निर्धारण

आयोगको मिति २०८०/०८/०७ को बैठकबाट राष्ट्रिय सभा सदस्य निर्वाचन, २०८० प्रयोजनका लागि दल दर्ता, निर्वाचन चिन्ह प्रदान र निर्वाचन चिन्हको क्रम निर्धारण सम्बन्धमा देहाय बमोजिमको निर्णय भएको थियो।

## क. राष्ट्रिय सभा सदस्य निर्वाचन, २०८० प्रयोजनका लागि दल दर्ता

संवत् २०८० साल माघ ११ गते सम्पन्न हुने राष्ट्रिय सभा सदस्य निर्वाचन, २०८० प्रयोजनका लागि नेपालको संविधानको धारा २७१ तथा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४८ बमोजिम राजनीतिक दलको रूपमा निर्वाचनका लागि मान्यता प्राप्त गर्न दर्ता हुन आएका जनमत पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी), नेपाल मजदुर किसान पार्टी, जनता समाजवादी पार्टी, नेपाल, राष्ट्रिय जनमोर्चा, नेपाल समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, नागरिक उन्मुक्ति पार्टी, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) र नेपाली काँग्रेस समेत जम्मा १२ (बाह्र) राजनीतिक दलहरू दर्ता गरी उक्त दर्ता भएका राजनीतिक दलहरूको नामावली राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४८ को उपदफा (३) बमोजिम नेपाल राजपत्रमा प्रकाशन गर्ने।

## ख. निर्वाचन चिन्ह प्रदान तथा क्रम निर्धारण

प्रकरण (क) बमोजिम दर्ता भएका राजनीतिक दललाई राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा २६ बमोजिम देहाय बमोजिमको निर्वाचन चिन्ह निर्धारण गरी प्रदान गर्ने

र सोही ऐनको दफा ३३ बमोजिम उम्मेदवारको निर्वाचन चिन्ह देहायको क्रममा मतपत्रमा समावेश गर्नेः-

**देहाय**

| क. संवत् २०७९ को प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन प्रणालीतर्फ दलहरूले प्राप्त गरेको मतको आधारमा दलले प्राप्त गर्ने निर्वाचन चिन्हको क्रम | | | | |
|---|---|---|---|---|
| **क.स.** | **राजनीतिक दलको नाम** | **२०७९ सालको प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन प्रणालीतर्फ प्राप्त मत संख्या** | **चिन्हको नाम** | **निर्वाचन चिन्ह** |
| १. | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी( | २८,४५,६४१ | सूर्य |  |
| २. | नेपाली काँग्रेस | २७,१५,२२५ | रूख |  |
| ३. | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र( | ११,७५,६८४ | गोलाकारभित्र हँसिया हथौडा |  |
| ४. | राष्ट्रिय प्रजातन्त्र पार्टी | ११,३०,३४४ | हलो |  |
| ५. | जनता समाजवादी पार्टी, नेपाल | ४,२१,३१४ | ढल्केको छाता |  |
| ६. | जनमत पार्टी | ३,९४,६५५ | लाउड स्पिकर |  |
| ७. | नेपाल कम्युनिष्ट पार्टी )एकीकृत समाजवादी( | २,९८,३९१ | कलम |  |
| ८. | नागरिक उन्मुक्ति पार्टी | २,७१,७२२ | पिधँ भएको सादा ढकिया |  |

| | | | | |
|---|---|---|---|---|
| ९. | लोकतान्त्रिक समाजवादी पार्टी नेपाल | १,६७,३६७ | साइकल |  |
| १०. | नेपाल मजदुर किसान पार्टी | ७५,१६८ | मादल |  |
| ११. | राष्ट्रिय जनमोर्चा | ४६,५०४ | गिलास |  |
| **ख. निर्वाचन प्रयोजनको लागि दल दर्ताको आधारमा दलले प्राप्त गर्ने निर्वाचन चिन्हको क्रम** | | | | |
| **क.स.** | **राजनीतिक दलको नाम** | **दल दर्ताको क्रम** | **चिन्हको नाम** | **निर्वाचन चिन्ह** |
| १२. | नेपाल समाजवादी पार्टी | ८ | खुलेको एक आँखा |  |

## ५.१.६ निर्वाचन अधिकृतको नियुक्ति र कार्यालय स्थापना

राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ७ ले नेपालको संविधान तथा संघीय कानून बमोजिम निर्वाचनमा सम्पादन गर्नुपर्ने काम गर्न वा गराउनका लागि आयोगले न्याय परिषदको परामर्शमा एक जना जिल्ला न्यायाधीशलाई निर्वाचन अधिकृतमा नियुक्त गर्ने छ भन्ने व्यवस्था गरे बमोजिम यस निर्वाचनको लागि न्याय परिषदको परामर्शमा प्राप्त नामावलीका आधारमा ७ वटै प्रदेशको लागि ७ जना निर्वाचन अधिकृतलाई मिति २०८० / ०९ / १६ गते निर्वाचन अधिकृतको पदमा नियुक्ति गरिएको थियो। कोशी, मधेश, गण्डकी, लुम्बिनी, कर्णाली, सुदूरपश्चिम प्रदेशमा तोकिएका निर्वाचन अधिकृतहरूलाई मिति २०८० / ०९ / १८ को न्याय परिषदको सिफारिसबाट उच्च अदालतमा नियुक्ति गरिएको र बागमती प्रदेशमा तोकिएका निर्वाचन अधिकृतले अस्वस्थताको कारण जनाई निवेदन दिएकोले मिति २०८० / ०९ / १९ को आयोगको निर्णय बमोजिम जगेडा सूचीमा रहेका माननीय जिल्ला न्यायाधीशहरूलाई मिति २०८० / ०९ / १९ देखि लागू हुनेगरी नियुक्ति गरिएको थियो। निर्वाचन अधिकृतको कार्यालय मिति २०८० / ०९ / १६ गते सबै प्रदेशको राजधानीस्थित प्रदेश निर्वाचन कार्यालयमा स्थापना गरिएको थियो।

## ५.१.७ निर्वाचन कार्यक्रम सञ्चालन र उम्मेदवारको मनोनयन दर्ता

राष्ट्रिय सभा सदस्य निर्वाचन प्रयोजनका लागि आयोगबाट मिति २०८०/०८/१४ मा स्वीकृत निर्वाचन कार्यतालिका बमोजिम राष्ट्रिय सभा सदस्य निर्वाचन प्रयोजनका लागि आयोगबाट मिति

२०८०/०८/१७ गते निर्वाचन कार्यक्रम स्वीकृत भएको थियो। स्वीकृत कार्यक्रम बमोजिम मिति २०८०/०९/२० गतेदेखि ऐ. २८ गतेसम्म निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचन कार्यक्रम सञ्चालन गरिएको थियो। निर्वाचन कार्यक्रम **अनुसूची -२** मा समावेश गरिएको छ। रिक्त १९ (उन्नाइस) पदका लागि भएको उक्त निर्वाचनमा ८ (आठ) वटा राजनीतिक दलका जम्मा ५१ (एकाउन्न) जनाको उम्मेदवारी कायम भएको थियो।

## ५.१.८ मतदान स्थल तथा केन्द्र निर्धारण

राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ३२ र राष्ट्रिय सभा सदस्य निर्वाचन नियमावली, २०७६ को नियम २३ को उपनियम (३) मा भएको व्यवस्था बमोजिम प्रदेश निर्वाचन कार्यालयबाट भएको सिफारिसका आधारमा आयोगबाट मिति २०८०/०९/०५ मा मतदान स्थल तथा मतदान केन्द्रको निर्धारण गरिएको थियो। राष्ट्रिय सभा सदस्य निर्वाचनका निर्वाचक मण्डलमा रहने सदस्यको मतभार फरक फरक रहेको कारण मतभारका आधारमा प्रत्येक मतदान स्थलमा दुईवटा मतदान केन्द्र कायम गरिएको थियो। मतदान स्थलको विवरण देहायबमोजिम रहेको छः

| क्र.सं. | प्रदेश | मतदान स्थल | ठेगाना |
|---|---|---|---|
| १ | कोशी | प्रदेश निर्वाचन कार्यालय, मोरङ | विराटनगर महानगरपालिका वडा नं. १० मोरङ |
| २ | मधेश | महेन्द्र नारायण निधि मिथिला संस्कृति केन्द्र | जनकपुरधाम उपमहानगरपालिका वडा नं. ४ धनुषा |
| ३ | बागमती | श्री भुटनदेवी माननीयवि. प्राविधिक शिक्षालय ब्लक 'F' प्राविधिक भवन | हेटौडा उपमहानगरपालिका वडा नं. ४ मकवानपुर |
| ४ | गण्डकी | प्रदेश निर्वाचन कार्यालय, पोखरा | पोखरा महानगरपालिका वडा नं. ७ कास्की |
| ५ | लुम्बिनी | कर्मचारी मिलन केन्द्रको भवन, घोराही | घोराही उपमहानगरपालिका वडा नं. १५ दाङ |
| ६ | कर्णाली | प्रदेश निर्वाचन कार्यालय, सुर्खेत | वीरेन्द्रनगर नगरपालिका वडा नं. ७ |
| ७ | सुदूरपश्चिम | प्रदेश सभा भवन | धनगढी उपमहानगरपालिका वडा नं. १ |

## ५.१.९ निर्वाचन आचारसंहिता कार्यान्वयन

### क. आचारसंहिता

आयोगको मिति २०८०/०९/२९ गतेको निर्णयानुसार राष्ट्रियसभा सदस्य निर्वाचन, २०८० को लागि निर्वाचन आचारसंहिता, २०७९ मिति २०८०/१०/०२ देखि २०८०/१०/१२ सम्म लागू गरिएको थियो।

### ख. अनुमति/सहमति

राष्ट्रिय सभा सदस्य निर्वाचन, २०८० मा निर्वाचन आचारसंहिता लागू भएको अवधिमा निर्वाचन (पहिलो संशोधन) आचारसंहिता, २०७९ को प्रतिकूल नहुने गरी कार्यक्रममा सहभागी हुन एक वटा सहमति प्रदान गरिएको थियो।

## ५.१.१० मतपत्र व्यवस्थापन

राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ३३ मा आयोगले निर्वाचनका लागि उम्मेदवारको निर्वाचन चिह्न भएको मतपत्रको व्यवस्था गर्नुपर्नेछ भन्ने उल्लेख छ। सोही दफाको उपदफा (४) ले मतपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरेको छ। राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ३३ को उपदफा (२) ले गरेको व्यवस्था र आयोगको मिति २०८० / ०९ / ०१ को निर्णय अनुसार मतपत्रमा उम्मेदवारको नाम र निर्वाचन चिह्न समावेश गर्दा देहाय बमोजिम गरिएको थियो।

क. निर्वाचन हुनु भन्दा तत्काल अघि कायम रहेको प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दलले त्यस्तो प्रतिनिधि सभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ प्राप्त गरेको मत संख्याको आधारमा सो दलको उम्मेदवारको निर्वाचन चिह्न,

ख. खण्ड (क) बमोजिम प्रतिनिधि सभामा प्रतिनिधित्व नगर्ने दलको हकमा निर्वाचन प्रयोजनका लागि आयोगमा दर्ता भएको क्रमको आधारमा सो दलको उम्मेदवारको निर्वाचन चिह्न,

ग. स्वतन्त्र उम्मेदवारको हकमा नामको वर्णानुक्रमको आधारमा सो उम्मेदवारको निर्वाचन चिह्न।

प्रदेश सभा सदस्यले मतदान गर्ने प्रयोजनका लागि सेतो रङको कागजमा हरियो रङको मसीको विवरण तथा निर्वाचन चिह्न र गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाको प्रमुख

र उपप्रमुखले मतदान गर्ने प्रयोजनका लागि सेतो रङको कागजमा रातो रङको मसीको विवरण तथा निर्वाचन चिह्न भएको मतपत्र छपाइ गरिएको थियो।

राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि निर्वाचित गर्नुपर्ने १९ पदका लागि ७ प्रदेशका १९ समूहबाट छुट्टाछुट्टै निर्वाचित गर्नुपर्ने भएकोले १९ वटा छुट्टाछुट्टै प्रकारका मतपत्र तयार गरिएको थियो। प्रदेशगत रूपमा कोशी प्रदेशमा ९२०, मधेश प्रदेशमा ९४०, बागमती प्रदेशमा १७६०, गण्डकी प्रदेशमा ९००, लुम्बिनी प्रदेशमा ७४०, कर्णाली प्रदेशमा ७५० र सुदूरपश्चिम प्रदेशमा ९०० गरी जम्मा ६९१० वटा मतपत्रहरू आयोगमा नै छपाइ गरी सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा पठाइएको थियो।

### ५.१.११ मतदान

मिति २०८० / १० / ११ गते बिहीबार विहान ९:०० बजेदेखि अपराह्न ३:०० बजेसम्म मतदान कार्य शान्तिपूर्ण रूपमा सम्पन्न भएको थियो। प्रदेश सभाका सदस्यतर्फ ५४९ जना मतदाता रहेकोमा ५४६ जनाले मतदान गरी ९९.४५ प्रतिशत र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखतर्फ १४९७ जना मतदाता रहेकोमा १४८६ जनाले मतदान गरी ९९.२७ प्रतिशत मतदान भएको थियो। यसरी सबै प्रदेशतर्फ कूल मतदाता २०४६ मा २०३२ जनाले मतदान गरेकोले ९९.३२ प्रतिशत मतदान भएको थियो।

### ५.१.१२ मतगणना र परिणाम घोषणा

मतदान कार्य सम्पन्न भए पश्चात सोही दिन अपराह्न ४:०० बजेपछि मतगणना कार्य प्रारम्भ भएको थियो। निर्वाचित गर्नुपर्ने समूह अनुसार छुट्टाछुट्टै मतगणना गरिएको थियो। सम्पूर्ण मतगणना कार्य सोही दिनको साँझ ७:०० बजे सम्ममा समाप्त भई सम्बन्धित निर्वाचन अधिकृतबाट निर्वाचन परिणाम घोषणा भएकोथियो। प्रदेशगत रूपमा खसेको मत, सदर मत तथा बदर मतको स्थिति **अनुसूची -३** मा समावेश गरिएको छ।

### ५.१.१३ निर्वाचन परिणाम विवरण

राष्ट्रिय सभा सदस्यको रिक्त १९ पदका लागि भएको निर्वाचनमा निर्वाचित उम्मेदवारले प्राप्त गरेको मतभार सहितको निर्वाचन परिणाम विवरण **अनुसूची -४** मा समावेश गरिएको छ।

### ५.१.१४ निर्वाचन परिणाम प्रतिवेदन पेश

राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ६० बमोजिम मिति २०८० माघ ११ गते सम्पन्न राष्ट्रिय सभा सदस्य निर्वाचनको परिणाम सहितको प्रतिवेदन सम्माननीय राष्ट्रपतिसमक्ष मिति २०८० माघ १४ गते पेश गरिएको थियो।

## ५.२ प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य उपनिर्वाचन, २०८१

नेपालको संविधानको धारा ८३ मा "प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदन सहितको एक संघीय व्यवस्थापिका हुनेछ जसलाई संघीय संसद भनिनेछ" भन्ने उल्लेख रहेको छ। संघीय संसदका यी दुई सदनमध्ये प्रतिनिधि सभाको गठन सम्बन्धमा संविधानको धारा ८४ ले गरेको व्यवस्था अनुसार प्रतिनिधि सभामा रहने कुल दुई सय पचहत्तर सदस्यमध्ये नेपाललाई जनसङ्ख्या र भौगोलिक अनुकूलता तथा विशिष्टताका आधारमा एक सय पैसठ्ठी निर्वाचन क्षेत्रबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत एक सय पैसठ्ठी सदस्य निर्वाचित हुने र सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत एक सय दश सदस्य समेत कुल २७५ सदस्य रहेको प्रतिनिधि सभा गठन हुन्छ।

त्यसैगरी धारा ८४ उपधारा (७) मा प्रतिनिधि सभा सदस्यको कार्यकाल ६ महिनाभन्दा बढी अवधि बाँकी छँदै कुनै सदस्यको स्थान रिक्त भएमा त्यस्तो स्थान जुन निर्वाचन प्रणालीबाट पूर्ति भएको थियो सोही प्रक्रियाद्वारा पूर्ति गरिनेछ भन्ने व्यवस्था रहेको छ। प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६८ मा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित कुनै सदस्यको पद प्रतिनिधि सभाको अवधि ६ महिनाभन्दा बढी कायम रहँदै कुनै कारणले रिक्त भएमा आयोगले तोकेको मितिमा त्यस्तो रिक्त सदस्यको पद उपनिर्वाचनद्वारा पूर्ति गरिनेछ भन्ने व्यवस्था रहेको छ।

नेपालको संविधानको धारा १७६ मा प्रदेश सभाको गठन सम्बन्धी व्यवस्था रहेको छ। प्रत्येक प्रदेश सभामा सम्बन्धित प्रदेशबाट प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने सदस्य संख्याको दोब्बर संख्यामा हुन आउने सदस्य र उक्त सदस्य संख्यालाई साठी प्रतिशत मानी बाँकी चालीस प्रतिशतमा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने सदस्य रहने व्यवस्था रहेको छ।

त्यसैगरी धारा १७६ को उपधारा (८) मा प्रदेश सभा सदस्यको कार्यकाल ६ महिनाभन्दा बढी अवधि बाँकी छँदै कुनै सदस्यको स्थान रिक्त भएमा त्यस्तो स्थान जुन निर्वाचन प्रणालीबाट पूर्ति भएको थियो सोही प्रक्रियाद्वारा पूर्ति गरिनेछ भन्ने व्यवस्था रहेको छ। प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६८ मा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित कुनै सदस्यको पद प्रदेश सभाको अवधि ६ महिनाभन्दा बढी कायम रहँदै कुनै कारणले रिक्त भएमा आयोगले तोकेको मितिमा त्यस्तो रिक्त सदस्यको पद उपनिर्वाचनद्वारा पूर्ति गरिनेछ भन्ने व्यवस्था रहेको छ।

नेपालको संविधान तथा कानूनमा भएको व्यवस्था अनुरूप आयोगले मिति २०७९ मंसिर ४ गते प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन सम्पन्न गरेको थियो। उक्त निर्वाचन सम्पन्न भए पश्चात इलाम जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नम्बर २ बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित हुनु भएका श्री सुवासचन्द्र नेम्वाङको निधन भएकोले प्रतिनिधि सभा सदस्य पद नेपालको संविधानको धारा ८९ को (च) बमोजिम रिक्त भएको भनी संघीय संसदको मिति २०८०। ०५। २९ को पत्रबाट आयोगमा जानकारी प्राप्त भएको थियो।

त्यसैगरी बझाङ जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नम्बर १ को प्रदेश सभा निर्वाचन क्षेत्र नं. १ बाट सुदूरपश्चिम प्रदेश सभा सदस्यमा निर्वाचित हुनु भएका श्री पृथ्वी बहादुर सिंहको २०८०। ०३। ०५ गते सवारी दुर्घटनामा परी मृत्यु भएकोले प्रदेश सभा सदस्य पद नेपालको संविधानको धारा १८० को (च) बमोजिम रिक्त भएको भनी प्रदेश सभा सचिवालय, सुदूरपश्चिम प्रदेशको मिति २०८०। ०४। २५ को पत्रबाट आयोगमा जानकारी हुन आएको थियो।

### ५.२.१ निर्वाचन मिति घोषणा

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६८ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६८ बमोजिम रिक्त पदका लागि नेपाल सरकारको परामर्श समेतका आधारमा आयोगबाट मिति २०८० फागुन १३ मा भएको निर्णय बमोजिम इलाम जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. २ र बझाङ जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ को प्रदेश सभा निर्वाचन क्षेत्र नं. १ मा संवत् २०८१ साल वैशाख १५ गते शनिबारका दिन उपनिर्वाचन गर्ने गरी उपनिर्वाचनको मिति तोकिएको थियो।

### ५.२.२ निर्वाचन कार्यतालिका

निर्वाचन व्यवस्थापनलाई सुव्यवस्थित रूपमा अगाडि बढाउन मतदान पूर्व, मतदानको समयमा र मतदानपश्चात् समयबद्धरूपमा गर्नुपर्ने विभिन्न क्रियाकलापहरू समावेश गरी आयोगबाट मिति २०८०। ११। १४ को निर्णयबाट निर्वाचन कार्यतालिका स्वीकृत गरिएको थियो। निर्वाचन कार्यतालिकामा बजेट अनुमान, प्राप्ति र निकासा, मतदाता नामावली अद्यावधिक, राजनीतिक दल दर्ता, कालोसूचीको विवरण प्राप्ति, मुख्य निर्वाचन अधिकृतको नियुक्ति र कार्यालय स्थापना, अन्तिम मतदाता नामावली प्रकाशन, मतदान स्थल तथा मतदान केन्द्र निर्धारण, निर्वाचन कार्यक्रम सञ्चालन, मतदाता शिक्षा सञ्चालन, मतपत्र डिजाइन, छपाइ तथा ढुवानी, निर्वाचन सामग्रीको प्राप्ति र ढुवानी, आचारसंहिता लागू र कार्यान्वयन, मतदानमा खटिने जनशक्तिको प्राप्ति, नियुक्ति, तालिम र परिचालन आदि क्रियाकलापहरू समावेश गरिएको थियो। निर्वाचन व्यवस्थापन सम्बन्धी

कार्यहरू कार्यतालिकामा समावेश भएको समयसीमा अनुसार कार्यसम्पादन गरी उपनिर्वाचनलाई व्यवस्थित रूपमा सम्पन्न गरिएको थियो।

## ५.२.३ निर्वाचन कार्यक्रम प्रकाशन

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ मा भएको व्यवस्था बमोजिम आयोगबाट मिति २०८०/११/१८ मा निर्वाचन कार्यक्रम स्वीकृत भएको थियो। निर्वाचन कार्यक्रममा २०८० चैत २४ गते उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने, चैत २७ गते उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने र २०८१ वैशाख १५ गते बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म मतदान गर्ने लगायतका विषय समेटिएका थिए। स्वीकृत निर्वाचन कार्यक्रम नेपाल राजपत्रमा प्रकाशन भएको थियो। निर्वाचन कार्यक्रम **अनुसूची - ५** मा समावेश गरिएको छ।

## ५.२.४ मतदाता नामावली अद्यावधिक तथा अन्तिम मतदाता नामावली प्रकाशन

उपनिर्वाचनको मिति तोकिए पश्चात् उक्त उपनिर्वाचनको लागि देशभरबाट मिति २०८० फागुन १३ गतेसम्म दर्ता भएका तथा २०८१ वैशाख १४ गतेसम्म १८ वर्ष उमेर पूरा भएका मतदातालाई अन्तिम मतदाता नामावलीमा नाम समावेश गर्ने गरी निर्दिष्ट मिति (**Cut-off Date**) निर्धारण गरी मिति २०८० फागुन २८ गतेदेखि २०८० चैत २२ गतेसम्म 'मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८०' सञ्चालन गरिएको थियो।

मतदाताले मिति २०८० फागुन २९ गतेदेखि २०८० चैत ५ गतेसम्म अनलाइन मार्फत् वा सम्बन्धित निर्वाचन कार्यालयमा वा सम्बन्धित वडा कार्यालयहरूमा मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन, दोहोरो परेको, मृत्यु भएको वा नागरिकता त्याग वा रद्द भएको मतदाताको नाम नामावलीबाट हटाउनका लागि निवेदन दिन र दावी विरोधका लागि उजुरी दिन पाउने व्यवस्था मिलाइएको थियो। अद्यावधिक कार्यक्रम सम्पन्न भए पश्चात् मिति २०८० चैत २२ गते एक करोड असी लाख अठासी हजार नौ सय त्रियासी जना मतदाताको अन्तिम मतदाता नामावली स्वीकृत गरी आयोगको वेबसाइटमा प्रकाशित गरिएको थियो। उक्त नामावलीको प्रदेशगत विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

**प्रदेश अनुसार मतदाता र मतदान स्थलको संख्या**
**(२०८१ वैशाख १४ गतेसम्म १८ वर्ष पूरा भएका)**

| क्र.सं. | प्रदेश | पुरूष | महिला | अन्य | जम्मा | मतदान स्थल |
|---|---|---|---|---|---|---|
| १ | कोशी प्रदेश | १७४२७३७ | १६७७२४५ | २२ | ३४२०००४ | १८९७ |
| २ | मधेश प्रदेश | १८४७५२९ | १५६९२८६ | ७० | ३४१६८८५ | २१५६ |
| ३ | बागमती प्रदेश | १७४५९५२ | १७४०१९३ | २७ | ३४८६१७२ | १८१२ |
| ४ | गण्डकी प्रदेश | ८८०७४२ | ९३३०९४ | ११ | १८१३८४७ | १२८३ |
| ५ | लुम्बिनी प्रदेश | १६४८१९७ | १६१८७१० | ३५ | ३२६६९४२ | १६५० |
| ६ | कर्णाली प्रदेश | ५१५२७४ | ५०१४३४ | ३ | १०१६७११ | ९३३ |
| ७ | सुदूरपश्चिम प्रदेश | ८२२१३८ | ८४६२६४ | २० | १६६८४२२ | ११६१ |
| | **कूल जम्मा** | **९२०२५६९** | **८८८६२२६** | **१८८** | **१८०८८९८३** | **१०८९२** |

उपनिर्वाचन सम्पन्न भएका जिल्लाका सम्बन्धित निर्वाचन क्षेत्रका मतदाताको विवरण देहाय बमोजिम रहेको थियो।

| क्र.सं. | प्रदेश | जिल्ला | प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. | प्रदेश सभा निर्वाचन क्षेत्र नं. | मतदाता संख्या | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | पुरूष | महिला | अन्य | जम्मा |
| १ | कोशी | इलाम | २ | - | ५९०१८ | ५६८६९ | २ | ११५८८९ |
| २ | सुदूरपश्चिम | बझाङ | १ | १ | ३१५४९ | ३०१९९ | ० | ६१७४८ |
| कुल जम्मा | | | | | ९०५६७ | ८७०६८ | २ | १७७६३७ |

## ५.२.५ मतदान स्थल तथा मतदान केन्द्र निर्धारण

मतदान स्थल तथा मतदान केन्द्र निर्धारण कार्यविधि, २०७७ मा मतदान स्थललाई पहुँचयोग्य तुल्याउने, प्रत्येक वडामा कम्तिमा एउटा मतदान स्थल रहने, मतदाता सङ्ख्या, पूर्वाधार, यातायात तथा सुरक्षा समेतलाई मध्यनजर गरी मतदान स्थल निर्धारण गर्ने व्यवस्था रहे बमोजिम आयोगको मिति २०८०। १२। २२ को निर्णय बमोजिम देशभर १०८९२ मतदान स्थल कायम गरिएको थियो। जस अनुसार उपनिर्वाचन भएको इलाम जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. २ मा ७९ मतदान स्थल र १४९ मतदान केन्द्र तथा बझाङ जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं.

१ को प्रदेश सभा निर्वाचन क्षेत्र नं. १ मा ७४ मतदान स्थल र ९३ मतदान केन्द्र निर्धारण गरिएको थियो।

## ५.२.६ निर्वाचन अधिकृतको नियुक्ति तथा कार्यालय स्थापना

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८ मा निर्वाचनमा सम्पादन गर्नुपर्ने काम गर्न वा गराउनका लागि प्रत्येक जिल्लामा आयोगले एकजना मुख्य निर्वाचन अधिकृत नियुक्त गर्ने व्यवस्था रहेको छ। सो दफा बमोजिम निर्वाचन सम्बन्धी कार्य सम्पादन गर्न न्याय परिषद्को परामर्शमा उपनिर्वाचन हुने दुई जिल्लाका लागि दुई जना जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृतको पदमा मिति २०८० चैत २२ गतेदेखि लागू हुनेगरी नियुक्त गरिएको थियो। जस अनुसार केशवप्रसाद घिमिरेले इलाम जिल्ला र सुदर्शन लामिछानेले बझाङ जिल्लाको मुख्य निर्वाचन अधिकृतको जिम्मेवारी पाउनु भएको थियो। साथै २०८० चैत २२ गते मुख्य निर्वाचन अधिकृतको कार्यालय सम्बन्धित जिल्लाको सदरमुकाममा स्थापना गरिएको थियो।

## ५.२.७ निर्वाचन कार्यक्रम सञ्चालन

आयोगबाट मिति २०८०/११/१८ मा स्वीकृत भएको निर्वाचन कार्यक्रम दुवै मुख्य निर्वाचन अधिकृतको कार्यालयमा मिति २०८०/१२/२४ देखि सञ्चालन भएको थियो। मिति २०८०/१२/२४ मा उम्मेदवारको मनोनयन दर्ता गर्ने कार्यक्रम अनुसार इलाम जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. २ मा १२ वटा राजनीतिक दलबाट १२ जना र ८ जना स्वतन्त्र उम्मेदवार गरी जम्मा २० जना उम्मेदवारको मनोनयन दर्ता भएकोमा एक जनाले उम्मेदवारी फिर्ता लिएकोले १९ जना उम्मेदवारको अन्तिम नामावली प्रकाशन भई उम्मेदवारहरूलाई निर्वाचन चिह्न प्रदान गरिएको थियो।

त्यस्तै बझाङ जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ को प्रदेश सभा निर्वाचन क्षेत्र नं. १ मा १२ वटा राजनीतिक दलबाट १२ जना उम्मेदवारको मनोनयन दर्ता भएकोमा एक जनाले उम्मेदवारी फिर्ता लिएको हुँदा ११ जना उम्मेदवारको अन्तिम नामावली प्रकाशन भई उम्मेदवारहरूलाई निर्वाचन चिह्न प्रदान गरिएको थियो।

## ५.२.८ निर्वाचन आचारसंहिता कार्यान्वयन

### क. आचारसंहिता

आयोगको मिति २०८०/१२/२५ गतेको निर्णयानुसार प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य उपनिर्वाचन, २०८१ को लागि निर्वाचन (पहिलो संशोधन) आचारसंहिता, २०७९ मिति २०८०/१२/२८ देखि २०८१/०१/१५ सम्म लागू गरिएको थियो।

## ख. अनुमति/सहमति

प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य उपनिर्वाचन, २०८१ मा निर्वाचन आचारसंहिता लागू भएको अवधिमा विभिन्न पदाधिकारीहरूलाई निर्वाचन (पहिलो संशोधन) आचारसंहिता, २०७९ को प्रतिकूल नहुने गरी कार्यक्रममा सहभागी हुन सात वटा सहमति प्रदान गरिएको थियो।

## ५.२.९ मतपत्रको मापदण्ड र स्पेशिफिकेशन

इलाम जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. २ को प्रतिनिधि सभा सदस्य तथा बझाङ जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ को प्रदेश सभा निर्वाचन क्षेत्र नं. १ को प्रदेश सभा सदस्य उपनिर्वाचन, २०८१ का लागि प्रयोग हुने मतपत्रको व्यवस्थापन गर्ने सम्बन्धमा "प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०८१, पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको मतपत्र सम्बन्धी मापदण्ड र स्पेशिफिकेशन" स्वीकृत गर्ने र स्वीकृत मापदण्ड र स्पेशिफिकेशन अनुसार मतपत्र तयार गर्ने कार्य मतपत्र व्यवस्थापन तथा आधिकारिकता निर्धारण समितिले गर्ने निर्णय आयोगको मिति २०८०/१२/२३ को बैठकबाट भएको थियो।

## ५.२.१० मतपत्र व्यवस्थापन

मतपत्र व्यवस्थापन गर्ने क्रममा मतपत्रमा समावेश गर्नुपर्ने निर्वाचन चिह्न र क्रम, मतपत्रको ढाँचा, आकार, विभिन्न रेखाहरू, रङ, कागजको गुणस्तर र सुरक्षण चिह्नहरू लगायतका विवरणहरू निर्धारणका लागि आयोगको मिति २०८०/१२/२३ को निर्णय बमोजिम मतपत्रको मापदण्ड तथा स्पेसिफिकेशन स्वीकृत भएको थियो।

उक्त मापदण्ड तथा स्पेसिफिकेशनका आधारमा उपनिर्वाचन भएका दुई निर्वाचन क्षेत्रका लागि दुई फरक फरक प्रकारका मतपत्रको ढाँचा तयार गरिएको थियो। आयोगको मिति २०८०/११/३० को निर्णय बमोजिम गठित मतपत्र व्यवस्थापन तथा आधिकारिकता निर्धारण समितिले आयोगद्वारा निर्धारण भएको मापदण्ड तथा स्पेसिफिकेशनका आधारमा मतपत्रको ढाँचा तथा डिजाइन तय गरी मतपत्रहरू रूजु समेत गरी छपाइका लागि पठाइएको थियो। दुईवटै प्रकारका मतपत्र सेतो पृष्ठभूमिमा रातो रङको निर्वाचन चिह्न र अन्य विवरण राखी छपाइ गरी आवश्यक सुरक्षा व्यवस्था सहित सम्बन्धित मुख्य निर्वाचन अधिकृतको कार्यालयमा मतपत्र ढुवानीको व्यवस्था मिलाइएको थियो। मतपत्रको आकार र छपाइ सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ।

| क्र.सं. | जिल्ला | निर्वाचन क्षेत्र | मतपत्रमा रहने निर्वाचन चिह्न सङ्ख्या | मतपत्रको चौडाइ (मि.मि.) | मतपत्रको उचाइ (मि.मि.) | मतपत्र छपाइ हुने सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १ | इलाम | प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. २ | १९ | २०० | २२५ | १,२८,००० |
| २ | बझाङ | प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ को प्रदेश सभा निर्वाचन क्षेत्र नं. १ | ११ | १५० | २२५ | ६८,००० |

## ५.२.११ मतदान व्यवस्थापन

संवत् २०८१ वैशाख १५ गते मतदानका दिन मतदान प्रक्रियालाई सरल र सहज रूपले व्यवस्थापन गर्न र मतदान केन्द्रको निर्माणको सहजताका लागि २०८१ वैशाख १३ र १४ गते मतदान स्थल रहेका सम्बन्धित निर्वाचन क्षेत्रका विद्यालयहरूमा सार्वजनिक विदाको व्यवस्था मिलाइएको थियो। उपनिर्वाचनको निर्धारित निर्वाचन कार्यक्रम बमोजिम मिति २०८१ वैशाख १५ गते बिहान ७:०० बजेदेखि बेलुका ५:०० बजेसम्म मतदानको कार्य सञ्चालन भएको थियो।

उपनिर्वाचन भएको इलाम जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. २ मा १ लाख १५ हजार ८८९ जनाको अन्तिम मतदाता नामावलीमा नाम समावेश रहेकोमा जम्मा ६९ हजार ३७४ जना अर्थात् ५९.८६ प्रतिशत मतदाताले मताधिकार प्रयोग गर्नुभएको थियो।

त्यस्तै बझाङ जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ को प्रदेश सभा निर्वाचन क्षेत्र नं. १ मा ६१ हजार ७४८ जनाको अन्तिम मतदाता नामावलीमा नाम समावेश रहेकोमा जम्मा ३० हजार ३३७ जना अर्थात् ४९.१३ प्रतिशत मतदाताले मताधिकार प्रयोग गर्नुभएको थियो।

## ५.२.१२ मतगणना सम्बन्धमा मुख्य निर्वाचन अधिकृतलाई थप निर्देशन

संवत् २०८१ साल वैशाख १५ गते सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य उपनिर्वाचनको मतगणना सम्बन्धमा प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (मतगणना) निर्देशिका, २०७९ ले गरेको व्यवस्थाका अतिरिक्त मतगणना पूर्वको तयारी तथा

समग्र मतगणनाको व्यवस्थापन सम्बन्धमा मुख्य निर्वाचन अधिकृतहरूलाई देहाय बमोजिम निर्देशन दिने निर्णय आयोगबाट मिति २०८१/०१/१२ मा भएको थियो।

- मतदान कार्य सम्पन्न भै मतपेटिका सङ्कलन भएपछि तुरून्तै मतगणना प्रारम्भ गर्ने प्रबन्ध मिलाउने,
- गणना गर्नुपर्ने मतपत्र, उपलब्ध स्थान र सुरक्षा व्यवस्था समेतलाई दृष्टिगत गरी निर्देशिका बमोजिमको सङ्ख्यामा कर्मचारी परिचालन गर्ने र एकभन्दा बढी आवश्यक सङ्ख्यामा मतगणना टोली परिचालन गरी मतगणना गर्ने,
- मतगणना कार्यमा संघीय निजामती सेवा, प्रदेश निजामती सेवा, प्रदेशमा खटिएका निजामती कर्मचारी र स्थानीय तहका कर्मचारी परिचालन गर्न सकिने,
- मतगणना गरिने टोलीमा प्रत्येक राजनीतिक दलको उम्मेदवार तथा स्वतन्त्र उम्मेदवारको तर्फबाट एक-एक जना मतगणना प्रतिनिधि मात्र रहने व्यवस्था गर्ने,
- मतगणना प्रतिनिधिलाई प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (मतगणना) निर्देशका, २०७९ को अनुसूची-६ बमोजिम अनिवार्यरूपमा फोटो टाँस गरी परिचयपत्र उपलब्ध गराउने,
- उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि, अनुमति लिएका सञ्चारकर्मी, कर्मचारी वा मतगणना स्थलमा प्रवेश पाउने कुनै व्यक्तिलाई मतगणना स्थलमा प्रवेश गर्न दिनु अघि अनिवार्य रूपमा सुरक्षा जाँच गरेर मात्र प्रवेश दिने व्यवस्था मिलाउने,
- मतगणना स्थलमा प्रवेश पाउने कसैले पनि लाईटर, सलाई, एसिड जस्ता प्रज्वलनशील सामग्री वा पदार्थ वा अन्य कुनै घातक सामग्री, सुर्तिजन्य पदार्थ तथा नमूना मतपत्र लगायतका अन्य कागजात मतगणना स्थलमा लैजान नपाउने गरी सुरक्षा जाँचको आवश्यक प्रबन्ध मिलाउने,
- गणना भएका मतपत्र एवम् मतगणना सम्बन्धी कागजात राख्ने खाम वा थैलोमा लाहा छाप लगाउने प्रयोजनको लागि लैजानुपर्ने सलाई, लाहा आदि सामग्री मतगणना स्थलमा लैजादा, राख्दा र प्रयोग गर्दा मतगणना कर्मचारी

बाहेक अरू कसैको पहुँच नपुग्ने गरी उच्च सुरक्षा सतर्कता अपनाउने व्यवस्था मिलाउने,

- मतगणना स्थलमा राजनीतिक दल वा उम्मेदवारका प्रतिनिधिहरू बस्ने व्यवस्था मिलाउँदा मतगणना गरेको स्पष्ट देखिने गरी मतगणना स्थलबाट निश्चित दूरीमा प्रतिनिधि बस्ने व्यवस्था मिलाउने,
- मतगणना स्थलमा मतगणना कर्मचारी बस्ने र उम्मेदवारका प्रतिनिधि बस्ने खण्ड अलग अलग छुट्याई आवश्यकतानुसार उपयुक्त व्यवस्थापन गर्ने। मतगणना कर्मचारीहरू र मतगणना प्रतिनिधिहरू मतगणना कक्षमा प्रवेश गर्ने र बाहिरिने मार्ग अलग अलग हुने गरी व्यवस्था मिलाउने,
- मतगणना स्थलमा प्रवेश पाएकामध्ये मुख्य निर्वाचन अधिकृत र निजले अनुमति दिएका निर्वाचनमा संलग्न पदाधिकारी बाहेक अरूलाई मोबाइल फोन, क्यामरा, अडियो, भिडियो वा यस्तै प्रकृतिका उपकरण मतगणना स्थलमा लैजान नदिने,
- मतगणना कार्यलाई व्यवस्थित गर्न सर्वदलीय/सर्वपक्षीय सहमति गर्दा कस्ता कस्ता मतपत्र सदर र कस्ता कस्ता मतपत्र बदर हुने भन्नेबारे प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४, प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ र प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (मतगणना) निर्देशिका, २०७९ र यस निर्देशनमा उल्लेख भएका विषय जानकारी गराइ मतगणना कार्य सुरू गर्नु पूर्व सहमति कायम गर्ने,
- मतगणना स्थलमा सञ्चारकर्मीहरूको लगातार उपस्थिति आवश्यक नभएकोले सूचना सम्प्रेषणको लागि निश्चित समय तोकी तदनुरूप अनुमति पाएका संचारकर्मीको प्रवेशको व्यवस्थापन गर्ने। मुख्य निर्वाचन अधिकृतबाट अनुमति पाएका मतगणना सम्बन्धी समाचार संकलन, सम्प्रेषणको लागि मतगणनाको दृश्य खिच्न चाहने सञ्चारकर्मीलाई मतगणना कार्यको व्यवस्थापन र सुरक्षा प्रबन्ध गर्न बाधा नपर्ने तथा मतपत्रमा मतसंकेत भएको दृश्य नआउने गरी निश्चित दूरीबाट मतगणनाको दृश्य खिच्न सक्ने व्यवस्था मिलाउने,
- निश्चित समयको अन्तरालमा मतगणनाको अद्यावधिक परिणाम सार्वजनिक गर्ने व्यवस्था मिलाउने साथै यसरी सार्वजनिक भएको परिणामलाई प्रत्येक दुई घन्टामा र कुनै मतगणना टोलीको गणना समाप्त हुनासाथ आयोगको सूचना

प्रणालीमा प्रविष्ट गर्ने व्यवस्था सम्बन्धित मुख्य निर्वाचन अधिकृतको कार्यालयले मिलाउने,

- मतदान अधिकृतले मतपत्रमा दस्तखत गर्दा कालो, नीलो, हरियो वा रातो रङको मसी प्रयोग गरेको भएपनि उक्त मतपत्रलाई मान्यता दिई गणना गर्ने तर सिसाकलमले दस्तखत गरेको मतपत्रलाई मान्यता नदिने,
- मतदातालाई मतपत्र दिदा भुलवश मतपत्रको अधकट्टी समेत दिएको अवस्थामा मतगणनाको क्रममा मतपत्रको चाङ मिलाउँदा अधकट्टी सहितको मतपत्र फेला पर्नासाथ त्यस्तो मतपत्र घोप्ट्याई अधकट्टीलाई अलग गरी अरू मतपत्र सँगै चाङमा मिलाएर गणना गर्ने र अधकट्टीलाई मुचुल्का बनाई सुरक्षित रूपमा राख्ने व्यवस्था मिलाउने,
- मतपेटिकामा रहेका मतपत्र मतदानको सिलसिलामा मतदान केन्द्रमा पुसरद्वारा मिलाउने क्रममा च्यातिएको तर मतपत्र टुक्रा भई नछुट्टिएको र कसलाई मत दिएको हो स्पष्ट बुझिने भए त्यस्तो मतपत्र गणना गर्ने,
- मतदाताले मतदान गर्दा निर्वाचन चिह्न रहेको कुनै एकै कोठामा एक भन्दा बढी स्वस्तिक छाप लगाएको रहेछ भने पनि त्यस्तो मतपत्र सदर मानी गणना गर्ने,
- मतदाताले मत सङ्केत गरिसकेपछि मतपत्र पट्याउँदा कुनै एक चिह्नमा लगाएको स्वस्तिक छाप अर्को चिह्न भएको कोठामा लाग्न गएको रहेछ भने पनि त्यस्ता प्रतिबिम्बमा उल्टो स्वस्तिक छापको प्रतिबिम्ब देखिने हुँदा जुन निर्वाचन चिन्हमा सुल्टो स्वस्तिक छाप लागेको छ सोही मत सङ्केतलाई मान्यता दिई सदर मानी गणना गर्ने,
- मतदातालाई मतपत्र दिने बेलामा ल्याप्चे सहीछाप गराई मतपत्र दिदा मतपत्रको कुनै भागमा मसी लतपतिने वा औंठाको केही चक्र देखिन सक्ने भएकोले मत सङ्केत गर्दा निर्वाचन चिह्न रहेको कोठामा औंठा छाप लगाएको बाहेक मतपत्रको कुनै भागमा औंठाको चक्र लागेको वा मसी लतपतिएको कारणले मात्र त्यस्तो मतपत्रलाई बदर नगर्ने,
- मतपेटिकामा लगाइएको सुरक्षण सील कसैको कर्तव्यबाट नभई ढुवानी तथा भण्डारणको क्रममा केही टुटफुट वा घटी भएको अवस्थामा पनि निर्वाचनको

विश्वसनीयतामा तात्विक फरक नपर्ने अवस्था भएमा त्यस्ता मतपेटिका साबुदै भएको मानी मतपेटिकामा रहेको मतपत्र गणना गर्ने,

- मतदान अधिकृतले मतदान केन्द्रमा खसेको मतको सङ्ख्याबारे निर्वाचन अधिकृतको कार्यालयमा उपलब्ध गराएको विवरण र मतपेटिकामा रहेको मत सङ्ख्याको विवरण नभिडेको अवस्थामा रीतपूर्वक मतदान कार्य सम्पन्न भई मतपेटिका सिलबन्दी गरिएको अवस्थामा मतपेटिकामा रहेको मतपत्र सङ्ख्या नै मतदान भएको वास्तविक मतपत्र सङ्ख्या मानी सोही बमोजिम गणना गर्ने,
- कुनै निर्वाचन चिह्न भएको कोठामा मतसंकेत गर्दा स्वस्तिक छापको पूरै छाप नआइ स्वस्तिक छापको केही भाग मात्र लागेको र मतपत्रको अन्य कोठामा कतै पनि छाप नलागेको भएमा त्यस्तो मतसंकेतलाई सदर भएको मानी मतगणना गर्ने,
- कुनै एक निर्वाचन चिह्न भएको कोठामा स्वस्तिक छाप लगाउँदा अर्को निर्वाचन चिह्न भएको कोठामा पनि केही भाग स्वस्तिक छाप लाग्न गएमा जुन निर्वाचन चिह्न भएको कोठामा स्वस्तिक छापको बढी भाग परेको छ सोही कोठामा भएको निर्वाचन चिह्नमा स्वस्तिक छाप लाएको मानी मतगणना गर्ने।

### ५.२.१३ मतगणना

मतदान कार्य सम्पन्न भई सम्बन्धित मुख्य निर्वाचन अधिकृतको कार्यालयमा सबै मतपेटिका प्राप्त भएपछि मतगणना कार्य सुरू गरिएको थियो। मतगणना सम्बन्धमा आयोगबाट प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (मतगणना) (दोस्रो संशोधन) निर्देशिका, २०७९ स्वीकृत गर्नुका अतिरिक्त मतगणना कार्यलाई छिटो छरितो, चुस्त दुरूस्त र व्यवस्थित बनाउन आयोगको मिति २०८१/०१/१२ गतेको निर्णय बमोजिम दुवै मुख्य निर्वाचन अधिकृतलाई २४ बुँदे मतगणना सम्बन्धी थप निर्देशन दिइएको थियो।

मतगणना अनुसार इलाम जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र २ मा ६८ हजार ४७२ अर्थात् ९८.७० प्रतिशत मत सदर र ९०२ अर्थात् १.३० प्रतिशत मत बदर भएको थियो भने बझाङ जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ को प्रदेश सभा निर्वाचन क्षेत्र नं. १ मा २९ हजार ७०५ अर्थात् ९७.९२ प्रतिशत मत सदर र ६३२ अर्थात् २.०८ प्रतिशत मत बदर भएको थियो।

## ५.२.१४ उपनिर्वाचन परिणाम

इलाम जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. २ मा भएको उपनिर्वाचनमा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) का उम्मेदवार श्री सुहाङ नेम्बाङले २७,७७२ मत प्राप्त गरी प्रतिनिधि सभा सदस्य पदमा निर्वाचित हुनुभएको थियो भने बझाङ जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ को प्रदेश सभा निर्वाचन क्षेत्र नं. १ मा भएको उपनिर्वाचनमा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) का उम्मेदवार श्री दमन बहादुर भण्डारीले ११,६१३ मत प्राप्त गरी सुदूरपश्चिम प्रदेशको प्रदेश सभा सदस्य पदमा निर्वाचित हुनुभयो। निर्वाचित उम्मेदवारलाई सम्बन्धित मुख्य निर्वाचन अधिकृतले आयोगबाट निर्धारण गरिएको प्रमाणपत्र प्रदान गर्नुभएको थियो।

उपनिर्वाचनमा निर्वाचित हुनुभएका उम्मेदवारहरूको मत परिणाम सहितको विवरण **अनुसूची -६** मा समावेश गरिएको छ।

इलाम जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. २ मा भएको उपनिर्वाचनमा राजनीतिक दलका तर्फबाट र स्वतन्त्र रूपमा भाग लिएका उम्मेदवारहरूले प्राप्त गरेको अन्तिम मतपरिणाम **अनुसूची -७** मा समावेश गरिएको छ। साथै बझाङ जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ को प्रदेश सभा निर्वाचन क्षेत्र नं. १ मा भएको उपनिर्वाचनमा भाग लिएका राजनीतिक दलका तर्फबाट र स्वतन्त्र रूपमा भाग लिएका उम्मेदवारहरूले प्राप्त गरेको मतपरिणाम **अनुसूची -८** मा समावेश गरिएको छ।

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७१ (१) बमोजिम जम्मा सदर मतको दश प्रतिशत भन्दा कम सदर मत पाउने उम्मेदवारको धरौटी जफत हुने व्यवस्था भए बमोजिम इलाम जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. २ मा भएको उपनिर्वाचनमा १६ जना उम्मेदवारहरूको धरौटी जफत भएको छ। धरौटी जफत हुने उम्मेदवारले प्राप्त गरेको मतका आधारमा उम्मेदवारहरूको विवरण **अनुसूची -९** मा समावेश गरिएको छ। त्यस्तै प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७१ (१) बमोजिम जम्मा सदर मतको दश प्रतिशत भन्दा कम सदर मत पाउने उम्मेदवारको धरौटी जफत हुने व्यवस्था भए बमोजिम बझाङ जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ को प्रदेश सभा निर्वाचन क्षेत्र नं. १ मा भएको उपनिर्वाचनमा ८ जना उम्मेदवारहरूको धरौटी जफत भएको छ। धरौटी जफत हुने उम्मेदवारले प्राप्त गरेको मतका आधारमा उम्मेदवारहरूको विवरण **अनुसूची -१०** मा समावेश गरिएको छ।

### ५.२.१५ निर्वाचन परिणाम प्रतिवेदन पेश

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६२ अनुसार मिति २०८१ वैशाख १५ गते सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको उपनिर्वाचनको परिणाम सहितको प्रतिवेदन सम्माननीय राष्ट्रपतिसमक्ष मिति २०८१ वैशाख २० गते पेश गरिएको थियो। प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६२ मा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको निर्वाचन परिणाम सहितको प्रतिवेदन निर्वाचनको नतिजा घोषणा भएको सात दिन भित्र प्रदेश प्रमुख समक्ष पठाउनु पर्ने व्यवस्था भएकोले उक्त प्रतिवेदन प्रदेश निर्वाचन कार्यालय कैलालीका प्रदेश निर्वाचन अधिकारीमार्फत् सुदूरपश्चिम प्रदेशका माननीय प्रदेश प्रमुख समक्ष पेश गर्ने निर्णय भएको थियो।

# परिच्छेद ६

# योजना, अनुगमन, समावेशीकरण तथा वैदेशिक सम्बन्ध

## ६.१ तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको समीक्षा र कार्यान्वयन

बालिग मताधिकार र आवधिक निर्वाचनमार्फत् जनताको प्रतिस्पर्धात्मक बहुदलीय प्रणाली, संघीय लोकतान्त्रिक शासन व्यवस्था र निर्वाचन प्रणालीलाई सुदृढ बनाउने महत्त्वपूर्ण उपलब्धि हासिल गर्दै निर्वाचन आयोगले तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (वि.सं. २०७६/०७७ – २०८०/८१) को कार्यान्वयन सम्पन्न गरेको छ। आयोगले निर्वाचन व्यवस्थापन सुधारका समकालीन सवालहरूलाई समेटेर स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र मितव्ययी निर्वाचन भन्ने मूल मान्यतालाई ग्रहण गरी आयोगको संस्थागत सुदृढीकरण, प्रविधियुक्त निर्वाचन पद्धतिको विकास, निर्वाचन सम्बन्धी नीतिगत तथा कानूनी सुधार, राजनीतिक दल दर्ता र नियमनमा प्रभावकारिता र निर्वाचन व्यवस्थापन एवं नागरिक शिक्षामा समन्वय र सहकार्य अभिवृद्धि गर्ने ५ वटा रणनीतिक स्तम्भ र ५३ वटा कार्यनीतिहरू समावेश गरी तेश्रो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयमा ल्याएको थियो।

यस रणनीतिक योजना अवधिमा सबै तहका निर्वाचनमा महिला जनप्रतिनिधिको सहभागिता प्रतिशतमा सुधार, आयोग र अन्तरगत कार्यालय संघीय संरचना अनुकूल हुने गरी पुनर्संरचना, लैङ्गिकमैत्री तथा समावेशी निर्वाचन प्रक्रिया, एकीकृत निर्वाचन कानूनको मस्यौदा तर्जुमा, एकीकृत विद्युतीय तथ्याङ्क प्रणालीको विकास र डाटा सेन्टरको सुदृढीकरण, महत्त्वपूर्ण उपलब्धिहरूको अभिलेखीकरण र प्रकाशन, आयोग र अन्तरगतका कार्यालयहरूबीच इन्ट्रानेट कनेक्टिभिटीमार्फत् कार्यसम्पादन, निर्वाचन सामग्रीको प्रयोग र निर्वाचन व्यवस्थापन खर्चमा मितव्ययिता जस्ता उल्लेखनीय उपलब्धिहरू हासिल भएका छन्।

मतदाता नामावली आवधिक तथा वार्षिक रूपमा अद्यावधिक गरी नामावली प्रकाशन गर्ने कार्यको थालनी गर्नु, मतदान केन्द्रहरूको पुनरावलोकन गरी मतदाताहरूको पहुँच बढाउनु, सबै तहको निर्वाचन सञ्चालन दिग्दर्शन तयार गर्नु, राजनीतिक दलहरूको आय-व्यय एवं निर्वाचन खर्चमा पारदर्शिता कायम गर्नु, विभिन्न मुलुकका निर्वाचन व्यवस्थापन निकाय, निर्वाचन सम्बन्धी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संस्था र विकास साझेदारहरूसँगको समन्वय र सहकार्य विस्तार हुनु, निर्वाचन सञ्चालन क्यालेण्डर व्यवस्थित गरी निर्वाचन सम्पन्न गर्नु, प्रविधिको प्रयोगले मतदाता दर्ता, अद्यावधिक तथा अन्तिम मतदाता नामावलीमा शुद्धता ल्याउनु, मतदाता

शिक्षामा सामाजिक सञ्जालको प्रयोग तथा स्थानीय तहको सहभागिता अभिवृद्धि हुनु, सामाजिक सञ्जाल सञ्चालक कम्पनीहरूसँगको सहकार्यले मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्तिको नियमन गरिनु आदि यस रणनीतिक योजना कार्यान्वयन अवधिका महत्त्वपूर्ण कार्यहरू हुन्।

## ६.२ वार्षिक समीक्षा कार्यक्रम

निर्वाचनको समय, निर्वाचन पूर्वको समय र निर्वाचन पश्चातको समय गरी तीन अवधिको निर्वाचन चक्रलाई ध्यानमा राखी आयोगले कार्य सम्पादन गर्दै आएको छ। निर्वाचनको समयमा बाहेक निर्वाचन पूर्व तथा निर्वाचन पश्चातको समयमा समेत आयोग र मातहतका प्रदेश तथा जिल्ला कार्यालयहरूबाट विभिन्न कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन हुने गर्दछन्। आयोग तथा निर्वाचन कार्यालयबाट उक्त कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्ने सिलसिलामा देखिएका समस्याहरूको समाधान गर्न, निर्वाचन व्यवस्थापनका सन्दर्भमा महसुस गरिएका राम्रा पक्षहरूलाई निरन्तरता दिन तथा सो सम्बन्धमा देखिएका कमी कमजोरीहरू सुधार गरी भावी कार्ययोजना निर्माण गर्न आयोगबाट प्रत्येक वर्ष वार्षिक समीक्षा कार्यशाला/गोष्ठी सञ्चालन हुँदै आएको छ। समीक्षा कार्यक्रममा प्रमुख निर्वाचन आयुक्त, निर्वाचन आयुक्तहरू, सचिव, महाशाखा तथा शाखा प्रमुखहरू, प्रदेश तथा जिल्ला निर्वाचन अधिकारीहरू लगायत आयोगको सचिवालय र निर्वाचन कार्यालयका अन्य कर्मचारीहरूको समेत सहभागिता रहने गरेको छ।

प्रदेश निर्वाचन कार्यालयहरूले जिल्ला निर्वाचन कार्यालयहरूमा सम्पादन भएका कार्यक्रम तथा क्रियाकलापहरूलाई समेटेर २०८० माघ २६ गते आर्थिक वर्ष २०७९/८० को वार्षिक समीक्षा कार्यक्रम अनलाइनमार्फत् सम्पन्न गरेका थिए। मिति २०८० माघ २९ गते निर्वाचन आयोगले एक दिवसीय वार्षिक समीक्षा कार्यक्रम आयोगको सभाहलमा भर्चुअल माध्यमको प्रयोग गरी सम्पन्न गरेको थियो। उक्त कार्यक्रममा नियमित रूपमा सम्पादन गर्नुपर्ने कार्यक्रम कार्यान्वयनका सिलसिलामा देखिएका समस्याहरूको समाधान गर्न तथा पहल गर्न आवश्यक छलफल गरिएको थियो।

## ६.३ आयोगको सत्रौं वार्षिक प्रतिवेदन पेश

निर्वाचन आयोगले नेपालको संविधानको धारा २९४ बमोजिम विसं २०७९ साल साउन १ गतेदेखि २०८० साल असार मसान्तसम्ममा सम्पादन गरेका काम कारबाहीको सत्रौं वार्षिक प्रतिवेदन मिति २०८० पुस ६ गते सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेल समक्ष पेश गरेको थियो। राष्ट्रपति भवन शीतल निवासमा आयोजित कार्यक्रममा आयोगका माननीय प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलियाले उक्त प्रतिवेदन पेश गर्नु भएको थियो। सो अवसरमा

सम्माननीय राष्ट्रपतिले गत आर्थिक वर्षमा प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, राष्ट्रपति निर्वाचन, उपराष्ट्रपति निर्वाचन, राष्ट्रिय सभा सदस्य निर्वाचन तथा प्रतिनिधि सभा सदस्य उपनिर्वाचन सफलतापूर्वक सम्पन्न गराएकोमा आयोगलाई धन्यवाद दिनुभएको थियो। उहाँले आवधिक निर्वाचन लोकतन्त्रको प्राण भएको र जनताले निर्वाचन मार्फत लोकतान्त्रिक अभ्यास गर्ने हुँदा आयोगले समयमै निर्वाचन सम्पन्न गरी लोकतान्त्रिक प्रक्रियामा टेवा पुर्याएकोमा आभार समेत व्यक्त गर्नु भएको थियो। नेपालको संविधान र निर्वाचन कानूनले प्रदान गरेका जिम्मेवारी एवम् दायित्व पूरा गर्ने दिशामा आयोगले प्रभावकारी भूमिका खेल्दै जान सफलता मिलोस् भन्ने कामना व्यक्त गर्नु भएको थियो। साथै प्रतिवेदनमा उठाइएका विषयहरू नेपाल सरकारले कार्यान्वयनमा लैजाने विश्वास समेत व्यक्त गर्नु भएको थियो। सो अवसरमा प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलियाले वार्षिक प्रतिवेदनमा उल्लिखित महत्वपूर्ण सम्पादित कार्यहरूको संक्षिप्त व्यहोरा प्रस्तुत गर्नुभएको थियो।

## ६.४ प्रशासकीय अनुगमन

प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयहरूबाट सम्पादन गर्नुपर्ने आयोगको नियमित तथा निर्वाचन अवधिका विशेष प्रकृतिका कार्यहरूको प्रशासकीय अनुगमन गर्ने गरिएको छ। निर्वाचन अवधिमा सम्पादन गर्नुपर्ने विशेष प्रकृतिका कार्यको अनुगमन तथा आर्थिक वर्ष २०८०/८१ मा आयोगको वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयहरूबाट निर्वाचन व्यवस्थापन, मतदाता नामावली सङ्कलन तथा अद्यावधिक, निर्वाचन कार्यालयहरूमा भईरहेको भवन निर्माण, घर जग्गा प्राप्तिको अवस्था, निर्वाचन शिक्षा तथा सूचना केन्द्रबाट भएको निर्वाचन शिक्षाको प्रवाह, कार्यालय व्यवस्थापन, जिन्सी व्यवस्थापन, सरकारी सम्पत्तिको अभिलेख व्यवस्थापन, आर्थिक व्यवस्थापन लगायतका कार्यहरूको सम्बन्धमा प्रतिवेदन वर्षमा अनुगमन भएको थियो। उक्त कार्यहरूको सम्बन्धमा माननीय प्रमुख निर्वाचन आयुक्त, निर्वाचन आयुक्तहरू, आयोगका सचिव, सहसचिव लगायत अधिकृतस्तर तथा अन्य कर्मचारी समेतबाट भौतिक तथा भर्चुअल रूपमा सघन अनुगमन तथा निरीक्षण भएको थियो। यसका साथै २०८०/१०/११ गते सम्पन्न राष्ट्रिय सभाको निर्वाचन र २०८१/०१/१५ गते सम्पन्न इलाम जिल्ला र बझाङ जिल्लामा सम्पन्न उपनिर्वाचनको छुट्टै अनुगमन समेत गरिएको थियो।

## ६.५ लैङ्गिक तथा समावेशीकरण सम्बन्धी राजनीतिक दलका प्रतिनिधिसँग अन्तरक्रिया

निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति, २०७७ को कार्यनीति १३.१७ बमोजिम लैङ्गिक तथा समावेशी सवालहरूको मूल प्रवाहीकरण गर्न आयोगको योजना, अनुगमन तथा

वैदेशिक सम्बन्ध शाखालाई जिम्मेवारी सहितको Focal office तोकिएको छ। साथै शाखाका शाखा प्रमुख आयोगका GESI Focal Person को भूमिकामा समेत रहने व्यवस्था रहेको छ। क्रमश प्रदेश निर्वाचन कार्यालयहरू र जिल्ला निर्वाचन कार्यालयहरूमा समेत GESI Focal Person तोकि सो बमोजिमको जिम्मेवारी तोकिएको छ। राष्ट्रिय महिला आयोग, राष्ट्रिय योजना आयोग, स्वास्थ्य मन्त्रालयद्वारा आयोजना गरिएका GESI कार्यक्रमहरूमा आयोगका तर्फबाट सक्रिय सहभागिता सहित सम्बन्धित कार्ययोजना निर्माणमा रचनात्मक सुझाव तथा टिप्पणी प्रदान गरिएको थियो।

११४ औं अन्तर्राष्ट्रिय महिला दिवसको सन्दर्भलाई जोड्दै UNWOMEN, नेपालसँगको सहकार्यमा निर्वाचन आयोग, नेपालबाट निर्वाचन र महिलाः नेपालको प्रयास उपलब्धी र आगामी कार्यदिशा विषयक आधा दिवशीय कार्यक्रम मिति २०८१/०१/०३ मा पृष्ठपोषण प्राप्त गर्न लैङ्गिक तथा समावेशी सम्पर्क व्यक्तिहरू, अन्तरपार्टी महिला सञ्जाल तथा विभिन्न सरोकारवाला गैर सरकारी संस्थाका प्रमुख तथा प्रतिनिधिहरू सहित करिव ९२ जनाको सहभागितामा कार्यक्रम संचालन गरिएको थियो।

मिति २०८१ जेष्ठ १५ गते बाजुरामा व्यापक सहभागिता सहित निर्वाचनमा लैङ्गिक तथा समावेशी सवालहरूमा समेत अन्तरक्रिया सहितको आधा कार्यदिनको अन्तरक्रियात्मक कार्यशाला सञ्चालन गरिएको थियो।

## ६.६ निर्वाचन र आप्रवासन विषयक गोष्ठी

नेपालमा श्रम स्वीकृति लिएर विदेश गएका नेपाली नागरिकहरूको मतदाता नामावलीमा नाम समावेश गर्ने तथा अद्यावधिक गर्ने सम्बन्धी विषयमा International Organization for Migration (IOM), नेपालसँगको सहकार्यमा निर्वाचन आयोग, नेपालबाट निर्वाचन र आप्रवासन विषयक आधा दिवशीय कार्यक्रममा "आन्तरिक आप्रवासनको स्थिति र निर्वाचनमा यसको प्रभाव" विषयमा प्रतिनिधि सभा तथा प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दल, साझेदार संस्था, आयोगका पदाधिकारी तथा कर्मचारीहरूको उपस्थितिमा मिति २०८१/०३/१४ गते आधा दिवसीय कार्यक्रम संचालन गरिएको थियो।

## ६.७ वैदेशिक सम्बन्ध तथा सहायता

आयोगले सरकारको नीति तथा कार्यक्रम, आयोगको रणनीतिक योजना, पन्ध्रौं योजना तथा वार्षिक स्वीकृत कार्यक्रम अनुसार विभिन्न क्रियाकलापहरू नेपाल सरकारको स्रोत साधन तथा आयोगका विभिन्न साझेदार संस्थाहरू बीचको आर्थिक एवम् प्राविधिक सहयोग तथा समन्वयमा

सञ्चालन गर्दै आएको छ। विकास साझेदारसँग विभिन्न मितिमा निर्वाचन लक्षित गोष्ठी सम्पन्न भएका थिए। गोष्ठीमा निर्वाचनसँग सम्बन्धित विविध पक्षमा छलफल भएको थियो। निर्वाचन सम्बद्ध विकास साझेदार संस्थाहरूको समूह इलेक्सन वर्किङ ग्रुप (Election Working Group) सँग नियमित रूपमा छलफल भएको थियो। विगतदेखि नै सहायता गर्दै आएको इन्टरनेसनल फाउन्डेसन फर इलेक्ट्रोरल सिस्टम (International Foundation for Electoral Systems IFES) बाट मतदाता शिक्षा, निर्वाचन सम्बन्धी तालिम तथा अभिमुखीकरण, सूचना, प्रविधिको उपयोग लगायत विभिन्न क्षेत्रमा सामान्य आर्थिक तथा प्राविधिक सहायता उपलब्ध भएको थियो।

## ६.८ वैदेशिक तालिम तथा कार्यक्रममा सहभागिता

### ६.८.१ निर्वाचन सम्बन्धी अन्तर्राष्ट्रिय अवलोकन/पर्यवेक्षण

९ सेप्टेम्बर, २०२३ (तदनुसार भदौ २३, २०८०) मा सम्पन्न भएको माल्दिभ्सको राष्ट्रपतीय निर्वाचनको अवलोकन गर्न आयोगबाट माननीय निर्वाचन आयुक्त श्री राम प्रसाद भण्डारी र साझेदार संस्था नेपाल कानून समाजबाट श्री कृष्णमान प्रधान सहभागी हुनुभएको थियो।

१२-१५ फेब्रुअरी २०२४ (तदनुरूप २९ माघदेखि फागुन ३,२०८०) मा इन्डोनेशियाको जाकर्तामा निर्वाचन सम्बन्धी अनुभव आदान प्रदान गर्न Indonesia's Election Visit Program (IEVP), 2024 विषयक कार्यक्रममा आयोगबाट माननीय निर्वाचन आयुक्त डा. जानकी कुमारी तुलाधर र सहसचिव श्री शालिग्राम शर्मा पौडेल सहभागी हुनुभएको थियो।

१७ मार्च, २०२४ (तदनुसार चैत ०४, २०८०) मा रसियाको राष्ट्रपति निर्वाचनमा अन्तर्राष्ट्रिय पर्यवेक्षकको रूपमा माननीय निर्वाचन आयुक्त श्री राम प्रसाद भण्डारी र सहसचिव श्री रमेश ढकाल सहभागी हुनुभएको थियो।

१० अप्रिल,२०२४ (तदनुसार चैत २८, २०८०) मा सम्पन्न भएको गणतन्त्र कोरियाको २२ औं राष्ट्रिय सभा निर्वाचनमा अन्तर्राष्ट्रिय पर्यवेक्षकको रूपमा पर्यवेक्षण गर्न मिति २०८०/१२/२२ देखि २०८०/१२/३० सम्म तदनुरूप (४ अप्रिल २०२४ देखि १२ अप्रिल २०२४ सम्म) आयोगबाट माननीय निर्वाचन आयुक्त श्री सगुन शमशेर ज.ब.रा. र सहसचिव श्री यज्ञप्रसाद भट्टराई सहभागी हुनुभएको थियो।

२९ अप्रिल देखि ३ मे, २०२४ (तदनुसार वैशाख १७, देखि वैशाख २१, २०८१) मा कम्बोडियाको निर्वाचन आयोगको क्षमता विकास कार्यक्रमको अवलोकन गर्न Japan International Cooperation Agency (JICA) को आयोजनमा आयोगबाट माननीय निर्वाचन आयुक्त डा. जानकी कुमारी तुलाधर र सचिव श्री रविलाल पन्थ सहभागी हुनुभएको थियो।

मित्रराष्ट्र भारतमा मिति २०८१/०१/२२ देखि २०८१/०१/२७ सम्म सञ्चालन भएको आम निर्वाचनको सन्दर्भमा आयोजना गरिएको International Election Visitor's Program, 2024 विषयक कार्यक्रममा माननीय प्रमुख निर्वाचन आयुक्त श्री दिनेश कुमार थपलिया तथा उपसचिव डा. थानेश्वर भुसाल सहभागी हुनुभएको थियो।

### ६.८.२ निर्वाचन सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागिता

स्वीडेनको स्टकहोममा ५-६ सेप्टेम्बर, २०२३ (तदनुसार भदौ १९-२०,२०८०) मा Engaging Indigenous Peoples in Elections विषयक कार्यक्रममा निर्वाचन आयोग नेपालबाट माननीय प्रमुख निर्वाचन आयुक्त श्री दिनेश कुमार थपलिया सहभागी हुनुभएको थियो।

२८- ३० अक्टोवर, २०२३ (तदनुरूप कार्तिक ११-१३, २०८०) मा Election Monitoring Forum, Bangladesh ले बङ्गलादेशको ढाकामा आयोजना गरेको तीन दिने Electoral System of South Asia: Perspective of National Parliament Elections of Bangladesh विषयक सेमिनारमा आयोगबाट माननीय निर्वाचन आयुक्त सगुन सम्शेर ज.ब.रा.सहभागी हुनुभएको थियो।

१५-१६ मार्च २०२४ (तदनुसार चैत्र २ र ३, २०८०) मा आयोजना गरिएको Electoral Sovereignty and International Standards Conference मा भाग लिन आयोगबाट माननीय निर्वाचन आयुक्त श्री राम प्रसाद भण्डारी र सहसचिव श्री रमेश ढकाल सहभागी हुनुभएको थियो।

### ६.८.३ निर्वाचन सम्बन्धी अन्तर्राष्ट्रिय क्षमता विकास कार्यक्रममा सहभागिता

मित्र राष्ट्र भारतमा मिति ०२/०३/२०८१ देखि ०८/०३/२०८१ तदनुसार १० जुन, २०२४ देखि २१ जुन, २०२४ सम्म ITEC अन्तर्गत India International Institute of Democracy and Election Management (IIIDEM) को आयोजनामा भारतको राजधानी नयाँदिल्लीमा आयोजित Capacity Development Program On Election Management For ECN Officials मा आयोग तथा अन्तर्गतका कार्यालयबाट अधिकृत एवम् उपसचिवस्तरका २७ जनाले सहभागीको रूपमा र २ जना सहसचिव तथा एक जना सचिव गरी ३ जनाले पर्यवेक्षकको रूपमा भाग लिनु भएको थियो। विभिन्न अन्तर्राष्ट्रिय तालिम तथा कार्यक्रममा सहभागी हुने सहभागीहरूको विवरण **अनुसूची -११** मा संलग्न गरिएको छ।

## ६.९ दक्षिण एसियाली निर्वाचन व्यवस्थापन निकायहरूको साझा मञ्चको १२ औं बैठकको तयारी

सार्क राष्ट्रका निर्वाचन व्यवस्थापन निकायहरूको साझा मञ्च **(Forum of Election Management Bodies of South Asia: FEMBoSA)** को ११ औं बैठक भुटानको निर्वाचन आयोगको आयोजनामा ११ अगस्त, २०२१ मा भर्चुअल रूपमा सम्पन्न भएको थियो। उक्त बैठकमा प्रमुख निर्वाचन आयुक्त श्री दिनेश कुमार थपलियाबाट FEMBOSA को १२ औं बैठक निर्वाचन आयोग, नेपालले सन् २०२३ मा आयोजना गर्ने भनी प्रस्ताव भएको थियो। उक्त प्रस्तावमाथि छलफल भई जारी गरिएको Thimpu Resolutions को बुँदा नम्बर ११ मा FEMBOSA को १२ औं बैठक निर्वाचन आयोग, नेपालले सन् २०२३ मा आयोजना गर्ने भनी लेखिएको थियो। आयोगको मिति २०८१ जेठ २१ गतेको निर्णय अनुसार फेम्बोसाको बाह्रौं सम्मेलन नेपालमा आयोजना गर्नका लागि आयोगका सचिवको संयोजकत्वमा आयोजक समिति गठन भएको थियो। आयोजक समितिको पहिलो बैठक जेठ ३१, २०८१ मा बसी फेम्बोसाको सम्मेलन २०८१ भदौ महिनामा गर्ने सम्बन्धमा प्रारम्भिक छलफल गरिएको थियो।

# परिच्छेद ७

# मतदाता नामावली दर्ता तथा अद्यावधिक

नेपालको संविधानको धारा २४६ (१) तथा निर्वाचन आयोग ऐन, २०७३ को दफा ११ को खण्ड (ख) ले निर्वाचन प्रयोजनका लागि मतदाताको नामावली तयार गर्ने कार्यको जिम्मेवारी निर्वाचन आयोगलाई प्रदान गरेको छ। साथै मतदाता नामावली ऐन, २०७३ मा मतदाता नामावली दर्ता तथा अद्यावधिक गर्ने विधि र प्रक्रियाहरू तोकिएको छ। उल्लिखित कानूनी व्यवस्था बमोजिम आयोगले निर्वाचन सञ्चालनका लागि आवश्यक पर्ने मतदाता नामावली निरन्तर रूपमा दर्ता तथा अद्यावधिक गरी अन्तिम मतदाता नामावली तयार गर्दै आइरहेको छ।

आयोगको निर्णय बमोजिम १६ वर्ष उमेर पूरा भएका नेपाली नागरिकले मतदाता नामावलीमा नाम दर्ता गर्ने प्रयोजनका लागि अनलाईन माध्यमबाट आवेदन गरी सोको निस्सा लिई आफूलाई पायक पर्ने जुनसुकै प्रदेश निर्वाचन कार्यालय तथा जिल्ला निर्वाचन कार्यालयमा गई जैविक (Biometric) विवरण उपलब्ध गराउनुपर्दछ। १८ वर्ष उमेर पुगेपछि प्रचलित कानून बमोजिम मतदान गर्ने अधिकार प्राप्त हुने भएकोले निजको विवरण अद्यावधिक प्रक्रियामार्फत अन्तिम मतदाता नामावलीमा समावेश गरिन्छ।

## ७.१ मतदाता नामावली दर्ता प्रक्रिया

सबै निर्वाचन कार्यालयहरूबाट तोकिए बमोजिमको प्रमाण लिई मतदाता नामावलीमा नाम दर्ता गराउन आउने नागरिकको फोटोसहितको मतदाता नामावलीको विवरण मतदाता नामावली ऐन, २०७३ बमोजिम दर्ता हुँदै आएकोमा सबै निर्वाचन कार्यालयहरूबाट मिति २०७९/१०/०२ गतेदेखि प्रि-इनरोलमेन्ट प्रणालीबाट मतदाता नामावली दर्ता गर्ने व्यवस्था प्रारम्भ गरिएको थियो। यस्तै पेशा, व्यवसाय वा अन्य कारणले कुनै एक जिल्लामा बसोवास गरिरहेको तर आफ्नो स्थायी ठेगाना अर्को जिल्लामा भएका नागरिकको समेत आफूलाई पायक पर्ने जिल्लाका निर्वाचन कार्यालयहरूबाट बाह्य जिल्ला मतदाता नामावलीमा नामदर्ता (Out District Registration - ODR) भईरहेको छ।

## ७.२ मतदाता नामावली दर्ता विवरण

कानून बमोजिम योग्यता पुगेको नेपाली नागरिकले आफ्नो स्थायी ठेगानामा मतदाता नामावली विवरण रहने गरी प्रि-इनरोलमेन्ट प्रणालीमार्फत सम्बन्धित जिल्ला वा अन्य जिल्ला समेतबाट

नामावली दर्ता गर्नसक्ने व्यवस्था भए बमोजिम आर्थिक वर्ष २०८०/८१ को मतदाता नामावली दर्ताको विवरण देहाय बमोजिम समावेश गरिएको छः

**२०८०/८१ को दर्ता विवरण**

| महिना | पुरुष | महिला | अन्य | जम्मा |
|---|---|---|---|---|
| श्रावण | ८६१५ | ६३२१ | ५ | १४९४१ |
| भदौ | ४५८४ | ३५८६ | ० | ८१७० |
| असोज | ४७५५ | ४०२१ | ३ | ८७७९ |
| कार्तिक | ४६८५ | ३७०५ | ० | ८३९० |
| मंसिर | ६१५० | ५१४१ | ० | ११२९१ |
| पुष | ५५९२ | ४०१७ | ० | ९६०९ |
| माघ | ५५९० | ४०१५ | ४ | ९६०९ |
| फागुन | २१९५ | १७११ | ० | ३९०६ |
| चैत्र | उपनिर्वाचनको लागी फागुन १४ देखि बैशाख २ गतेसम्म दर्ता बन्द भएको | | | |
| बैशाख | ७२०१ | ३८९० | १ | ११०९२ |
| जेष्ठ | ८८०१ | ६४८९ | ४ | १५२९४ |
| असार | ७३२६ | ४८९४ | २ | १२२२२ |
| **जम्मा** | **६५४९४** | **४७७९०** | **१९** | **११३३०३** |

## ७.३ मतदाता नामावली अद्यावधिक

मतदाता नामावली ऐन, २०७३ अनुसार आयोगले आफ्नो प्रत्यक्ष रेखदेख, नियन्त्रण, सुपरिवेक्षण र निर्देशनमा प्रत्येक निर्वाचन क्षेत्रभित्रका गाउँपालिका र नगरपालिकाको वडाको मतदाता नामावली संकलन तथा अद्यावधिक गर्ने कार्य गर्दछ। नामावली अद्यावधिक प्रक्रियामा कुनै मतदाताको नाम र विवरणमा कुनै त्रुटि भए सच्याउने, कुनै मतदाताको नाम एक वा

एकभन्दा बढी गाउँपालिका वा नगरपालिकाको वडाको मतदाता नामावलीमा समावेश भएकोमा एक स्थानमा मात्र नामावली कायम गरी दोहोरो नाम नरहने व्यवस्था गर्ने लगायतका विषय पर्दछन्। उक्त कार्यहरू समेत आयोगको अनलाइन प्रणालीबाट सम्पादन हुँदै आएका छन्।

## ७.४ अन्तिम मतदाता नामावली स्वीकृति तथा प्रकाशन

मतदाता नामावली ऐन, २०७३ बमोजिम निर्वाचन प्रयोजनका लागि अन्तिम मतदाता नामावली तयार गर्नुपर्ने हुन्छ र सोही अन्तिम मतदाता नामावली विवरण मतदान प्रक्रियामा मतदाताको पहिचान गर्नका लागि प्रयोग गरिन्छ। ऐनको दफा ४ मा आयोगले आफ्नो प्रत्यक्ष रेखदेख, नियन्त्रण, सुपरिवेक्षण र निर्देशनमा प्रत्येक निर्वाचन क्षेत्रभित्रका गाउँपालिका र नगरपालिकाका वडाको मतदाता नामावली सङ्कलन गर्ने तथा त्यसको अद्यावधिक गर्ने छ भन्ने व्यवस्था रहेको छ। यसैगरी दफा १३ मा आयोगले सङ्कलन गरेको नामावली प्रकाशन गर्ने, दफा १४ मा त्रुटि सच्याउन दरखास्त दिने, दफा १५ मा झुट्टा विवरण दिइ नामावलीमा नाम समावेश भएको भए उजुरी दिने, दफा १६ मा दोहोरो नाम हटाउन निवेदन दिने, दफा १७ मा दोहोरो नाम हटाउने, दफा १८ मा मृत्यु भएका वा नागरिकता त्याग गरेका व्यक्तिको प्रमाण हेरी नाम हटाउने लगायतका प्रक्रिया पूरा गरी दफा २० बमोजिम अन्तिम मतदाता नामावली प्रकाशन गर्ने व्यवस्था रहेको छ। सोही बमोजिम आयोगले सबै निर्वाचन कार्यालयहरू मार्फत मतदाता नामावली अद्यावधिक गरी अन्तिम मतदाता नामावली प्रकाशन गर्दै आएको छ। मिति २०८१/०१/१४ गतेसम्म १८ वर्ष पूरा भएका मतदाताको अन्तिम सङ्ख्यात्मक विवरण देहाय बमोजिम छः

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **प्रदेश अनुसार मतदाता र मतदान स्थलको संख्या** | | | | | | |
| **(२०८१ वैशाख १४ गते सम्म १८ वर्ष पूरा भएका)** | | | | | | |
| **क्र.सं.** | **प्रदेश** | **पुरूष** | **महिला** | **अन्य** | **जम्मा** | **मतदान स्थल** |
| १ | कोशी प्रदेश | १७४२७३७ | १६७७२४५ | २२ | ३४२०००४ | १८९७ |
| २ | मधेश प्रदेश | १८४७५२९ | १५६९२८६ | ७० | ३४१६८८५ | २१५६ |
| ३ | बागमती प्रदेश | १७४५९५२ | १७४०१९३ | २७ | ३४८६१७२ | १८१२ |
| ४ | गण्डकी प्रदेश | ८८०७४२ | ९३३०९४ | ११ | १८१३८४७ | १२८३ |
| ५ | लुम्बिनी प्रदेश | १६४८१९७ | १६१८७१० | ३५ | ३२६६९४२ | १६५० |
| ६ | कर्णाली प्रदेश | ५१५२७४ | ५०१४३४ | ३ | १०१६७११ | ९३३ |
| ७ | सुदूरपश्चिम प्रदेश | ८२२१३८ | ८४६२६४ | २० | १६६८४२२ | ११६१ |
| | **कूल जम्मा** | **९२०२५६९** | **८८८६२२६** | **१८८** | **१८०८८९८३** | **१०८९२** |




जिल्लागत मतदाता स्थल र विवरण **अनुसूची- १२** मा उल्लेख गरिएको छ ।

## आ.व. २०८०/८१ मा देशभरका प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयहरूमा दर्ता भएको मतदाताको प्रदेशगत विवरण देहाय बमोजिम रहेको छः

| क्र.सं. | प्रदेश | पुरूष | महिला | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | कोशी प्रदेश | १२९७३ | १०९०६ | ७ | २३८८६ |
| २ | मधेश प्रदेश | १६७४० | १२१७४ | ३ | २८९१७ |
| ३ | बागमती प्रदेश | ११७५६ | ९००० | ८ | २०७६४ |
| ४ | गण्डकी प्रदेश | ३८६३ | २६७४ | ० | ६५३७ |
| ५ | लुम्बिनी प्रदेश | ८९७८ | ६०१२ | १ | १४९९१ |
| ६ | कर्णाली प्रदेश | ३३२९ | २२९४ | ० | ५६२३ |
| ७ | सुदूरपश्चिम प्रदेश | ७८५५ | ४७३० | ० | १२५८५ |
| | **कूल जम्मा** | **६५४९४** | **४७७९०** | **१९** | **११३३०३** |




आ.व. २०८०/८१ को जिल्लागत थप मतदाता विवरण **अनुसूची -१३** मा उल्लेख गरिएको छ ।

| **प्रदेशगत रूपमा आ.व. २०८०/८१ मा** | | | |
|---|---|---|---|
| **मतदाता नामावलीमा** | | | |
| **क्र.सं.** | **प्रदेश** | **सच्चाउने** | **सार्ने** |
| १ | कोशी प्रदेश | १३०५ | १८४८ |
| २ | मधेश प्रदेश | ११५७ | ८९४ |
| ३ | बागमती प्रदेश | १०१३ | १५८६ |
| ४ | गण्डकी प्रदेश | ८४३ | १०४२ |
| ५ | लुम्बिनी प्रदेश | १०५१ | १००४ |
| ६ | कर्णाली प्रदेश | २६५ | २६७ |
| ७ | सुदूरपश्चिम प्रदेश | ३९५ | ४५८ |
| | **कूल जम्मा** | **६०२९** | **७०९९** |




## ७.५ मतदाता नामावली अद्यावधिकको निर्दिष्ट मिति (Cut-off Date)

मतदाता नामावलीमा शुद्धता कायम गर्दै नागरिकलाई दिने सेवालाई छिटो, छरितो र प्रभावकारी तुल्याउने उद्देश्यले आयोगले वर्षमा दुई पटक मतदाता नामावली अद्यावधिक गर्ने गरी निर्दिष्ट मिति निर्धारण गरिएको छ। सो बमोजिम प्रत्येक वर्ष असोज मसान्त र चैत मसान्तलाई मतदाताको १८ वर्ष उमेर पूरा हुने दिन अर्थात् निर्दिष्ट मिति (Cut-off Date) मानी सोही वर्षको कार्तिक महिना र अर्को वर्षको वैशाख महिनामा देशभरबाट संकलित मतदाताको विवरणलाई अद्यावधिक गरी अन्तिम नामावली प्रकाशन गरिनेछ। निर्वाचनको मिति घोषणा भएको अवस्थामा कानून बमोजिम आयोगले मतदाता अद्यावधिक गर्न सक्नेछ। मतदाता नामावली अद्यावधिक गर्ने प्रयोजनका लागि मतदाताले अनलाईनमार्फत् समेत त्रुटि सच्याउन, दोहोरो परेकोमा नाम हटाउन, बसाईंसराइ तथा मृत्युको विवरण अद्यावधिक गर्ने समेतका कार्यका लागि तोकिएको अवधिमा निवेदन दिन सक्नेछन्।

## ७.६ मतदाता नामावलीमा नागरिकको पहुँच

मतदाता नामावली दर्ता, अद्यावधिक, अन्तिम नामावली तथा नामावलीको उपयोगमा नागरिकको सहज पहुँच अभिवृद्धि गर्न आयोगले प्रयास गर्दै आएको छ। यसै क्रममा दर्ता कार्यमा पहुँच अभिवृद्धिका लागि अनलाइनमार्फत घरैबाट विवरण दर्ता गर्न सकिने व्यवस्था मिलाइएको छ भने नामावलीमा भएको त्रुटि सच्याउने लगायतका अद्यावधिक सम्बन्धी कार्य गर्न समेत अनलाइनमार्फत निवेदन दिन सकिने व्यवस्था मिलाइएको छ। साथै आयोगले तयार पारेको अन्तिम मतदाता नामावली सम्बन्धित नागरिकले आयोगको वेबसाइट र नागरिक एपमार्फत समेत प्राप्त गरी उपयोग गर्न सक्नेछन्। मतदाताको गोपनीयताको हक समेतलाई मध्यनजर गरी मतदाताको जन्म मिति र नागरिकता वा मतदाता परिचयपत्र नम्बरको आधारमा व्यक्तिको विस्तृत विवरण प्राप्त गर्न सकिन्छ।

# परिच्छेद ८
# निर्वाचन शिक्षा तथा क्षमता अभिवृद्धि

लोकतन्त्र, निर्वाचन तथा शासकीय व्यवस्थाका बारेमा आम नागरिकलाई सामान्य जानकारी प्रदान गरी लोकतन्त्रको सम्बर्द्धन एवम् निर्वाचनमा अर्थपूर्ण सहभागिताका लागि सञ्चालनमा ल्याइने शिक्षा नै निर्वाचन शिक्षा हो। आयोगले निर्वाचन शिक्षालाई निरन्तर रूपमा सञ्चालन गर्दै आइरहेको छ। निर्वाचन शिक्षा सञ्चालनका खास उद्देश्य निर्धारण गरिएको हुन्छ। निर्वाचन शिक्षा तथा मतदाता शिक्षालाई निरन्तर रूपमा सञ्चालन गर्ने उद्देश्यले आयोगको आफ्नै परिसर तथा प्रदेश (कोशी प्रदेश, गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेश) स्तरीय निर्वाचन शिक्षा तथा सूचना केन्द्र (Electoral Education and Information Centre-EEIC) को स्थापना गरी सञ्चालनमा ल्याएको छ। यी केन्द्रहरूबाट भावी मतदाता तथा अन्य सरोकारवालालाई लोकतन्त्र, संविधान, निर्वाचन प्रणाली र निर्वाचन प्रक्रियाका सैद्धान्तिक तथा नमूना मतदान अभ्यास व्यवहारिक शिक्षा प्रदान गर्दै आएको छ। निर्वाचनमा मतदाता नामावली सङ्कलन गर्ने, अद्यावधिक गर्ने तथा मतदान गर्ने प्रक्रिया र मतदाताको अधिकारका सम्बन्धमा मतदाताहरूलाई जानकारी गराउने उद्देश्यले निर्वाचनको अवधिमा वृहत रूपमा मतदाता जागरणका लागि मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्दै आएको छ। मतदातालाई निर्वाचनको प्रक्रियाका सम्बन्धमा सुसूचित गराई सहभागिता अभिवृद्धि गर्न तथा बदर मत घटाउने उद्देश्यले विविधतायुक्त मतदाता शिक्षा कार्यक्रमहरू सञ्चालन गर्ने गरिएको छ।
संगठनको उद्देश्य प्राप्तिका लागि दक्ष, योग्य, अनुभवी र सक्षम जनशक्ति महत्वपूर्ण स्रोतको रूपमा मानिन्छ। निर्वाचन व्यवस्थापनलाई सहज र सरल बनाउन आयोग र अन्तर्गत कार्यालयका कर्मचारी तथा निर्वाचनको अवधिमा खटिने जनशक्तिलाई दक्ष, सीपयुक्त र क्षमतावान बनाउन निर्वाचन सम्बन्धी तालिम वा क्षमता अभिवृद्धिका कार्यक्रमको आवश्यकता पर्दछ। त्यसैगरी निर्वाचनका सरोकारवालाहरूको क्षमता अभिवृद्धिका लागि आयोगले विषयगत तथा कार्यशाला मोड्युल अन्तर्गतका विभिन्न तालिमहरू सञ्चालन गर्दै आइरहेको छ।

## ८.१ निर्वाचन शिक्षा प्रशिक्षण

आयोगले आम नागरिकलाई लोकतन्त्र, निर्वाचन र निर्वाचन प्रक्रिया, निर्वाचन प्रणाली,निर्वाचन तथा शासकीय व्यवस्थाका बारेमा सामान्य जानकारी प्रदान गरी लोकतन्त्रको सम्बर्द्धन एवम्

निर्वाचनमा नागरिकको अर्थपूर्ण सहभागिताका लागि निर्वाचन शिक्षा सम्बन्धी विभिन्न कार्याशालामूलक प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

## ८.२ क्षमता अभिवृद्धि

निर्वाचन र निर्वाचन व्यवस्थापनको सैद्धान्तिक र व्यवहारिक पक्षका बारेमा जानकारी गराउन दक्ष, योग्य, सिपयुक्त जनशक्ति तयार पार्न आयोग वा अन्तर्गत कार्यालयका कर्मचारी एवम् आवश्यकता अनुसार नेपाल सरकारका वहालवाला वा पूर्व कर्मचारीहरूलाई क्षमता अभिवृद्धि सम्बन्धी प्रशिक्षक प्रशिक्षण, कार्यशाला तथा अन्य तालिम प्रदान गर्ने गरिएको छ। यसरी प्रशिक्षण सञ्चालन गर्दा मुख्य प्रशिक्षक प्रशिक्षण, प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षण र जिल्लास्तरीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन हुने गर्दछन्। यसरी मुख्य प्रशिक्षक प्रशिक्षण लिएका मुख्य प्रशिक्षकले प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने र प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षण लिएका प्रशिक्षकले जिल्लास्तरीय प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने गरिन्छ। यसका अतिरिक्त निर्वाचन पर्यवेक्षक, आमसञ्चार, नागरिक समाज लगायत अन्य सरोकारवालाहरूलाई समेत आवश्यकता अनुसार क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने गरिएको छ। निर्वाचनको समष्टिगत स्तरीकरणको लागि निर्वाचन व्यवस्थापनमा खटिने जनशक्तिका अतिरिक्त निर्वाचनका प्रत्यक्ष वा परोक्ष सरोकारवालाहरूलाई समेत निर्वाचनका विषयवस्तु, विधि र प्रक्रियाबारे जानकारी हुनु आवश्यक मानिन्छ। अतः यस अवधिमा सञ्चालन गरिएका केही प्रशिक्षक प्रशिक्षण र तालिम देहायानुसार रहेका छन्।

आयोगले २०८० साल चैत २८, २९ र ३० गते तीन दिने **"निर्वाचन व्यवस्थापन तथा समावेशी"** सम्बन्धी आवासीय तालिम तथा कार्यशाला गोष्ठी काठमाडौंमा सञ्चालन गरेको थियो। आयोग तथा आयोग मातहतमा कार्यरत अधिकृत स्तरका कर्मचारीहरू निर्वाचन व्यवस्थापन तथा समावेशी सम्बन्धी यस कार्यशालामा सहभागी रहेका थिए। निर्वाचन प्रक्रिया र पद्धतिका बारेमा जानकार भई दैनिक कार्य सम्पादनमा एकरूपता कायम गर्न सक्षम बनाउने हेतुले यसको आयोजना गरिएको थियो। यसमा निर्वाचन प्रक्रियामा निर्वाचन कार्यालयहरूले कार्य सम्पादनको क्रममा कस्ता चुनौतीहरू आउन सक्छन् र सोको व्यवहारिक रूपमा कसरी समाधान गर्ने भन्ने बारेमा अनुभवहरूको आदानप्रदान गर्दै अन्तरक्रिया भएको थियो। साथै, यस कार्यशाला छलफल गरिएका विभिन्न विषयहरू जलवायु परिवर्तन र निर्वाचन, निर्वाचन सम्बन्धी कानूनी संरचना, निर्वाचनमा संचार माध्यमको उपयोग, निर्वाचन व्यवस्थापनका असल अभ्यास, निर्वाचनमा महिला सहभागिता, राजनीतिक दल व्यवस्थापन, निर्वाचन शिक्षा तथा

मतदाता शिक्षा सम्बन्धमा आयोगले कस्तो रणनीति, कानून, नीति निर्माण गर्ने भन्ने विषय समावेश गरिएको थियो। निर्वाचन व्यवस्थापनमा अन्य निकायसँग सहकार्य तथा साझेदारी कसरी गर्ने भन्ने सम्बन्धमा बिस्तृत अन्तरक्रिया कार्यशाला पद्धतिमा सञ्चालन गरिएको गरिएकोमा समूहगत रूपमा प्रस्तुत कार्यपत्र माथि छलफल भएको थियो। प्रस्तुत कार्यक्रम सञ्चालन गर्न आयोगबाट तयार भएका स्रोत सामग्रीलाई प्रमुख आधार मानिएको र यस स्रोत सामग्रीलाई परिमार्जन सहित आगामी दिनमा समेत यस्तै प्रकृतिका क्षमता विकास कार्यक्रममा पुनः प्रयोग गर्न सक्ने बनाइएको छ।

## ८.२.१ मुख्य प्रशिक्षक प्रशिक्षण तथा अन्य प्रशिक्षण

निर्वाचन व्यवस्थापन तथा समावेशितालाई प्रभावकारी बनाउन निर्वाचन शिक्षा तथा मतदाता शिक्षाको व्यापक रूपमा प्रचार प्रसार गरी भएको जनशक्ति तथा सरोकारवालाको सीप, दक्षता एवम् क्षमता अभिवृद्धि गरी निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वासनीय र समावेशी बनाउनका लागि निर्वाचनका विविध विषयमा विषयगत प्रशिक्षण सञ्चालन गरिएका छन्। साथै, आवश्यकता अनुसार अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रमसमेत सञ्चालन गरिएको थियो। निर्वाचन सम्बन्धी सूचना तथा सन्देश प्रवाह गरी मतदातालाई सुसूचित गर्ने तथा निर्वाचनमा बदर मतको प्रतिशतलाई कम गर्ने उद्देश्यले विभिन्न कार्यक्रम समेटी निर्वाचन शिक्षा तथा मतदाता शिक्षालाई स्थानीय तहको सहकार्य र साझेदारीमा सञ्चालन गर्न स्थानीय तहका साथै अन्य सरोकारवालाहरूसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम निरन्तर सञ्चालित छन्।

आयोगले ७७ वटै निर्वाचन कार्यालयमा रहेका अधिकृत तथा सहायक स्तरका कर्मचारीहरूलाई निर्वाचन व्यवस्थापन तथा सञ्चालनको विषयलाई केन्द्रित गरी क्षमता अभिवृद्धि गर्न, निर्वाचन शिक्षा तथा मतदाता शिक्षालाई प्रभावकारी रूपमा सञ्चालनमा सहयोग गर्न मिति २०८१/०३/०९ र १० गते मुख्य प्रशिक्षक प्रशिक्षण (MToT) कार्यक्रम काठमाडौंमा सञ्चालन गरिएको थियो।

माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रममा निर्वाचन प्रक्रिया, निर्वाचनमा नागरिकको भूमिका तथा नेपालमा निर्वाचन प्रणाली जस्ता विषयबस्तुहरू समेटिएका छन्। सामाजिक अध्ययन विषय शिक्षकको भूमिकालाई निर्वाचन शिक्षा तथा मतदाता शिक्षा प्रदान गर्नका लागि स्रोत व्यक्ति तयार गर्दै जाने कार्यक्रम रहेको तर बजेट अभावका कारण मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन हुन नसकेकोले आगामी दिनमा यस्ता कार्यक्रमलाई निरन्तरता दिन जरूरी देखिन्छ।

## ८.२.२ स्रोत पुस्तिका तयारी

निर्वाचन व्यवस्थापन तथा सञ्चालनको विषयलाई केन्द्रित गरी क्षमता अभिवृद्धि गर्न, निर्वाचन शिक्षा तथा मतदाता शिक्षालाई प्रभावकारी रूपमा सञ्चालन गर्न निर्वाचनमार्फत् समावेशितालाई कार्यान्वयन गर्ने हेतु मिति २०८१/०३/०९ र १० गते निर्वाचन व्यवस्थापन तथा समावेशिता सम्बन्धी मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको छ। मुख्य प्रशिक्षक प्रशिक्षण (MToT) का क्रममा निर्वाचन व्यवस्थापन तथा समावेशिता सम्बन्धी स्रोत पुस्तिका तयार भएको छ। प्रदेश तथा जिल्ला स्तरमा दिइने प्रशिक्षणमा उक्त स्रोत पुस्तिका उपयोगी सामग्री हुने गरी सम्पादनको लागि छलफल तथा अन्तरक्रिया गरिएको थियो। निर्वाचनको समयमा परिचालन हुने जनशक्ति एवम् सरोकारवालाको क्षमता अभिवृद्धि गर्न आयोगबाट सञ्चालन गरिने तालिम कार्यक्रमलाई व्यवस्थित ढङ्गबाट सञ्चालन गर्नको लागि उक्त पुस्तिकामा तालिम कार्यक्रम, तालिमको विषयवस्तु, प्रस्तुतिको अवधि, सहभागी, प्रस्तुतीकरण लगायतका विषयमा आवश्यक छलफल गरी स्रोत पुस्तिकालाई अन्तिम रूप दिइएको छ। यस पुस्तिकालाई स्रोत सामग्रीको रूपमा प्रदेश तथा जिल्ला तहमा हुने कार्यक्रमा प्रयोगमा ल्याइने छ।

## ८.२.३ प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य उपनिर्वाचन, २०८१ मा मतदाता शिक्षा

मिति २०८१/०१/१५ गते इलाम जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. २ र बझाङ जिल्ला प्रतिनिधि सभा सदस्य क्षेत्र नं. १ को प्रदेश सभा सदस्य क्षेत्र नं. १ मा सम्पन्न भएको उपनिर्वाचन, २०८१ मा मतदाता शिक्षालाई प्रभावकारीरूपमा सञ्चालन गर्न र बदर मत प्रतिशतलाई न्यूनीकरण गर्न मतदातालाई मतदान सम्बन्धी जानकारी प्रदान गर्नको लागि आयोगले वि.सं. २०८१ बैशाख ५ गते देखि ११ गतेसम्म मतदाता शिक्षा स्वयम्सेवक परिचालन गरी मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरेको थियो र यो कार्यक्रममा परिचालन भएका जनशक्तिलाई जिल्ला निर्वाचन कार्यालयमार्फत अभिमुखीकरण कार्यक्रमको व्यवस्था मिलाइएको थियो। यस निर्वाचनमा मतदाता शिक्षा कार्यक्रमको समन्वय र अनुगमनका लागि स्थानीय तहमा कार्यरत निर्वाचन सम्पर्क व्यक्तिहरूलाई अनुगमन अधिकृतको रूपमा खटाइएको थियो। आवश्यक बजेटको व्यवस्था गरी मतदाता शिक्षा स्वयंसेवकहरूका लागि आयोगबाट सहयोगी पुस्तिका, नमूना मतपत्र र मतपत्रमा छाप लगाउने सही तरिका सम्बन्धी पोष्टर सम्बन्धित जिल्ला निर्वाचन कार्यालयबाट उपलब्ध गराउने व्यवस्था मिलाइएको थियो।

## ८.२.४ Building Resources in Democracy, Governance and Elections (BRIDGE) तालिम

प्रजातन्त्र, शासन र निर्वाचनमा संसाधनहरूको निर्माण (BRIDGE) प्रशिक्षण व्यावसायिक विकास कार्यक्रम हो, जसले चुनावी प्रक्रियाहरूमा ध्यान दिन्छ। BRIDGE प्रजातन्त्र र शासनको क्षेत्रमा काम गर्ने पाँच प्रमुख संगठनहरूः अष्ट्रेलियाको निर्वाचन आयोग (AEC), प्रजातन्त्र र निर्वाचन सहायता सम्बन्धी अन्तर्राष्ट्रिय संस्था (IDEA), इन्टरनेशनल फाउन्डेसन फर इलेक्टोरल सिस्टम (IFES), संयुक्त राष्ट्र विकास कार्यक्रम (UNDP) तथा संयुक्त राष्ट्र निर्वाचन सहायता विभाग (UNEAD) ले संयुक्त रूपमा विकास गरेको निर्वाचन सम्बन्धी कार्यक्रम तथा कार्यशाला प्याकेज हो।

यस तालिम कार्यक्रममा चारवटा विषयगत समूह अन्तरगत १७ वटा मोड्यूलहरू छन्। पहिलो विषय समूह, आधार (Foundation) अन्तर्गत निर्वाचन प्रशासनको परिचय, निर्वाचन व्यवस्थापनका लागि रणनीतिक योजना र निर्वाचनमा संस्थागत क्षमताको विकास गरी तीन वटा मोड्यूलहरू छन्। यसैगरी दोस्रो विषय समूह, आर्किटेक्चर (Architecture) अन्तरगत कानूनी ढाँचा तथा सुधार, निर्वाचन विवाद समाधान, सीमा परिसीमन (Boundary Delimitation) तथा निर्वाचन प्रणाली गरेर ४ वटा मोड्यूलहरू रहेका छन्। तेस्रो विषयगत समूह, प्रशासन (Administration) अन्तरगत संचालन योजना (Operational Planning), साइवर सुरक्षा, मतदाता पंजिकरण (मतदाता नामावली दर्ता), निर्वाचन तथा नतिजा व्यवस्थापन र निर्वाचनका लागि वित्तीय व्यवस्थापन जस्ता ५ वटा विषयवस्तुहरूलाई समेटिएको छ। त्यसै गरी चौथो अर्थात अन्तिम विषय समूह अन्तरगत राजनीतिक दल र उम्मेदवार, मतदाता र नागरिक शिक्षा, अपाङ्गता भएकाहरूको अधिकार र मतदान, लैङ्गिक समानता, निर्वाचन तथा संचार माध्यम र निर्वाचन गरी ५ वटा विषय प्रस्ताव गरिएको छ।

BRIDGE पाठ्यक्रमले निष्पक्ष, विश्वसनीय र भरपर्दो निर्वाचनको आधार तयार गर्दछ। निर्वाचन प्रशासनको क्षमता विकास, निर्वाचनमा व्यावसायिकताको विकास, प्रभावकारी निर्वाचन प्रणाली तथा असल निर्वाचन प्रशासनको विकास गर्नु यस पाठ्यक्रमका मुख्य उद्देश्यहरू हुन्।

प्रतिवेदन अवधिमा BRIDGE सम्बन्धी विषयगत तालिमहरू संचालन गर्न नसकिएको भएतापनि यसमा समावेश भएका विषयबस्तुहरूलाई समेटेर आयोगले विभिन्न प्रशिक्षण तथा तालिम कार्यक्रमहरू संचालन गर्दै आइरहेको छ। आगामी दिनमा आयोगले BRIDGE का सत्रवटै मोड्यूलहरूलाई समेटेर तालिम तथा प्रशिक्षण कार्यक्रमहरू संचालन गर्ने सोच राखेको छ।

## ८.३ निर्वाचन व्यवस्थापनमा आयोग र स्थानीय तहबीच समन्वय र सहकार्य

निर्वाचन व्यवस्थापनमा सबै निकायको अपनत्व र सहभागिता अभिवृद्धि गरी लोकतान्त्रिक शासन व्यवस्थालाई थप मजबुत बनाउन विशेष गरी स्थानीय तहसँग आयोगले सहकार्य र समन्वय गर्ने रणनीति लिए बमोजिम सहयोग र समन्वयका क्षेत्र पहिचान गरी निर्वाचन व्यवस्थापन कार्यलाई स्वच्छ, सहज, सरल, प्रभावकारी, मितव्ययी र विकेन्द्रित गर्नका लागि निर्वाचन व्यवस्थापनमा आयोग र स्थानीय तहबीच समन्वय र सहकार्य विषयक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो। स्थानीय तहबाट मतदाता नामावली दर्ता, निर्वाचन शिक्षा तथा मतदाता शिक्षा प्रचार प्रसार साथै निर्वाचन सामग्रीको व्यवस्थापन सम्बन्धमा लमजुङ, बर्दिबास, विराटनगर, सुर्खेत र चितवनमा आयोग र स्थानीय तहबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो। यसरी सञ्चालन भएको कार्यक्रमको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

| क्र. सं. | कार्यक्रम सञ्चालन भएको मिति | कार्यक्रम/अन्तरक्रिया भएको स्थान | महिला सहभागी | पुरूष सहभागी | जम्मा सहभागी | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | २०८०/०५/०८ | बेसीसहर, लमजुङ | ५ | २३ | २८ | |
| २. | २०८०/०५/१२ | बर्दिबास, महोत्तरी | १३ | ३५ | ४८ | |
| ३. | २०८०/०६/०८ | विरेन्द्रनगर, सुर्खेत | ८ | २५ | ३३ | |
| ४. | २०८०/०६/०८ | भरतपुर, चितवन | ४ | १४ | १८ | |
| ५. | २०८०/०६/०८ | विराटनगर, मोरङ | १० | ३८ | ४८ | |

## ८.४ निर्वाचन शिक्षा तथा मतदाता शिक्षा

निर्वाचन आयोगले नागरिक तथा मतदातालाई सुसूचित गरी निर्वाचनमा बदर मत प्रतिशत न्यूनीकरण गर्नका लागि निर्वाचन शिक्षा, नागरिक शिक्षा, मतदाता शिक्षा र नागरिक सचेतनाका विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ। सबै क्षेत्र, वर्ग, लिङ्ग र समुदायका मतदाता एवम् भावी मतदाता (PotentialVoters) को सचेतना अभिवृद्धि गरी निर्वाचन प्रक्रियामा उनीहरूको पहुँचलाई सहज र सरल बनाउन एवम् निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयरहित वातावरणमा सम्पन्न गर्नका लागि सहयोग प्राप्त गर्न निर्वाचन आयोगले निर्वाचन

तथा मतदाता शिक्षा कार्यक्रम निरन्तररूपमा सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिँदै आएको छ।

## ८.५ निर्वाचन शिक्षा तथा सूचना केन्द्र सञ्चालन

निर्वाचन आयोगले निर्वाचनमा अत्यधिक जनसहभागिता बढाई निर्वाचनलाई स्वच्छ, निष्पक्ष, मितव्ययी र विश्वासनीय बनाउन निर्वाचनमा सबै सधै सँगै भन्ने अभिप्राय एवम् निर्वाचनमा बदर मत न्यूनीकरण गर्न निरन्तररूपमा निर्वाचन शिक्षा सञ्चालन गर्दै आइरहेको छ। आयोगले निर्वाचन शिक्षालाई आम नागरिकसम्म सहजरूपमा पुर्‍याई सुसूचित एवम् प्रशिक्षित मतदाता तयार पार्ने उदेश्यले आयोग परिसरमा निर्वाचन शिक्षा तथा सूचना केन्द्रको स्थापना गरी निरन्तर निर्वाचन शिक्षा सञ्चालन गर्दै आइरहेको छ।

## ८.५.१ आयोग परिसरमा रहेको निर्वाचन शिक्षा तथा सूचना केन्द्र

निर्वाचन शिक्षालाई निरन्तर रूपमा सञ्चालन गरी निर्वाचन प्रणाली, विधि र प्रक्रिया प्रति मतदाताको सचेतना अभिवृद्धि गरी निर्वाचनमा मतदाताको सहभागिता बढाउने, बदर मत घटाउने तथा सुसूचित एवम् प्रशिक्षित मतदाता तयार पार्ने उद्देश्यले वि.सं. २०६९ सालदेखि सञ्चालनमा आएको आयोग परिसरमा रहेको निर्वाचन शिक्षा तथा सूचना केन्द्रमा प्रतिवेदन अवधि २०८०/८१ मा ८० वटा विद्यालय तथा कलेजबाट छात्रा १६७० र छात्र २१०८ गरी जम्मा ३७७८ जना अध्ययन/अवलोकन भ्रमण गरेका छन्। प्रतिवेदन अवधिमा यस केन्द्रबाट निर्वाचन शिक्षा लिनेको सङ्ख्या जम्मा ४०,८९३ जना पुगेको छ।

केन्द्रमा विद्यालय/विश्वविद्यालयका विद्यार्थी तथा शिक्षक सरकारी तथा गैह्र सरकारी संघ संस्था, राजनीतिक दल, सामुदायिक संस्था, सुरक्षा निकाय, नागरिक समाज, फरक क्षमता भएका तथा बहिरा संघ संस्था लगायत विभिन्न क्षेत्रका सहभागीहरू अध्ययन अवलोकनका लागि आउने गरेका छन्। आ.ब. २०८०/८१ मा यस केन्द्रबाट अध्ययन तथा अवलोकन गर्ने विद्यार्थीको विवरण निम्न बमोजिम रहेको छः

| क्र.सं. | महिना | विद्यालय/कलेजको संख्या | सञ्चालन भएका कक्षाको संख्या | छात्राको संख्या | छात्रको संख्या | जम्मा संख्या |
|---|---|---|---|---|---|---|
| १. | साउन | ९ | १३ | २३२ | ३३९ | ५७१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | भदौ | ८ | १० | १८३ | २४३ | ४२६ |
| ३. | असोज | ६ | ७ | १७३ | १७५ | ३४८ |
| ४. | कात्तिक | ४ | ४ | ८८ | १०१ | १८९ |
| ५. | मंसिर | ५ | ५ | ९३ | १४५ | २३८ |
| ६. | पुस | ३ | ३ | ६९ | ९३ | १६२ |
| ७. | माघ | १ | २ | ७९ | २५ | १०४ |
| ८. | फागुन | २ | १ | ४९ | ५३ | १०२ |
| ९. | चैत | १ | १ | ४० | ९१ | १३१ |
| १०. | बैशाख | ४ | ४ | ८६ | १११ | १९७ |
| ११. | जेठ | १५ | १७ | ४०६ | ४९८ | ९०४ |
| १२. | असार | २२ | २३ | ४१७ | ४८२ | ८९९ |
| | जम्मा | ८० | ९० | १६७० | २१०८ | ३७७८ |

केन्द्रको स्थापना पश्चात् हालसम्मका अध्ययन अवलेकनकर्ताको विवरण हेर्दा कक्षा १० मा अध्ययन गर्ने विद्यार्थीहरूको उल्लेखनीय सहभागिता रहेको छ। जसमा निजी विद्यालयका विद्यार्थीहरूले बढी मात्रामा अवलोकन गर्ने गरेका छन् भने सामुदायिक विद्यालयको उपस्थिति तुलनात्मक रूपमा न्यून रहेको छ। लैङ्गिकरूपमा हेर्दा छात्रा र छात्रमध्ये छात्रको सङ्ख्या तुलनात्मक रूपमा अधिक देखिन्छ भने अन्यको उपस्थिति न्यून रहेको छ।

## ८.६ घुम्ती निर्वाचन शिक्षा कार्यक्रम

हाम्रो देशका धेरै जिल्लाहरूमा भौगोलिक विकटताका कारण सबै मतदाताहरूलाई सहज र सरलरूपमा निर्वाचन शिक्षा तथा सूचना केन्द्रबाट सम्प्रेषण हुने जस्तै निर्वाचन शिक्षाको पहुँचको व्यवस्था गर्न नसकिरहेको अवस्था छ। यसै प्रयोजनका लागि घुम्ती निर्वाचन शिक्षा यसको बैकल्पिक उपायको रूपमा सञ्चालन गर्न सकिने कार्यक्रम हो। आयोगले वार्षिक रूपमा आवश्यकता र मागको आधारमा विद्यालयहरूमा घुम्ती निर्वाचन शिक्षा निरन्तर रूपमा सञ्चालन गर्ने योजना रहेको छ।

## ८.७ प्रदेशस्तरका निर्वाचन शिक्षा तथा सूचना केन्द्र

निर्वाचन शिक्षालाई विस्तार गर्ने उद्देश्यले आफ्नै भवन रहेका प्रदेश निर्वाचन कार्यालय, मोरङ, प्रदेश निर्वाचन कार्यालय, कास्की, प्रदेश निर्वाचन कार्यालय, सुर्खेत र प्रदेश निर्वाचन कार्यालय, कैलालीमा निर्वाचन शिक्षा तथा सूचना केन्द्र स्थापना गरिएको छ। सामुदायिक तथा निजी विद्यालयका विद्यार्थी, राजनीतिक दलका कार्यकर्ता लगायतका सरोकारवालालाई लक्षित गरी निरन्तर रूपमा निर्वाचन शिक्षा सञ्चालन गरिँदै आइरहेको छ। यस अवधिमा प्रदेश निर्वाचन कार्यालय कैलालीमा सञ्चालित केन्द्रमा २०६ महिला र २०२ पुरूष गरी जम्मा ४०८ जनाले अध्ययन भ्रमण गरेका छन् भने जिल्ला निर्वाचन कार्यालय, डडेलधुराबाट डडेलधुराका दुईवटा विद्यालयमा महिला ६२ र पुरूष ४८ गरी ११० जना र प्रदेश निर्वाचन कार्यालय, सुर्खेतबाट ४० जनालाई निर्वाचन शिक्षा प्रदान गरिएको थियो। प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयहरूले विद्यालय तथा समुदायस्तरमा निर्वाचन शिक्षा सञ्चालन गर्ने सम्बन्धमा आगामी दिनहरूमा योजनाबद्ध वार्षिक कार्यतालिका अनुसारको बजेट सहितको कार्यक्रमका लागि निरन्तरता दिने आयोगको सोच रहेको छ।

## ८.८ पुस्तकालय

आयोगबाट प्रकाशित विभिन्न प्रकारका पुस्तकहरू, स्मारिका, त्रैमासिक तथा वार्षिक प्रतिवेदन, तिनै तहका निर्वाचनका प्रतिवेदनहरू तथा लोकतन्त्र, निर्वाचन र सुशासन विषयका विभिन्न पाठ्यपुस्तकहरूको संकलन आयोगको पुस्तकालयमा रहेको छ। पुस्तकालयमा अध्ययन अनुसन्धानका क्रममा भ्रमण गर्ने पाठकहरूलाई नियमित रूपमा पुस्तकालय सेवा प्रदान गर्ने कार्य भईरहेको छ। पुस्तकालयमा संग्रहित पुस्तकहरूलाई PMB(Picture Motion Browser) सफ्टवेयरमा अद्यावधिक गर्ने कार्य समेत भईरहेको छ।

## ८.९ निर्वाचन स्मारिका

आठौं निर्वाचन दिवस २०८० फागुन ७ गतेको अवसरमा निर्वाचन व्यवस्थापन सम्बन्धी विविध विषयमा विभिन्न विषय विज्ञहरूबाट लेख सङ्कलन गरी निर्वाचन स्मारिका प्रकाशन गरिएको छ। यस स्मारिकामा निर्वाचन आयोग र निर्वाचन सम्बन्धी विभिन्न ११ वटा लेख र आयोगबाट एक वर्षमा सम्पन्न भएका आयोगका गतिविधिहरू समेत समावेश छन्।

## ८.१० केन्द्र तथा प्रदेशस्तरमा माध्यमिक तहका सामाजिक अध्ययन विषयक शिक्षकलाई प्रशिक्षण कार्यक्रम

सामाजिक अध्ययन विषय शिक्षक समाजका महत्वपूर्ण व्यक्तित्व हुन् जसले निर्वाचन शिक्षालाई विद्यार्थीमार्फत् घर परिवार र समुदायमा सम्प्रेषण गर्ने कार्य गरिरहेका हुन्छन्। त्यसै गरी शिक्षकहरू समाजमा संवाद र अन्तरक्रियामा संलग्न हुन्छन्। माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रममा निर्वाचन प्रक्रिया, निर्वाचनमा नागरिकको भूमिका तथा नेपालमा निर्वाचन प्रणाली जस्ता विषयबस्तुहरू समेटिएका छन्। सामाजिक अध्ययन विषय शिक्षकको भूमिकालाई निर्वाचन शिक्षा तथा मतदाता शिक्षा प्रदान गर्नका लागि स्रोत व्यक्ति तयार गर्दै जाने कार्यक्रम रहेको छ। उपत्यका तथा प्रदेशस्तरमा माध्यमिक सामाजिक अध्ययन विषय शिक्षकहरूका लागि निर्वाचन शिक्षा सम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न आगामी दिनमा आयोगको नारा "**निर्वाचनको सफलता, निर्वाचन शिक्षाको व्यापकता**"लाई सफल बनाउन समेत शिक्षकहरूका लागि प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने सोच रहेको छ।

## ८.११ निर्वाचन शिक्षा तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०८० स्वीकृत

आयोगको मिति २०८०/१०/२५ को निर्णय अनुसार निर्वाचन शिक्षा तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०८० स्वीकृत भएको छ। कार्यविधिमा स्थानीय तहबाट निर्वाचन शिक्षा तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा आयोगले सूचना प्रकाशन गर्ने, स्थानीय तहले निर्वाचन शिक्षा तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्न निर्वाचन कार्यालयसँग समझदारी पत्रमा हस्ताक्षर गर्नुपर्ने तथा निर्वाचन शिक्षा तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्नु स्थानीय तहको कर्तव्य हुने उल्लेख छ।

कार्यविधिमा निर्वाचन कार्यालयले स्थानीय तहसँगको समन्वय र सहकार्यमा माध्यमिक तहमा सामाजिक विषय अध्यापन गराउने शिक्षकलाई निर्वाचन शिक्षा प्रशिक्षण दिई त्यस्ता प्रशिक्षकद्वारा विद्यार्थी परिचालन गरी घरघर तथा समुदायमा निर्वाचन शिक्षा तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्न सक्ने, आयोगमा रहेको निर्वाचन शिक्षा तथा तालिम शाखाले स्थानीय तह मार्फत निर्वाचन शिक्षा तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा सम्पर्क शाखाको रूपमा कार्य गर्ने र स्थानीय तहबाट निर्वाचन शिक्षा तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा आयोगले आवश्यक निर्देशन दिन सक्ने प्रावधान रहेको छ। निर्वाचनको विषयमा नागरिकलाई निर्वाचन शिक्षा तथा मतदाता शिक्षा स्थानीय तह मार्फत सञ्चालन गर्ने प्रयोजनका लागि यो कार्यविधि तयार गरिएको र यसको कार्यान्वयनबाट

निर्वाचनमा मतदाताको सहभागिता वृद्धि हुने तथा सदर मत प्रतिशत बढ्ने अपेक्षा गरिएको छ।

## ८.१२ निर्वाचन व्यवस्थापनका लागि सञ्चार नीति, २०८१ स्वीकृत

आयोगको मिति २०८१/०३/३१ को निर्णय अनुसार निर्वाचन व्यवस्थापनमा सञ्चार माध्यमको उपयोग र नियमनका लागि निर्वाचन आयोग ऐन, २०७३ को दफा ११ को खण्ड (क) बमोजिम निर्वाचन व्यवस्थापनका लागि सञ्चार नीति, २०८१ स्वीकृत गरी लागू गरिएको छ। सञ्चार माध्यमहरूलाई सुव्यवस्थित रूपमा निर्वाचन सम्बद्ध कार्यहरूमा संलग्नता बढाउन र अनुगमन गर्न सञ्चार नीति जारी गरिएको छ।

नीतिमा निर्वाचन शिक्षा तथा मतदाता जागरण, मिडिया साक्षरता, सञ्चार क्षेत्र र गुणस्तरीय सम्प्रेषण, बहुलता तथा सञ्चार अनुगमन, निर्वाचन कार्यक्रम तथा गतिविधिहरू प्रचारप्रसार गर्न पाउने राजनीतिक दल तथा उम्मेदवारको अधिकार र सञ्चार क्षमता विकास जस्ता पक्षमा आधारित भएर अबलम्बन गरिने रणनीति र कार्यनीतिहरू तर्जुमा गरिएको छ।

यसैगरी नीतिको प्रभावकारी कार्यान्वयनका नीतिगत सुधार, संस्थागत सुदृढीकरण र क्षमता अभिवृद्धि, पत्रकार तथा सञ्चार माध्यमहरूका लागि कार्यक्रम, निर्वाचन सूचना, शिक्षा तथा सञ्चार (IEC) सामग्री उत्पादन तथा वितरण, लक्षित कार्यक्रम, सञ्चार माध्यम व्यवस्थापन र अनुगमन, अनुसन्धान र विकास लगायतका प्रमुख कार्यक्रमहरू सञ्चालन गरिने प्रावधान समावेश गरिएको छ।

## ८.१३ निर्वाचन शिक्षाको डकुमेन्ट्रीको स्क्रिप्ट स्वीकृत

निर्वाचन शिक्षा तथा सूचनाको माध्यमबाट आम जनतामा लोकतन्त्र, निर्वाचन र मताधिकारका बारेमा जानकारी उपलब्ध गराउने उद्देश्यले मिति २०६९ सालमा स्थापना भएको आयोग परिसरमा रहेको निर्वाचन शिक्षा तथा सूचना केन्द्रबाट कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूका लागि निरन्तर निर्वाचन शिक्षा प्रदान गरिँदै आइएको छ। यसका लागि निर्वाचन शिक्षाका विज्ञ प्रशिक्षकहरू मार्फत सिकाइका सबै माध्यमहरू Seeing, Hearing र Doing विधिको प्रयोग गरी करिब ३ घन्टा ३० मिनेट अवधिसम्म निरन्तर सिकाई तथा सहजीकरण गर्ने गरिएको छ। उक्त कार्यका लागि यस अघि तयार भएका सिकाई सामग्रीहरूमा समसामयिक रूपमा परिमार्जन तथा सुधार गर्दै जानु पर्ने भएकोले पछिल्ला निर्वाचनबाट प्राप्त परिणामहरू समेत समावेश गरी आयोग सचिवालयबाट तयार गरिएको निर्वाचन शिक्षा डकुमेन्ट्रीको स्क्रिप्ट आयोगको मिति २०८१/१२/२० को बैठकबाट स्वीकृत भएको छ। उक्त स्क्रिप्ट बमोजिम तयार, उत्पादन तथा निर्माण गरिएको निर्वाचन शिक्षा सम्बन्धी डकुमेन्ट्री हाल पूर्णरूपमा तयार भई स्वीकृत हुने अन्तिम चरणमा रहेको छ।

# परिच्छेद ९

# सूचना प्रविधि तथा प्रणाली व्यवस्थापन

निर्वाचन आयोगले निर्वाचन सञ्चालन तथा व्यस्थापनको लागि विभिन्न प्रविधिको प्रयोग गर्दै आएको छ। प्रविधिको प्रयोगबाट मतदाता नामावली दर्ता, मतदाताको पहिचान लगायत मतदाता नामावली व्यवस्थापन, उम्मेदवारको मनोनयनपत्र दर्तादेखि निर्वाचनको परिणाम घोषणा सम्मका कार्यहरू तथा अनलाइन डाटा प्रकाशनका कार्यहरू व्यवस्थित, त्रुटिरहित र पारदर्शी तवरले सम्पादन गर्न सहयोग पुगेको छ। मतदाता शिक्षा, अन्तिम मतदाता नामावली, उम्मेदवारको नामावली, निर्वाचन परिणाम लगायत सर्वसाधारणको सरोकार रहने सूचनाहरू आयोगको वेबसाइट र सामाजिक संजाल मार्फत प्रवाह गर्ने गरिएको छ। आ.व २०८०/०८१ मा सूचना प्रविधि तथा प्रणाली ब्यबस्थापन सम्बन्धमा सम्पादन गरिएका मुख्य कार्यहरू निम्नानुसार रहेका छन्।

## ९.१ फोटोसहितको मतदाता नामावली दर्ता प्रणाली

फोटो सहितको मतदाता नामावली संकलन कार्यका लागि Biometric Based Voter List Application(BBVRS) प्रणाली संचालनमा रहेको छ। मतदाता नामावली संकलनका लागि BBVRS को Data Collection Application(DCA) प्रयोग गरी प्रदेश/ जिल्ला निर्वाचन कार्यालय तथा समय समयमा मतदाता नामावली संकलन विशेष कार्यक्रम मार्फत हुदै आइरहेको छ। DCA मार्फत संकलित विवरणलाई जिल्लास्थित District Voter List Application (DVLA) मा एकीकृत गरी आयोगमा रहेको Central Voter List Application (CVLA) मा एकीकृत गर्ने, दोहोरो विवरण हटाउने, विवरण अद्यावधिक गर्ने लगायत मतदाता नामावली व्यवस्थापन कार्य हुदै आइरहेको छ।

उक्त Data Collection Application प्रणालीका साथै मतदाता नामावली दर्ताकार्यका लागि फोटो तथा औंठाछाप बाहेकको विवरण मतदाताले अनलाईन मार्फत भरी QRCode सहितको विवरण प्रिन्ट गरी मतदाता नामावली संकलन केन्द्रमा सम्पर्क गर्ने गरी मतदाता नामावली Pre-Registration प्रणाली संचालनमा ल्याइएको छ। यसबाट मतदाता नामावली दर्ता गर्न र त्रुटिरहित विवरण संकलनमा सहयोग पुगेको छ।

### ९.१.१ अन्तिम मतदाता नामावली तयारी र प्रकाशन

#### ९.१.१.१ प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य उपनिर्वाचन

२०८१ वैशाख १५ गते गर्ने भनी घोषणा भएको प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य उपनिर्वाचन प्रयोजनका लागि २०८० फागुन १३ गतेसम्म प्रदेश/जिल्ला निर्वाचन कार्यालयहरूमा संकलित मतदाताको विवरणलाई केन्द्रीय सर्भरमा एकीकृत गर्ने, अद्यावधिक गर्ने, दोहोरो विवरण हटाउने, जिल्लागत रूपमा मतदाता नामावलीको विवरण तयार गरी दावी विरोध प्रयोजनको लागि पठाईएको थियो।

दावीविरोध कार्यक्रम पश्चात प्राप्त अद्यावधिक विवरणलाई पुनः केन्द्रीय सर्भरमा एकीकृत गर्ने, अद्यावधिक गर्ने, दोहोरो विवरण हटाउने, जिल्लागत रूपमा मतदाता नामावलीको विवरण तयार गर्ने कार्य मिति २०८१ बैशाख १४ गतेसम्म १८ वर्ष उमेर पुगेका मध्ये ८८,८६,२२६ पुरूष, ९२,०२,५६९ महिला र १८८ अन्य गरी जम्मा १,८०,८८,९८३ जनाको अन्तिम मतदाता नामावली तयार सम्बन्धी कार्य सम्पन्न भएको छ। उक्त मतदाता नामावलीलाई वेबसाइटमा समेत प्रकाशन गरिएको तथा स्थानीय तह अनुसार जिल्लागत विवरण तयार गरी प्रदेश र जिल्ला निर्वाचन कार्यालयहरूमा समेत उपलब्ध गराइएको छ।

#### ९.१.१.२ राष्ट्रिय सभा सदस्य निर्वाचन

नेपाल सरकारबाट २०८० माघ ११ गते सम्पन्न गर्ने गरी घोषणा भएको राष्ट्रिय सभा सदस्य निर्वाचन, २०८०को प्रयोजनार्थ अन्तिम मतदाता नामावली तयार सम्बन्धी कार्य, मतपत्र छपाई सम्बन्धी कार्य समयमै सम्पन्न गरिएको थियो।

### ९.२ निर्वाचन सूचना व्यवस्थापन प्रणाली

विभिन्न मितिमा सम्पन्न भएका राष्ट्रिय सभा सदस्य निर्वाचन, प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य उपनिर्वाचनसंग सम्बन्धित निर्देशिका तथा कार्यविधि संशोधन भए पश्चात निर्वाचनमा भाग लिने उम्मेदवारहरूको मनोनयन दर्तादिखि निर्वाचन परिणाम घोषणासम्मका सम्पूर्ण क्रियाकलापहरू र आवश्यक अनुसूचीहरू सम्बन्धित निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतको कार्यालयवाट प्रविष्टी तथा रूजु गर्ने तवरले निर्वाचन सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याइएको थियो। साथै निर्वाचनको परिणामलाई चुस्त दुरूस्त तथा प्रभावकारी रूपमा सार्वजनिक गर्न आयोगले प्रयोगमा ल्याएको नतिजा प्रणाली (Result System) लाई परिमार्जन गरी संचालनमा ल्याइएको थियो।

## ९.३ सूचना प्रविधि पूर्वाधार

आयोगको सूचना प्रविधि पूर्वाधार व्यवस्थापन अन्तर्गत सर्भर, स्टोरेजर स्वीच लगायतका डाटासेन्टर उपकरणको रेखदेख, संचालन सुरक्षण लगायतका कार्य गरिएको छ। सूचना प्रविधि पूर्वाधार तथा तथ्याङ्क सुरक्षाका लागि नेटवर्क सुरक्षा प्रणाली फायरवाल (Firewall) व्यवस्थापन कार्य गरिएको छ। आयोगको डाटा सेन्टरको लागि आवश्यक चिस्याउने प्रणाली (Cooling System) र Power Backup साथै नेटवर्क अनुगमन प्रणाली (Network Monitoring System) व्यवस्थापन कार्य गरिएको छ।

## ९.४ आयोगको वेबसाइट तथा सामाजिक सञ्जाल सञ्चालन तथा अद्यावधिक

आयोगको वेबसाइटमा छुट्टै विषयसूची बनाई प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य उपनिर्वाचन र राष्ट्रिय सभा सदस्य निर्वाचन सम्बन्धी सूचना, प्रेस विज्ञप्ति, कानून, कार्यविधि, निर्देशिका लगायतका जानकारीहरू लगायतका विवरण सम्प्रेषण गरिएको छ। आयोगवाट जारी सूचना, प्रेस विज्ञप्ति, मतदाता विवरण, मतदान केन्द्र र निर्वाचन कानून लगायत अन्य सम्बन्धित सामग्री वेबसाइटमा प्रकाशन तथा सामाजिक संजालमा अद्यावधिक गरिएको छ। निर्वाचनसंग सम्बन्धित सूचना सामाजिक संजालको समेत अधिकतम प्रयोगद्वारा प्रकाशन गरिएको छ।

## ९.५ अन्य कार्यहरू

- एकीकृत डाटा व्यवस्थापन केन्द्र, सिंहदरबार र डिजास्टर रिकभरी केन्द्र (Disaster Recovery Centre) हेटौडामा मतदाता नामावलीको ब्याकअप व्यवस्थापन गर्ने कार्य गरिएको छ।
- निर्वाचन आयोग इमेल प्रणाली (mail.election.gov.np) संचालन तथा व्यवस्थापन कार्य गरिएको छ।
- जिल्ला निर्वाचन कार्यालयहरूमा कम्प्युटर तथा ल्यापटपहरूमा आईपरेका समस्याहरू आयोगबाट दैनिक रूपमा समाधान गरिएको छ ।
- आयोग तथा प्रदेश/जिल्ला निर्वाचन कार्यालय बिचमा सुरक्षित VPN Network मार्फत प्रणालीहरू प्रयोग गर्ने व्यवस्था मिलाइएको छ।
- आयोगका कम्प्युटर, सर्भर, ल्यापटप तथा नेटवर्कमा आएका समस्याहरू समाधान गरिएको छ ।

- मतदाता नामावली सम्बन्धी माग भएका विवरण तथा मतदाता नामावली सम्बन्धमा परेका समस्याको समाधानका लागि प्राविधिक कार्य हुँदै आएका छन्।
- प्रदेश/जिल्ला निर्वाचन कार्यालयहरूमा प्रणाली सञ्चालनमा देखिएका समस्याहरू समाधान गर्न प्राविधिक सहयोग प्रदान गरिएको छ।
- मतदान केन्द्रको भू-अवस्थिति (GIS) सहितको Polling Center Master List (PCML) व्यवस्थापन गरिएको।
- Document Management System (DMS) सम्बन्धी कार्य गरिएको छ।

## ९.६ तालिम

राष्ट्रिय सभा निर्वाचन प्रयोजनका लागि आयोगको स्वीकृत निर्देशिका र कार्यविधिहरू बमोजिम निर्वाचन व्यवस्थापन प्रणाली संचालन सम्बन्धी २०८०/०९/१८ र १९ गते सातै प्रदेश निर्वाचन कार्यालयका कम्प्यूटर अपरेटरहरूलाई गोदावरी, ललितपुरमा २ दिने तालिम प्रदान गरिएको थियो। आयोगमा रहेका सूचना प्रविधि प्रणालीहरू र मतदाता नामावली Pre-Registration प्रणाली संचालन गर्न प्रदेश/जिल्ला निर्वाचन कार्यालयहरूमा भएका कम्प्युटर अपरेटरहरू तथा कम्प्युटर अपरेटर नरहेका कार्यालयको हकमा रा.प अनंकित प्रथम श्रेणीका कर्मचारीहरूलाई मिति २०८०/११/१६ र १७ गते काठमाडौंमा २ दिने तालिम संचालन गरिएको थियो ।

# परिच्छेद १०
# निर्वाचन कानून तथा राजनीतिक दल नियमन

नेपालको संविधानले जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात् गरी प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, बालिग मताधिकार तथा आवधिक निर्वाचनमार्फत् लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समृद्ध राष्ट्र निर्माणको परिकल्पना गरेको छ। निर्वाचन आयोगले संवैधानिक प्रावधान बमोजिमका उल्लिखित काम, कर्तव्य र अधिकारको प्रचलन गराउनका लागि निर्माण गरिएका विभिन्न कानूनहरू कार्यान्वयन गर्दै आएको छ। संविधानको धारा १७ मा स्वतन्त्रताको हक अन्तर्गत राजनीतिक दल खोल्ने स्वतन्त्रतालाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ। त्यसैगरी धारा २६९ मा राजनीतिक दलले कानून बमोजिम कार्यविधि पूरा गरी निर्वाचन आयोगमा दल दर्ता गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ। निर्वाचन आयोगले सोही संवैधानिक व्यवस्था र अन्य कानूनी व्यवस्था बमोजिम राजनीतिक दलको नियमन र निर्वाचन प्रणालीलाई स्वच्छ, निष्पक्ष, मर्यादित, मितव्ययी बनाउन प्रभावकारी भूमिका निर्वाह गर्दै आएको छ।

## १०.१ निर्वाचन कानून

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष रूपमा संचालन, निर्वाचन व्यवस्थापन तथा राजनीतिक दलको नियमन गर्न निर्वाचन आयोगले नेपालको संविधान, विधायिकाले निर्माण गरेका विभिन्न ऐनको कार्यान्वयन गरिरहेको छ। संविधान र ऐनको प्रत्यायोजित अधिकार बमोजिम निर्माण भएका निर्वाचन सम्बन्धी नीति, नियमावली, कार्यविधि, निर्देशिका तथा आचारसंहिता लगायतका कानूनहरूको कार्यान्वयन गर्दै आएको छ। आयोगले यस प्रतिवेदन अवधिमा हाल कार्यान्वयनमा रहेका केही कानूनलाई समयानुकूल संशोधन तथा परिमार्जन समेतको कार्यलाई प्राथमिकताको रूपमा लिई प्रक्रिया अगाडि बढाएको छ। राष्ट्रिय सभा सदस्य निर्वाचन, २०८० र प्रतिनिधिसभा सदस्य तथा प्रदेश सभा सदस्य उपनिर्वाचन, २०८१ प्रयोजनका लागि राष्ट्रियसभा सदस्य निर्वाचन निर्देशिका, प्रतिनिधि सभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका र प्रतिनिधि सभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन (मतगणना) निर्देशिका आयोगबाट स्वीकृत गरी कार्यान्वयनमा रहेको छ।

## १०.१.१ निर्वाचन सम्बन्धी कानून तर्जुमा

निर्वाचन सम्बन्धी कानून र राजनीतिक दल सम्बन्धी कानूनलाई समसामयिक परिमार्जन र परिवर्तन गर्न निर्वाचन आयोगले सरोकारवालाहरूसँग निरन्तर संवाद, निर्वाचनसँग सम्बन्धित समयानुकूल कानून तर्जुमा गर्न अध्ययन, अनुसन्धान र राय सुझाव सङ्कलनका लागि संघ, प्रदेश र स्थानीय तहमा गई अन्तरक्रिया, कार्यक्रमहरू आयोजना गरिएको थियो। साथै, निर्वाचनसँग सम्बन्धित विभिन्न कानूनमा संशोधन तथा परिमार्जन गरी गत आर्थिक वर्षमा नै तयार गरिएको मस्यौदा उपर सरोकारवाला निकाय तथा संस्थाहरूले आयोजना गर्ने छलफल कार्यक्रमहरूमा निर्वाचन आयोगले सक्रिय सहभागिता जनाएको थियो।

## १०.१.२ राजनीतिक दल सम्बन्धी ऐन संशोधन

राजनीतिक दल सम्बन्धी ऐन, २०७३ लाई समयसामयिक संशोधन एवम् परिमार्जन गर्नको लागि आयोगको मिति २०८०/११/२९ गतेको निर्णय बमोजिम माननीय निर्वाचन आयुक्त (कानून हेर्ने) को संयोजकत्वमा निर्देशन समिति र आयोगका सचिवको संयोजकत्वमा तर्जुमा समिति गठन गरिएको थियो। राजनीतिक दल सम्बन्धी ऐन, २०७३ मा परिमार्जन गर्नुपर्ने विषयमा यस आयोगमा दर्ता भएका ११९ वटा राजनीतिक दललाई पत्राचार गरी राय तथा सुझाव माग गरिएको थियो। संघ, प्रदेश र स्थानीय तहमा प्रतिनिधित्व गर्ने २८ वटा राजनीतिक दल लगायतका सरोकारवालाहरूसँग अन्तरक्रिया छलफल कार्यक्रम आयोजना गरिएको थियो। त्यसैगरी आयोगको वेबसाईट मार्फत सूचना जारी गरी राय सुझावका लागि आह्वान समेत गरिएको थियो। विभिन्न राजनीतिक दल तथा सरोकारवालाहरूबाट प्राप्त राय तथा सुझाव समेतलाई समेटी तर्जुमा समितिको विभिन्न बैठकबाट राजनीतिक दल सम्बन्धी ऐनको संशोधन मस्यौदा (तीन महले) सहित तयार गरी तर्जुमा समितिले निर्देशन समितिमा पेश गरी निर्देशन समितिमा उक्त मस्यौदालाई अन्तिम रूप दिने काम भै रहेको छ।

## १०.१.३ निर्देशिकाको संशोधन र स्वीकृति

यस प्रतिवेदन अवधिमा सम्पन्न भएका राष्ट्रिय सभा सदस्य निर्वाचन, २०८० र प्रतिनिधिसभा सदस्य तथा प्रदेश सभा सदस्य उपनिर्वाचन, २०८१ को प्रयोजनार्थ मौजुदा निर्देशिकाहरूमा समयानुकूल संशोधन तथा परिमार्जन गरिएका देहाय बमोजिमका निर्देशिकाहरू आयोगबाट स्वीकृत भई कार्यान्वयनमा रहेका छन्।

| क्र.सं. | संशोधन स्वीकृत निर्देशिका | स्वीकृत मिति |
|---|---|---|
| १. | राष्ट्रियसभा सदस्य निर्वाचन (पाँचौ संशोधन) निर्देशिका, २०८० | २०८०/०९/०४ |
| २. | प्रतिनिधि सभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन (तेस्रो संशोधन) निर्देशिका, २०७९ | २०८०/१२/०९ |
| ३. | प्रतिनिधि सभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन (मतगणना) निर्देशिका, २०७९ | २०८०/१२/०९ |

## १०.१.४ लिखित जवाफ

यस प्रतिवेदन अवधिमा निर्वाचन आयोगलाई विपक्षी बनाई सम्मानित सर्वोच्च अदालतमा दायर भएका १८ वटा तथा विभिन्न उच्च अदालतमा दायर भएका ६ वटा गरी जम्मा २४ वटा रिट निवेदनका सम्बन्धमा प्राप्त म्याद सूचना बुझेर समयभित्रै तपसिलमा उल्लेख गरिएका २४ वटा निवेदनहरूको लिखित जवाफ तयार गरी महान्यायाधिवक्ताको कार्यालय र सम्बन्धित उच्च सरकारी वकिलको कार्यालयमार्फत् सम्बन्धित अदालतमा लिखित जवाफ दर्ता गर्न र आयोगका तर्फबाट प्रतिरक्षा समेत गरिदिन भनी पठाइएको थियो।

**सम्मानित सर्वोच्च अदालतमा प्रतिरक्षाका लागि पठाईएका लिखित जवाफको विवरणः**

| क्र.स. | रिट निवेदक | रिट नं. | जवाफ पठाइएको मिति |
|---|---|---|---|
| १. | विनोदमणी भट्टराई | ०८०-wo-००७३ | २०८०/०४/२६ |
| २. | विनोदमणी भट्टराई | ०८०-wo-०७३ | २०८०/०५/०१ |
| ३. | चिरञ्जिवी खनाल | ०८०-wo-११८ | २०८०/०५/१९ |
| ४. | दिप कुमार पाठक | ०८०-wo-०१०१ | २०८०/०५/१९ |
| ५. | मृगेन्द्र कुमार शेरचन | ०७९-wo-१५४० | २०८०/०५/२९ |

| | | | |
|---|---|---|---|
| ६. | त्रिलोक बहादुर चन्द | ०८०-wo-०२०५ | २०८०/०६/१२ |
| ७. | रिना कुमारी साह | ०८०-wo-०३९२ | २०८०/१०/०७ |
| ८. | ल्याक्पा छिरिङ | ०८०-wo-०५८८ | २०८०/१०/०७ |
| ९. | राम बहादुर गुरूङ | ०८०-wo-०८०५ | २०८०/१०/१६ |
| १०. | सुरेश कुमार पोखरेल | ०८०-wo-०९४३ | २०८०/१२/१८ |
| ११. | तराई-मधेश लोकतान्त्रिक पार्टीका तर्फबाट कुमारी तामाङ | ०८०-wo-०९३६ | २०८०/१२/२१ |
| १२. | नन्दराम उपाध्याय | ०८०-wo-०९७८ | २०८०/१२/२२ |
| १३. | रेशमलाल चौधरी | ०८०-wo-१०४० | २०८१/०१/१२ |
| १४. | रामेश्वर चौधरी | ०८०-wo-१०८८ | २०८१/०१/२३ |
| १५. | उपेन्द्र यादव | ०८०-wo-१२३८ | २०८१/०२/१८ |
| १६. | उपेन्द्र यादव | ०८०-wo-११९६ | २०८१/०२/१८ |
| १७. | व.अ. जगन्नाथ पौडेल | ०८०-wo-१२०७ | २०८१/०२/२२ |
| १८. | फणिन्द्र देवकोटा | ०८०-wo -१४१७ | २०८१/०३/२४ |

**सम्मानित उच्च अदालतमा प्रतिरक्षाका लागि पठाईएका लिखित जवाफको विवरणः**

| क्र.स. | रिट निवेदक | रिट नं. | जवाफ पठाइएको मिति |
|---|---|---|---|
| १. | सोविता गौतम समेत | ०८०-WO-००१३ | २०८०/०४/२९ |
| २. | बिजेन्द्र लाल जोशी | ०८०-wo-१९८ | २०८०/०५/२२ |
| ३. | डा. रामलाल सुतिहार | ०८०-WO-०१६९ | २०८०/०६/०१ |
| ४. | सञ्जु शर्मा बडई | ०८०-WO-००१७३ | २०८०/०६/०१ |
| ५. | बबिता कुमारी यादव | ०८०-WO-०२१९ | २०८०/०७/१७ |
| ६. | बलराम सुतिहार | ०८०-WO-००२११ | २०८०/०६/१२ |

## १०.१.५ रिट दर्ता

नेपाल मध्यस्यता परिषद् (नेप्का) बाट नियुक्त एकल मध्यस्थबाट मिति २०८०/१०/०७ मा गरिएको जिल्ला निर्वाचन कार्यालय, सर्लाहीको भवन निर्माणको करारीय विवादको निर्णय उपर मध्यस्थता ऐन, २०५५ को दफा ३० (१) र मध्यस्थता (अदालती कार्यविधि) नियमावली, २०५९ को नियम ११ को उपनियम (१) बमोजिम संलग्न "मध्यस्थको निर्णय वदर गरी पाउँ" भन्ने व्यहोराको निवेदन पत्र उच्च सरकारी वकील कार्यालय, पाटन, ललितपुर मार्फत सम्मानित उच्च अदालत, पाटनमा दर्ता गरी प्रतिरक्षा गर्न आयोगको मिति २०८०/११/०३ को निर्णयबाट जिल्ला निर्वाचन कार्यालय, सर्लाहीलाई निर्देशन दिइएको र सो बमोजिम उच्च अदालत पाटनमा रिट दर्ता गरिएको थियो।

## १०.१.६ नेपाल राजपत्रमा सूचना प्रकाशन

निर्वाचन सम्बन्धी विभिन्न कानून बमोजिम नेपाल राजपत्रमा सूचना प्रकाशन गर्नुपर्ने सूचना नेपाल राजपत्रमा प्रकाशन गरिएको थियो। आयोगमा दर्ता हुन आएका राजनीतिक दल दर्ता सम्बन्धी सूचना, आयोगको निर्णय बमोजिम खारेज भएका राजनीतिक दलको खारेजी सम्बन्धी सूचना, रिक्त हुन गएको समानुपातिक तर्फको प्रतिनिधि सभा सदस्य/प्रदेश सभा सदस्यलाई निर्वाचित घोषणा गरेको सूचना, राष्ट्रिय सभा सदस्यको निर्वाचन सम्बन्धी सूचनाहरू, उपनिर्वाचन सम्बन्धी सूचनाहरू र राष्ट्रिय सभा सदस्य निर्वाचन तथा प्रतिनिधि सभा सदस्य/प्रदेश सभा सदस्यको उपनिर्वाचन प्रयोजनको लागि आचारसंहिता लागू गर्ने सम्बन्धी नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्ने सूचनाहरू सम्पादनका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाईएको थियो।

प्रतिवेदन अवधिमा आयोगबाट नेपाल राजपत्रमा प्रकाशन गर्ने भनी निर्णय भई कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट सम्पादन गरिएका तपसिल बमोजिमका सूचनाहरू राजपत्रमा प्रकाशित भएका थिए।

| **क्र.स.** | **आयोगको निर्णय मिति** | **विवरण** |
|---|---|---|
| १. | २०७९/११/१४ र २०७९/११/२६ | समावेशी समाजवादी पार्टी, जय जन्मभूमि पार्टी नेपाल, राष्ट्रवादी केन्द्र नेपाल र राष्ट्रिय समता पार्टी नेपाल नामक राजनीतिक दल दर्ता। |
| २. | २०८०/०७/१९ | मधेश प्रदेशको प्रदेश सभा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत जनता समाजवादी पार्टी, नेपालको तर्फको रिक्त प्रदेश सभा सदस्य पदमा संजिला कुमारी यादवलाई निर्वाचित घोषणा गरेको। |
| ३. | २०८०/०८/०७ | राष्ट्रिय सभा सदस्य निर्वाचनको लागि निर्वाचक मण्डलमा रहने सदस्यहरूको मतभार कायम गरिएको। |
| ४. | २०८०/०८/१७ | राष्ट्रिय सभा सदस्य निर्वाचनको लागि निर्वाचन कार्यक्रम प्रकाशन गरेको। |
| ५. | २०८०/०९/०१ | राष्ट्रिय सभा सदस्य निर्वाचन प्रयोजन दर्ता हुन आएका दलहरूको विवरण। |
| ६. | २०८०/०८/२६ | नेपाल आमा पार्टी नामक राजनीतिक दल नेपाल सुशासन पार्टी नामक राजनीतिक दलमा गाभिएको। |
| ७. | २०८०/०९/२९ | राष्ट्रियसभा सदस्य निर्वाचन, २०८० को लागि निर्वाचन आचारसंहिता जारी भएको। |
| ८. | २०८०/०९/२९ | प्रगतिशील समाजवादी पार्टी नामक राजनीतिक दल दर्ता। |
| ९. | २०८०/११/१६ | राष्ट्रियसभा सदस्य निर्वाचन, २०८० मा निर्वाचित भएका उम्मेदवारको नामावली प्रकाशन गरेको। |
| १०. | २०८०/११/१३ | प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य उपनिर्वाचन, २०८१ को मतदान मिति तोकेको। |
| ११. | २०८०/११/१६ | प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य उपनिर्वाचन, २०८१ को लागि Cut-off Date तोकेको। |
| १२. | २०८०/१२/०५ | प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य उपनिर्वाचन, २०८१ को लागि निर्वाचन चिन्ह निर्धारण गरेको। |

| | | |
|---|---|---|
| १३. | २०८०/१२/२८ | प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य उपनिर्वाचन, २०८१ को लागि आचारसंहिता लागू हुने मिति तोकेको। |
| १४. | २०८१/०१/०२ | जनता समाजवादी पार्टी, नेपालको तर्फबाट प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत रिक्त पदमा श्री हसिना खान निर्वाचित भएको |
| १५. | २०८०/१२/२१ | "देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल" नामक राजनीतिक दलको दर्ता खारेज गरेको। |
| १६. | २०८१/०१/१८ | प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य उपनिर्वाचन, २०८१ को निर्वाचन परिणाम। |
| १७. | २०८०/११/२३ | नेपालको संविधानको धारा २६९ तथा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १० बमोजिम "नेपाल सुशासन पार्टी" र "नयाँ पार्टी" नामक राजनीतिक दलहरूलाई एकीकरण गरी "राष्ट्रिय मातृभूमि पार्टी" नामको राजनीतिक दल दर्ता गर्ने निर्णयको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्न पठाईएको। |
| १८. | २०८१/०१/२४ | जनता समाजबादी पार्टी नामक राजनीतिक दल दर्ता गर्ने निर्णयको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्न पठाएको। |

## १०.२ राजनीतिक दल दर्ता तथा नियमन

नेपालको संविधानको धारा १७ को उपधारा (२) को खण्ड (ग) मा प्रत्येक नागरिकलाई राजनीतिक दल खोल्ने स्वतन्त्रताको हक हुने ब्यवस्था रहेको छ। त्यसैगरी संविधानको धारा २६९(१) र राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३ बमोजिम समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिबद्ध व्यक्तिहरूले संविधान र प्रचलित ऐनका अधीनमा रही आफ्ना कामकारबाही सञ्चालन गर्न राजनीतिक दल गठन गर्न सक्ने व्यबस्था रहेको छ। ऐनको दफा ३ बमोजिम गठन भएका राजनीतिक दल सोही ऐनको दफा ४ र ५ बमोजिम दर्ता हुनु पर्ने र दर्ता भएका राजनीतिक दलहरूले कानूनले तोकेको समयमा लेखापरीक्षण गरी अद्यावधिक गराउनु पर्ने व्यबस्था रहेको छ। कानून बमोजिम लेखापरीक्षण नगर्ने राजनीतिक दललाई निर्वाचन आयोगले सजाय समेत गर्न सक्ने व्यवस्था उल्लिखित ऐनमा गरिएको छ। राजनीतिक दलको दर्ता गर्ने, दलको विवरण अद्यावधिक गर्ने, बन्दसूचीबाट नाम हटाउने, दलको विवाद निरूपण गर्ने, आचारसंहिताको अनुगमन एवं कारबाही गर्ने, दलले वार्षिक रूपमा बुझाउनुपर्ने आय र व्ययको लेखापरीक्षण प्रतिवेदन जाँचबुझ गर्ने र दलको कामकारबाही गर्दा

पालना गर्नुपर्ने विषयमा निर्देशन दिने लगायत राजनीतिक दलको नियमनका कार्यहरू आयोगबाट हुँदै आएका छन्। यस आर्थिक वर्षमा राजनीतिक दल दर्ता, अद्यावधिक तथा नियमनसँग सम्बन्धित मुख्य-मुख्य कार्यहरू यस प्रकार रहेका छन्:-

## १०.२.१ राजनीतिक दल दर्ता

### क. नयाँ दल दर्ताः

नेपालको संविधानको भाग २९ मा राजनीतिक दल सम्बन्धी ब्यवस्था रहेको र उक्त व्यवस्था अन्तर्गत धारा २६९ राजनीतिक दलको गठन, दर्ता र सञ्चालन अन्तरगतको उपधारा (१) मा समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिबद्ध ब्यक्तिहरूले नेपालको संविधानको धारा १७ को उपधारा (२) को खण्ड (ग) अन्तर्गत बनेको कानूनको अधिनमा रही राजनीतिक दल गठन गरी सञ्चालन गर्न र दलको विचारधारा, दर्शन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नका लागि त्यसको प्रचार र प्रसार गर्न, गराउन वा सो प्रयोजनका लागि अन्य आवश्यक काम गर्न सक्ने, सोही धाराको उपधारा (२) मा उपधारा (१) बमोजिम गठन भएका राजनीतिक दलले कानून बमोजिमको कार्यविधि पूरा गरी निर्वाचन आयोगमा दल दर्ता गराउनु पर्ने, उपधारा (३) मा उपधारा (२) बमोजिम दल दर्ता गराउने प्रयोजनका लागि निवेदन पेश गर्दा सम्बन्धित राजनीतिक दलको विधान र घोषणापत्रका अतिरिक्त संघीय कानून बमोजिम अन्य कागजात पेश गर्नुपर्ने व्यवस्था रहेको छ।

नयाँ राजनीतिक दल दर्ता गर्ने सन्दर्भमा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५ को उपदफा (४) मा प्रस्तावित दलले दल दर्ताको लागि पेश गरेको निवेदन र कागजातको जाँचबुझबाट प्रस्तावित दल संविधान र यस ऐन बमोजिम दर्ता हुन सक्ने देखिएमा आयोगले दल दर्ता गरी दल दर्ता प्रमाणपत्र उपलब्ध गराउने कानूनी व्यवस्था रहेको छ। त्यसैगरी राजनीतिक दलले दल दर्ता गर्दा उक्त दलको विधान, घोषणापत्र, झण्डा वा चिन्हको नमूना, कम्तीमा पाँच सय जना मतदाताले दलको सदस्यता प्राप्त गर्न गरेको प्रतिवद्धता, कम्तीमा एकाईस सदस्य केन्द्रीय समिति र उक्त समितिमा कम्तीमा एक तिहाई महिलासहित आयोगले आवश्यक ठानेका कागजात पेश गर्नुपर्ने व्यवस्था छ। राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम १९ को उपनियम (१) मा नियम ३ को उपनियम (६) र नियम ५ को उपनियम (७) बमोजिम दर्ता भएको दललाई अनुसूची १४ बमोजिमको दल दर्ताको प्रमाणपत्र दिनेछ।

आ.ब. २०८०/८१ मा प्रगतीशील समाजवादी पार्टी, नेशनल रिपब्लिक नेपाल र जनता समाजवादी पार्टी नयाँ राजनीतिक दलको रूपमा दर्ता भएका छन्। यसको विस्तृत विवरण ३.३.१ मा रहेको छ।

## ख. छुट्टै नयाँ दल दर्ताः

नेपालको संविधानको धारा २६९ र राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४ को उपदफा (१) बमोजिम दल दर्ता कायम रहेको राजनीतिक दलले राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३३ को उपदफा (२) बमोजिम दल गठन गरी राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम (५) बमोजिम छुट्टै राजनीतिक दल गठन गर्न राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम ५ को अनुसूची-५ को ढाँचामा निवेदन दर्ता गरी आयोगमा सनाखत गरेमा छुट्टै नयाँ राजनीतिक दल दर्ता गरी प्रमाणपत्र दिईने व्यवस्था रहेको छ। आ.व. २०८०/८१ मा जनता समाजवादी पार्टी छुट्टै नयाँ राजनीतिक दलको रूपमा दर्ता भएको छ। यसको विस्तृत विवरण ३.३.७ मा रहेको छ।

## ग. दल दर्ता खारेजः

राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १२ र राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम ११ मा दल दर्ता खारेज गर्ने व्यवस्था रहेको छ। कुनै दलले आफ्नो दलको दर्ता खारेज गर्न चाहेमा दर्ता खारेजीका लागि दलको विधान बमोजिम केन्द्रीय समितिबाट निर्णय गरी आयोग समक्ष निवेदन दिनुपर्नेछ। प्राप्त निवेदनमा आयोगले अध्ययन र जाँचबुझ गरी त्यस्तो दलको दर्ता खारेज गर्ने छ। राजनीतिक दलले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा खलल पार्ने, राष्ट्रको विरूद्ध जासुसी गर्ने, गराउने, राष्ट्रिय गोपनीयता भङ्ग गर्ने,नेपालको सुरक्षामा आँच पुऱ्याउने गरी कुनै विदेशी राज्य, सङ्गठन वा प्रतिनिधिलाई सहयोग गर्ने, राज्यद्रोह गर्ने, सङ्घीय इकाईबीचको सु-सम्बन्धमा खलल पार्ने, जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने वा विभिन्न जात, जाति, धर्म र सम्प्रदायबीचको सुसम्बन्धमा खलल पार्ने, दलको सदस्यता प्राप्त गर्न नेपाली नागरिकलाई जाति, भाषा, धर्म, सम्प्रदाय वा लिङ्गको आधारमा बन्देज लगाउने वा कुनै जाति, भाषा, धर्म, सम्प्रदाय वा लिङ्गको व्यक्तिलाई मात्र सदस्यता प्रदान गर्ने, नागरिकहरूबीच विभेद गर्ने, हिंसात्मक कार्य गर्न दुरूत्साहन गर्ने, सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्य गर्ने, खुकुरी, भाला लगायतका हातहतियार वा विष्फोटक पदार्थ वा लाठी, भाटा लिई प्रदर्शन गरी जुलुस, आमसभा गर्ने वा विरोध प्रदर्शन गर्ने कुनै पनि काम गरेमा आयोगले त्यस्तो दलको दर्ता खारेज गर्न सक्ने

कानूनी व्यवस्था रहेको छ। आयोगले दिएको आदेश एक वर्षभित्र पालना नगरेमा वा आयोगले निर्णय गरी जरिवाना गरेका राजनीतिक दलले त्यस्तो जरिवाना नबुझाएमा पनि दलको दर्ता खारेज गर्ने व्यवस्था रहेको छ। उक्त व्यवस्था अनुसार आर्थिक वर्ष ०८०/०८१ मा आयोगले देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल नामक राजनीतिक दल दर्ता खारेज गरिएको छ।

## १०.२.२ दल गाभिने र दर्ता खारेज

राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १० को उपदफा (१) मा ऐनको दफा ४ बमोजिम दर्ता भएका दुई वा दुई भन्दा बढी दलहरू एक आपसमा सम्झौता गरी एकीकरण वा गाभिन सक्ने प्रावधान अनुसार आर्थिक वर्ष २०८०/०८१ मा आयोगको मिति २०८०/०८/२६ को निर्णय अनुसार नेपाल सुशासन पार्टीमा नेपाल आमा पार्टी गाभिएर नेपाल सुशासन पार्टी कायम हुन आएकोले नेपाल आमा पार्टीको दर्ता खारेज गरिएको छ।

## १०.२.३ दलको विवरण अद्यावधिक

राजनीतिक दलले आफ्नो नाम, विधान, नियम, छाप, झण्डा वा चिन्हमा भएको परिवर्तन वा संशोधन पदाधिकारीको हेरफेर र आयोगले तोके बमोजिमका अन्य विषयको जानकारी ३० दिनभित्र आयोगलाई दिनु पर्ने व्यवस्था राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१ मा रहेको छ। ऐनको दफा ५१ को उपदफा (२) मा उपदफा (१) बमोजिमको जानकारी प्राप्त भएपछि आयोगले तत्सम्बन्धमा आवश्यक अध्ययन र जाँचबुझ गर्दा त्यस्तो काम कारबाही संविधान, यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम र दलको विधान बमोजिम भए गरेको पाइएमा नाम, विधान, नियम, छाप, झण्डा वा चिन्हको हकमा त्यसको अभिलेख राख्नु पर्नेछ र पदाधिकारी हेरफेर भएको भए तोकिए बमोजिम अद्यावधिक गरी राख्नु पर्नेछ भन्ने कानूनी व्यबस्था रहेको छ। त्यसैगरी राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम २५ को उपनियम (१) मा राजनीतिक दलले ऐनको दफा ५१ बमोजिम आफ्नो नाम, विधान, नियम, छाप, झण्डा, चिन्ह (लोगो) मा परिवर्तन वा संशोधन भएमा वा पदाधिकारीको हेरफेर भएमा दलको प्रमुख पदाधिकारी वा अधिकार प्राप्त व्यक्तिले अनुसूची-१८ बमोजिम आयोगमा जानकारी गराउनु पर्ने र सोही नियम २५ को उपनियम (२) मा उपनियम (१) बमोजिमको जानकारी प्राप्त भएमा आयोगले त्यस्तो परिवर्तन, संशोधन वा हेरफेर संविधान, ऐन, यस नियमावली तथा दलको विधान बमोजिम भए नभएको र सो सम्बन्धमा आधिकारिक निर्णय भए नभएको सम्बन्धमा आवश्यक जाँचबुझ गर्ने र सोही नियम २५ को उपनियम (३) मा

उपनियम (२) बमोजिम जाँचबुझ गर्दा त्यस्तो परिवर्तन संशोधन वा हेरफेर नेपालको संविधान, ऐन, यस नियमावली तथा दलको विधान बमोजिम भएको र त्यसरी परिवर्तन वा संशोधन गरिएको नाम, झण्डा, छाप तथा चिन्ह (लोगो) अन्य कुनै राजनीतिक दलको नाम, झण्डा, छाप तथा चिन्ह (लोगो) सँग दोहोरो नपर्ने भएमा सोको अभिलेख अद्यावधिक गर्ने छ भन्ने कानूनी व्यवस्था रहेको छ। उक्त व्यवस्था अनुसार आयोगले यस आर्थिक वर्षमा १३ वटा राजनीतिक दलहरूको विवरण अद्यावधिक गरेको थियो। त्यसैगरी आयोगमा दर्ता कायम रहेका ११९ वटा राजनीतिक दलहरू मध्ये १९ वटा दललाई राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम दलको नाम नेपालको संविधान तथा राजनीतिक दल सम्बन्धी ऐनको मर्म र भावना अनुरूप भएको नदेखिएकोले नाम परिवर्तन गर्न आयोगको मिति २०८०/११/०३ को निर्णय बमोजिम निर्देशन दिइएकोमा यस आर्थिक वर्षमा ७ वटा राजनीतिक दलको नाम परिवर्तन गरिएको छ।

## १०.२.४ राजनीतिक दलको नियमन

आयोगको मिति २०८०/११/०३ गते स्वीकृत विधानको ढाँचाको प्रयोग, दलको महाधिवेशन, केन्द्रीय समितिको निर्णय, दलको सदस्यता लगायतका विषयमा राजनीतिक दलहरूलाई १७ बुँदे निर्देशन दिइएको थियो। सो निर्देशनको पालना गरी राजनीतिक दलको विवरण अद्यावधिक गर्न आयोगमा निवेदन गर्ने दलहरूको मात्र विवरण अद्यावधिक गरिदै आएको छ।

राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४१ बमोजिम दलले आर्थिक वर्ष समाप्त भएको छ महिना भित्र आफ्नो आय र व्ययको लेखापरीक्षण कानून बमोजिम इजाजत प्राप्त लेखापरीक्षकबाट गराई एक महिना भित्र आयोगमा पेश गर्नुपर्ने कानूनी व्यवस्था भएकोमा दलले उक्त व्यवस्था वमोजिम लेखापरीक्षण प्रतिवेदन पेश नगर्ने, लेखापरीक्षण प्रतिवेदन सार्वजनिक नगर्ने र आयोगले सोधेको स्पष्टीकरण पेश नगर्ने राजनीतिक दलहरूलाई सोही ऐनको दफा ५४ बमोजिम आयोगको मिति २०८०/०४/०१ को निर्णयानुसार लेखापरीक्षण प्रतिवेदन तोकिएको समयमा सार्वजनिक गरी सो को जानकारी आयोगमा पेश नगर्ने ३९ राजनीतिक दलहरूलाई रू.७०००। - जरिवाना गराई उक्त राजनीतिक दलहरूको लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गर्न निर्देशन दिइएको थियो। त्यसैगरी, लेखापरीक्षण प्रतिवेदन तोकिएको समय भन्दा ढिला सार्वजनिक गर्ने १२ राजनीतिक दललाई सचेत गराउने, तथा आर्थिक वर्ष २०७७/०७८ र २०७८/७९ को लेखापरीक्षण प्रतिवेदन नबुझाउने तथा स्पष्टीकरण समेत पेश गर्ने २ राजनीतिक दल प्रत्येकलाई रू.१५,०००। - जरिवाना गर्ने, आर्थिक वर्ष २०७७/०७८ र २०७८/७९ को लेखापरीक्षण प्रतिवेदन नबुझाउने तथा

स्पष्टीकरण समेत पेश नगर्ने ३ राजनीतिक दल प्रत्येकलाई रू.२०,०००। - जरिवाना गर्ने, आर्थिक वर्ष २०७८/०७९ लेखापरीक्षण प्रतिवेदन तोकिएको समयभित्र पेश नगर्ने स्पष्टीकरण सहित लेखापरीक्षण पेश गर्ने ४ राजनीतिक दलको स्पष्टीकरण चितबुझ्दो नदेखिएकोले प्रत्येक दललाई रू.१०,०००। - जरिवाना गर्ने, आर्थिक वर्ष २०७८/०७९ लेखापरीक्षण प्रतिवेदन तोकिएको समयभित्र पेश नगर्ने दलले स्पष्टीकरण मात्र पेश गरी लेखापरीक्षण पेश नगर्ने ४ राजनीतिक दलको स्पष्टीकण चितबुझ्दो नदेखिएकोले प्रत्येक दललाई रू.१५,०००। - जरिवाना गर्ने, आर्थिक वर्ष २०७८/०७९ लेखापरीक्षण प्रतिवेदन तोकिएको समयभित्र पेश नगर्ने र स्पष्टीकरण पनि पेश नगर्ने ८ राजनीतिक दललाई रू.२०,०००। - जरिवाना गर्ने, आर्थिक वर्ष २०७८/०७९ लेखापरीक्षण प्रतिवेदन तोकिएको समय व्यतीत भएपछि पेश गर्ने र स्पष्टीकरण चितबुझ्दो नदेखिएका ८ राजनीतिक प्रत्येक दललाई रू.७,०००। - जरिवाना गर्ने, र आर्थिक वर्ष २०७८/०७९ लेखापरीक्षण प्रतिवेदन तोकिएको समय व्यतीत भएपछि पेश गर्ने र स्पष्टीकरण पेश नगर्ने २ राजनीतिक प्रत्येक दललाई रू.१०,०००। - जरिवाना गर्ने समेतको कारबाही प्रक्रिया अगाडि बढाइएको छ। लेखापरीक्षण प्रतिवेदन तोकिएको समयमा भन्दा ढिलो सार्वजनिक गर्ने र तोकिएको समयमा सार्वजनिक नगर्ने राजनीतिक दलहरूलाई लेखापरीक्षण प्रतिवेदन जरिवाना सहित सार्वजनिक गर्न तथा स्पष्टीकरण पेश गर्न आयोगको मिति २०८१/०१/०९ गतेको निर्णय अनुसार मिति २०८१/०१/११ गतेको गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरिएको थियो।

## १०.२.५ बन्दसूचीबाट नाम हटाइएको

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३० मा प्रतिनिधि सभा वा प्रदेश सभा गठन भईसकेपछि मनोनयन गर्ने दलबाट कुनै उम्मेदवारको नाम हटाउन लेखी आए बमोजिम आयोगले त्यस्तो नाम हटाउने प्रावधान अनुसार आर्थिक वर्ष २०८०/८१ को आयोगको निर्णयबाट प्रतिनिधि सभा सदस्य तर्फ २४९ जना र प्रदेश सभा सदस्य तर्फ १९६ जनालाई समानुपातिक अन्तिम बन्दसूचीबाट हटाइएको थियो।

## १०.२.६ राजनीतिक दलको विवाद निरूपण

राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४३ बमोजिम दुई वा दुई भन्दा बढी दलबीच वा एउटै दलका दुई वा दुई भन्दा बढी पक्षहरूबीच दलको नाम, दलको छाप, विधान, झण्डा वा चिन्ह, दलका पदाधिकारी केन्द्रीय समिति वा केन्द्रीय समितिको निर्णयको आधिकारिकता सम्बन्धी विषयमा विवाद उत्पन्न भएमा सोही ऐनको दफा ४४ बमोजिम आयोगले आ.व. ०८०/८१ मा देहायका राजनीतिक दलहरूको विवाद निरूपण गरेको छः

क. निवेदक संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका उपाध्यक्ष ज्ञानबहादुर गुरूङ र विपक्षी ऐ.दलका अध्यक्ष कुमार लिङ्देन भएको दलको निर्णयको आधिकारिकता सम्बन्धी विवाद आयोगको मिति २०८०/०९/०५ गतेको निर्णय बमोजिम निरूपण गरिएको।

ख. निवेदक रेशमलाल चौधरीले नागरिक उन्मूक्ति पार्टीको महाधिवेशन गरी अद्यावधिकको लागि आयोगमा पेस गरेको निवेदनको विरूद्ध नागरिक उन्मूक्ति पार्टीको महाधिवेशन बाट चयन भएका विधान एवंम् पदाधिकारीको चयन विधि पद्धति विपरीत रहेको भनी विधिको शासनप्रति प्रतिवद्ध नेपाली नगरिक समेतले आयोगमा दर्ता गरेको निवेदन उपर सुनुवाई गरी आयोगको मिति २०८०। ११। २४ गतेको निर्णय बमोजिम विवाद निरूपण गरेको।

यससँग सम्बन्धित निर्णयहरूको विस्तृत विवरण परिच्छेद तीनमा समावेश गरिएको छ।

## १०.२.७ विविध

१. आयोगको मिति २०८०/०७/१९ को निर्णयानुसार मधेश प्रदेशको प्रदेश सभा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत जनता समाजवादी पार्टी, नेपालको तर्फबाट निर्वाचित हुनु भएकी श्री बिन्दु कुमारी यादवको निधन भई रिक्त प्रदेश सभा सदस्य पदमा संजिला कुमारी यादवलाई निर्वाचित भएको घोषणा गर्ने निर्णय भएको।

२. जनता समाजवादी पार्टी नेपालको तर्फबाट प्रतिनिधि सभा सदस्यमा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित श्री मंजु शर्मा अन्सारीको निधन भई रिक्त रहेको पदमा निर्वाचन आयोगको मिति २०८१/०१/०२ को निर्णयबाट पार्टीबाट बन्दसूचीको क्रम संख्या ५४ (समावेशी समूहको प्राथमिकता क्रम ३) भएकी समानुपातिक तर्फकी उम्मेदवार श्री हसीना खानलाई प्रतिनिधि सभा सदस्य पदमा निर्वाचित भएको घोषणा गरेको।

३. आ.व. २०७८/०७९ को राजनीतिक दलहरूबाट पेस भएको लेखा परीक्षण प्रतिवेदनमा महालेखा परीक्षकको कार्यालयबाट परीक्षण भई आयोग समक्ष पेस गरेको प्रतिवेदन माथि आयोगको मिति २०८०/०८/१४ गतेको निर्णय अनुसार गठित राजनीतिक दलहरूको वित्तीय विवरण र लेखा परीक्षण सम्बन्धी प्रतिवेदन अध्ययन समितिले २०८१/०३/३१ मा सुझाव सहितको प्रतिवेदन पेस गरेको।

४. राजनीतिक दलको दर्ता तथा अभिलेखीकरणलाई विद्युतीय प्रणालीबाट सञ्चालन तथा व्यवस्थापन गर्नका लागि आवश्यक सफ्टवेयर निर्माण गरी नमूना परीक्षणमा रहेको छ।

# परिच्छेद ११

# वित्तीय स्रोत परिचालन

निर्वाचन व्यवस्थापन तथा सञ्चालनमा गुणस्तरीय सेवा प्रवाह गर्न एवम् संस्थागत सुधारको लागि वित्तीय स्रोत परिचालन महत्त्वपूर्ण हुन्छ। आर्थिक वर्ष २०८०/०८१ मा आयोग र अन्तर्गतका प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयहरूको नियमित कार्य सञ्चालन एवम् विभिन्न कार्यक्रमको लागि बजेट तथा कार्यक्रम स्वीकृत भएको थियो। त्यसैगरी प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य उपनिर्वाचन, राष्ट्रिय सभा सदस्य निर्वाचन व्यवस्थापन तथा सञ्चालनको लागि आयोगबाट बजेट तथा कार्यक्रम तयार गरी निकासा माग भए बमोजिम अर्थ मन्त्रालयबाट बजेट निकासा भएको थियो। स्वीकृत बजेट तथा कार्यक्रम अनुसार यस आर्थिक वर्षमा समग्र प्रगति ७०.९६ प्रतिशत रहेको देखिन्छ। विगत लामो समयदेखि विकास साझेदार संस्थाहरूबाट आयोगलाई वस्तुगत तथा प्राविधिक सहायताहरू प्राप्त गर्दै आएकोमा यस आर्थिक वर्षमा पनि क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम संचालन गर्न विभिन्न सहयोग प्राप्त भएका छन्। विकास साझेदार संस्थाबाट हुने खर्चको श्रेस्ता सम्बन्धित संस्थामा नै रहने हुँदा सोको वित्तीय विवरण आयोगको वित्तीय स्रोत परिचालनमा समावेश गर्न गरीएको छैन।

## ११.१ विनियोजन र खर्च

आर्थिक वर्ष २०८०/०८१ मा आयोग, आयोग अन्तर्गतका प्रदेश तथा जिल्ला निर्वाचन कार्यालय, निर्वाचन अधिकृतको कार्यालयहरूको नियमित कार्य सञ्चालन लगायत विभिन्न कार्यक्रमको लागि स्वीकृत भएको बजेट उपशीर्षक अनुसारको बजेट, कार्यक्रम, खर्च र प्रगति देहाय बमोजिम रहेको छ।

(रकम रू. हजारमा)

## आ.व. २०८०-८१ मा निर्वाचन आयोग तर्फको बजेट तथा खर्च विवरण

| क्र.सं. | आयोग | बजेट | | | खर्च | | | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | कुल जम्मा | चालु | पुँजीगत | कुल जम्मा | |
| १ | निर्वाचन आयोग (नियमित) | १०७३९९.७९६ | ७६२०० | १८३५९९.७९६ | ९०७६५.१५२१ | ० | ९०७६५.१५२१३ | ४९.४४ |
| २ | निर्वाचन आयोग (राष्ट्रिय सभा निर्वाचन) | १९७३२.२ | | १९७३२.२ | ४२७०.१८२६३ | | ४२७०.१८२६३ | |
| ३ | निर्वाचन आयोग (प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य उपनिर्वाचन) | ५१७१७.२३८ | | ५१७१७.२३८ | २६४२८.२५६५ | | २६४२८.२५६५ | ५१.१० |
| | **जम्मा** | **१७८८४९.२३४** | **७६२००** | **२५५०४९.२३४** | **१२१४६३.५९** | **०** | **१२१४६३.५९१३** | **४७.६२** |

**आ.व. २०८०-८१ मा प्रदेशगत / जिल्लागत बजेट तथा खर्च विवरण**

| क्र.सं. | | बजेट | खर्च | |
|---|---|---|---|---|

| | प्रदेश/जिल्ला | चालु | पुँजीगत | कुल जम्मा | चालु | पुँजीगत | कुल जम्मा | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ताप्लेजुङ | ४६१० | | ४६१० | ३६२७.७४५ | | ३६२७.७४५ | ७८.६९ |
| २ | पाँचथर | ५३५६ | | ५३५६ | ४६६२.०७२ | | ४६६२.०७२ | ८७.०४ |
| ३ | इलाम | ५४९५ | | ५४९५ | ५४१७.६६ | | ५४१७.६६ | ९८.५९ |
| ४ | संखुवासभा | ५०१९ | | ५०१९ | ४१२७.१९१ | | ४१२७.१९१ | ८२.२३ |
| ५ | तेह्रथुम | ४७६० | | ४७६० | ३८७४.२७४ | | ३८७४.२७४ | ८१.३९ |
| ६ | धनकुटा | ४४८५ | | ४४८५ | ३८२१.०६९ | | ३८२१.०६९ | ८५.२० |
| ७ | भोजपुर | ४५५३ | | ४५५३ | २७९७.८२८ | | २७९७.८२८ | ६१.४५ |
| ८ | खोटाङ | ५३७७ | | ५३७७ | ३५०७.०९७ | | ३५०७.०९७ | ६५.२२ |
| ९ | सोलुखुम्बु | ४९७५ | | ४९७५ | २८५१.२४८ | | २८५१.२४८ | ५७.३१ |
| १० | ओखलढुङ्गा | ४३९५.७ | | ४३९५.७ | २९७७.५९४ | | २९७७.५९४ | ६७.७४ |
| ११ | उदयपुर | ४४३७ | | ४४३७ | ३८३६.४९८ | | ३८३६.४९८ | ८६.४७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १२ | झापा | ४९८८.५ | | ४९८८.५ | ४६७२.०६७ | | ४६७२.०६७ | ९३.६६ |
| १३ | मोरङ | ६२२६ | | ६२२६ | ५३४८.४४१ | | ५३४८.४४१ | ८५.९० |
| | कोशी प्रदेश नियमित जम्मा | ६४६७७.२ | ० | ६४६७७.२ | ५१५२०.७८४ | ० | ५१५२०.७८४ | ७९.६६ |
| | कोशी प्रदेश राष्ट्रिय सभा निर्वाचन जम्मा | १११५.२८ | | १११५.२८ | १११५.२८ | | १११५.२८ | १०० |
| | कोशी प्रदेश प्रतिनिधि सभा तथा प्रदेश सभा उपनिर्वाचन | १२६४.८७ | | १२६४.८७ | १२६४.८६९ | | १२६४.८६९ | १००.०० |
| | जिल्ला निर्वाचन कार्यालय, इलाम प्रतिनिधि सभा तथा प्रदेश सभा उपनिर्वाचन | ३५८४.०७५ | | ३५८४.०७५ | ३३२३.३११ | | ३३२३.३११ | ९२.७२ |
| | निर्वाचन अधिकृतको कार्यालय, (उपनिर्वाचन) नि.क्षे.नं. २, इलाम | २६०३८.०५ | | २६०३८.०५ | २१४३२.४७५ | | २१४३२.४७५ | ८२.३१ |
| | **जम्मा** | **९६६७९.४७५** | ० | **९६६७९.४७५** | **७८६५६.७१९** | ० | **७८६५६.७१९** | **८१.३६** |
| १४ | सुनसरी | ५२४० | | ५२४० | ४९७१.८४४ | | ४९७१.८४४ | ९४.८८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १५ | सप्तरी | ४९४२ | | ४९४२ | ४०५०.५८२ | | ४०५०.५८२ | ८१.९६ |
| १६ | सिराहा | ४७८४ | | ४७८४ | ४७३९.३९३ | | ४७३९.३९३ | ९९.०७ |
| १७ | धनुषा | ७०३४ | | ७०३४ | ५१९४.०९२ | | ५१९४.०९२ | ७३.८४ |
| १८ | महोत्तरी | ५४६३ | | ५४६३ | ४४६०.७४४ | | ४४६०.७४४ | ८१.६५ |
| १९ | सर्लाही | ४९०७ | | ४९०७ | ४२२२.२१२ | | ४२२२.२१२ | ८६.०४ |
| २० | रौतहट | ५३६९ | | ५३६९ | ५०२६.७९४ | | ५०२६.७९४ | ९३.६३ |
| २१ | बारा | ५०१२ | | ५०१२ | ४८६७.७१ | | ४८६७.७१ | ९७.१२ |
| २२ | पर्सा | ५४६४ | | ५४६४ | ४३३३.६१२ | | ४३३३.६१२ | ७९.३१ |
| | मधेश प्रदेश नियमित जम्मा | ४८२१५ | ० | ४८२१५ | ४१८६६.९८३ | ० | ४१८६६.९८३ | ८६.८३ |
| | मधेश प्रदेश राष्ट्रिय सभा निर्वाचन जम्मा | १११५.२८ | | १११५.२८ | ८४९.३५ | | ८४९.३५ | ७६.१६ |
| | **जम्मा** | **४९३३०.२८** | **०** | **४९३३०.२८** | **४२७१६.३३३** | **०** | **४२७१६.३३३** | **८६.५९** |
| २३ | दोलखा | ५०९५ | | ५०९५ | ३८२३.२८९ | | ३८२३.२८९ | ७५.०४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २४ | रामेछाप | ४९०८ | | ४९०८ | ४००८.५०८ | | ४००८.५०८ | ८१.६७ |
| २५ | सिन्धुली | ४९१४ | | ४९१४ | ४१०७.८८९ | | ४१०७.८८९ | ८३.६० |
| २६ | काभ्रेपलान्चोक | ४८५५.५ | | ४८५५.५ | ४२५८.४१८ | | ४२५८.४१८ | ८७.७० |
| २७ | सिन्धुपाल्चोक | ४५५४.५ | | ४५५४.५ | २६६९.१२ | | २६६९.१२ | ५८.६० |
| २८ | रसुवा | ४४०९ | | ४४०९ | २८३९.३८७ | | २८३९.३८७ | ६४.४० |
| २९ | नुवाकोट | ४९३० | | ४९३० | ३०७५.५६७ | | ३०७५.५६७ | ६२.३८ |
| ३० | धादिङ | ४२७४ | | ४२७४ | ३५२६.९२९ | | ३५२६.९२९ | ८२.५२ |
| ३१ | चितवन | ४६९८ | | ४६९८ | ४१६३.८ | | ४१६३.८ | ८८.६३ |
| ३२ | मकवानपुर | ६१३१ | | ६१३१ | ४८७९.१२३ | | ४८७९.१२३ | ७९.५८ |
| ३३ | भक्तपुर | ५१५१ | | ५१५१ | ५०८२.३३६ | | ५०८२.३३६ | ९८.६७ |
| ३४ | ललितपुर | ५२१३.५९२ | | ५२१३.५९२ | ५०१३.२९२ | | ५०१३.२९२ | ९६.१६ |
| ३५ | काठमाडौं | ५४१० | | ५४१० | ४६५२.०२५ | | ४६५२.०२५ | ८५.९९ |
| | बागमती प्रदेश नियमित जम्मा | ६४५४३.५९२ | ० | ६४५४३.५९२ | ५२०९९.६८३ | ० | ५२०९९.६८३ | ८०.७२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | बागमती प्रदेश राष्ट्रिय सभा निर्वाचन जम्मा | १११५.२८ | | १११५.२८ | ९१६.०८१ | | ९१६.०८१ | ८२.१४ |
| | **जम्मा** | **६५६५८.८७२** | ० | **६५६५८.८७२** | **५३०१५.७६४** | ० | **५३०१५.७६४** | **८०.७४** |
| ३६ | गोरखा | ४९५८ | | ४९५८ | ४०४५.८३२ | | ४०४५.८३२ | ८१.६० |
| ३७ | लमजुङ | ४८९९ | | ४८९९ | ३९४१.९६७ | | ३९४१.९६७ | ८०.४६ |
| ३८ | तनहुँ | ४६७४ | | ४६७४ | ३९१३.११५ | | ३९१३.११५ | ८३.७२ |
| ३९ | कास्की | ६१३८ | | ६१३८ | ६०१७.९८ | | ६०१७.९८ | ९८.०४ |
| ४० | मनाङ | ५०७४ | | ५०७४ | ४०९४.८५६ | | ४०९४.८५६ | ८०.७० |
| ४१ | मुस्ताङ | ४९६६ | | ४९६६ | ३४०२.९८७ | | ३४०२.९८७ | ६८.५३ |
| ४२ | पर्वत | ४४८५ | | ४४८५ | ४४४५.८०१ | | ४४४५.८०१ | ९९.१३ |
| ४३ | स्याङजा | ४७९३ | ९८०० | १४५९३ | ४६६५.११९ | ७४८७.५९ | १२१५२.७०८ | ८३.२८ |
| ४४ | म्याग्दी | ४५८२ | | ४५८२ | ४२८९.७५७ | | ४२८९.७५७ | ९३.६२ |
| ४५ | बाग्लुङ | ४९८७ | | ४९८७ | ४८११.७२७ | | ४८११.७२७ | ९६.४९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४६ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | ४८७८ | | ४८७८ | ४५६२.१३४ | | ४५६२.१३४ | ९३.५२ |
| | गण्डकी प्रदेश नियमित जम्मा | ५४४३४ | ९८०० | ६४२३४ | ४८१९१.२७५ | ७४८७.५९ | ५५६७८.८६४ | ८६.६८ |
| | गण्डकी प्रदेश राष्ट्रिय सभा निर्वाचन जम्मा | १११५.२८ | | १११५.२८ | १११५.२६६ | | १११५.२६६ | १००.०० |
| | **जम्मा** | **५५५४९.२८** | **९८००** | **६५३४९.२८** | **४९३०६.५४१** | **७४८७.५९** | **५६७९४.१३** | **८६.९१** |
| ४७ | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | ५०७० | | ५०७० | ४७५२.५७४ | | ४७५२.५७४ | ९३.७४ |
| ४८ | रूपन्देही | ५८१० | | ५८१० | ५२६१.७८६ | | ५२६१.७८६ | ९०.५६ |
| ४९ | कपिलवस्तु | ४७९२ | | ४७९२ | ४२१५.१२१ | | ४२१५.१२१ | ८७.९६ |
| ५० | पाल्पा | ४४७३ | | ४४७३ | ४३३८.८७७ | | ४३३८.८७७ | ९७.०० |
| ५१ | अर्घाखाँची | ४५८१ | | ४५८१ | ३३४१.३४४ | | ३३४१.३४४ | ७२.९४ |
| ५२ | गुल्मी | ४९६६ | | ४९६६ | ४१४३.४३७ | | ४१४३.४३७ | ८३.४४ |
| ५३ | रूकुम (पूर्वी भाग) | ५३६३ | | ५३६३ | ४०१८.२१६ | | ४०१८.२१६ | ७४.९२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५४ | रोल्पा | ४८७९ | | ४८७९ | ४१२०.१८५ | | ४१२०.१८५ | ८४.४५ |
| ५५ | प्युठान | ४५९१ | | ४५९१ | ३०२३.४७२ | | ३०२३.४७२ | ६५.८६ |
| ५६ | दाङ | ७१५७.५ | | ७१५७.५ | ६४०१.९०८ | | ६४०१.९०८ | ८९.४४ |
| ५७ | बाँके | ४५४० | | ४५४० | ४३७३.५२ | | ४३७३.५२ | ९६.३३ |
| ५८ | बर्दिया | ४८७७ | | ४८७७ | ३७९९.५५ | | ३७९९.५५ | ७७.९१ |
| | लुम्बिनी प्रदेश नियमित जम्मा | ६१०९९.५ | ० | ६१०९९.५ | ५१७८९.९९ | ० | ५१७८९.९९ | ८४.७६ |
| | लुम्बिनी प्रदेश राष्ट्रिय सभा निर्वाचन जम्मा | १११५.२८ | | १११५.२८ | ९५१.८७६ | | ९५१.८७६ | ८५.३५ |
| | **जम्मा** | **६२२१४.७८** | **०** | **६२२१४.७८** | **५२७४१.८६६** | **०** | **५२७४१.८६६** | **८४.७७** |
| ५९ | रूकुम (पश्चिम भाग) | ५६४३ | | ५६४३ | ४५५३.५४४ | | ४५५३.५४४ | ८०.६९ |
| ६० | सल्यान | ४६७९ | | ४६७९ | ३९०८.५८२ | | ३९०८.५८२ | ८३.५३ |
| ६१ | डोल्पा | ४६५३ | | ४६५३ | ३६३७.३६५ | | ३६३७.३६५ | ७८.१७ |
| ६२ | जुम्ला | ५१९९ | | ५१९९ | ३४९९.८७९ | | ३४९९.८७९ | ६७.३२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६३ | मुगु | ५४७१ | | ५४७१ | ४४८६.८९२ | | ४४८६.८९२ | ८२.०१ |
| ६४ | हुम्ला | ४४८५ | | ४४८५ | २७९५.२५१ | | २७९५.२५१ | ६२.३२ |
| ६५ | कालिकोट | ५६०० | | ५६०० | ४४१५.२७१ | | ४४१५.२७१ | ७८.८४ |
| ६६ | जाजरकोट | ५२१६ | | ५२१६ | ३८३९.८७८ | | ३८३९.८७८ | ७३.६२ |
| ६७ | दैलेख | ४७५३ | | ४७५३ | ३२४२.१२८ | | ३२४२.१२८ | ६८.२१ |
| ६८ | सुर्खेत | ६३४० | | ६३४० | ६२१२.१७ | | ६२१२.१७ | ९७.९८ |
| | कर्णाली प्रदेश नियमित जम्मा | ५२०३९ | ० | ५२०३९ | ४०५९०.९६ | ० | ४०५९०.९६ | ७८.०० |
| | कर्णाली प्रदेश राष्ट्रिय सभा निर्वाचन जम्मा | १११५.२८ | | १११५.२८ | ९६८.५५ | | ९६८.५५ | ८६.८४ |
| | **जम्मा** | **५३१५४.२८** | **०** | **५३१५४.२८** | **४१५५९.५१** | **०** | **४१५५९.५१** | **७८.१९** |
| ६९ | बाजुरा | ५३७६ | | ५३७६ | ३३३५.८२९ | | ३३३५.८२९ | ६२.०५ |
| ७० | बझाङ | ५३२९ | | ५३२९ | ४१९४.३३३ | | ४१९४.३३३ | ७८.७१ |
| ७१ | डोटी | ५५५८ | | ५५५८ | ३५७१.३३९ | | ३५७१.३३९ | ६४.२६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७२ | अछाम | ४७२५ | | ४७२५ | ४२२९.१४१ | | ४२२९.१४१ | ८९.५१ |
| ७३ | दार्चुला | ५१६३ | | ५१६३ | ४९१०.७९१ | | ४९१०.७९१ | ९५.१२ |
| ७४ | बैतडी | ४८३१ | | ४८३१ | ४१४३.४४६ | | ४१४३.४४६ | ८५.७७ |
| ७५ | डडेलधुरा | ४८४० | २०००० | २४८४० | ४०९५.७६६ | २०००० | २४०९५.७६५ | ९७.०० |
| ७६ | कञ्चनपुर | ५३३२ | | ५३३२ | ५१८४ | | ५१८४ | ९७.२२ |
| ७७ | कैलाली | ६२०५ | | ६२०५ | ५०९७.४३७ | | ५०९७.४३७ | ८२.१५ |
| | सुदुरपश्चिम प्रदेश नियमित जम्मा | ४७३५९ | २०००० | ६७३५९ | ३८७६२.०८२ | २०००० | ५८७६२.०८१ | ८७.२४ |
| | सुदुरपश्चिम प्रदेश राष्ट्रिय सभा निर्वाचन जम्मा | १११५.२८ | | १११५.२८ | ९३८.५९५ | | ९३८.५९५ | ८४.१६ |
| | कोशी प्रदेश प्रतिनिधि सभा तथा प्रदेश सभा उपनिर्वाचन | १२६४.८७ | | १२६४.८७ | ९९२.५२३ | | ९९२.५२३ | ७८.४७ |
| | जिल्ला निर्वाचन कार्यालय, बझाङ प्रतिनिधि सभा तथा प्रदेश सभा उपनिर्वाचन | ३१९१.९८७ | | ३१९१.९८७ | २९५२.९ | | २९५२.९ | ९२.५१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | निर्वाचन अधिकृतको कार्यालय, (उपनिर्वाचन) नि.क्षे.नं. १ को १, बझाङ | १९१०३.७५ | | १९१०३.७५ | १४११४.०७ | | १४११४.०७ | ७३.८८ |
| | **जम्मा** | **७२०३४.८८७** | **२००००** | **९२०३४.८८७** | **५७७६०.१७** | **२००००** | **७७७६०.१६९** | **८४.४९** |
| | **कुल जम्मा** | **६३३४७१.०८८** | **१०६०००** | **७३९४७१.०८८** | **४९७२२०.४९** | **२७४८७.६** | **५२४७०८.०८२३** | **७०.९६** |

## ११.२ राजश्व तथा धरौटी

निर्वाचन आयोग र प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयको आर्थिक वर्ष २०८०/०८१ को राजस्व र धरौटी विवरण देहाय अनुसार रहेको छ।

**धरौटी** **(रकम रू. हजारमा)**

| क्र.सं. | कार्यालय | गत आ.व. को | चालु आ.व. को | जम्मा आम्दानी | सदरस्याहा | फिर्ता | बाँकी |
|---|---|---|---|---|---|---|---|
| १ | निर्वाचन आयोग | ८४३११.५४ | १४६.३६ | ८४४५७.९१ | ३७८.०७ | ३७९७९.१० | ४६१००.७३ |
| २ | निर्वाचन कार्यालय तर्फ | १३९६०५.०७ | ३८२१.२२ | १३५७८३.८५ | १४८१४.४२ | ३८११९.८१ | ८२५५.४६ |
| | **जम्मा** | २२३९१६.६२ | ३९६७.५९ | २२०२४१.७६ | १५१९२.५० | ७६०९८.९२ | ५४३५६.२० |

**राजश्व** **(रकम रू. हजारमा)**

| क्र.सं. | राजश्व शिर्षक विवरण | आयोग र निर्वाचन कार्यालयहरू |
|---|---|---|
| १ | १४२१२ सरकारी सप्पत्तिको विक्रीबाट प्राप्त रकम | २५११.४४४३२ |
| २ | १४२१३ अन्य विक्रीबाट प्राप्त रकम | १०८६.७६०९५ |
| ३ | १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ४४७.९८८२५ |
| ४ | १४३१२ प्रशासनिक दण्ड जरिवाना र जफत | ४१५१.००२ |
| ५ | १४३१३ धरौटी सदरस्याहा | ११९६६.८५२ |
| ६ | १५१११ बेरूजू | १५९२.१९६ |
| | **जम्मा** | **२१७५६.२४३५२** |

## ११.३ बेरूजु फछ्र्यौंट प्रगति विवरण

महालेखापरीक्षकको ६० औं वार्षिक प्रतिवेदन २०७९ र सो भन्दा अघिल्ला आर्थिक वर्षको आयोग र अन्तर्गतका कार्यालय (जिल्ला निर्वाचन कार्यालय, मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतका कार्यालय) को फछ्र्यौंट हुन बाँकी बेरूजु रकम रू. १८,१६,२७ हजार रहेको थियो। महालेखापरीक्षकको ६१ औं वार्षिक प्रतिवेदन २०८० अनुसार थप ३,४६,४२ हजार गरी आर्थिक वर्ष २०८०/०८१ मा फछ्र्यौंट गर्नुपर्ने जम्मा बेरूजुको दायित्व २१,६२,६९ हजार रहेको थियो। बेरूजुको विवरण देहाय बमोजिम रहेको छ।

| क्र.स. | विवरण | रू हजारमा |
|---|---|---|
| १ | म.ले.प.को ६० औं प्रतिवेदन, २०७९ सम्मको फछ्र्यौंट हुन बाँकि बेरूजु रकम | १८,१६,२७ |
| २ | आर्थिक वर्ष २०७९/०८० को लेखापरीक्षणबाट कायम भएको बेरूजु रकम | ३,४६,४२ |
| ३ | म.ले.प.को ६१ औं प्रतिवेदन, २०८० सम्मको कूल बेरूजु रकम | २१,६२,६९ |

फछ्र्यौंट हुन बाँकी बेरूजु रकम बेरूजुको प्रकृति अनुसार नियमित गर्ने, असुल उपर गर्ने तथा पेश्की फछ्र्यौंट गर्ने बेरूजु रहेको छ। साथै विगतमा सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा र स्थानीय तहको निर्वाचनमा निर्वाचन अधिकृतको कार्यालयबाट भएको खर्चको लेखापरीक्षण हुँदा कायम भएको बेरूजु समेत रहेको छ। निर्वाचन सम्पन्न भएपश्चात् निर्वाचन अधिकृतको कार्यालय बन्द हुने र बेरूजुसँग सम्बन्धित कर्मचारीहरू समेत साविकको आ-आफ्नै कार्यालयमा फर्किने तथा सरूवा बढुवाको कारण साविकको कार्यालयबाट समेत अन्यत्र गइसकेको र प्रष्ट ठेगाना समेत नभएको कारण बेरूजु फछ्र्यौंटमा कठिनाई रहेको छ। आयोगले बेरूजु फछ्र्यौंट कार्यलाई उच्च प्राथमिकता दिई फछ्र्यौंटको कार्य गरिरहेको छ।

# परिच्छेद १२

# आयोगका समस्या तथा चुनौतीहरू

१. निर्वाचन अवधि बाहेकको समयमा आयोग तथा प्रदेश/जिल्ला निर्वाचन कार्यालयमा स्वीकृत दरबन्दी अनुसारका कर्मचारीलाई टिकाईराख्न तथा कर्मचारीको क्षमता अभिवृदि गराई मनोबललाई उच्च राख्न आवश्यक, पर्याप्त र प्रभावकारी तालिम तथा अभिमुखिकरण कार्यक्रमहरूको सञ्चालन तथा व्यवस्थापन गर्न सकिएको छैन।

२. अधिकांश निर्वाचन कार्यालयहरूका लागि जग्गा प्राप्तिमा कठिनाई रहेको, जग्गा प्राप्त भएका कार्यालयहरूको लागि पनि भवन निर्माणको लागि पर्याप्त बजेटको व्यवस्था हुन नसकेको तथा आफ्नै भवन तथा सरकारी भवनमा सञ्चालित कार्यालयहरूका लागि मर्मत संभार प्रयोजनार्थ बजेट अभाव हुने गरेको कारणले गर्दा कार्यालयहरूको दैनिक कार्यालय सञ्चालन तथा निर्वाचन व्यवस्थापनमा कठिनाइ भईरहेको छ।

३. लैङ्गिक एवम् समावेशी नीति अनुरूप समावेशी प्रतिनिधित्वका लागि आयोगद्वारा सरोकारवालालाई प्रशिक्षण, वकालत, निर्णय र अनुरोध गरिएको भएतापनि गुणात्मक प्रतिनिधित्व प्राप्त हुन सकेको छैन।

४. निर्वाचन अवधिमा सम्बन्धित निकायहरूबाट कार्यरत जनशक्तिको अद्यावधिक विवरण समयमा प्राप्त नहुँदा आयोगद्वारा जनशक्ति प्रक्षेपणमा कठिनाई हुने गरेको छ।

५. निर्वाचन पूर्व र पश्चातका क्रियाकलापहरू सञ्चालन तथा सम्पन्न गर्न आन्तरिक स्रोत सीमित हुने भएकोले आवश्यक वैदेशिक सहायताको लागि गरिनुपर्ने पहल उपलब्धि मूलक हुन सकेको छैन।

६. निर्वाचन व्यवस्थापनसँग सम्बन्धित क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँगको आवद्धता विस्तार गर्ने प्रयास बजेट तथा संस्थागत स्मरणको अभावमा उपलब्धिमूलक बन्न सकेको छैन।

७. निर्वाचनको समयमा मतदानस्थल पुनरावलोकन कार्यक्रम सञ्चालन हुने र यसमा राजनीतिक सहमति जुटाउन कठिन हुने अवस्था हुँदा भौगोलिक विकटता, जनसङ्ख्या आदिका आधारमा मतदानस्थललाई सहज र पहुँचयोग्य बनाउने कार्य चुनौतीपूर्ण रहने गरेको छ।

८. बजेट अभावले निर्वाचन तथा मतदाता शिक्षा कार्यक्रमले उचित प्राथमिकता नपाउनु, पाठ्यक्रममा विद्यालयको निर्वाचन शिक्षा समावेश भए तापनि विषयगत शिक्षकलाई सो विषयवस्तुमा दक्षता हासिल गर्ने प्रयोजनका लागि उचित तालिम र नियमित कार्यक्रमको रूपमा निर्वाचन शिक्षा कार्यक्रम सञ्चालन गर्न स्थानीय तहहरूले तदरूकता नदेखाउने भएकोले यसमा व्यापकता हासिल गर्न सकिएको छैन।

९. स्थानीय पञ्जीकरणको घटना दर्तालाई स्वचालित प्रणालीद्वारा मतदाता नामावलीसँग आबद्ध गर्न नसक्दा घटना बमोजिमको अद्यावधिक गर्ने कार्य न्यून र सुस्त भई वास्तविक मतदाता सङ्ख्या प्राप्तिमा कठिनाई हुने गरेको र निर्वाचन व्यवस्थापनका विभिन्न आयाममा प्रक्षेपण योजना र कार्यान्वयन प्रभावित हुने गरेको छ।

१०. निर्वाचन प्रचार प्रसारको पारदर्शिताको लागि बैंक खाताको प्रयोगलाई अनिवार्य गरिएतापनि अन्य माध्यमको प्रयोगद्वारा खर्च गर्ने प्रवृत्ति रहेको हुँदा खर्चको पारदर्शिता कायम हुन नसकेको अवस्था छ।

११. निर्वाचन सम्बन्धी कानूनहरूलाई संशोधन र एकीकरण गर्नका लागि बनेको विधेयक "निर्वाचन व्यवस्थापन विधेयक" पारित हुन सकेको छैन।

१२. राजनीतिक दलको गठन, दर्ता, तथा सञ्चालन सम्बन्धी प्रक्रियालाई व्यवस्थापन गर्नका लागि सफ्टवेयर निर्माण गरी उक्त सफ्टवेयरको कार्यान्वयन गर्ने र गराउने कार्य चुनौतीपूर्ण रहेको छ।

१३. राजनीतिक दल सम्बन्धी ऐन संशोधन भई समसामयिक हुन नसकेकोले राजनीतिक दल दर्ता अद्यावधिक र नियमन सम्बन्धी काम कारबाहीलाई समसामयिक बनाउन सकिएको छैन।

१४. राजनीतिक दलको विधान बमोजिम केन्द्रीय, प्रदेश र स्थानीय तहमा वितरण गरेको सदस्यता अद्यावधिक गर्ने कार्य सम्पन्न भई समयमै आयोगमा प्राप्त हुन नसक्दा विवरण अद्यावधिक गर्ने कार्यले पूर्णता प्राप्त गर्न सकेको छैन।

१५. राजनीतिक दलको काम कारबाही तथा आर्थिक व्यवस्थापनलाई पारदर्शी र जिम्मेवार बनाउने कार्य चुनौतीपूर्ण रहेको छ।

१६. राजनीतिक दलको लेखा राख्ने प्रणाली, लेखापरीक्षण कार्य, दलहरूले आर्थिक सहयोग प्राप्त गर्दा अपनाउने कार्यविधि, आफ्नो दलका केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरूको सम्पति विवरण लगायतका विवरण अद्यावधिक गर्ने कार्य प्रभावकारी हुन सकेको छैन।

१७. निर्वाचन कार्यालयहरूबाट सङ्कलित मतदाता नामावली सम्बन्धी विवरण केन्द्रीय डाटावेशमा ल्याई आयोगको केन्द्रीय सर्भरमा Manually Transfer गर्दा विवरण छुट्न सक्ने सम्भावना देखिन्छ।

१८. मौजुदा मतदाता नामावलीमा एउटै मतदाताको एक भन्दा बढी जिल्लाबाट तथ्याङ्क प्रविष्टि हुनसक्ने तथा संकलित औंठा छापको गुणस्तर समेत न्यून रहने गरेकाले मतदाताहरूको विवरण दोहोरिने समस्या रहेको छ।

१९. मतदाता नामावलीमा संकलित विवरण मध्ये फोटोको गुणस्तर, संकलित चारवटा औंठा छाप विवरणको गुणस्तर न्यून रहेकोले फोटो र औंठा छापका आधारमा Automated Finger Print Identification System (AFIS) को प्रयोग गरी मतदाता नामावलीको दोहोरोपना (Deduplication) हटाउन समस्या रहेको छ।

२०. मतदाता नामावली तथ्याङ्क लाइसेन्स विनाको Database Software मा भण्डारण गरिएको, सूचना प्रविधि प्रणालीको आवधिक रूपमा सुरक्षण परीक्षण सर्भर सम्बन्धी पूर्वाधारहरू पुरानो प्रविधिमा आधारित रहेको तथा मतदाता नामावली तथ्याङ्कको सुरक्षाका लागि आवश्यक सुरक्षण पूर्वाधारको कमीले गर्दा तथ्याङ्कहरू नष्ट हुन सक्ने जोखिम रहेको।

२१. निर्वाचन अधिकृतको कार्यालयले निर्वाचन सम्पन्न भएपछि निर्वाचनको समयमा गरेको खर्चको श्रेस्ता सम्बन्धित निर्वाचन कार्यालयमा बुझाउने गरिएको छ। सो श्रेस्ताको सम्बन्धमा अन्तिम लेखापरीक्षणबाट कुनै कैफियत/बेरूजु देखिएमा सोको जवाफ प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयबाट दिनुपर्ने अवस्था छ। खर्च गर्ने कार्यालय र अभिलेख रहने कार्यालय फरक फरक हुँदा खर्चको जवाफदेहिता तथा बेरूजु फछ्र्यौटलगायतका कार्यमा द्विविधा उत्पन्न हुने गरेको छ। यसबाट आयोगले बेरूजु शून्य बनाउन गरेको प्रयत्न पूर्ण रूपमा सफल हुन सकेको छैन।

# परिच्छेद १३

# आगामी दिनमा गर्नुपर्ने सुधारका क्षेत्रहरू

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, मितव्ययी एवम् विश्वसनीय बनाउन निर्वाचन आयोग र मातहत कार्यालयहरूबाट प्रवाह हुने सेवालाई सरल, सहज र प्रभावकारी बनाउँदै प्रतिवेदनमा उल्लिखित समस्या तथा चुनौतीहरूको सम्बोधन गर्न आयोग र नेपाल सरकारले तपसिलका सवालहरूमा केन्द्रित रही सुधारका प्रयासहरू गर्नुपर्ने देखिन्छ। जसबाट निर्वाचनको विश्वसनीयता अभिवृद्धि भई लोकतन्त्र सुदृढ गर्न सहयोग पुग्न जानेछ।

१. प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयलाई साधनस्रोत सम्पन्न तथा संस्थागत रूपमा सक्षम र प्रभावकारी बनाई जिल्लास्थित राजनीतिक दलको विवरण अद्यावधिक गर्ने, निर्वाचन तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने, स्थानीय तह मार्फत मतदाता नामावली संकलन कार्यका लागि समन्वय र सहजीकरण गर्ने तथा अन्तिम मतदाता नामावली अद्यावधिकको कार्य समेत प्रदेश तथा जिल्ला स्तरबाटै हुने गरी आवश्यक व्यवस्था मिलाउन उपयुक्त हुने देखिन्छ।

२. आयोग र मातहतका कार्यालयहरूको भौतिक पूर्वाधारमा उल्लेख्य सुधार आवश्यक देखिएको, भवन नभएका जिल्लामा भवन निर्माण गर्न र जग्गा समेत नभएका जिल्लामा उपयुक्त जग्गा व्यवस्थापन गरी भवन निर्माण गर्न प्रर्याप्त साधन स्रोत विनियोजन हुनुपर्ने देखिन्छ।

३. स्थानीय तहमा व्यक्तिगत घटना (जस्तै विवाह, बसाइसराई र मृत्यु) दर्ता हुँदाका बखत नै मतदाता नामावलीमा अद्यावधिक गर्न सम्बन्धित स्थानीय तहका पञ्जिकाधिकारीले नियमित रूपमा विवरण सम्बन्धित प्रदेश एवम् जिल्ला निर्वाचन कार्यालयमा उपलब्ध गराउने व्यवस्था हुन र घटना दर्तासँग सम्बन्धित प्रणालीलाई अन्तरआवद्धता गराई घटना दर्ता हुने वित्तिकै मतदाता नामावली स्वतः अद्यावधिक हुने प्रणाली बनाउनु आवश्यक देखिन्छ।

४. मतदान र मतगणना कार्यलाई थप सहज बनाउन र प्रविधिको प्रयोग गरी मतदान कार्य गर्न एवम् मतगणना शीघ्र सम्पन्न गर्न विद्युतीय मतदानको विकास र प्रयोग गर्नु आवश्यक रहेको छ। यसका लागि सरकारले प्रविधिको उपलब्धता र

सुरक्षित प्रणालीको सुनिश्चितता गरी सोको लागि आवश्यक जनशक्ति र पूर्वाधारको व्यवस्था गरिदिनुपर्नेछ। सो विद्युतीय मतदानलाई अवलम्बन गर्ने सवालमा राजनीतिक दलहरूबीचमा सहमति कायम हुनु जरूरी देखिन्छ।

५. मतदातालाई मतदानमा सहज पहुँच प्रदान गर्न र मतदानस्थललाई पूर्वाधारका हिसावले अपाङ्गमैत्री, लैङ्गिक तथा समावेशीमैत्री बनाउन स्थानीय सरकार र अन्य सम्बद्ध सरोकारवालाहरू समेतको सहकार्य, सहयोग र प्रभावकारी समन्वय हुनु आवश्यक देखिन्छ।

६. निर्वाचन शिक्षा तथा मतदाता शिक्षालाई प्रभावकारी बनाउन निर्वाचन पूर्व र निर्वाचनपश्चातको अवधिमा समेत निर्वाचन शिक्षा कार्यक्रमलाई निरन्तररूपमा सञ्चालन गर्न व्यवस्था मिलाउनुपर्ने देखिन्छ। यसमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले उपयुक्त रणनीति अवलम्बन गर्दै पर्याप्त साधनस्रोतको व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

७. आयोगको चौथो पञ्चवर्षीय रणनीतिक योजना र निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति, २०७७ बमोजिम दिगो विकासको लक्ष्यमा नेपालले सन् २०३० सम्ममा स्थानीय तहमा ४२ प्रतिशत, प्रदेश सभा र संघीय संसदमा ४० प्रतिशत महिला सहभागिता पुऱ्याउने लक्ष्य हासिल गर्न आयोग, राजनीतिक दल एवम् अन्य सरोकारवालाहरूबाट सकारात्मक पहल हुन आवश्यक देखिन्छ।

८. राजनीतिक दलले घोषणा-पत्रमार्फत गरेका प्रतिवद्धताहरूको प्रभावकारी कार्यान्वयन गर्न र राजनीतिक दलहरूको गतिविधिलाई राजनीतिक दलहरूबाटै व्यवस्थित गर्न सम्बन्धित दलले स्वमूल्यांकन प्रणाली कार्यान्वयन गर्नु उपयुक्त हुने देखिन्छ।

९. राजनीतिक दलहरूबाट हुने आर्थिक कारोबारमा पारदर्शिता ल्याउन सबै प्रकारका भुक्तानीहरू Electronic Fund Transfer-EFTमार्फत गर्ने व्यवस्था मिलाउन आवश्यक देखिन्छ।

१०. आयोगमा सञ्चालनमा रहेका पुराना उपकरणलाई स्तरोन्नती गरी सूचना प्रविधिको क्षेत्रमा उपलब्ध नयाँ प्रविधि मार्फत आयोगका काम कारबाही सञ्चालन गर्न आवश्यक छ। अन्तर्राष्ट्रिय स्तरमा प्रचलनमा रहेका नवीनतम प्रविधिहरूलाई प्रयोग गरी आयोगको क्षमता विकासमा जोड दिनुपर्ने देखिन्छ।

११. मतदाता नामावली दर्ता गर्दा विदेशमा रहेका योग्य मतदाताको मताधिकार समेत सुनिश्चित गर्न प्रविधिको प्रयोग अपरिहार्य छ। जोखिमपूर्ण अवस्थामा रहेको हालको प्रणाली(BBVRS) को परिमार्जन गरी Online Voter Enrollment का लागि थप प्रविधि र प्रणाली अद्यावधिक गर्दै त्रुटिरहित मतदाता नामावली तयार गर्न उल्लेख्य बजेट विनियोजन हुनुपर्दछ।

१२. आयोगबाट नेपाल सरकारमा पेश भएको निर्वाचन व्यवस्थापन विधेयक संघीय संसदबाट शीघ्र पारित गर्नुपर्ने र विधेयक प्रमाणिकरण भईसकेपछि नियमावली बनाउनको लागि स्रोत साधनको व्यवस्थापन गर्नुपर्ने हुन्छ। त्यसैगरी निर्वाचन आयोग ऐन, २०७३ र राजनीतिक दल सम्बन्धी ऐन, २०७३ लाई समय सापेक्ष रूपमा संशोधन परिमार्जन गर्नुपर्ने देखिन्छ।

१३. वैदेशिक रोजगारी लगायत विभिन्न उद्देश्यले विदेशमा रहेका नेपालीहरूलाई निर्वाचनमा मतदानको अधिकार प्रदान गर्नका लागि आधार विन्दुको रूपमा रहेको मतदाता नामावली संकलन, दर्ता तथा अद्यावधिक कार्यलाई विदेशस्थित कूटनीतिक नियोगसँगको समन्वय र सहयोगमा सञ्चालन गर्नु आवश्यक देखिन्छ।

